0. In Public Domain. Digitization by eGangotri.Funding: M

ने. 8968

मस्टापरम्परा र त्यसका गीतहरू

डा. जयराज पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

चित्रसङ्ख्या-१
जाँतमा बाजा बजाउँदै गरेको दृश्य

चित्रसङ्ख्या-२
जाँतमा बाजा बजाउँदै गरेको दृश्य

Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

मस्टापरम्परा र त्यसका गीतहरू

डा. जयराज पन्त
सहप्राध्यापक, नेपाली शिक्षण विभाग
त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौँ

वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि.
कमलपोखरी
काठमाडौँ
२०६४

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

Acc 25658 / 29795

कृतिको नाम	:	मस्टापरम्परा र त्यसका गीतहरू
लेखक तथा सङ्कलक	:	डा.जयराज पन्त
प्रकाशक :		वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि.काठमाडौँ फोन ०१-६९१४९९९
विधा	:	लोकसाहित्य (लोकगीत)
संस्करण	:	पहिलो
प्रकाशन वर्ष	:	२०६४
प्रति	:	एकहजार
सर्वाधिकार	:	लेखकमा
मूल्य	:	रू.२७५/-
मुद्रक	:	प्रोमोसन प्रिन्टर्स प्रा.लि., कमलपोखरी, काठमाडौँ ।

MASTAPARAMPARA RA TYASAKA GEETHARU

...l Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

भूमिका

डा.जयराज पन्तद्वारा लिखित **मस्टा परम्परा र त्यसका गीतहरूको** पाण्डुलिपि हेर्ने मौका र लेखकको आग्रहमा ग्रन्थको सानो भूमिका लेख्ने सुअवसर पाएकोमा हर्षित छु । मलाई थाहा भएसम्म मस्टाको बारेमा नेपाली भाषामा लेखिएको यो पहिलो सिङ्गो ग्रन्थ हो । लेखकले यस पुस्तकको रचनामा खर्च गर्नुभएको श्रम, सिप र समय नेपाली समाजको विविध पक्षमा जिज्ञासा राख्ने पाठका लागि उपयोगी सिद्ध हुने कुरा निश्चित छ । **मस्टा** अथवा **मस्टो**(यस हिज्जेका भिन्नता सायद क्षेत्रीय बोलीका विविधताले गरेर होला)का बारेमा लेखिएका नेपाली रचनाहरू सर्वप्रथम विक्रम सम्वत्को बीसको दशकदेखि देखापर्न थालेका हुन् । मेरो पनि यस्तै एउटा लेख २०२८ सालमा प्रकाशित भएको हो (कृपया यस ग्रन्थको सन्दर्भसामग्रीसूची हेर्नुहोस्) । मेरो लेखको अध्ययन क्षेत्र कालिकोट, जुम्ला, तिब्रिकोट र मुगु क्षेत्रमा केन्द्रित थियो । डा.पन्तको प्रस्तुत कृति डोटी जिल्लाका गाउँहरूमा आधारित छ । यस पाण्डुलिपिको अध्ययनवाट मस्टा धर्मको प्रचलन र लोकव्यवहारमा यी दुई क्षेत्रवीच समता र भिन्नताका कतिपय उदाहरणहरू देखिन्छन् । पश्चिम नेपालमा प्रचलित मस्टाधर्म र मस्टाउपासनाको पद्धतिका विविध क्षेत्रीय रूप र किम्वदन्तीहरू भेटिन्छन्, जसलाई डा.पन्तले पनि उहाँकै शव्दमा **क्षेत्रकार्यद्वारा प्राप्तभएका तथ्यहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गर्ने काम** भनेर पुस्टि गर्नुभएको छ । यस ग्रन्थले भविष्यमा यस्ता क्षेत्रीय विविधताहरूको थप खोजी र प्रकाशनको सम्भाव्यतालाई उद्घाटित गर्दछ । लेखकले प्रस्तुत ग्रन्थमा मस्टाधर्म र यसका विविध पक्षको सक्दो पूर्णतम वर्णन सरल र सुरुचिपूर्ण ढङ्गले गर्ने प्रयास गर्नुभएको छ । यस ग्रन्थले विशेषज्ञका साथै आम पाठकलाई पश्चिम नेपालको अत्यन्त चाखिलो धार्मिक पक्षमा राम्रो जानकारी दिलाउने कुरा निश्चित छ । प्रत्येक अध्यायका वर्णनलाई अलगअलग थप उपशीर्षकमा विभाजन गरेर पाठकलाई आफ्नो चाख र आवश्यकताअनुसार सजिलो रूपले पैल्याउन मिल्ने गरी यसमा संयोजन गरिएको छ । ग्रन्थको तेस्रो अध्यायमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

मस्टाउपासनाका विभिन्न अवसर र प्रसङ्गमा गाइने गीतहरूको आकलन प्रस्तुत छ, जुन निकै उपयोगी एवम् खोजपूर्ण छ । तिनमा अन्तिम गीतले धामीको मुखबाट उच्चरित डोटेली स्थानीय बोलीमा मस्टाले आफ्नो उत्पत्ति कथा र उसको नैसर्गिक रूप र लक्षणको रूपरेखा कोरेको छ, जुन यस कृतिको मौलिक सामग्री हो । मस्टाधर्म र मस्टाउपासनाको पद्धति शास्त्रीय भन्दा एउटा लौकिक, ग्राम्य प्रधान परम्पराका रूपमा प्रचलित धर्म हो । डा.पन्तले आफ्नो प्रस्तुतिमा मस्टालाई अझ विस्तृत धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, भाषिक एवम् साहित्यिक रूप र परिवेशमा दर्साउन खोज्नुभएको छ । उहाँको उत्साह, सत्सङ्कल्प र नेपाली भाषा, साहित्य र संस्कृतिको अध्ययनका क्षेत्रमा यस पुस्तकले पुऱ्याउने योगदानको हार्दिक प्रशंसा गर्दछु । अस्तु

प्रयागराज शर्मा
....
डा. प्रयागराज शर्मा
(सेवानिवृत्त प्राध्यापक, त्रि.वि.)
टङ्गाल, काठमाडौं ।

l Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding
नं. ४५८६

यस पुस्तकका सम्बन्धमा

मस्टापरम्पराका जाँत, देवाली तथा विभिन्न ठाउँका मस्टामाडौंमा आयोजना गरिएका पूजापाठ तथा यज्ञअनुष्ठानमा प्रत्यक्ष सहभागी हुँदा र विज्ञहरूका कुरा सुन्दा प्राप्त भएका जानकारी र अनेकौं लेखकअन्वषकहरूले लेखेका यस विषयका लेख, रचना र पुस्तकहरूको अध्ययनपछि मनमा उत्पन्न भएका भावहरूको उक्साहटको परिणामस्वरूप यो पुस्तक तयार भएको हो। पुस्तकाकारमा यो यसरूपमा पाठकहरूका हातमा पर्नका पछाडि मूलतः क्षेत्रगत प्रत्यथ अवलोकन प्रमुख आधार वनेको हो। सीमित आकारका साथै स्रोत एवम् साधनका परिधिको पनि सीमिततामा जनसमक्ष आउन लागेको यस कृतिमा गहन, व्यापक र विस्तृत सङ्कलन तथा अध्ययन हुन नसकेको कुरा म स्वयम् अनुभव गर्दछु। मूलतः यस देवताका अनेकौं भेद र स्थानीय भिन्नताहरूलाई यसमा समेट्न भ्याइएको छैन। यो विषय ज्यादै गम्भीर छ र यसमा उपयुक्त विधिपद्धतिको प्रयोग गरी विस्तृत अध्ययन एवम् अनुसन्धानको खाँचो छ। त्यसो भएर पनि पाइए जति भेदहरूको परिचय दिने काम भने यसमा भएको छ। यसको परिचयका थोरैमात्र कुराहरू अब बाँकी रहेका हुन सक्तछन् भन्ने कुरा यहाँनेर व्यक्त गर्नु आवश्यक छ। यसमा जे जति काम भएको छ हालको मुलुकको अवस्था, स्रोत र साधनको सीमितता तथा यस परम्परामा देखिएको गतिहीनताका परिप्रेक्ष्यमा यसलाई उपलब्धि र व्यापक नै मान्नु पर्दछ। दिनानुदिन ह्रास हुँदै गइरहेको यस परम्पराका सन्दर्भमा यत्ति नै पनि जोगाएर राख्न सकिएको, यस क्षेत्रमा लाग्नचाहनेहरूका निम्ति आधारसहितको प्रोत्साहन मिलेको र शून्यको अवस्थामा केही नकेही गरिएको स्थितिसम्म पुगिएको हुँदा निकै ठूलो खुसीको अनुभव भएको छ।

यो परम्परा डोटेली लोकसंस्कृतिका लागि मात्र होइन, सिङ्गो नेपाली संस्कृति, भाषा, साहित्य, इतिहास, कला, सभ्यता र समाजशास्त्रका लागि महत्त्वपूर्ण देखिन्छ। यसले स्थानीय जनतालाई ईशभक्त बनाउने, नाचगान र रमाइलो गर्ने मौका पस्कने, नेपाली पुर्खाले साँचेर राखेका सांस्कृतिक, भाषिक, साहित्यिक, धार्मिक, ऐतिहासिक र कलाक्षेत्रका महत्त्वपूर्ण सामग्रीको संरक्षण गर्ने काम गर्दै आएको छ। यस प्रकारका चलनहरूले नै जातीय अस्मिता र मौलिक परम्परा जोगाएर राखेका हुन्छन्। त्यसैले यो र यस्तै अन्य रीतिरिवाजहरू नितान्त सङ्ग्रहणीय र मननीय देखिन्छन्। यस क्षेत्रमा हात हाली प्राप्त भएको सत्यतथ्य राष्ट्र र समाजलाई उसकै सम्पदाका रूपमा वुझाउन पाएकोमा मलाई सन्तोष लाग्नु स्वाभाविकै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

यो पुस्तक विभिन्न चारवटा अध्याय तथा परिशिष्ट खण्ड जोडेर तयार पारिएको छ । पहिलो अध्यायमा मस्टाको परिचय, दोस्रोमा जाँतको चिनारी, तेस्रोमा मस्टासित सम्बद्ध केही डोटेली गीतहरू र चौथोमा उपसंहार अर्थात् डोटेली मस्टा देवताका विविध पक्षको सङ्क्षिप्त चर्चाका साथै गरिएको अध्ययनको निष्कर्ष दिइएको छ । परिशिष्टमा यस परम्परालाई पुष्ट गर्ने विविध सामग्रीको विवरण प्रस्तुत गर्ने काम भएको छ । मूलतः क्षेत्रकार्य र अंशतः विज्ञहरूसँगको परामर्श तथा सान्दर्भिक साहित्यको अध्ययनद्वारा यो प्रतिवेदन तयार गरिएको हो । क्षेत्रकार्यद्वारा प्राप्त भएका तथ्यहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गर्ने काम यसमा भएको छ । हालसम्म अप्रकाशित यस परम्पराको परिचय गर्नु नै प्रस्तुत अध्ययनको अभीष्ट र उपलब्धि दुवै हो । परम्परागत विशेष अवसर, चाडबाड, जात्रा, मेला र खासखास धार्मिक अनुष्ठान वा उपासनाका समारोहहरूमा स्थानीय बासिन्दाहरू यस देवताप्रति ज्यादै श्रद्धावनत हुन्छन् र सोही अवसर पारेर भगवद्भक्तिका साथै नाचगान, खानपान तथा भेटघाटद्वारा रमाइलो मनाउने काम पनि गर्दछन् । त्यसैले डोटी क्षेत्रका आबालबृद्ध सबैले यसलाई मन पराउँछन् । यसका जाँतको अवसर यहाँ चिरप्रतीक्षित हुन्छ र यसले स्थानीय जीवनजगत्का वहुविध झाँकीहरू पनि प्रकट गरेको देखिन्छ । यसो हुँदाहुँदै पनि हालको वदलिँदो सामाजिक सांस्कृतिक परिवेशमा यसका परम्पराको निरन्तरताप्रति धेरै आशावादी बन्न सकिँदैन । त्यसैले यस्ता तत्त्वको जगेर्नामा जागरुकवर्गको ध्यान जानु आवश्यक छ ।

यसको अध्ययन, तथ्य सङ्कलन र तयारीका क्रममा सहयोग गर्ने गायकहरू, सूचकवृन्द, दाजु डा.यज्ञराज पन्त, विशेष सहयोगी इष्टमित्र, बन्धुबान्धव तथा आफन्तहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्नाका साथ यस विषयको सांस्कृतिक सामाजिक महत्ताको जानकारी धेरै पहिले पाठकहरूलाई दिनुहुने प्रसिद्ध अनुसन्धाता एवम् संस्कृतिविद् आदरणीय प्रा.डा.प्रयागराज शर्मा महोदयको बौद्धिकतापूर्ण भूमिकाले यस कृतिको उँचाइ र उपलब्धि वढाएको कुरा म अनुभव गर्दछु । सहयोगका लागि उहाँप्रति हृदयतः आभार व्यक्त गर्दछु । मेरी जीवनसँगिनी गुड्डी तथा सुपुत्रद्वय शशाङ्क र सम्राट्ले यस कार्यमा गरेको सहयोग पनि मेरा निम्ति सुस्मरणीय वनेको छ । टङ्कण कार्यमा मद्दत गर्ने भाइ सुभाष सुवेदी तथा टङ्कण व्यवस्थापन गर्ने भाइ केशव अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

मिति : कार्त्तिक शुक्लअष्टमी (मस्टा जाँत) २०६४ । (जयराज पन्त)

l Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding

❋ समर्पण ❋

अधिकांश नेपालीका आराध्य मस्टा
देवता र वत्सगोत्रीय मेरा ती
कुटुम्बहरू, जसले मस्टालाई
कुल देवताका रूपमा
पुज्दछन् ।

- जयराज पन्त

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सङ्क्षेपीकृत शब्दहरूको सूची

अ.प्र.	-	अप्रकाशित
एम्.ए.	-	मास्टर्स अफ आर्ट्स
क्र.सं.	-	क्रमसङ्ख्या
गा.वि.स	-	गाउँ विकास समिति
तृ.सं.	-	तृतीय संस्करण
त्रि.वि.	-	त्रिभुवन विश्वविद्यालय
दो.सं.	-	दोस्रो सस्करण
न.पा.	-	नगरपालिका
ने.ए.अ.के.	-	नेपाल र एसियाली अध्ययन केन्द्र
ने.ए.अ.सं.	-	नेपाल र एसियाली अध्ययन संस्थान
ने.रा.प्र.प्र.	-	नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान
नं.	-	नम्बर
प.सं.	-	पहिलो संस्करण
प्रा.लि.	-	प्राइभेट लिमिटेड
प्रा.वि.	-	प्रथमिक विद्यालय
पृष्ठ	-	पृष्ठ सङ्ख्या
ब.	-	बहुमखी
म.अ.	-	महाकाली अञ्चल
म.स.वि.	-	महेन्द्र संस्कृत विश्वविद्यालय
वि.सं.	-	विक्रमीय सम्वत्
सन्	-	इस्वी सन्
सम्पा.	-	सम्पादक
सा.प्र.	-	साझा प्रकाशन
से.अ.	-	सेती अञ्चल
सं.	-	सङ्ख्या

al Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

विषयसूची

पृष्ठ

पहिलो अध्याय
मस्टाको परिचय

१.१ पृष्ठभूमि १
१.२ मस्टा के हो ? २
१.३ मस्टाका विविध नाम ३
१.४ मस्टाको परम्परा ४
१.४.१ मस्टाको उत्पत्ति ४
१.४.१.१ शङ्करपुत्रका रूपमा उत्पत्ति ५
१.४.१.२ शङ्करको गणका रूपमा उत्पत्ति ५
१.४.१.३ जातीय देवताका रूपमा उत्पत्ति ५
१.४.१.४ पाण्डवको सन्तानका रूपमा उत्पत्ति ५
१.४.१.५ नाग जातिका देवताका रूपमा उत्पत्ति ६
१.४.१.६ वान्नीका प्रमुख देवताका रूपमा उत्पत्ति ६
१.४.१.७ स्थानान्तरित जातिका साथ वसाइ सर्ने देवताका रूपमा उत्पत्ति ६
१.४.१.८ सपनाको विश्वासका आधारका उत्पत्ति ६
१.४.२ मस्टाको प्रकृति ७
१.४.२.१ दुग्धाहारी मस्टा ७
१.४.२.२ मांसाहारी मस्टा ७
१.४.३ मस्टाका विविध रूप ८
१.४.४ मस्टाका स्थान ९
१.४.४.१ घरथान ९
१.४.४.२ वनथान १०
१.४.५ मस्टाको विकास र विस्तार १०
१.४.६ स्वामी, गण र समानान्तर शक्तिका रूपमा मस्टा १२
१.४.६.१ स्वामीका रूपमा मस्टा १२
१.४.६.२ गणका रूपमा मस्टा १३
१.४.६.३ समानान्तर शक्तिका रूपमा मस्टा १४
१.४.७ डोटेली लोकगीतमा मस्टा १५
१.४.७.१ सगुनमा मस्टा १५
१.४.७.२ फागमा मस्टा १६
१.४.७.३ चैतमा मस्टा १६
१.४.७.४ धमारीमा मस्टा १७
१.४.७.५ भोलाउलोमा मस्टा १७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

१.४.७.६ ड्यौडामा मस्टा	१७
१.४.८ डोटेली उखानमा मस्टा	१८
१.५ मस्टाको परिवार	२०
१.५.१ मस्टाका आराध्य देवीदेवता	२१
१.५.२ मस्टाका बाबुआमा	२१
१.५.३ मस्टाका दिदीबहिनी	२२
१.५.४ मस्टाका दाजुभाइ	२३
१.५.५ मस्टाकी पत्नी	२५
१.५.६ मस्टाका सन्तति	२६
१.५.७ मस्टाका मामा	२६
१.५.८ मस्टाका भान्जा	२६
१.५.९ मस्टाकी भान्जी	२६
१.५.१० मस्टाका इष्टमित्र	२६
१.५.११ मस्टाका सेवक	२७
१.६ मस्टाको वाहन	२७
१.७ मस्टासम्वन्धी किंवदन्ती	२८
१.७.१ दुर्गा भवानीको सेवा	२८
१.७.२ दुष्टदमन	२९
१.७.३ निर्माण र विध्वंस	२९
१.७.४ सहयात्रा	३०
१.७.५ अनुशासनमोह	३१
१.७.६ गन्यापसितको झगडा	३२
१.७.७ संरक्षणको छत्रछाया	३४
१.८ मस्टाका माडौं	३५
१.८.१ माडौंको अर्थ	३५
१.८.२ माडौंको क्षेत्र	३६
१.८.३ माडौंका किसिम	३८
१.८.४ माडौंको वास्तुकला	३९
१.८.५ माडौंभित्र स्थापित मस्टाका स्वरूप	४१
१.८.६ माडौंभित्र मस्टासित स्थापित अन्य देवीदेवता	४१
१.८.७ डोटी प्रदेशका मस्टा माडौं	४१
१.८.८ माडौंको प्रयोग	४२
१.८.९ माडौंको संरक्षण	४३
१.८.१० माडौं र भण्डार	४३
१.८.११ माडौंमा हाल देखिएका परिवर्तन	४५
१.९ मस्टाका उपासक	४५

l Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

१.९.१ मस्टाउपासनाको ऐतिहासिक पृष्ठभूभि ४५
१.९.२ मस्टाका आर्य उपासक ४६
१.९.२.१ मस्टाका ब्राह्मण उपासक ४७
१.९.२.२ मस्टाका ठकुरी उपासक ४७
१.९.२.३ मस्टाका क्षत्रिय उपासक ४८
१.९.२.४ मस्टाको उपासना गर्ने अन्य आर्य जाति ४८
१.९.३ मस्टाका आर्येतर उपासक ४९
१.१० मस्टाको शक्ति ५०
१.१०.१ भोगबमोजिमको व्यवहार ५०
१.१०.१.१ दुग्धाहारीको व्यवहार ५०
१.१०.१.२ रक्ताहारीको व्यवहार ५१
१.१०.२ अभिभावकको दायित्व ५१
१.१०.३ दुःखसुखको मित्रता ५३
१.१०.४ न्यायदान र अनिष्टहरण ५४
१.१०.५ आस्थाप्रतिको समर्पण ५५
१.१०.६ असत्यपन र क्रोध ५६
१.१०.७ असाधारण क्षमता र असामान्य कार्य ५७
१.११ मस्टाका पूजाअवसर ५९
१.११.१ विशेषपूजाको अवसर ६०
१.११.२ वार्षिक पूजाको अवसर ६०
१.११.३ षाण्मासिक पूजाको अवसर ६१
१.११.४ त्रैमासिक पूजाको अवसर ६१
१.११.५ कुलायनपूजाको अवसर ६१
१.११.६ नित्यनैमित्तिक पूजाको अवसर ६२
१.११.७ अतिरिक्तपूजाको अवसर ६३
१.१२ मस्टाको पूजा र प्रसाद ६३
१.१२.१ भिन्नभिन्न मस्टाका भिन्नभिन्न भोग ६५
१.१२.१.१ दूधे मस्टा ६५
१.१२.१.२ लडे मस्टा ६६
१.१२.१.३ दाडे मस्टा ६७
१.१२.१.४. खापडे मस्टा ७०
१.१२.२ भोगभेदअनुसारका पूजा ७१
१.१२.३ पूजाका विशेष चलन ७३
१.१२.४ प्रसादका प्रकार ७५
१.१२.५ प्रसादवितरणप्रक्रिया ७७
१.१३ मस्टाको भाषा ७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

१.१३.१ मस्टाको धामीले कामेपछि बोल्ने भाषा ७९
१.१३.२ मस्टाको धामीले पुछाइँका बेला बोल्ने भाषा ८०
१.१३.३ छुवाछूत भएमा मस्टाको धामीले बोल्ने भाषा ८२

दोस्रो अध्याय
जाँतको चिनारी

२.१ जाँतको अर्थ ८४
२.१.१ स्थानीय देवीदेवताका किसिम ८४
२.१.२ स्थानीय देवीदेवताको क्षेत्र ८५
२.१.३ स्थानीय देवीदेवताका कार्य ८५
२.१.४ पूजाका किसिम ८६
२.१.५ पातीहाल्ला: स्थानीय देवीदेवताप्रतिको आस्थाका प्रतीक ८६
२.१.६ माडौं वा मन्दिरको क्षेत्र ८७
२.१.७ भण्डार ८७
२.१.८ मन्दिर वा माडौंको निर्माणशैली ८८
२.१.९ गाउँ र सहरका माडौंको भिन्नता ८८
२.१.१० प्रमुख कार्यकर्ता ८९
२.१.१०.१ धामी ८९
२.१.१०.२ पुजारी ९१
२.१.१०.३ भण्डारी ९२
२.१.१०.४ ढोली ९२
२.१.१०.५ भोकऱ्या ९४
२.१.१०.६ पोखल्या ९४
२.१.१०.७ देउकी/देउचेली र देउका/ देउचेला ९४
२.१.१०.८ अन्य कार्यकर्ता ९८
२.१.११ जाँतपर्व ९९
२.१.११.१ रतेडी ९९
२.१.११.२ दिउँसेडी १०३
२.१.११.३ चिनोबानो १०४
२.१.११.४ देउरो १०५
२.१.११.५ छेलो १०६
२.१.११.६ जाँत समाप्त भएपछिका कार्य १०७
२.१.११.७ पत्यूँ पखाल्ने १०८
२.१.१२ सहायक जाँतहरू १०८

l Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

तेस्रो अध्याय
मस्तासित सम्बद्ध केही डोटेली गीतहरू

३.१ मस्ताको सगुन ११०
३.२ मस्ता जगाउँदाको फाग (मूलपाठ) ११२
३.३ मस्ताको पूजा वा जाँतमा जाग्राम वस्दाको फाग ११४
३.४ मस्ताको पूजा गर्दाको पहिलो फाग ११८
३.५ मस्ताको पूजा गर्दाको दोस्रो फाग १२०
३.६ मस्ताको पूजा वा जाँतमा हवनको तयारी गर्दाको फाग १२२
३.७ मस्ताको पूजा वा जाँतमा अग्निस्थापना गर्दाको फाग १२४
३.८ मस्ताको पूजा वा जाँतमा हवन गर्दाको पहिलो फाग १३०
३.९ मस्ताको पूजा वा जाँतमा हवन गर्दाको दोस्रो फाग १३०
३.१० मस्ताको पूजा वा जाँतमा हवनको पूर्णाहुति दिंदाको फाग १३२
३.११ मस्ताको पूजा वा जाँतमा गोदान गर्दाको फाग १३४
३.१२ मस्ताको पूजा सम्पन्न हुँदाको फाग १३६
३.१३ मस्ताको चैत १३६
३.१४ मस्ताको अर्को चैत १३८
३.१५ काफलीको चैत १४२
३.१६ गन्यापको चैत १४४
३.१७ गन्यापको भोलाउलो १४६
३.१८ मस्ताको धामीले कामेर गीतिलयमा भन्ने अभिव्यक्ति १५४

चौथो अध्याय
उपसंहार

४.१ मस्ता परम्पराका मूलभूत विशेषता १५९
४.१.१ धार्मिक विशेषता १६०
४.१.२ सांस्कृतिक विशेषता १६२
४.१.३ ऐतिहासिक विशेषता १६३
४.१.४ सामाजिक विशेषता १६४
४.१.५ भाषिक विशेषता १६६
४.१.६ साहित्यिक विशेषता १६७
४.२ निष्कर्ष १६८

परिशिष्ट

क. गायक तथा सूचकहरूको परिचय तथा उहाहरूवाट प्राप्त सामग्रीको विवरण १७१
ख. सन्दर्भसामग्रीसूची १७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

l Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पहिलो अध्याय
मस्टाको परिचय

अदृश्य शक्तिप्रतिको आस्थाविश्वासका क्रममा स्थापित मस्टा देवताको चलनका विविध पक्षका पृष्ठभूमिमा रहेका आधारभूत केही तत्त्वका साथै मस्टा के हो, मस्टाका विविध नाम, मस्टाको परम्परा, मस्टाको परिवार, मस्टाका वाहन, मस्टासम्बन्धी किंवदन्ती, मस्टाका माडौं, मस्टाका उपासक, मस्टाको शक्ति, मस्टाको पूजाअवसर तथा मस्टाको भाषा शीर्षकमा आवद्ध भएर प्राप्त सत्यतथ्यलाई व्यवस्थित तवरले प्रस्तुत गरिएको छ।

१.१ पृष्ठभूमि

मान्छे चेतनशील हुँदै गएपछि प्रकृतिका काखमा रहँदावस्दा मानवले वेलावखत आश्चर्यजनक घटना देख्न थाल्यो । एक छिन विश्राम नगरेर नियमित रूपमा दिनहुँ सूर्योदय र सूर्यास्त हुनु, चन्द्रोदय र चन्द्रास्त हुनु, पहाडहरूले गर्मी, जाडो र हावापानीको प्रकोप सहनु, नदीको वेग वा निरन्तर यात्रा जारी रहनु, समुद्रमा ज्वार आउनु, अनन्तविस्तारमा आकाश फैलनु, हावाको अनवरत प्रवाह चलिरहनु र नियमित क्रम नविराएर रातदिनले निरन्तर आफ्ना नियमको पालना गर्नु, प्राणीहरूको जन्म र मृत्यु हुनु, सपनामा देखिएका दृश्य विपनामा हराउनुजस्ता अनेकौं अद्भुत दर्शनले मान्छेलाई सोच्न बाध्य तुल्यायो । सोही सोचका परिकल्पनाबाट उसले जगन्नियन्ता, अदृश्य र सर्वशक्तिमान् कुनै तत्त्वको नियन्त्रणमा सृष्टिको विकास भएको कुरा निश्चिय गऱ्यो । त्यसैको परिणति ईश्वरको कल्पना हो, पूर्व जन्म र पुनर्जन्मको सोच हो, भूतप्रेतप्रतिको विश्वास हो र प्रत्यक्ष देखा नपर्ने दिव्य शक्तिको सोच हो।

विशाल प्रकृति र विराट् ईश्वरको शक्तिसामर्थ्यका अगाडि आफूलाई कमजोर, नगण्य, तुच्छ तथा अभाव एवम् असमर्थको पर्याय मान्ने मान्छेले आफ्नै बलवुतावाट कहिलेकाहीं केही पायो भने ईश्वरको वरदान मिलेको र गुमायो भने ईश्वरकै कृपा दृष्टि नमिलेको ठान्ने प्रवृत्ति पनि अदृश्य तथा अलौकिक शक्तिप्रतिको गाढा विश्वासबाट विकसित हुन थाल्यो । अलगअलग प्राप्ति वा हानिमा अलगअलग देवीदेवताको हात रहने कुरा पनि त्यही सिलसिलामा परिकल्पित भए । मुख्य शक्तिका नियमित कार्यमा सहायक शक्तिले सहयोग गर्ने थप कल्पना जोडिन गएपछि दैवी शक्तिलाई पनि सोहिमुताबिक मुख्य र सहायकरूपमा विभाजन गर्न थालियो । प्रमुख देवताका साथै तिनका सहायक वा सहयोगी गणप्रतिको विश्वास सोही अनुक्रममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सिर्जित भयो । मस्टाको मान्यताका पछाडि पनि विश्वासका यस्तै शृङ्खलाहरू आधार बनेका देखिन्छन् ।

कुनै वस्तु नासियो, मासियो, विग्रियो, रोगव्याधिले सतायो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, सलह, महामारी, भूकम्प, बाढी, पहिरो, अकालमृत्युजस्ता अनिष्टहरू आइपरेमा देवीदेवता रिसाएको ठान्ने र खुसी पार्न स्तुतिभक्तिका स्तोत्रपाठ गर्ने, भाकल गर्ने, पूजापाठ तथा धूपदीप, आगोसप्को गरी पीडामुक्तिका उपाय अपनाउने चलन देवताप्रतिको विश्वासकै सन्दर्भमा व्यवहारमा आएका हुन् । त्यसैगरी कुनै वस्तुको प्राप्ति, विवाह, सन्ततिजन्म, दुर्घटनाबाट त्राण, विशेष सफलता, रोगमुक्ति, शोकमुक्ति, कीटपतङ्ग तथा हिंस्रक जन्तुको आक्रमणबाट बच्नसकेको अवस्था र सुख एवम् सन्तोषका अवस्थामा आयोजना गरिने अनुष्ठान वा चाडबाडलाई पनि देवीदेवताकै आशीर्वादको परिणाम मानेर स्तुतिभक्तिका फाग गाएर धूपधुपार गरी मिष्ठान्न निवेदनका साथ पूजापाठ गर्ने चलन पनि समाजमा चल्न थालेको हो । यस्तो परम्परा विकसित वा विकासशील देश तथा सहरी वा ग्रामीण क्षेत्र सबैतिर कमबेसी र कुनै नकुनै रूपमा यत्रतत्र सर्वत्र कायम रहेको देखिन्छ ।

भूत, प्रेत, धामी, झाँक्री, बोक्सा, बोक्सी, डाइनी, पितृ, वायु, मैठ, सर्ग्याम, मुन्दुम, समैजी, नाग, गुरुवा, देवता, बाजे, देवती बज्यै, मसानी, भुमे, खोले, खायामाडसमेतका जातजातिअनुसारका विभिन्न देवीदेवता, भूतप्रेत वा पितृहरूको पूजा दुःखकष्ट वा सुखसयल दुवै अवस्थामा मानवसमाजमा गरिँदै आएको छ । मस्टा मान्ने र सोको पूजा गर्ने चलन पनि यस्तै रीतिको एउटा परम्परा हो ।

१.२ मस्टा के हो ?

मस्टा भनेको स्थानीय देवता हो । मस्टा शब्दले प्रमुख, मुख्य, उच्च, पहाडको चुचुरो, देवीशक्तिको सेनानी, अलौकिक दैवीशक्ति, कुलको उच्च तहमा बसेर ऋद्धि, सिद्धि तथा संरक्षण दिने देवता, विशेष शक्तिसामर्थ्यले सम्पन्न र अलौकिक चमत्कार देखाउनसक्ने गणदेवता, हिमाली देवता, महादेव र भवानीपछि आउने र कुलदेएका नामले चर्चित स्थानीय दैवी शक्ति, सिद्ध र भैरव दुवैरूपमा पुजिने स्थानीय देवता, शैव र शाक्तपछिको शक्तिशाली रैथाने देवताजस्ता विविध अर्थ जनाउँछ (चटौत, २०५८ : ६४४) ।

यहाँ दिइएका अधिकतर अर्थहरूले स्थानीय देवताविशेषलाई बुझाएका छन् । त्यसभन्दा भिन्न कुरा बुझाउने अर्थले पनि अप्रत्यक्षरूपमा मस्टाका परम्पराको कुनै नकुनै पक्षको उद्घाटन गरेकै देखिन्छ । कुलको प्रमुख संरक्षक देवता मानिने हुँदा यसलाई प्रमुख वा मुख्यका अर्थमा पनि लिन सकिन्छ । कुलको सर्वोच्च स्थानमा राखिने र सुखदुःखका प्रत्येक अवस्थामा

...l Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding:

पुजिने हुनाले यसलाई उच्च अर्थले पनि जनाउँछ। यसका माडौं वा स्थानहरू पहाडका चुचुरा, देउराली वा थाम अर्थात् अग्लो भागका समथर भूमिमा रहने हुनाले पहाडको चुचुरो अर्थले पनि यसलाई व्यक्त गर्दछ। अन्य जति पनि अर्थ छन् ती सवै प्रत्यक्षरूपमै यससित सम्वन्धित नै देखिन्छन्।

यसरी मस्टा भनेको कुलदेवताका रूपमा मानिने पुजिने रैथाने देवता हो। भगवान् शङ्कर तथा देवी भगवतीको गण बनेर लोककल्याणका कार्यमा खटिएको यो अनेकौं रूपमा स्थानीय तहमा प्रचलित रहेको विश्वास गरिन्छ। **मट्ट्या** अर्थात् माटोको अधिपति वा स्थानीय दैवीशक्तिको प्रतीकका अर्थमा यसलाई लिइन्छ। प्रस्तुत पुस्तकको तेस्रो अध्यायको ३.१८ को अनुक्रम ३ अंशले पनि यो कुरा प्रमाणित गरेको छ।

१.३ मस्टाका विविध नाम

सांस्कृतिक डोटी क्षेत्र अर्थात् नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा वोलिने नेपाली भाषिकामा अन्य क्षेत्रका तुलनामा कुनै पनि शब्दको कथ्यभेद वढीमात्रामा रहेको पाइन्छ। यातायातको असुविधा, पहाडी वस्तीको आधिक्य एवम् पारस्परिक नियमित सम्पर्कको कमीका कारण यस्तो भएको वुझिन्छ। **मस्टा** शब्दका पनि यहाँ अनेकौं कथ्यरूप प्रचलित छन्। स्थानभिन्नतानुसार यहाँ मस्टालाई **मैठा, मैठो, मास्ठा, मुइठा, मुस्टो, मस्ट, मुन्ठा, मुन्ठो,** र **मुइठो** पनि भनिन्छ। यी सवै शब्दले आर्थिक रूपमा मस्टालाई नै जनाउँछन्। यस पुस्तकको तेस्रो अध्यायको ३.१ को २, ३.२ को ६ लगायतका अनेकौं अंशमा मस्टालाई **मुन्ठा** भनिएको छ। आफ्नी दिदी भगवती कालीमाथि राक्षसहरूको कुदृष्टि परेको र तिनीहरूले कालीप्रति दुर्व्यवहार गर्ने प्रयत्न गरेकाले ज्यानको परवाह नगरी शिर वा मस्तिष्क थापेर राक्षसहरूलाई सङ्ग्राममा पराजित गर्न सफल भएका हनाले यिनलाई **मस्तिष्क देवता** भनिएको र कालान्तरमा सो शव्द **मस्टा** बनेको कुरा भाषाशास्त्री वताउँछन् (पोखरेल, २०४८ : १८)। यिनलाई **छेत्रपाल** पनि भनिन्छ। भगवान् शङ्करले दशै दिशाका जीवजन्तुको पालनपोषण एवम् संरक्षणका निम्ति खटाएका गणहरूले जिम्मेवारीमुताबिकको कर्तव्य इमान्दारीपूर्वक निर्वाह गरी जनजनको मन जित्न सफल भएका र प्राणीहरूले आफ्नो वंशका रक्षक ती गणहरूलाई कुलका देवता मानी पुजेकाले क्षेत्रक्षेत्रको पालन गर्ने तिनलाई **छेत्रपाल** अर्थात् क्षेत्रपाल भनिएको कुरा पनि सुन्नमा आउँछ (पाण्डे, २०३५ : १४१)।

स्थानीय देवतालाई समीक्ष्य ठाउँको वोलीमा दैंत् अर्थात् दैत्य भनिन्छ। यिनको अवतारका रूपमा देखापर्ने भनिने धामी कामेपछि विशेष

epal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding:

भाषामा आफूलाई दैँत् अर्थात् दैत्य भन्दछन् । यहाँको भाषिकानुसार दैत्य शब्द देवताको पर्यायका रूपमा प्रयुक्त हुन्छ ।

१.४ मस्टाको परम्परा

मस्टाको परम्परा कहिलेदेखि थालियो र के कसरी यो आजसम्म आइपुग्यो भन्ने विषयमा ठोस प्रमाणसहितको चर्चा गर्न गाह्रो छ । निश्चित तिथिमितिका लिखतहरू यस सम्वन्धमा कतै पाइँदैनन् । मस्टाको प्रकृति र प्रवृत्तिको अध्ययन, लोकगीत र उखानका प्रसङ्गहरूको विवेचना तथा इतिहासकारहरूले भनेका कुराको भरमा यस क्षेत्रको धूमिल रूपरेखा कोर्न चाहिं सकिन्छ । विवेच्य क्षेत्रका जनता यसवारे एकमतमा रहेका छैनन् । कसैले केही भन्छन् भने कसैले केही । ती सवै भनाइका विकास र विस्तारमा जाने हो भने स्वामी, गण र समानान्तर शक्तिका रूपमा मस्टा, डोटेली लोकगीतमा मस्टा र डोटेली उखानमा मस्टाजस्ता भिन्नभिन्न शीर्षकमा रही यस परम्पराको अध्ययन गर्नुपर्ने देखिन्छ ।

१.४.१ मस्टाको उत्पत्ति

मस्टाको उत्पत्ति कहाँ, कहिले र कसरी भयो भन्नेबारे निश्चित कुरा व्यक्त गर्न गाह्रो छ । अहिले पनि समीक्ष्य क्षेत्रमा साक्षरहरूको सङ्ख्या न्यून भएको अवस्थामा उहिलेदेखिका घटना लिखितरूपमा राख्ने थिति बस्ने कुरै भएन । पुर्खाले मानेको र पुजेको आस्थाविश्वास बित्थामा किन मानिएको र पुजिएको हुन्थ्यो, केही नकेही सत्य भएकै कारणले पुर्खाहरू आकर्षित भए होलान् भनेर वर्तमान पुस्ताले पनि मस्टालाई मानेको र पुजेको देखिन्छ । कतिपयले पुर्खाका मान्यताको अनुसरणका साथै आफूले पनि प्रत्यक्षरूपमा देखेभोगेका मस्टाद्वारा निर्देशित चमत्कारी र अलौकिक घटनाका कारण यसलाई मान्ने र पुज्ने गरेका कुरा पनि वताउँछन् । यसको उत्पत्तिका विषयमा ठाउँअनुसार फरकफरक कुरा प्रचलित रहेका पाइन्छन् । कसैले कैलास वा मानसरोवरमा यसको उत्पत्ति भएको हो भन्दछन् भने कसैले खप्तडमा यो उत्पन्न भएको हो भन्दछन् । कसैले यसलाई महाराष्ट्र वा राजस्थानबाट आएको देवता मान्दछन् भने कसैले डोटी प्रदेशका पहाडी खोँचबाट उत्पन्न भएको दैवी शक्ति मान्दछन् । अझ कसैले भगवान् शङ्करको पुत्र त कसैले पाण्डको सन्तान भन्दछन् । जसले जे भने पनि यसलाई सवैले गट्ट्या अर्थात् रैथाने देवता मान्दछन् । यसको उत्पत्तिसित सम्बन्धित केही कथाहरू यहाँनेर प्रस्तुत गर्नु प्रासङ्गिक हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

१.४.१.१ शङ्करपुत्रका रूपमा उत्पत्ति

मानसरोवरमा भगवान् शङ्करको वीर्यपतन भएकोमा सो वीर्य ज्वालाका रूपमा बलिरहेका वखत कैलासको जाडोले थर्थर कामेका अप्सराहरूले कसैले बालेको आगो ठानेर ताप्दा ती अप्सराहरूमा गर्भ रहन गयो । त्यस प्रकारको गर्भबाट एउटी अप्सराले शिवकै अवतार मानिने देवता जन्माइन् भने अर्कीले देवी भगवतीको अवतार मानिने मालिका, काली, दुर्गाको आद्यलाई जन्म दिइन् । तेस्रीले चाहिँ शिवशक्ति तथा देवीशक्तिको प्रमुख गण बनेर लोककल्याणमा समर्पित हुने प्रस्तुत मस्टा देवतालाई जन्माइन् । त्यसैले मस्टाले शिवशक्ति र देवीशक्तिका कार्यमा संलग्न भई आफ्नो जिम्मेवारी पूरा गर्दछ र प्राणीहरूको हित गर्दछ भनिन्छ (ऐजन)।

१.४.१.२ शङ्करको गणका रूपमा उत्पत्ति

भगवान् शङ्करले दसै दिशाका समस्त जीवजन्तुको पालनपोषण तथा संरक्षण गर्ने जिम्मेवारी दिई खटाएका गणहरूमध्येका यस क्षेत्रमा तैनाथ गरिएका गणहरूले लोककल्याणका कार्य ज्यादै प्रभावकारी तवरले पूरा गरेकाले तिनलाई स्थानीय बासिन्दाहरूले मस्टा नाम दिएर देवताका रूपमा स्थापित गरी पुज्न थालेका कारण यो सम्प्रदाय उत्पन्न भएको हो ।

१.४.१.३ जातीय देवताका रूपमा उत्पत्ति

सुसा र तरिम उपत्यकामा बसोवास गर्ने कुश प्रमिन्दसहरूमाथि भित्ति गणनायकहरूले वेलाबखत आक्रमण गर्दा सङ्गठित भएर प्रत्याक्रमण गर्ने सल्लाह मिलाए । नभन्दै त्यस सल्लाहले सार्थक परिणाम ल्यायो । कुश र प्रमिन्दसको संयुक्त दलबलका सामु भित्तिगणको केही लागेन र पराजय भोग्नु पऱ्यो । त्यस सफलतापछि कुश र प्रमिन्दस जातिको एकीकरण भयो । यिनको संयुक्तरूपलाई **कस्साइट** भनियो । बिस्तारै **कस्साइट** शब्द **कस** र **कस** शब्द **शक**मा परिणत भयो । तिनै **शक**हरू पछि गएर **खस** भनिए । यस जातिको वर्चस्वमा विशेष सहयोग गरेकाले मस्टा देवताका रूपमा परिणत भयो । महाभारत कालसम्म आउँदा **खस** जाति बनिसकेको थियो र महाभारतको लडाइँमा खसहरूले पनि भाग लिएको वर्णन पाइन्छ । यसरी हेर्दा मस्टाको उत्पत्ति महाभारत कालभन्दा पहिले नै भइसकेको कुरा थाहा हुन्छ (ऐजन)।

१.४.१.४ पाण्डवको सन्तानका रूपमा उत्पत्ति

खापड मस्टालाई पाण्डवको सन्तान हो भन्दै विभिन्न युद्धमा यसले अतुल साहस प्रस्तुत गरेको कथा स्थानीय जीवनमा प्रचलित छ । अर्जुनझैँ खापडे पनि इन्द्रको सन्तानका रूपमा पुजिएको हो भनिन्छ । साथै बाबिरो मस्टा वामदेव गोत्री वंशको सन्तति हो र यसको पनि पाण्डव परिवारसित नजिकको सम्वन्ध रहेको कुरा अघि सारिन्छ (ऐजन) ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding:

१.४.१.५ नाग जातिका देवताका रूपमा उत्पत्ति

खस छुट्टै निजी संस्कृति भएको जाति होइन । त्यस बखतका प्रस्तुत क्षेत्रका किरात, यक्ष, किन्नर, विद्याधर, नाग, तङ्गण, कुलिन्द र खसहरू परस्परमा घनिष्ट सम्बन्ध राखेर बस्दथे । तिनीहरूले एकअर्काका रीतिरिवाज पनि मनाउँथे । सँगै रहँदाबस्दा विभिन्न जातिका परम्पराको सम्मिश्रित नयाँ संस्कृतिको उदय तिनीहरूबाट भयो । सोही संस्कृति खसहरूको संस्कृति बन्यो । मस्टाको मान्यता खसहरूको नभएर नागहरूको हो । सांस्कृतिक एकीकरणका क्रममा नागहरूबाट यो खसमा सरेको हो (ऐजन) । वैदिक पौराणिक परम्पराभन्दा यसको प्रकृति भिन्न किसिमको देखिने कारण पनि सनातनभन्दा भिन्न सम्प्रदायबाट यसको उत्पत्ति हुनु हो ।

१.४.१.६ बान्नीका प्रमुख देवताका रूपमा उत्पत्ति

वि.सं. १३६६ मा शक्ति सिंहले बभाङ्ग राज्यको स्थापना गरेपछि बान्नीका प्रख्यात रैथाने देवता मस्टालाई कुल देवता मानेर पुज्न थाले । मस्टाको ख्याति यस क्षेत्रमा पहिलेदेखि नै थियो तापनि यिनले कुल देवता मानेपछि सो ख्याति झनै बढ्यो । बिस्तारै बान्नीबाट ढणार र ढणारबाट अछाम, बाजुरा, मुगु, हुम्ला हुँदै जुम्ला, तिब्रिकोटमा मस्टाका थानहरू थपिँदै गए । ठाउँको नामका आधारमा मस्टाका भेदहरू पनि भिन्नभिन्न नामले पुकारिन थाले (रिमाल, २०२८ : १७) । यसरी प्रस्तुत क्षेत्रमा धेरै पहिलेदेखि यो देवता स्थापित भएको मानिन्छ ।

१.४.१.७ स्थानान्तरित जातिका साथ बसाइ सर्ने देवताका रूपमा उत्पत्ति

मुगल शासकहरूको धार्मिक अत्याचारबाट आजित भई महाराष्ट्र र राजस्थानबाट स्थानान्तरित भएर यस क्षेत्रमा आफ्ना उपासकहरूका साथ आएको देवताका रूपमा पनि यसको चर्चा गरिन्छ (पाण्डे, २०३५ : १४१) । यस भनाइसित चाहिं सहमति जनाउन सकिँदैन, किनभने भारतमा मुगल सामाज्य स्थापना हुनुभन्दा निकै पहिलेदेखि प्रस्तुत प्रदेशमा मस्टाको चलन रहेको बुझिन्छ ।

१.४.१.८ सपनाको विश्वासका आधारका उत्पत्ति

सपनामा दैवीशक्तिसित साक्षात्कार हुँदा दिइएका निर्देशनानुसार देवताको स्थान स्थापना गरी पूजापाठ गर्ने, जात्रा मनाउने र सो अवसरमा विशेष मनपर्ने खाना खाने चलनको विकसित रूप स्थानीय विभिन्न देवीदेवताका साथै मस्टा परम्परा पनि हो । यस प्रकारका अनेकौं घटना र कथाहरूको निष्कर्ष निकाल्दा शिव र शक्तिको गण मानिने प्रस्तुत देवताको उत्पत्ति कैलास वा मानसरोवरमा भएको र बिस्तारै पश्चिमबाट पूर्वतिर अघि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding:

वढ्दै गएको बुझिन्छ । कैलासपछिको यसको अर्को गढ खप्तड भएको पनि थाहा हुन्छ ।

१.४.२ मस्टाको प्रकृति

नामका हिसावले उही र उस्तै भए पनि आचारव्यवहार तथा आहारविहारका दृष्टिले मस्टा अनेकौं प्रकारका पाइन्छन् । ती समस्त प्रकारहरूलाई मोटामोटीरूपमा छुट्याउने हो भने मस्टालाई दुग्धाहारी र मांसाहारी दुई किसिमका भेदमा बाँड्न सकिन्छ ।

१.४.२.१ दुग्धाहारी मस्टा

मस्टाका अधिकतर रूप दुग्धाहारी नै हुन्छन् । कोरा अक्षता, पातीका पात वा फूल, दूधदही र घ्यू, हवनको धुवाँ, धूपदीप र फल यसले सेवन गर्ने वस्तु हुन् । यो दयालु, क्षमाशील, आशुतोष, धैर्यशाली र शान्त प्रकृतिको हुन्छ (पन्त, २०३२ : १३) । भगवान् शङ्कर तथा देवी दुर्गाको प्रमुख सेनानी भएर पनि देवी दुर्गाले रक्तवलि ग्रहण गरे पनि यो रगत भोग गर्दैन । यसलाई फलको वलिसम्म ग्राह्य हुन्छ । शुद्ध र सात्त्विक आहारविहार हुने भएकाले यसको आचारव्यवहार पनि पवित्र, स्वच्छ र शान्त हुन्छ । आफ्ना उपासकहरूले अच्काली गरिहाले पनि यो कडा सजाय दिँदैन, सहिदिन्छ र क्षमा गरिदिन्छ । क्रूर व्यवहार यसले देखाउँदैन । ज्यादै प्रतापी र लोककल्याणकारी प्रवृत्ति यसको हुन्छ । देवी दुर्गाको सौम्य रूपको सेवक यो देखिन्छ ।

१.४.२.२ मांसाहारी मस्टा

यसले रक्तवलि ग्रहण गर्दछ । कालो वर्णको बोकाको बलि यसलाई प्रिय हुन्छ । अक्षता, पाती, फलफूल र धूपदीप यसलाई पनि चढाइन्छ तर वलिभोग गर्ने भएकाले सात्त्विकभन्दा राजसी आहारका वस्तु नै यसमा वढीमात्रामा चढाइन्छन् । आहारअनुसार यसको स्वभाव पनि क्रूर हुन्छ । न्यायका नाममा अन्यायी भनिएको व्यक्तिलाई कोर्रा हान्ने, डाम्ने, अमानवीय तवरले सास्ती दिने, अङ्गभङ्ग गर्ने, मार्ने वा क्रोध देखाउने काम यसले गर्दछ । त्यसैले दुग्धाहारी मस्टालाई सज्जन र यसलाई कडा देवता भनिन्छ (ऐजन, पृ. १४)। साथै दुग्धाहारीलाई दुर्गा माताको सौम्य र शान्त रूपको सेवकका रूपमा लिइन्छ भने यसलाई महाकाली वा उग्रचण्डीको सेवक भनिन्छ । सानातिना गल्ती पनि यसले सहँदैन, तुरुन्त कडा सजाय दिइहाल्छ । यसको जाँतमा उत्ताउलो व्यवहार देखाउने, कुनै उपासकका घरको सामान चोर्ने वा साधारण काम विराउने व्यक्तिले माफी मागे पनि यसले क्षमा गर्दैन, आवश्यकताभन्दा वढी नै सजाय दिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

पृथ्वी र प्राणीको रक्षाका लागि खटाइएको र प्रमुख देवीदेवताको गण मानिने यो देवता हिमाली क्षेत्रमा र विशेषगरी पहाड भूभागका देउराली एवम् भञ्ज्याङहरूमा वास गर्दछ। वसाइ चिसो ठाउँमा भए पनि यसका मांसाहारी रूपको व्यवहार भने आहारका कारण उग्र, कठोर र क्रूर देखिन्छ। दुग्धाहारी रूप चाहिं आहारको सात्त्विकता र वसाइको चिसो ठाउँअनुसार शान्त, सौम्य, शिष्ट र संयमित प्रकृतिको पाइन्छ।

१.४.३ मस्टाका विविध रूप

मस्टाका अनेकौं नाम र अवतार भए पनि आकार, प्रकार वा देहको आकृति भने हुँदैन। यो कतैकतै मानवीय आकृतिविहीन सामान्य प्रस्तरपिण्ड उत्पन्न भएको देखिए पनि यसका अधिकतर स्थानहरूमा राखिएका तोरण वा आलम, घण्ट, दियो, त्रिशूल वा कुनै पात्रविशेषलाई नै मस्टा देवता मानेर पुज्ने ढोग्ने गरिन्छ। प्रस्तरपिण्डलाई मस्टाका रूपमा स्थापित गरिएको दृश्य पनि डोटी जिल्लाको जिजोडामाडौँ गा.वि.स.को वडा नं. १ को मस्टामाडौँमा मात्र देखिन्छ। त्यसैले यसलाई निराकार देवता पनि भन्न सकिन्छ।धामीमा आरूढ भएका वेला धामीको मुखाकृति रूप, रङ्ग र ढपढङ्ग जस्तो हुन्छ यसलाई सोही आधारमा ठम्याउने चलन पनि विवेच्य क्षेत्रमा प्रचलित छ।

दुग्धाहारी मस्टाको धामी काम्दा अनुहार पहेँलो वा सेतो वर्णको हुने र शान्त स्वरूप झल्कने हुँदा सो मस्टालाई पहेँलो वा सेतो वर्णको र सज्जन स्वरूपको मानिन्छ। त्यसैगरी मांसाहारी मस्टाको धामी काम्दा अनुहार रातो वर्णको र स्वरूप उग्र स्वभावको देखिने हुँदा सो मस्टालाई रातो वर्णको र उग्र स्वरूपको देवता भनिन्छ। अझ सपनामा श्वेतवस्त्रधारी ब्रह्मचारी, पण्डित, साधु, योगी, बालसन्यासी देखिएमा दुग्धाहारी मस्टाको दर्शन पाइएको मान्ने र बाघ, भालु, सर्पजस्ता डरलाग्दा प्राणी तथा जटाधारी जोगी देखिएमा मांसाहारी मस्टाको दर्शन मिलेको ठान्ने मान्यता पनि यहाँ विद्यमान छ। यसरी मस्टा मानिने वस्तुविशेषवाट आकार तथा रूपरङ्ग प्रकट नभए पनि धामीको स्वरूप एवम् सपनामा देखिने दृश्यप्रतिको विश्वासका आधारमा भने यसका रूपरङ्गको खाका कोर्ने गरिन्छ।

यो जताततै कुलदेवताका रूपमा पुजिन्छ। दुग्धाहार वा मांसाहार जे गरे पनि स्थानभिन्नतानुसारका थाननामका आधारमा जतिसुकै भेद वा भाइका रूपमा बाँडिए पनि यसलाई रैथाने देवता भनिन्छ र कुलदेवता नै मानिन्छ। सिद्ध र भैरव तथा शिव र शक्ति दुवैरूपमा यसको पूजा गरिन्छ। यसका यी दुई स्वरूपमा सिद्ध र शिव दुग्धाहारी भेद हो भने भैरव र शक्ति चाहिँ मांसाहारी भेद हो। शिव र शक्तिको अधीनमा बसेर प्रकृति र प्राणीको रक्षाका निम्ति खटाइएको क्षेत्रपाल वा पहरेदारको जिम्मेवारी निभाउने देवताको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding:

मान्यतानुसारको स्वरूपको परिकल्पना गर्दा पनि यसको रेखाचित्र बनाउन सकिन्छ । तसर्थ निश्चित रूपरङ्ग र आकारमा प्रकट हुन खोज्दाखोज्दै पनि निराकार बनेको देवताका रूपमा यसलाई चिनाउनुपर्ने हुन्छ ।

१.४.४ मस्टाका स्थान

भगवान् शङ्करको लीलाथली कैलास अर्थात् मानसरोवरमा उत्पन्न भएको मानिने यो गणदेवता हिमालय क्षेत्रबाट लोककल्याणका कार्य गर्नका निम्ति पहाडी प्रदेशमा झर्ने क्रममा पर्वत शिखरका देउरालीहरूमा बस्दै खप्तड आइपुगेको र त्यहाँबाट डोटी र कर्णाली प्रदेशका बस्तीबस्तीमा निवास गर्दै पूर्वाभिमुख भएर नेपाल, भारत र तिब्बतका विभिन्न भागसम्म पुगेको देखिन्छ । वास्तवमा यस देवताले वसाइ सारेको नभएर यसलाई कुलदेवता मान्नेहरूले एक ठाउँबाट अर्को ठाउँमा वसाइ सर्दा यसलाई पनि नयाँ ठाउँमा स्थापित गर्दा वन्न गएका विविध थान नै यसका स्थान मानिएका हुन् ।

यसका उपासकहरूले जहाँजहाँ बस्ती बसाले, त्यहाँत्यहाँ यसलाई विभिन्नरूपमा स्थापित गरे । प्रत्येक क्षण, प्रत्येक अवस्था र प्रत्येक स्थानमा आफ्ना पूजकका पछिपछि लागेर संरक्षण गर्ने देवता मानिने भएकाले वन जाँदा वनमा र घर वस्दा घरमा पुज्ने गरेबाट वन र घरका भिन्नभिन्न थान यसका लागि निर्धारण गरिए । सोही क्रममा यसका **वन थान** र **घर थान** वन्न गए ।

पल्लो डाँडाको चुचुरोमा मस्टाको थान वा माडौं छ भने वल्लो डाँडाको ठीक सामुन्ने पर्ने बाटोभन्दा तल वा माथि छुट्टै थान बनाएर टाढैबाट पाती चढाई हिँड्दासमेत यसलाई ढोग्ने क्रममा बनेका **पातीहाल्ला** लाई पनि यसकै थानका रूपमा लिनुपर्नेहुन्छ । यसको पनि गणना गर्दा मस्टाका थानहरू एउटै गाउँबस्तीमा पनि अनेक देखिन्छन् । मूलतः **घरथान** र **वनथान** नै यसका प्रमुख थान हुन् ।

१.४.४.१ घरथान

सुखका घडीमा प्राप्त वर वा दाहिनापनको परिणति मानेर सम्झँदा र दुःखका घडीमा सङ्कष्टका जन्जालवाट मुक्तिको कामनाका साथ सम्झेबापत वाधा पार गर्दा उपहारस्वरूप निवेदन गरिने शङ्ख, घण्ट, त्रिशूल, वस्त्र, ताम्रपत्र, विविध पात्रलगायतका सुनचाँदीका भाँडाकुँडा, मूर्त्ति, गरगहना एवम् साधनहरू थन्क्याइने भण्डार वा गाउँबस्तीका बीचको माडौँलाई मस्टा देवताको घरथान भनिन्छ । यसका अतिरिक्त कुलको जेठो व्यक्ति वा गाउँको मुखियाको घरमा स्थापित मस्टा देवताको थानलाई पनि घरथान भन्ने चलन छ । अझ प्रत्येक घरका पूजाकोठामा कुलदेवताका रूपमा मानिएको घण्ट, त्रिशूल, दियो वा कुनै पात्रविशेष राखिने ठाउँलाई पनि यसको घरथान भन्ने

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

गरिन्छ । सामान्यतया घरथान भनेको गाउँवस्तीमा राखिएको भण्डार गृह वा माडौँ नै हो । सबै ठाउँमा त्यस्तो भण्डार वा माडौँ हुँदैन । त्यसको सट्टा कुलको जेठो वा गाउँको मुखियाको घरको पूजा कोठामा स्थापित मस्टा देवताको प्रतिमूर्तिलाई नै घरथान भनिन्छ । घरथान ठौर वा खास स्थान तथा बाडा अथवा टोलमा पनि निर्धारण गरेको पाइन्छ ।

१.४.४.२ वनथान

गाउँवस्तीभन्दा केही टाढाको वन, देउराली, भञ्ज्याङ वा वृक्षवनस्पतिले परिवेष्टित निकुञ्जमा स्थापित माडौँ वा विशेष स्थानलाई मस्टा देवताको वनथान भनिन्छ । वार्षिक वा षाण्मासिक पूजा वा जाँत वनथानमै आयोजना गरिन्छ र हवन वा वलिका विधिहरू सोही थानमा पूरा गरिन्छन् । वनथान निश्चित स्थान, खेत, गरा, वृक्षवनस्पति र चौतारोमा पनि निर्धारण गरिएको हुन्छ । वर्षचक्रका निर्धारित तिथिमितिमा त्यस्ता ठाउँमा पूजा गरिन्छ । इष्टसिद्धि, सङ्कटमुक्ति र कार्यपूर्णताका स्थितिमा वनथानमा घण्ट, त्रिशूल, दियो नेजा, आलम वा झण्डा र विशेष पात्र चढाइने हुँदा यस प्रकारका वस्तुहरू यी ठाउँमा यथेष्टमात्रामा जम्मा भएका देखिन्छन् । बाटोको छेउछाउमा परेका यस देवताका थानमा प्रत्येक यात्री पाती चढाई ढोगेर मात्र यस्तो ठाउँबाट अघि बढ्दछ । त्यसरी पूजा र अभिवादन नगरे यात्रा निष्कण्टक हुँदैन भनिन्छ ।

१.४.५ मस्टाको विकास र बिस्तार

यस पुस्तकको तेस्रो अध्यायको ३.१८ को पहिलो अंशमा

आगा फाणी पाछा हाणी
बैनाका पैतला चाटी
नीर तरी, चूर चडी
काँबटा काँ पडी
पानीका सामल, बतासका पैरन,
काणाका बिस्तरा, ढुवाँको सिरान
पाछाको पछ्यारो अरी
काँबटा काँ आया लाउ धेक्या

अर्थात् अगाडिको जङ्गल फाँडेर पछाडिको जङ्गल काटेर, वहिनी भगवतीको आशीर्वाद र आज्ञा शिरोपर गरी, गहिरो नदी तरी, दुर्लङ्घ्य पहाड चढी, लड्दैपड्दै, पानीको भोजन हावाका लुगा, काँढाका ओछ्यान र ढुङ्गाको सिरान बनाएर तिमीहरूका पछिपछि लाग्दै कहाँबाट कहाँ आइपुगेँ तिमीहरूले देखेकै छौ भनिएको छ । मस्टाको धामीले कामेर भन्ने यस अभिव्यक्तिमा यो देवता उच्च पर्वत छिचोल्दै यस क्षेत्रका जनताको संरक्षण गर्न लामो यात्रा तय गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

आएको कुरा थाहा हुन्छ । अध्याय तीनको ३.२ मा सङ्कलित फागको चौथो अंशमा मस्टा देवता कैलासमा उत्पन्न भएका कुराको वर्णन छ । यी दुई अंशलाई मिलाएर हेर्दा कैलास वा मानसरोवर नै यस देवताको उत्पत्ति क्षेत्र भएको र देवी भगवतीका आज्ञाले लोककल्याणका लागि विवेच्य क्षेत्रमा यो साह्रै दुःखकष्ट सहेर आइपगेको कुरा थाहा हुन्छ ।

कैलास छोडिसकेपछि मस्टाले खप्तडलाई आफ्नो मुख्य वासस्थान बनाएको कुरा इतिहासविद्हरू बताउँछन् (सुवेदी, २०४६ : १२) । उच्च पर्वतीय क्षेत्रमा माडौं भएका भगवान् शिव र भगवती दुर्गाको सेवाटहलमा यो देवता समर्पित रहेको आशय झल्कने अभिव्यक्तिको प्रयोग गरिएका तेस्रो अध्यायको ३.४ अनुक्रमको फागको अध्ययन गर्दा पनि यस भनाइमा तथ्य रहेको कुरा थाहा हुन्छ ।

बाजुरा जिल्लाको उत्तरी क्षेत्रको उच्च पर्वतमा आसीन मालिका, डोटी जिल्लाको मध्यभागमा पर्ने महाभारत पर्वतको चुचुरोमा आसीन केदार, काफली तथा घण्टेश्वर, डडेल्धुरा जिल्लाको मध्यभागको पर्वत शृङ्गमा अवस्थित जगन्नाथ, महाकाली नदीको किनारको साधारण पहाडका थुम्कोमा आसीन त्रिपुरासुन्दरी तथा अछाम जिल्लाको सामान्य पहाडी वस्तीमा स्थापित बैजनाथलाई स्वामी मानेर सबैको सेवाटहल पुऱ्याउनका निम्ति मस्टाले यी सबैको मध्यभागमा बस्नु पर्ने हुन्थ्यो । सो मध्यभाग खप्तड भएको हुनाले पनि कैलासपछिको यसको अर्को रैथान खप्तड बनेको कुरा विश्वसनीय देखिन्छ ।

खप्तडलाई केन्द्रविन्दु बनाएपछि यसको विस्तार पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर भएको हो । एकपछि अर्को ठाउँमा फैलँदै नयाँनयाँ पुस्तासित काम, माम तथा उचित वासस्थानको खोजीमा पूर्वाभिमुख भएर नेपाल तथा भारतका विभिन्न क्षेत्रमा बसाइ सर्दा आफ्ना कुलदेवतालाई पनि उपासकहरूले स्थापित गरेकाले कहीं उही र कहीं अलि फरक मान्यतामा मस्टाको चलन बिस्तारमा आएको थाहा हुन्छ । कालो बोका भोग गर्ने डोटी प्रदेशको खापडे, दाडे र थोते मस्टा पूर्वतिर कालो मस्टाका नामले चर्चित हुनु, ठाउँठाउँका वस्तीमा थानहरू थपिँदै र उपासकहरू बढ्दै गएपछि एउटै रूपका पनि अनेक रूप मानिँदा मस्टाका बाह्र भाइ भएका किंवदन्ती जोडिनु र तिनै बाह्र भाइ भएका मस्टालाई पूर्वतिर वराह मस्टा भन्दै भगवान् विष्णुको वराह अवतारको प्रतिमूर्ति मान्नु समयको अन्तरालले थप्दै गएका किंवदन्ती हुन् । समय बित्दै गएपछि, ठाउँ छुट्दै गएपछि र घटनाहरू जुट्दै गएपछि किंवदन्तीहरू छोडिन्छन् र जोडिन्छन् पनि । एउटै कुरा एकले अर्को र अर्कोले तेस्रो हुँदै सयौं व्यक्तिसम्म पुग्दा फरक पाठमा परिणत हुन पनि सक्तछ । त्यसैले

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

श्रुतिस्मृतिको परम्पराकै कारणले किंवदन्तीमा भिन्नता आउँछ । मस्टाका कथालाई पनि यहीरूपमा हेर्न सकिन्छ ।

यसो भएर पनि के कुरा चाहिँ सत्य हो भने यो देवता सबैतिर कुलदेवताका रूपमा मानिँदै र पुजिँदै आएको छ । साथै शिव र भगवतीको गणका रूपमा यसलाई लिइन्छ र पश्चिमबाट पूर्वतिर सर्दै गएका जातजाति तथा थरगोत्रहरूका साथ यो पनि व्यापक एवम् विस्तृत हुँदै गएको बुझिन्छ । यसको प्रभाव चाँडै पर्ने र चमत्कारी कार्यद्वारा आफ्नो क्षमता वा सामर्थ्य प्रकट गर्ने भएकाले यसले आफ्नो गढविस्तार गर्नमा सफलता पाएको देखिन्छ । गइबसेकाले सँगै लैजाने र आइबसेकाले यसको प्रभावबाट आकर्षित हुने कारणले परम्परागत कुलदेवता छोडेर यसलाई कुलदेवता मान्ने गरेको घटना पनि सुन्नमा आउँछ ।

यसको दुग्धाहारी रूपभन्दा मांसाहारी रूप वढी उग्र, कडा र शक्तिशाली देखिने हुँदा मांसाहारीका उपासकहरू पूजाआजा एवम् स्तुतिभक्तिमा अधिक सतर्क हुन्छन् । मान्नुपर्ने अवसरमा मानिएन, ढोग्नुपर्ने वेलामा ढोगिएन, वोलाउनुपर्ने वेलामा वोलाइएन र पुज्नुपर्ने वेलामा पुजिएन भने बाघ, सर्प, महामारी, आँधीहुरी, अरिङ्गाल र सलह बनेर यसले दिनसम्मको दुःख दिन्छ भनिन्छ । त्यसैगरी यसको उचित स्तुतिभक्ति एवम् पूजाअर्चना गरिरह्यो भने इष्टसिद्धि, निर्विघ्न कार्यसमाप्ति र निरोगिता प्राप्त हुन्छ भनिन्छ । त्यसैले यसलाई नमानेर जीवन चलाउन सकिँदैन । करले वा रहरले जसरी माने पनि कुलदेवता तथा गणदेवताका रूपमा यसलाई पुर्खाले मानेका र फैलँदै वढ्दै गएका नयाँ पुस्ताले पनि मान्न नछोडेकाले कालीदेखि मेचीसम्मका सवै नेपाली क्षेत्रमा यसको परम्परा विकसित भएको हो । भारतको विभिन्न स्थानका वासिन्दा र तिब्वतीहरूले पनि यसको पूजा गर्ने हुनाले नेपालको रैथाने हुँदाहुँदै पनि नेपाल वाहिरसमेत फैलिएको शक्तिशाली देवता यसलाई भन्नु पर्दछ । सनातनीका साथै अन्य धर्मावलम्बीहरूद्वारा पनि मानिने पुजिने हुनाले यो व्यापक वनेको देखिन्छ ।

१.४.६ स्वामी, गण र समानान्तर शक्तिका रूपमा मस्टा

कुलको नायक बनेर वंशवृक्षको रक्षा गर्ने यो देवता दैवी शक्तिको सर्वोच्च सत्ता चाहिँ होइन । यो स्थानीय देवीदेवताको स्वामी मानिन्छ भने केहीको समान स्तरमा आउने मित्र भनिन्छ । त्यसैगरी केही विशेष शक्तिको सेवक वा गणका रूपमा पनि यसलाई मान्ने गरिन्छ ।

१.४.६.१ स्वामीका रूपमा मस्टा

खोलाखोल्सा, बाटाघाटा, नदीनाला, गल्लीगल्छेडा, धारापँधेरा, खेतगरा, वनजङ्गल र भिरपाखा सवैतिर छुट्टाछुट्टै स्थान भएका विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

ग्रामीण देवताले यसलाई स्वामी मान्दछन् र यसको खटनपटनका कार्य गर्दछन् । ती देवताहरू मस्टाभन्दा पनि कडा स्वभावका हुन्छन् । सानातिना गल्तीमा अर्थात् चिच्याएर ठूलो स्वरमा बोलेमा, यिनको थानका छेउछाउमा पर्ने गरी दिसापिसाव गरेमा, यिनको थानतिर ढुङ्गामुढा प्रहार गरेमा, रातबिरात वा बेला कुबेला यिनको स्थान क्षेत्रमा हिंड्डुल गरेमा वा यिनलाई बाधा पर्ने अन्य कुनै काम गरेमा लाग्ने, बल्झने, दुःख दिने र मृत्युसम्म गराउने काम यिनले गर्दछन । छुवाछूतको परहेज पनि यिनका थानमा गर्नु पर्दछ ।

गाउँबस्तीका चेलीबेटीको विवाह भएमा चेलीपक्षले पाठो चढाउनुपर्ने कुनै गल्ती भएमा भरभाकल गरी धूपधुपार गर्नुपर्ने, खुसीका कार्य तथा ईष्टसिद्धिमा पूजाआजा गर्नुपर्ने र यिनलाई मानिरहनु पुजिरहनुपर्ने नियम छ । रिसाएमा दुःखकष्ट जसरी दिन्छन् त्यसरी नै प्रसन्न भएमा अभीष्ट लाभ तथा सुखशान्ति पनि यिनीहरू दिन्छन् । त्यसैले यिनका थानमा पूजाअर्चनाका साथ चढाइएका घण्ट, त्रिशूल, दियो, नेजा, आलम वा झण्डा, विभिन्न पात्र तथा औजारहरू राखिएका हुन्छन् । त्यस प्रकारका सामग्रीमै यिनलाई स्थापित गरिएको हुन्छ । मस्टाझैँ यिनको पनि निश्चित आकार वा स्वरूप हुँदैन । उपासकहरूका साथै सामान्यरूपमा आवागमन गर्ने यात्रीले नजिक वा टाढैबाट भए पनि यिनका थानतिर फूलपाती चढाई ढोग्ने गर्दछन् । त्यसो गर्दा मनोकामना पूर्ण हुने र यात्रा सफल हुने विश्वास गरिन्छ ।

मस्टाको अधीनमा बस्ने यिनलाई **मस्टाका बान** अर्थात् मस्टाका गण वा मस्टाको परिवारका सदस्य भनिन्छ । कसैलाई कुनै बानले पिरोलेमा वा दुःख दिन नछोडेमा मस्टाको धामीमार्फत खुसामद गराएर मनाउने पनि गरिन्छ । मस्टा गणनायक हुन् भने बान चाहिँ गण हुन् । यी पनि धामीमा अवतरित हुन्छन् र मस्टा तथा शिव र शक्तिलाई **रिथि** अर्थात् स्वामी भन्दछन् । मस्टाका जाँतमा बानका धामीहरू पनि मस्टाको आज्ञा लिई परम्परागत **घाईं** वा बाजाका तालमा नाच्दछन् । मस्टा यिनै बानहरूका काँधमा चढेर नाच्दछ । मस्टाका प्रिय सेवक बनेर आज्ञापालन गर्ने र सामाजिक सुखशान्तिका थिति बसाल्ने काम यिनीहरू गर्दछन् ।

१.४.६.२ गणका रूपमा मस्टा

मस्टा बानहरूको स्वामी हो भने भगवान् शिव तथा देवी दुर्गाको सेवक पनि हो । स्वामी बन्दा जे जस्तो सान मान र गौरव यसका व्यवहारमा देखिन्छ सेवक बन्दा इमान्दारिता, स्वाभिमान, उचितमात्राको स्तुतिभक्ति र कर्तव्यनिष्ठाका उदाहरणीय व्यवहार यसले देखाउँछ । स्वामी कस्तो हुनु पर्दछ र सेवक कस्तो हुनु पर्दछ भन्ने आदर्शका रूपमा पनि यसलाई अघि सार्न सकिन्छ । गणहरूलाई नचाहिँदो दुःख दिने र स्वामी मानिने शक्तिका अगाडि

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

चाहिनेभन्दा वढी झुकेर चापलुसी गर्ने काम यसले गर्दैन । साथै अपनाउनुपर्ने शिष्टाचारवाट च्युत पनि यो हुँदैन ।

यो कामिसकेपछि सर्वप्रथम शिव र शक्तिपीठप्रति शिर निहुराउँछ र यसको जाँतमा देउरो वा लिङ्गो नचाउँदा पनि शिव र शक्तिपीठतिर देउरो झुकाएपछि मात्र नचाइन्छ । यसले शिवलाई रिथि अर्थात् स्वामी र शक्ति अर्थात् भगवती वा दुर्गालाई बैणी अर्थात् वहिनी भन्दछ । यसको बोलीमा बैणी वा वहिनी भने पनि व्यवहार चाहिं दिदीका प्रति गरेजस्तो हुन्छ । स्थानीय भाषिकामा सामान्यतया बैणी शब्दले दिदीवहिनी दुवैलाई बुझाउँछ । यसका प्रत्येक थानमा दुर्गाको स्थापना गरिएको हुन्छ र यसको पूजाभन्दा पहिले सो स्थानको पूजा गरिन्छ । यसका अनेकौं बान भएझैं यो पनि विशेष शक्तिको वान भएकोले सेवक राख्ने क्षमता भएर पनि परम्पराको निर्वाहमा इमान्दार सेवक बनेको क्षेत्रपाल वा गणनायक भनेर यसका निजी विशेषताको बखान गर्न सकिन्छ ।

१.४.६.३ समानान्तर शक्तिका रूपमा मस्टा

शक्ति, सामर्थ्य, प्रभाव र मान्यताका क्रममा कतिपय स्थानीय देवता यसका समानान्तरमा पनि रहेका देखिन्छन् । यसले तिनलाई गिंत अर्थात् मित्र भनेर बोलाउने गर्दछ । साथै एकअर्काका जाँतमा उपस्थित भएमा यिनका धामीहरू कामेर ससम्मान घाई अर्थात् चलनचल्तीको वाद्य धुनमा नाच्दछन् । समानान्तरका शक्तिलाई सम्मान गर्नाले आफूलाई पनि सम्मान प्राप्त हुन्छ भन्ने कुरा यिनीहरू राम्ररी बुझ्दछन् । त्यसो हुँदाहुँदै पनि कहिलेकाहीं यिनीहरूमा शक्तिसामार्थ्य र छलवलमा तँ भन्दा म ठूलो भन्ने विवाद पर्दछ र ठूलो झगडा पनि मच्चिन्छ । त्यस्तो अवस्था आएमा मध्यस्थ बनेर समानान्तरकै कुनै देवताको धामी वा स्वामी मानिने देवताको धामीले झगडा सुल्झ्याउने काम गर्दछ । जाँतमा भन्दा पनि ठूलै समस्या आइपरेका बखत अनेकौं धामीलाई एउटै थलोमा काम्न लगाएर समाधान खोज्नका लागि आयोजना गरिएका सबाउलो अर्थात् सवालजवाफको कार्यक्रममा यस प्रकारका झगडा बढी हुने गर्दछन् ।

भैरव, लाटो, तेडी, कैलीपाल, समैजी, बेताल, गौडीवाग, वन्यडीलाई यसको समानान्तरका स्थानीय देवता भनिन्छ । यिनमा पनि ठाउँअनुसार एउटैका अनेकौं रूप हुने कुरामा विश्वास गरिन्छ । लाटो देवताका मात्र चौरासीवटा रूप भएको र ठाउँठाउँमा ती रूप स्थापित भएका कुरा स्थानीय वासिन्दाहरू वताउँछन् । ठाउँको नामका आधारमा कतिपय ठाउँमा मस्टा र लाटालाई भाइभाइ पनि भनिन्छ । उदाहरणका लागि डोटी जिल्लाको लाटामाडौं गा.वि.स. गिल्ला र वैरकोट गाउँमा पर्ने लाटा देवता, सोही

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding:

गा.वि.स. को उजेली गाउँमा पर्ने बन्थडी र जिजोडामाडौं गा.वि.स. को उच्चाकोट गाउँमा पर्ने मस्टा देवताका माडौंहरू छुट्टाछुट्टै भए पनि भण्डार एउटै छ र कार्यकर्ताहरू पनि साझा छन् । यी तीन देवताहरू परस्परमा भाइभाइ भनिन्छन् ।

यसरी कहीँ मित, कहीँ **थौल्या** अर्थात् भाइ र कहीँ साथीका रूपमा मस्टाको शक्तिसामर्थ्यका हाराहारीमा आउने स्थानीय देवताहरू पनि समीक्ष्य क्षेत्रमा प्रसस्त छन् । ती सबै कुलदेवताकै रूपमा नपुजिए पनि लोकहित गर्ने दिव्य शक्तिपुञ्जको प्रतीकका अर्थमा पुजिन्छन् । मस्टा स्वामी हो, सेवक हो र हितैषी मित्र पनि हो । समशक्तिका मित्रहरूसित यसले गर्दै आएको व्यवहार पनि आदर्शकै नमुना देखिन्छ । समान अस्तित्व, समान मान्यता र समान सम्मान देखाए मात्र पारस्परिक मित्रता, स्नेह, सद्भाव एवम् शान्ति कायम गर्न सकिन्छ भन्ने पाठ यिनका व्यवहारले सिकाएको देखिन्छ ।

१.४.७ डोटेली लोकगीतमा मस्टा

डोटेली लोकसाहित्यका सबैजसो विधामा मस्टाको वर्णन गरिएको पाइन्छ । यससम्बन्धी लोककथाहरू अनेकौं छन् । यसको उत्पत्ति, स्थानान्तरण, शक्तिसामर्थ्य र छलबलका किंवदन्तीहरूलाई लामो पारेर कथाका रूपमा सुन्ने सुनाउने पनि चलनछ । त्यसैगरी डोटेली लोकनाटक र लोकगाथाको मिश्रित रूपमानिने भारत वा हुड्केलीमा पनि यसका विविध पक्षको वर्णन पाइन्छ । यसका धामीले कामेर झारफुक गरी कसैको रोगव्याधिको उपचार गर्दा भन्ने मन्त्रलाई पनि लोकसाहित्यिक विधामा समावेश गर्न सकिन्छ । अझ यहाँ प्रस्तुत तेस्रो अध्यायको ३.१८ को सम्पूर्ण अंश सामान्य कथन नभएर लोकगीत भन्न मिल्ने अभिव्यक्ति देखिन्छ ।

यी सबैका अतिरिक्त यसकै वर्णनमा आधारित र अन्य कुनै वर्णनका सिलसिलामा प्रसङ्गवश गरिएका यसका वर्णनका लोकगीतहरू पनि विवेच्य क्षेत्रमा पाइन्छन् । त्यस प्रकारका केही गीतहरू तेस्रो अध्यायमा राखिएका छन् । अन्य विधाका तुलनामा लोकगीतमा यसको चर्चा अधिक पाइन्छ । विशेष गरी सगुन, फाग, चैत, धमारी, भोलाउलो र ड्यौडामा यसलाई वढीमात्रामा व्यक्त गरिएको देखिन्छ ।

१.४.७.१ सगुनमा मस्टा

कुनै पनि पूजापाठ, धार्मिक कृत्य, शुभसंस्कार तथा अनुष्ठानका कार्य प्रारम्भ गर्दा वैदिक मङ्गलोच्चार एवम् स्वस्तिवाचनका साथ महिलासमूहले विवेच्य क्षेत्रमा सगुन गाउने चलन छ । मस्टाको पूजामा पनि सगुन गाइन्छ । सगुनमा मस्टाको खासै वर्णन नभए पनि पूजाप्रक्रिया समान किसिमको रहने हुनाले यी दुईका बीच गहिरो नाता जोडिएको देखिन्छ । सगुन नगाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

थालिएको पूजा पूर्ण नमानिने विश्वासले पनि यो कुरा जनाउँछ । मस्टालाई महत्त्व दिने र मालिका तथा केदारपछि नामोच्चार गरेरै भावाञ्जलि अर्पण गर्ने काम सगुनमा भएको देखिन्छ । तेस्रो अध्यायको ३.१ को दोस्रो अंश यसको उदाहरण हो ।

१.४.७.२ फागमा मस्टा

अन्य गीतका तुलनामा फागमा मस्टाको चर्चा बढीमात्रामा गरिएको पाइन्छ । मस्टाको पूजा वा जाँतका अवसरमा मात्र गाइने फागहरू पनि छन् । यस प्रतिवेदनमा तेस्रो अध्यायको ३.४ देखि ३.६ सम्मका फागहरू मस्टाको पूजा वा जाँतमा बाहेक अरू वेला गाइँदैनन् । त्यसैगरी मस्टाका साथै अन्य देवीदेवताका पूजा वा जाँत र विशेष धार्मिक अनुष्ठानका निर्धारित समयमा गाइने फागहरू पनि उपर्युक्त अध्यायको २.६ देखि २.११ अनुक्रममा राखिएका छन् । मस्टासित सम्वन्धित फागमा यिनको उत्पत्ति कहाँ भयो, यिनी कहाँ गएर बसे, कुनकुन ठाउँमा यिनका थान छन्, के कस्ता पूजनसामग्री यिनमा चढाइन्छ र यिनको आराधना, उपासना गर्नाले के कस्तो वर पाइन्छ भन्ने कुराको प्रश्नोत्तरात्मक वर्णन पाइन्छ । साथै अन्य देवीदेवताको पूजाअर्चनाका सन्दर्भमा वर्णित मस्टाका विषयका फागमा यिनको महत्त्व, तत्तत् देवीदेवतासित यिनको सम्वन्ध र स्थानीय जीवनमा यिनीबाट परेको प्रभावको चर्चा देखिन्छ ।

मस्टाको उत्पत्ति कैलासमा भएको हो, यिनी लोककल्याणका लागि जनता वा उपासकहरूका साथ हिंड्छन् सामाजिक शान्ति, सन्तुलन र न्याय कायम गर्दछन्, कर्तव्यपथबाट विचलित हुनेलाई सचेत तुल्याउँदै सन्मार्गतिर डोऱ्याउने काम पनि यिनी गर्दछन्, यिनको स्तुतिभक्ति गर्नेले कहिल्यै दुःख भोग्नु पर्दैन र सङ्कटको सामना गर्नु पर्दैन भन्ने किसिमको भाव फागमा व्यक्त भएको पाइन्छ । समग्रमा भन्ने हो भने स्थानीय जीवनमा विविध दृष्टिले शक्तिशाली मानिने यी देवता फागमा पनि छल र बलका धनी स्वीकारिएका छन् । यिनको ओजस्वी प्रभावका आलोकमा स्थानीय जनता आफ्नो जीवन सफल हुनसक्ने विश्वास गर्दछन् ।

१.४.७.३ चैतमा मस्टा

फागपछि मस्टाको वर्णन चैतमा अधिक भएको देखिन्छ । पूर्णतः मस्टामा केन्द्रित दुइटा चैतको सङ्कलन तेस्रो अध्यायको ३.१३ मा दिइएको छ । काफली र गन्याप देवताको चैतमा पनि मस्टाको उल्लेख पाइन्छ । शैव सम्प्रदायका प्रसिद्ध पीठ मानिने डोटी क्षेत्रका काफली र गन्यापको वर्णनका साथ मस्टाको चर्चा आउनु भनेको समीक्ष्य भूभागमा मस्टाको प्रभाव ज्यादै गहिरो हुनु हो र ज्यादै शक्तिशाली देवीदेवतासित यिनको सम्वन्ध प्रगाढ हुनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

हो । चैत गीत वा चरित्र लोककाव्यको नायकका रूपमा यिनको चर्चा हुनु आफैमा महत्त्वपूर्ण पक्ष हो र यिनीप्रतिको अगाध जनआस्थाको द्योतक हो ।

१.४.७.४ धमारीमा मस्टा

मस्टाकै वर्णनमा आधारित धमारी त पाइँदैन तर शिव र शक्तिका प्रतीक मानिने केदार, काफली, गन्याप, घण्टेश्वर, भागेश्वर, जगन्नाथ,मल्सिमि, दुर्गा, मालिका, उग्रताराका धमारीमा कुनै नकुनै रूपमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा यिनको बयान गरिएको देखिन्छ । यसबाट पनि शिव र शक्ति दुवैसित यिनको सम्बन्ध राम्रो रहेको कुरा थाहा हुन्छ ।

१.४.७.५ भोलाउलोमा मस्टा

मस्टाकै चित्रणमा केन्द्रित भोलाउलो पाइँदैन । शिव सम्प्रदायका एउटा अवतार र विशेषगरी गणेशका अवतार भनिने गन्यापसित मस्टाका विविध रूपमध्येका खल वा दुष्ट स्वभावका देवता खापडे मस्टाले युद्ध गरेको र पराजित भई खप्तडमा गएर बस्न बाध्य हुनु परेको घटनाको वर्णनमा आधारित **गन्यापको भोलाउलोमा** मस्टाको चर्चा पाइन्छ ।

कुनै पनि देवीदेवताको पूजा वा जाँतमा रातभरि जाग्राम बसेपछि उज्यालो हुने बेला पुरुषसमूहले परम्परागत बाजा र नृत्य तालमा नाच्दै गाउने प्रभाती गीत अर्थात् ब्राह्ममुहूर्त्तको यस गीतमा खापडे वा आँ गर्दा ठूलो मुख पार्ने मस्टाविशेषको दुर्व्यवहारको बखान सुन्दा समस्त मस्टा देवता प्रतिकूल चरित्रका हुने कुरा अनुमान लगाउन सकिन्छ तर वास्तविकता त्यो होइन । खापडेबाहेकका अन्य मस्टा दुष्ट देखिँदैनन् । अझ स्वयम् खापडे पनि परापूर्व कालमा आफूबाट गन्यापजस्ता परमाराध्य देवताको अनादर भएको र निजसित युद्धसमेत गरेकोमा पछुतो गर्दै धामीमा आरूढ भएका बखत रुन्छ र आफूलाई नराम्रो भन्दछ । तेस्रो अध्यायको ३.१६ मा यो भोलाउलो सङ्कलित छ ।

१.४.७.६ ड्यौडामा मस्टा

डोटेली लोकगीतको सर्वाधिक उर्वर, चर्चित र प्रभावकारी भेद मानिने ड्यौडा गीतमा पनि मस्टाको चर्चा पाइन्छ । ड्यौडा गाउन सुरु गर्दा स्थानीय माटो, स्थानीय देवता र स्थानीय परम्पराप्रति नतमस्तक भई, मङ्गलाचरणको प्रक्रिया पूरा गर्ने क्रममा सर्वप्रथम मस्टा देवतालाई ढोग्दै निर्विघ्न कार्यसमाप्तिका लागि दाहिना भइदिन अनुरोध गर्ने चलन छ । देवतामय लोकका रूपमा देखिने डोटी क्षेत्रमा उक्त अवसरका साथै विषय र प्रसङ्गका अनुकूलतानुसार विविध किसिमले मस्टाको बयान ड्यौडामा गरिएको हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यसरी डोटेली लोकसाहित्यका विविध विधा र विशेष गरी लोकगीतमा मस्टाको उल्लेख प्रसस्तमात्रामा भएको पाइन्छ । यो लोकगीत मस्टामय बनेको नभए पनि मस्टाविहीन भएर रहेका देखिँदैन । छताछुल्लरूपमा जेमा पनि वा जतातते मस्टा नै मस्टा त यसमा देखिँदैन तर जे जति रचनामा मस्टाको प्रयोग भएको छ त्यसलाई ज्यादै न्यून पनि भन्न मिल्दैन ।

१.४.८ डोटेली उखानमा मस्टा

मस्टाको उत्पत्ति, विस्तार, शक्ति, सामर्थ्य, पारिवारिक विवरण इतिहास र यसले गरेका कार्यका सूत्रात्मक उल्लेख डोटेली उखानमा पाइन्छ । उदाहरणका लागि केही उखान यहाँ प्रस्तुत गरिएको छ ।

क. छेत्रीको छाइलो मेरो पाइलो

यो उखान डोटी जिल्लाको पूर्वी क्षेत्र र अछाम, वझाङमा बढी प्रचलित छ । जुम्लामा पनि यो प्रचलित छ । खासगरी छेत्रीहरूको वस्तीमा यसको प्रयोग अधिक हुन्छ । मस्टालाई कुलदेवता मान्नेहरू यस उखानका आधारमा मस्टाप्रति थप आस्थावान् भएका देखिन्छन् । छेत्रीका छायाँ जहाँजहाँ पर्दछन् मेरा पाइला त्यहाँत्यहाँ अघि सर्दछन् अर्थात् जहाँ छेत्रीहरू जहाँ हुन्छन् त्यहाँ म हुन्छु भन्ने अर्थ यसले प्रकट गर्दछ । आफूलाई कुलदेवता मान्ने छेत्रीहरूको संरक्षणका लागि मस्टा देवता सधैं व्यक्तिव्यक्तिका पछाडि सुरक्षाकर्मीझैं हिँडिरहेको हुन्छ भन्ने कुरामा विश्वास दिलाउने काम पनि यस उखानले गरेको छ ।

ख. जाँ मुन्ठा वाँ न्याँ

यो पनि पूर्वी डोटी र वझाङ्ग जिल्लामा प्रचलित उखान हो । मस्टालाई न्यायका देवता मानिन्छ । यसका कतिपय भण्डारमा दण्ड, कोर्रा, हतकडी, सिक्री र नेलहरू राखिएका पाइन्छन् । यसको धामी कामेर अन्यायीलाई दण्ड र बेकसुरलाई न्याय दिने काम गर्दछ । मस्टाको जहाँ उपस्थिति हुन्छ त्यहाँ न्याय हुन्छ भन्ने अर्थ यस उखानले दिन्छ । यस देवतालाई न्यायदाता बनाउनमा प्रस्तुत उखानले पनि ठूलो भूमिका निभाएको बुझिन्छ ।

ग. ढणार छुट्यो खप्तड फुट्यो

ढणार मस्टाका उपासकहरूको बसाइविस्तारका साथ मस्टा देवता खप्तड छोडेर ढणार हुँदै विभिन्न ठाउँमा बसेको कुरा यस उखानले जनाएको छ । खप्तडवाट फुटेर यत्रतत्र फैलनका साथै ढणारबाट पनि मस्टा देवता आफ्ना उपासकहरूको वसाइसँगै ठाउँठाउँमा फैलिएको घटना यस उखानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

अध्ययनबाट बुझ्न सकिन्छ । डोटी, अछाम, बझाङ र बाजुरा जिल्लामा यो उखान चलनचल्तीमा रहेको देखिन्छ ।

घ. नौ दुर्गा भवानी बाह्र भाइ मस्टा

मस्टा र देवी दुर्गा भाइबहिनी मानिन्छन् । यी भाइबहिनीमा देवी दुर्गासहित नौ बहिनी र मस्टाहरूका बाह्र भाइ छन् भन्ने विश्वास गरिन्छ । यस उखानले मस्टाको परिवारका सदस्यको परिचय दिएको छ । मस्टाका सबैतिरका उपासकहरूमाझ यो उखान सुपरिचित हुँदै आएको छ ।

ङ. पञ्चैतरको जय ऐलीको खय

दाह्रे मस्टाको शक्तिपरीक्षण गर्न बलि दिइने बोकाको घाँटीमा नदेखिने गरी फलामको खिप बाँध्ने ऐली गाउँमा बस्ने कुनै समयका निवासीलाई दिइएको श्रापको घटना यस उखानले बुझाएको छ । सबै उपासकहरूको जय होओस्, तर ऐली गाउँमा बस्ने दुष्ट व्यक्तिको नाश होओस् भन्ने अर्थ यसले प्रकट गर्दछ । अहिले पनि उक्त ठाउँमा मस्टा जाँत हुँदा मस्टाको धामी कामेर यो कुरा दोहोऱ्याउँछ । धामीको अभिव्यक्ति नै उखान बनेको हो । डोटी जिल्लाको पश्चिम चौकी गर्खामा यो उखान प्रचलित पाइन्छ ।

च. बान्नी फुट्यो ढणार छुट्यो

बान्नी मस्टाको वर्णनमा आधारित उखान यो हो । ढणार छोडेर बान्नीमा आएपछि पनि केही भक्तहरू बसाइ सरेर बान्नीबाट अन्यत्र गएकाले उनीहरूको रक्षाका लागि मस्टा पनि बान्नीबाट फाटेको कुरा यसले व्यक्त गरेको छ । ग अनुक्रमको उखान र यस उखानलाई जोडेर हेर्दा मस्टा देवता खप्तडबाट ढणार, ढणारबाट बान्नी र बान्नीबाट अन्य ठाउँमा फैलिएको कुरा थाहा हुन्छ । पूर्वी डोटी, अछाम र बझाङमा यो उखान प्रचलित छ ।

छ. बुडो बुडाइलो, थार्पो थर्पाइलो, कब कजाइलो, ढणार रजाइलो

विभिन्न ठाउँका मस्टा देवताका चारित्रिक वैशिष्ट्यको चित्रण यस उखानले गरेको छ । यसका अनुसार बुढो मस्टा धेरै शक्तिशाली नभए पनि बज्रुक, क्षमाशील र परिपक्व हुन्छ, थार्पा मस्टा झैँझगडाको छिनोफानो गर्ने र शान्ति कायम गर्ने काममा निपुण हुन्छ, कब मस्टा कडा हुन्छ र कठोर निर्णय दिई अन्यायीलाई कज्याउँछ र ढणार मस्टा चाहिं उदार, प्रतापी र प्रजावत्सल राजाजस्तो हुन्छ भन्ने अर्थ प्रकट हुन्छ । मस्टाका विविध भेदको नामोल्लेख पनि यसमा भएको छ । डोटी, अछाम, बझाङ, बाजुरा, जुम्ला, हुम्ला, मुगु धेरै ठाउँमा यो उखान चलनचल्तीमा रहेको पाइन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ज. मुन्ठा माण टन्टा फाण

मस्टाप्रतिको विश्वासको माहात्म्य बताउने काम यसमा भएको छ । आफूलाई सर्वथा चिन्ता र समस्यामुक्त गर्नचाहने हो भने मस्टाको उपासना गर भन्ने आशय यस उखानले प्रकट गरेको छ । डोटी जिल्लाका भिन्न भागमा यो उखान प्रचलित छ । मस्टा देवता आफ्ना भक्तजनप्रति सदा स्नेहशील, सहयोगी र संरक्षणशील हुन्छ भन्ने कुरा पनि यसबाट बोध हुन्छ ।

१.५ मस्टाको परिवार

सामान्य गृहस्थले सांसारिक नातागोता, मायामोह र बाधाबन्धनमा बाँधिएर जीवननिर्वाह गरेझैं मस्टा देवता पनि घरगृहस्थीका सञ्जालमा लटपटिएको विश्वास विवेच्य क्षेत्रका निवासी गर्दछन् । त्यसो त मस्टामात्र होइन भगवान् शिवपार्वती, लक्ष्मीनारायण, गणेश, देवी भगवतीसमेतका सम्पूर्ण देवीदेवताहरूले साधारण डोटेलीले जस्तै घरसंसारका विविध झमेलामा भोग्नुपर्ने र अभाव एवम् सङ्कटपूर्ण जीवन जिउनुपर्ने कुराको चित्रण यहाँको लोकसाहित्यका विविध विधामा गरिएको देखिन्छ । मस्टाका विषयमा भने यो प्रसङ्ग झनै चर्कोरूपमा आएको छ । यहाँ प्रचलित लोकविश्वासअनुसार मस्टा देवता अधिकतर डोटेली समाजमा बस्नेहरूझैं संयुक्त परिवारप्रणालीमा बस्दछन् र सबैका प्रति आफ्नो कर्तव्यपालन पूर्ण निष्ठाका साथ गर्दछन् । अझ नातागोताको बिस्तार र दाजुभाइको स्वतन्त्र गृहस्थी एवम् पारस्परिक स्नेह भएको जनश्रुतिको अध्ययन गर्दा धेरै सन्तान भएको कुनै परिवारविशेषले ठाउँठाउँमा बस्ती बसालेको र एकअर्काबीचको सम्बन्ध सुदृढ बनाएको अवस्थाझैं मस्टाको गृहस्थी चलेको कुरा थाहा हुन्छ । आदर्श व्यक्ति, आदर्श परिवार, आदर्श समाज र आदर्श संसारको सन्देश प्रवाह गर्नका निम्ति पनि यस्तो लोकधारण उत्पन्न गराइएको हुनु पर्दछ ।

भक्तहरूले जहाँजहाँ बस्ती बसाले त्यहाँत्यहाँ आफ्ना आराध्यदेवतालाई स्थापित गर्दै निश्चित तिथिमितिमा पूजा उपासना गर्ने परिपाटी कायम गरेअनुसार मस्टाका थान पश्चिमबाट पूर्वतिर सर्दै गएका र एकबाट अनेक बनेका देखिन्छन् । भिन्नभिन्न ठाउँका थानहरूलाई बिस्तारै एउटै मस्टाका भाइहरूको थान भन्न थालिएको र तिनको गणना थानअनुसार बढाउँदै लगिएको बुझिन्छ । यही कारणले गर्दा मस्टाका अनेकौं भाइ भएका कुरा जनश्रुतिमा आएका देखिन्छन् । त्यस्ता नाम पनि थान राखिएका ठाउँको नामका आधारमा दिइएको देखिन्छ । जस्तै ढणार भन्ने ठाउँमा स्थापित मस्टालाई **ढणार मस्टा**, **बाण्णी** भन्ने ठाउँमा स्थापित मस्टालाई **बाण्णी मस्टा**, **बाबिरो** भन्ने ठाउँमा स्थापित मस्टालाई **बाबिरा मस्टा** वा **बाबिर्‍या मस्टा**' भनिन्छ र यी सबैलाई एउटै मूल मस्टाका भाइ भनिन्छ । त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

ठाउँअनुसार थानहरूको सङ्ख्या हेरेर मस्टाका भाइहरूको सङ्ख्या निर्धारण गरिएको थाहा हुन्छ । त्यसैगरी चलनचल्तीका जनश्रुतिबमोजिम भाइहरूका साथै मस्टाका आराध्य देवता, बावुआमा, दिदीवहिनी, सन्तति, मामा, भान्जा, भान्जी, इष्टमित्र र सेवकसहितको ठूलो परिवार भएको कुरा पनि जानकारीमा आउँछ । यहाँ ती सबैको सङ्क्षिप्त उल्लेख गर्नु प्रासङ्गिक देखिन्छ ।

१.५.१ मस्टाका आराध्य देवीदेवता

मस्टाले भगवान् शङ्कर, देवी पार्वती, गणेश र भगवती दुर्गालाई आफ्ना आराध्य देवदेवी मान्दछ र तिनका प्रति सधैं श्रद्धावनत हुन्छ । जाँतमा परम्परागत वाजाका साथ नाच्दा र आफ्नो प्रतीकस्वरूपको गाँज वा देउरो अर्थात् लिङ्गो नचाउँदा प्रस्तुत देवीदेवताका थानप्रति सर्वप्रथम झुकेर, गाँज झुकाएर प्रणाम गर्दछ । **पर्शुका पायाँ पडी, बैनाका पैतला चाटी पुरोपौलो अञ्ज्या म छ्वाइँछु जा** अर्थात् भगवान् शङ्करलाई दण्डवत् गरेर भगवती दुर्गाका पाउमा चुम्बन गरेर वा ती दुवै शक्तिको आराधना गरेर भए पनि तिम्रो काम सफल गर्ने म छँदैछु, चिन्ता नगर, ढुक्क भएर घर फर्की आफ्नो कर्तव्यपथमा लाग भन्ने कामेपछिको मस्टा देवताको धामीले प्रश्नकर्ताका जिज्ञासाका जवाफ दिने क्रममा व्यक्त गर्ने अभिव्यक्तिले पनि यो कुरा प्रमाणित गर्दछ । स्वयम् देवताका रूपमा पुजिए पनि आफूलाई सर्वशक्तिमान् नठानेर अझ उपल्लो दर्जाको शक्ति पनि रहेको र त्यसको उपासनाबाट मात्र पूर्णरूपमा कार्यसिद्ध हुने कुरा यसले वताउँछ । कैलास क्षेत्रभित्रको ठाउँ भएको र भगवान् शङ्करको प्रभाव प्रचुरमात्रामा परेको क्षेत्र डोटी प्रदेश हो भन्ने कुरासमेत यस परम्पराबाट अवगत हुन्छ ।

१.५.२ मस्टाका बाबुआमा

यिनका वावुका विषयमा एकमत पाइँदैन । भगवान् शङ्करको वीर्यपतन हुँदा आगोको रूपमा सो वीर्य प्रज्ज्वलित भएपछि जाडो याममा चिसोले कठ्याङ्ग्रिएका स्थितिमा ताप्न आएका दुई जना अप्सराले गर्भधारण गरेपछि एउटीवाट मस्टा र अर्कोबाट दुर्गा भवानीको जन्म भएकाले यिनका वावु शङ्कर भगवान् हुन् भन्ने एकथरी छन् । अर्काथरीका भनाइअनुसार पाण्डव वंशका यिनी अर्जुनजस्तै कुन्ती र इन्द्रका सन्तान हुन् । तेस्रो कथनबमोजिम दुर्गा भवानीमाथि राक्षसहरूले जाइलागेकाले आफ्ना गणहरूलाई भगवान् शङ्करले सहयोगार्थ पृथ्वीमा पठाएपछि जनसमूहवाट लोककल्याणका लागि तीमध्येका केहीलाई सधैंका निम्ति पृथ्वीमै नियुक्त गर्ने अनुरोध भएकाले मस्टा कैलासवाट मर्त्यलोकमा झरेका हुन् । यी भगवान् शङ्करका गण र तिनको पत्नीका कोखवाट जन्मेका हुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

१.५.३ मस्टाका दिदीबहिनी

एउटी अप्सरावाट मस्टा र अर्कीवाट दुर्गा भवानीको जन्म भई एकसाथ हुर्केवढेका भन्दै यी दुईलाई भाइबहिनी मान्ने परम्परा यस क्षेत्रमा विद्यमान छ। मस्टाको अवतार मानिने धामी कामेपछि दुर्गाभवानीप्रति आफ्नो अगाध आस्था प्रकट गर्दछ र दुर्गा भवानीको पूजाअर्चनापछि मात्र आफूलाई पुज्न सल्लाह दिन्छ। सनातन परम्परामा निर्विघ्न कार्यसम्पन्नताका लागि सर्वप्रथम गणेशपूजा गरिएझैँ मस्टा सम्प्रदायमा दुर्गा भवानीको आराधना एवम् अर्चनापछि मात्र मस्टा पुज्ने चलन छ। साथै विशेष शक्ति तथा सामर्थ्यको आवश्यकता परे सहयोगका लागि भगवती दुर्गासित अनुरोध गर्ने र भुलचुकवश कुनै गल्ती हुन गए निजसित क्षमायाचना गर्ने काम प्रत्येक मस्टाले गर्दछन्। अझ जहाँजहाँ मस्टाका थान हुन्छन् त्यहाँत्यहाँ कुनै नकुनै रूपमा कहीं नकहीं भगवतीको थान रहेकै हुन्छ। मस्टालाई शिव र भगवतीको गण वा सेवक पनि मानिछ, तर प्रायः देवीशक्तिले विशेष स्नेह गर्ने भ्रातृशक्ति मस्टा हो भन्ने विश्वास बढी दह्रो देखिन्छ।

दुर्गा भवानी मस्टाकी बहिनी नभएर दिदी हुन्। सामान्यतया डोटेली भाषिकामा बहिँणी शब्दले दिदी बहिनी दुवैलाई बुझाउने हुनाले दुर्गालाई मस्टाकी बहिनी नै भन्ने गरिन्छ। यस भनाइले दिदीको अर्थ प्रकट गरेको हो बहिनीको होइन, किनभने मस्टाले भगवती दुर्गाप्रति जे जस्तो भक्तिभाव देखाउँछ त्यसले बहिनीभन्दा पनि दिदीप्रति गरिने व्यवहार प्रकट गर्दछ।

मस्टाका दिदीहरू नौजना छन् भनिन्छ। ती हुन्- मालिका, कनकसुन्दरी, त्रिपुरासुन्दरी, जालपा, खेसमालिनी, ठिङ्याल्नी, पुङ्याल्नी, हिमालिनी र विन्ध्यवासिनी। अझ यी नामहरूमा फेरबदल गरेर कालिका, मालिका, भवानी, जालपा, सुनन्दा अलकनन्दा, कनकसुन्दरी, त्रिपुरासुन्दरी र उग्रताराको गणना पनि गरिन्छ। यिनमा पनि मालिकाका र त्रिपुरासुन्दरीका छुट्टै सातसात र नौनौ दिदीवहिनी भएका र तिनलाई पनि मस्टाले दिदीका रूपमा मानेको कुरा व्यक्त गरिन्छ। मालिकाका दिदीबहिनी हुन् - दरवार मालिका, मालिका, चिमारा मालिका, बडी मालिका, चुली मालिका, पुङ्गमा मालिका, भुरचुला मालिका र बासी मालिका। दरवार मालिका भन्नु र कोट मालिका भन्नु शब्दप्रयोगको मात्र भिन्नता हो, यी दुवै एउटै हुन् र वासी मालिकाको नाम पनि अतिरिक्तरूपमा जोडिएको हो भन्दै मालिकाका दिदीवहिनी कोटमालिका र वासी मालिकावाहेकका माथि भनिएका अन्य नामका देवीशक्ति नै हुन् भन्नेहरू पनि निकै छन्। यसैगरी त्रिपुरासुन्दरीका दिदीवहिनी पनि कसैले नौ र कसैले सातजना छन् भन्दछन्। ती हुन् - काफलासैनी, पोटलासैनी, वोदलासैनी, निङालासैनी, डिलासैनी, निलासैनी,

Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

रणासैनी, जिलासैनी र बिजुलासैनी । त्रिपुरासुन्दरी भन्नु र निङालासैनी भन्नु एउटै हो र उपर्युक्त नौवटा नाममा जिलासैनी र बिजुलासैनी अलग्गै देवीशक्ति हुन् भने त्रिपुरासुन्दरी वा निङालासैनीका वास्तविक दिदीबहिनी चाहिँ काफलासैनी, पोटलासैनी, वोदलासैनी, डिलासैनी, निलासैनी र रणासैनीसहित जम्मा सात जनामात्र हुन् पनि भनिन्छ । यी सबैको उत्पत्तिका छुट्टाछुट्टै कथाहरू प्रचलित पाइन्छन् । मस्टाले प्रस्तुत सम्पूर्ण देवीशक्तिलाई दिदी मान्दछ ।

१.५.४ मस्टाका दाजुभाइ

मस्टा देवता भगवान् शङ्करका आज्ञाले लोककल्याणार्थ कैलासवाट पृथ्वीतलमा झरेको र त्यस यात्रामा यसले पहिलो विश्रामस्थल खप्तडलाई वनाएको कुरा धेरैले स्वीकार गर्दछन् । खप्तडबाट यसका उपासकहरूको वंशवृद्धि हुँदै जाँदा जुनजुन ठाउँमा वस्ती विस्तार भयो तीती ठाउँमा मस्टाका थान राखिँदै गए । मस्टाको पूजा हिजोसम्म एक ठाउँमा मात्र हुन्थ्यो भने आज आएर अनेक ठाउँमा हुनथाल्यो र सम्पर्कमा आएका अन्य थडीवडी अर्थात् थरवरहरूले पनि यसवाट प्रभावित भएर पनि यसलाई कुलदेवता मान्नाका साथै विशेष महत्त्व दिएर पुज्न थाले । जतिजति ठाउँमा थानहरू वढ्दै गए त्यति स्थानीय कर्मकाण्डका विवरण जोडिए, छोडिए । कहीँ रक्तवलि दिने र कहीँ पायस भोग वा कोरो पूजा गर्ने चलन चल्यो । यसरी थानवृद्धि र पूजापद्धतिमा बिस्तार आउँदा ठाउँठाउँका मस्टालाई स्वतन्त्र देवता मानेर भाइभाइको मान्यता दिइयो र एकबाट चार, चारवाट बाह्र तथा वाह्रबाट पनि अनेक भाइ मस्टाको विवरण तयार पारियो । वास्तवमा ती सबै नाम एउटै मस्टाका स्थानभेदमात्र हुन् भन्ने कुरा ठाउँको नामका आधारमा मस्टाका नामको गणना गरेवाट स्पष्ट हुन्छ ।

उपासकहरूको जातीय परम्पराका कारण मस्टाको पूजाविधिमा भिन्नता आएको हो । शाकाहारी जातिले मस्टालाई कुलदेवता मानेको छ भने कोरा अक्षता, पाती, दूध, दही, घ्यू चढाएर पूजा गर्नु स्वाभाविकै हो । सोक्रम उसका पछिल्ला सन्ततिहरूमा सर्दै गई मस्टालाई शाकाहारी वा सात्त्विक भोग ग्रहण गर्ने देवताका रूपमा स्थापित गरायो । मांसाहारी जातिले कुलदेवता मान्दा रक्तवलि चढाएर पूजा गर्ने परिपाटी बसाल्दा चलन परम्परा बन्दै गएपछि बोकाको बलि स्वीकार गर्ने देवताका रूपमा यसको पूजा प्रक्रिया स्थापित भयो ।

दाजुभाइको सङ्ख्या बिस्तार तथा पूजाविधिमा विविधता यसरी आएको भए पनि ठाउँठाउँमा मस्टाका भाइका नाममा जे जति देवताको पूजाआजा जे जसरी गरिन्छ त्यसको विवरणबमोजिम दूधे, लडे, दाडे र

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

खापडे गरी प्रथमतः यसलाई चार भागमा बाँड्न सकिन्छ । यी चार भेदलाई नै यसका चार भाइ मानेर डोटी जिल्लाका विभिन्न भागमा कुलदेवताका रूपमा मस्टापूजा गरिएको पाइन्छ । यिनमा दूधे मस्टा र लडे मस्टा पायसभोगी वा सात्त्विक भोग ग्रहण गर्दछन् भने दाडे मस्टा र खापडे मस्टा चाहिं रक्तवलि ग्रहण गर्दछन् । कहींकहीं लडे मस्टा पनि रक्तवलि भोग गर्दछ । दूध, दही, घ्यूजस्ता सात्त्विक भोग लिने भएकोले दूधे मस्टा भनिएको र लट्टिएका कपालको लामो टुपी राख्ने हुँदा लडे मस्टा भनिएको हो । यसैगरी दाँतले टोकेर बोका काट्ने र त्यसरी बोका काट्नुभन्दा पहिले मस्टाको धामी कामेपछि लामा दाँत प्रकट हुने भएकाले दाडे मस्टा भनिएको हो भने मस्टा देवता अवतरित भइसकेपछि खापडेको धामीले आँ गरेर असामान्य आकारमा मुख खोल्ने हुँदा खापडे मस्टा भनिएको हो । खप्तडको खापड दहलाई वासस्थान बनाएकाले पनि खापडे नाम परेको हो भनिन्छ ।

यी प्रमुख चार भेदका अतिरिक्त बाह्र भेदको वर्गीकरण गरी बाह्र भाइ मस्टाको गणना गरिएको पनि पाइन्छ । ती बाह्र भाइ मस्टालाई बझाङमा बराह मस्टा भन्दै भगवान् विष्णुको वराह अवतारको स्वरूप मान्ने पनि चलन छ । सामान्यतः मस्टाका पुजारी क्षत्रिय हुने र वराह मस्टाका पुजारी चाहिं बाहुन हुने भएकाले बाहुन वा बामन शब्दको अपभ्रंशबाट बराह बनेको र सोही नामबाट बराह मस्टा भनिएको हो भन्ने मत पनि प्रचालित छ । मस्टाको बाह्रौं थानलाई बराह मस्टा भनिएको कुरा चाहिँ यथार्थ हो । वराह मस्टालाई बार मस्टाका नामले पनि पुकारिने हुँदा यो थप प्रामाणिक हुन्छ । यी बाह्र भाइ मस्टामा जेठो, माहिलो, साहिँलो, ठाहिँलो, राहिँलो, काहिँलो, अन्तरे, मन्तरे, जन्तरे, लन्तरे, लखन्तरे र कान्छोको क्रम पनि रहेको छ । त्यसो भएर पनि कहीं कुनैलाई त कहीं कुनैलाई जेठो कान्छो मानिएको देखिन्छ । अझ प्रत्येक क्रममा एकभन्दा वढी नाम राख्ने पनि चलन छ । जस्तै-

क. जेठो - कैलास, बुडो, रुद्र, ढणार, दूधे र दूधेसिल्टो

ख. माहिलो - बान्नी, वाविन्या, रमाल रुमली लडे, थार्प्या, कवु, लाकुडी र लडीचाल ।

ग. साहिंलो - उखड्या, सिम, तुसापानी, धुरापानी, सुकिलो हाँस, दाडे र बाँ ।

घ. ठाहिंलो - कालोसिल्टो, कालशिला, कालो, खापडे र मुण्डा ।

ङ. राहिंलो - छेत्रपाल, गुरो, सुन्दरगाउँले, कलि र लाड्खुरे ।

च. काहिंलो - गुणे, धौलपुरे, खुन्दाल, सिम र उडीशीतल ।

छ. अन्तरे - माङले, पुवाले, उखाडी र लाकुड्या ।

ज. मन्तरे - लिउडी, कमल र डोगी ।

...Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

झ. जन्तरे - विजय, विनायक र वनपाला ।
ञ. लन्तरे - मण्डली, कैली, साइन, कुमाल र क्युँडालो ।
ट. लखन्तरे - बाँसकोट्या, डाङ्डी, पुवाले र कुर्मी ।
ठ. कान्छो - बाँठेपाल, बराह, बार र सुनारगाउँले ।

यी सबै नाउँहरूलाई चार भागमा विभक्त गरेर मस्टाले ग्रहण गर्ने भोगका आधारमा वर्गीकरण गरिएको पनि कतैकतै पाइन्छ । जस्तै-

क. जेठो - कैलास, रुद्र, दूधे/दूधेसिल्टो, रमाल/रमलो, सुकिलो हाँस, छेत्रपाल, गुरो, धौलपुरे, उडीशीतल, कमल र विजय ।
ख. माहिलो - लडे, लडीचाल, बाँस्कोट्या र तलकोटे ।
ग. साहिंलो - सिम, तुसापानी, धुरापानी, दाडे, कलि, कैली, कालशिला, कालो, कालोसिल्टो, सुन्दरगाउँले माङले, विनायक, बनपाला, बराह र सुनारगाउँले ।
घ. कान्छो - खापडे, मुण्डा, बाँ, लाङ्खुरे, खुन्दाल, पुवाले, लिउडी, मण्डली, साइन, कुमाल, क्यँडालो, कुर्मी र बाँठेपाल ।

यो विवरण हेर्दा कुरा स्पष्ट हुनको सट्टा झनै अल्झेको जस्तो देखिन्छ । जम्मा साठीवटा नामको यस क्रमलाई एकपछि अर्को गरी स्थानविशेषमा स्थापना गरिएका एउटै मस्टा देवताका अनेक थानका रूपमा बुझ्नुपर्ने हुन्छ । यस विवरणले कहाँबाट स्थापित हुँदै यो देवता कहाँसम्म पुग्यो भन्ने कुरा स्पष्ट गराएको छ । मस्टाको जेठो कान्छो क्रमभन्दा पनि मस्टाका थानको जेठो कान्छो इतिहास यसबाट बुझ्नु सकिन्छ । यी विभिन्न थानलाई नै दाइभाइमा विभाजन गरेर हेर्दै मस्टापरिवार शाखाविस्तारमा यथेष्टमात्रामा फैलिएको विश्वास जनसामान्यले गर्दछ । यहाँ प्रस्तुत गरिएका भन्दा थप नाम र स्थानीय कथ्य भेदका आधारमा बनेका एउटैका अनेक नाम पनि देखिन्छन् । अझ यिनै नामावलीमा थपघट गरी कहीँ छपन्न भाइ मस्टा भएका कुरा पनि अघि सारिन्छ । जेठोकान्छोको क्रममा एकएक नाम नपरेर अनेकअनेक नाम आउनु भाइभाइको नभएर थान स्थापनाको जेठोकान्छोपन निर्धारण गर्नु हो भन्ने बुझिन्छ ।

१.५.५ मस्टाकी पत्नी

मस्टाकी पत्नी छैनन् । यसलाई बालब्रह्मचारी देवता मानिन्छ । यो व्यक्तिगत सुखभोगभन्दा लोककल्याणलाई महत्त्व दिने र हरपल जनहितका कार्यमा संलग्न रहने देवता हो भनिन्छ । भक्तजनको उन्नति, सुरक्षा र समृद्धिमा सहयोगी बन्ने क्रममा यसले उपासकलाई आफ्नो सर्वस्व ठानी विवाहबन्धन अस्वीकार गरेको कुरा सुन्नमा आउँछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

१.५.६ मस्टाका सन्तति

ब्रह्मचारी भएकाले यसका सन्तान हुने कुरै भएन, तर पनि लाँखुरे देवता यसको भतिजो मानिन्छ । दाजुभाइ कसैले पनि विवाह नगरेको र ब्रह्मचर्यत्व पालन गरेको परिप्रेक्ष्यमा भतिजाको उल्लेख हुनु अनौठो प्रसङ्ग देखिन्छ । दाइभाइमध्ये कुनै एकले विवाह गरेको भए पनि विवाह गर्ने त्यो भाइ कुन हो, कससित विवाह गर्‍यो र कहाँ सन्तानप्राप्ति गर्‍यो भन्ने प्रश्नको चाहिं जवाफ प्राप्त हुँदैन । त्यसैले लाँखुरेलाई यसको भतिजा मान्नु शङ्कास्पद देखिन्छ ।

१.५.७ मस्टाका मामा

मस्टाको जाँतमा महादेव, विष्णु र तेडीका धामीलाई मामालाई दिइने सम्मान दिएर विशेष उपचारका साथ स्वागत गरिन्छ । कहींकहीं तेडीलाई पनि मस्टाकै भाइ मान्ने चलन छ । डोटी जिल्लाको गिरिचौकामा तेडीलाई मस्टाका मामा भनिन्छ भने गडसेरामा तेडीकै भाइ भनिन्छ ।

१.५.८ मस्टाका भान्जा

मस्टाकी दिदी वा बहिनी भए पनि अविवाहित भएर आआफ्ना थानमा बसेका कुराको वर्णन पाइन्छ । कुन चाहिं दिदी वा वहिनीले विवाह गरी गृहस्थी जीवन बिताएको हो, कोसित विवाह गरेको हो र के कति सन्तान प्राप्त गरेको को हो भन्नेबारे कहीं कतै केही उल्लेख पाइँदैन तर क्षेत्रपाल तथा भैरवलाई यिनका भान्जा मानेर पूजा गर्ने र भान्जा भनिने तिनलाई सेतो बोका वलि दिने चलन पनि विवेच्य क्षेत्रमा प्रचलित छ । मस्टालाई नै क्षेत्रपाल भन्ने र भैरवलाई मस्टाकै भाइ मान्ने गरेको पनि कुनैकुनै ठाउँमा पाइन्छ । कहीं भैरवलाई मस्टाका गणका रूपमा पनि लिइन्छ ।

१.५.९ मस्टाकी भान्जी

वसन्तमाला नामक स्थानीय देवीलाई मस्टाकी भान्जी भनिन्छ । यिनी मस्टाकी कुन चाहिं विवाहिता दिदी वा वहिनीवाट जन्मेकी हुन् र यिनका पिता को हुन् भन्ने कुरा स्पष्ट छैन । रक्तवलि ग्रहण नगर्ने र कोरो पूजा वा सात्त्विक भोग लिने यिनी कुनैकुनै मस्टाको पूजाका साथमात्र पुजिन्छिन् । यिनको शक्ति भगवती दुर्गाको जस्तै रहेको कुरामा विश्वास गरिन्छ ।

१.५.१० मस्टाका इष्टमित्र

इष्टमित्र तथा नातागोता ज्यादै व्यापक भएको स्थानीय देवता यो हो । नजिक र टाढाको साइनो लाग्ने यसका सम्वन्धी देवीदेवताहरू अनेक छन् भनिन्छ । विशेषगरी ऐक्वार, डाणावाग, झलल्या, वन्यडी, लाटो, कलङ्गी, निमौने, नान्ने, असङ्खी, वेताल र सिद्धजस्ता स्थानीय अन्य देवताहरूसित

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

यसको नजिकको नाता लाग्दछ भन्ने जनश्रुति छ । साँगुरोअप्ठेरो पर्दा मस्टाले यिनलाई सहयोग गर्न र यीबाट मद्दत लिई लोकहितका कार्य गर्दछ भनिन्छ ।

१.५.११ मस्टाका सेवक

स्थानीय नदीनाला, बाटोघाटो, भिरभन्ज्याङ, खोलाखोल्सा, खेतगरा, वनजङ्गल र भिरपाखामा बस्ने सहायक देवीदेवतालाई मस्टाका सेवक मानिन्छ । यी देवीदेवताहरू मस्टाभन्दा अधिक कठोर र बढी शक्तिशाली मानिन्छन् । ससाना गल्तीमा ज्यानसम्म लिने, लागोबिल्जो गरेर दुःख दिने, क्षमा माग्दा पनि सजाय दिने, खुसामद गर्दा पनि नमान्ने र खुसी पार्न गाह्रो हुने स्थानीय दैवीशक्तिका रूपमा चर्चित रहेका कुरा स्थानीय वासिन्दा सुनाउँछन् । यिनलाई **मस्टाका बान** अर्थात् मस्टाका गण वा मस्टासित परिवारिक सम्वन्ध भएका गणदेवता भनिन्छ ।

१.६ मस्टाको वाहन

भगवती दुर्गाको प्रमुख सेनापति वा मुख्य सहायक यस देवताको वाहन मूलतः बाघ नै हो । यसलाई कुलदेवता मान्नेहरूले सपनामा बाघ देखेमा यसको दर्शन पाएको विश्वास गर्दछन् र गाउँबस्तीमा बाघ देखियो वा त्यसको आतङ्क फैलियो भने यो देवता रिसायो भन्दै चलनचल्तीका उपचारको अवलम्वन गर्दछन् । यसका साथै गण वा सेवक मानिने स्थानीय खासखास सहायक देवता पनि यसका विविध थानका स्वामी वा दाजुभाइहरूका वाहन मानिन्छन् । तोकिएको धामीमा यो देवता अवतरित भएपछि परम्परागत बाजाको धूनमा नाच्नु पर्दा गण मानिएका स्थानीय सहायक देवताका धामीको काँधमा चढेर झुलनामा झुलेझैं गरी नाच्दछ ।

गट्ट्या अर्थात् रैथाने वा माटोको धनी मानिने देवता भएकोले यसको रवाफ जाँतका सिङ्गो परिवेशका साथै विशेष गरी नृत्यका बखत देखिन्छ । दसौं धामीहरूको काँधमा उचालिएर नाच्दै यसले सो अवसरमा आफ्नो प्रभुत्व प्रदर्शन गर्दछ । यसरी हेर्दा स्थानीय सहायक देवताहरू यसका वाहन देखिन्छन् ।

यसो हुँदाहुँदै पनि कतिपय ठाउँका मस्टाका निश्चित स्थानीय सहायक देवता वाहनका रूपमा तोकिएका देखिन्छन् । उदाहरणका लागि केही मस्टा र तिनका बाहनका चलनका विवरण प्रस्तुत गर्न सकिन्छ ।

क. बुडा मस्टाको वाहन फुटाशिला र चाडीढुस्क्या ।
ख. ढणार मस्टाको वाहन छामचुल्ठ्या, घाइढुङ्ग्या र भात्खोल्या ।
ग. वाविरा मस्टाको वाहन हाँडीखोल्या ।
घ. वान्नी मस्टाको वाहन रुन्कांड्या र जिवर्खि ।
ङ. बाँसकोटे मस्टाको वाहन थैलीखोल्या र नीलदह्या ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

च. कावा मस्टाको वाहन सिमैल्या र दर्भिगाड्या ।
छ. थार्पा मस्टाको वाहन गुमादेउ र गागोड्या ।
ज. उखाडी मस्टाको वाहन सिम्या ।

कहीँकहीँ घोडालाई पनि यसले वाहन वनाएको देखिन्छ । खप्तडको खापड दहमा गङ्गादशहराका मेलामा खापडे मस्टा घोडा चढेर जमिनमा हिंडेझैं गरी वार र पार गर्दछ । एकभन्दा अधिक स्थानीय सहायक देवतालाई वाहनका रूपमा निर्धारण गर्ने र देवीशक्तिलाई वाहन नवनाउने, वरु त्यसप्रति सदा श्रद्धावनत हुने देवता यो देखिन्छ ।

१.७ मस्टासम्बन्धी किंवदन्ती

जो जति ठूलो, व्यापक र प्रभावकारी हुन्छ उसका कथा उत्ति नै ज्यादा हुन्छन् । भूमिको स्वामी, स्थानदेवता वा रैथाने शक्ति भएको र असङ्ख्य उपासकहरूद्वारा पुजिने भएकोले मस्टासम्वन्धी किस्सा कहानी पनि धेरै छन् । लगभग सिङ्गो नेपाल अधिराज्य तथा भारतं एवम् तिव्वतका केही भूभागमा प्रभुत्व भएको यस देवताका ठाउँठाउँका कथाहरू वटुल्ने हो भने आफैंमा महाकथा वन्न सक्तछ । यहाँ व्यापकतामा नगएर डोटी जिल्लाका केही गाउँवस्तीमा प्रचलित यससम्वन्धी केही किंवदन्तीहरूमा सीमित भइएको छ । तिनमा पनि नमुनाका निम्ति मुख्यमुख्य सङ्कथनमात्र टिप्ने काम गरिएको छ । अझ यसको शक्ति एवम् सामर्थ्यका कथा र अलगअलग मस्टाका फरकफरक कथा छुट्टै शीर्षकमा दिइने भएकाले निश्चित केही जनश्रुतिलाई मात्र यहाँनेर ठाउँ दिइएको छ । यसका निम्ति कथाभेद वमोजिम दुर्गाभवानीको सेवा, दुष्टदलन, निर्माण र विध्वंस, सहयात्रा, अनुशासनमोह, सामान्य दिनचर्या र संरक्षणको छत्रछाया शीर्षक दिई प्राप्त कथाहरूलाई व्यवस्थित तुल्याएर प्रस्तुत गरिएको छ ।

१.७.१ दुर्गा भवानीको सेवा

धेरै पहिलेको कुरा हो । देवासुर सङ्ग्राममा देवी भगवतीको असाधारण शक्तिका सामु राक्षसहरू समाप्तप्रायः भएका र वचेकाहरूले जीवनरक्षाका निमित्त घुंडा टेक्न वाध्य वनेका थिए । देवताका अगाडि राक्षसहरूले आत्मसमर्पण गरेपछि त्यो युद्ध समाप्त भएको थियो । युद्ध र कलहको वातावरण शान्त भइसकेपछि राक्षसहरूका मनभित्रको देवताप्रतिको जलन व्युँतेर आउन थाल्यो । उनीहरू पुनः सङ्गठित भई जनजनलाई त्रस्त पार्न थाले । देवताहरूले सुरुसुरुमा उनीहरूको उपद्रवलाई महत्त्व नदिएकाले एकपछि अर्को गरी विभिन्न घटनामा उनीहरूले सफलता पाएको गौरव अनुभव गर्न थाले । उनीहरूको मनोवल वढ्न थाल्यो । हुँदाहुँदा एक दिन समूहमा आएका राक्षसहरूले अपर्झट हमला गरी माता दुर्गा भवानीलाई

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

आफ्नो नियन्त्रणमा लिएर तिनको सतीत्वहरण गर्न खोजे । त्यो कुरा देवगणले थाहा पाई भगवान् शङ्करका शक्तिशाली गण मस्टाको नेतृत्वमा एक दल योद्धाहरू दुर्गा माताको रक्षाका निम्ति पठाए । मस्टाले वडो साहसका साथ युद्धको मोर्चा सम्हाल्यो । स्वयम् अग्रसर भएर यसले राक्षसहरूसित युद्ध गरी माता दुर्गालाई मुक्त गऱ्यो । दुष्ट राक्षसहरूबाट बचाएको हुनाले दुर्गाले भाइ मानेर मस्टालाई स्नेह दिइन् र आफ्नो सान्निध्यमा राख्ने व्यवस्था मिलाइन् । भगवान् शङ्करको क्षेत्रभित्र रहँदारहँदै पनि पछि गएर यो माता दुर्गा भवानीको सेवामा बढी संलग्न हुन थाल्यो र दिदी मानेर निजप्रति श्रद्धाभक्ति अर्पण गरी शिव र शक्तिको मुख्य सेवकका रूपमा समीक्ष्य क्षेत्रको अधिकारी भएर रहन थाल्यो ।

१.७.२ दुष्टदमन

सज्जनलाई संरक्षण र दुष्टलाई दमन गर्नु यसको विशेषता हो । यस क्षेत्रमा मस्टाले गरेका कार्यहरू अनेकौं छन् भनिन्छ । श्रद्धाभाव नराखी झारा टार्ने हिसाबले दिएको पूजासामग्री यसले ग्रहण गर्दैन । जाँतका अवसरमा उपेक्षापूर्वक दिइएको उपहार वा पूजपोखल यसको धामीले कामेर फालिदिन्छ, स्वीकार गर्दैन । त्यसैगरी गल्ती गरेबापत यसवाट तोकिएको सजाय भोग्न अन्कनाउने व्यक्तिलाई यसले थप सजाय दिन्छ । कहींबाट चोरी गरेर, ठगेर, झुक्याएर, लुटेर वा खोसेर ल्याएको वस्तु प्रायश्चितस्वरूप अथवा दानशीलताको परिचयस्वरूप यसमा चढाइएमा धामीमा अवतरित भई त्यस्ता सामग्रीलाई यसले मिल्काइदिन्छ, अङ्गीकार गर्दैन ।

कसैको कुनै सामान हरायो वा चोरी भयो भने खोज्न वा चोर समात्नमा पनि यसले मद्दत गर्दछ । त्यसरी समातिएको चोरलाई सार्वजनिकरूपमा माफी माग्न लगाउने, गल्ती स्वीकार गर्न वाध्य तुल्याउने र दण्डस्वरूप कुटपिट गर्ने वा डाँट्ने काम गरी भविष्यमा अपराध नगर्ने वाचावन्धन गर्न विवश पार्ने काम पनि यसले गर्दछ । यिनै कारणबाट यसलाई न्याय दिने देवताका रूपमा पनि पुज्ने गरिन्छ ।

१.७.३ निर्माण र विध्वंस

यो निर्माण र विध्वंसको पनि देवता हो । खुसी भएमा यसले धारा, पाटी, चौतारो, फराकिलो वाटो, दुर्गम भिरमा सिंढी र धर्मशाला आफ्ना गणहरूलाई खटाएर रातारात बनाइदिन्छ भनिन्छ । डडेल्धुरा जिल्लाको राइँ गा.वि.स. मा पर्ने लामा खेती गाडवाट कोरगाउँको तल्लो भागको भिरमा ठूलाठूला ढुङ्गा राखी वनाइएको सिंढी यसले नै एकै रातमा आफ्ना अनुचरहरूलाई खटाएर बनाएको हो भन्ने जनश्रुति छ । सोही जिल्लाको अजेयमेरु गा.वि.स. को रोल्ली गाउँको पूर्वमा पर्ने भिर काटेर रातैभरिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सुगम मार्ग निर्माण गर्ने काम पनि यसबाटै भएको हो भनिन्छ । त्यसैगरी डोटी जिल्लाको जिजोडामाडौं गा.वि.स.को उच्चाकोट गाउँमा पर्ने मस्टामाडौंनजिकैको सुन्दर चौतारो पनि यसले एक रातमा बनाउन लगाएको जनभनाइ छ ।

विध्वंसभन्दा निर्माणमा यसले अधिक सक्रियता देखाए पनि यसबाट गरिएका विध्वंसका कामको सङ्ख्या उत्तिकै भएको कुरा स्थानीय निवासी बताउँछन् । यसले आवागमन गर्ने बाटोमा दिसापिसाब गरिएकोमा रिसाएर समथर भूमिलाई अगम्य भिर बनाइदिएको, अनावश्यक दुःख दिएर निहुँ खोज्ने जातिको वंश नै नाश पारेको, आफ्नो उपासकहरूको घरबाट चोरी गरी सामान लैजानेलाई आँखा नदेख्ने बनाएको र ठूलो अपराध गर्ने व्यक्तिको जाँतमा सजाइएको काठको लिङ्गो उडाएर पठाई भवन भत्काउन लगाएकोजस्ता यसका अनेकौं विध्वंसका कथा सुनिन्छन् ।

१.७.४ सहयात्रा

भगवान् विष्णुले देवर्षि नारदलाई **नाऽहं बसामि वैकुण्ठे** अर्थात् म वैकुण्ठको सुविधासम्पन्न रहनसहनको उपेक्षा गर्दछु, म त आफ्ना भक्तहरूमाझ बस्न पाए प्रसन्न हुन्छु भनेझैं मस्टा पनि आफ्ना उपासकहरूका सेवासंरक्षणमा प्रसन्न हुने देवता हो । **छेत्रीको छाइलो मेरो पाइलो** अर्थात् क्षत्रियहरूको छाया जहाँजहाँ पर्दछ, म त्यहींत्यहीं जान्छु भन्ने यस देवताको उक्ति उखानका रूपमा प्रचलित भएबाट पनि यो कुरा प्रमाणित हुन्छ ।

कैलासबाट खप्तड, खप्तडबाट ढणार, ढणारबाट बान्नी, बान्नीबाट बाविरा, बाविराबाट थार्पा, थार्पाबाट कव, कवबाट उखाडी, उखाडीबाट सिल्टा, सिल्टाबाट तुसापानी हुँदै पूर्वपश्चिम, उत्तर, दक्षिण चारैतिर यो देवता आफ्ना भक्तहरूको बस्तीविस्तारसँगै फैलिएको हो भनिन्छ । यसको धामी कामेर उपासकहरूलाई तिमीहरूका प्रत्येक पाइलामा म साथ दिइरहेको हुन्छु र मेरो संरक्षण तिमीहरू हरघडी पाइरहेका हुन्छौ भन्दछ । यसले सङ्कटमा साथ दिएको र आपदविपद्बाट बचाएको कुरामा आबद्ध अनेकौं कथा विवेच्य लोकजीवनमा प्रचलित छन् । एउटा कथा नमुनाका लागि यहाँ प्रस्तुत गर्नु प्रासङ्गिक देखिन्छ ।

नेपालको राणाकालीन शासनका समयको कुरा हो । श्री ३ वीर शमशेरकी एउटी रानी सिकिस्त बिरामी भइन् । एकपछि अर्को गरी ठाउँठाउँका वैद्य र चिकित्सकहरूले उपचार गर्दा पनि केही लागेन । तिनको रोग निको हुने कुनै लक्षण देखिएन । त्यस बेलाका चर्चित वैद्यको खोजी व्यापकरूपमा हुन थाल्यो । सोक्रममा हालको डोटी जिल्लाको जिजोडामाडौं गा.वि.स. को उच्चाकोट गाउँको वैद्य परिवारका तत्कालीन वैद्य वामदेव

Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

पन्तलाई पनि काठमाडौं बोलाइयो । उनी काठमाडौं आए । त्यस बेलाको पर्दा प्रथा र दरवारिया महिलाले अदृश्य भएर वस्नुपर्ने नियमानुसार महारानीको नाडीमा धागो बाँधेर अर्को कोठामा राखिएका वामदेव वैद्यसमक्ष पुऱ्याइयो । धागो छामेर नाडीको चाल बुझी रोग पत्ता लगाउनु कम गाह्रो काम थिएन । वैद्यलाई अप्ठेरो भयो । उनले परीक्षण त गरे तर रोगबारे केही बताउन सकेनन् । अर्को दिन पुन: सोही समयमा आउने वचन दिई उनी डेरातिर फर्के । उनलाई ठूलो चिन्ता पऱ्यो । रोगीको परीक्षण प्रत्यक्षरूपमा गर्न पाए पनि हुन्थ्यो, धागो छामेर रोग ठम्याई उपचार गर्नु साँच्चिकै मुस्किलको काम थियो । तिनी असमञ्जसमा परे । तिनलाई ज्यादै छटपटी भयो । चिन्तैचिन्तामा कोल्टो फेर्दै अनिद्रामा तिनले रात बिताए । चिन्ताको पिरलोमा तिनले ब्राह्ममुहूर्त्तमा ओछ्यान छोडे । बारीको छेउमा रहेको शौचालयमा शौच गरी आँगनको इनारबाट पानी झिकी तिनी नित्यकर्मबाट निवृत्त भए । रातको अँधेरो छँदै थियो । कोठातिर जाँदा सेतो लुगा र सेतै पगरी लगाएको एक जना अपरिचित व्यक्ति तिनले देखे । तिनले त्यस व्यक्तिलाई महत्त्व नदिई आफ्नो कोठामा जान खोजे । त्यस व्यक्तिले तिनलाई रोकी **तैंले सधैं पुज्ने गरेको मस्टा म हुँ, तँलाई ठूलो चिन्ता परेको छ । म राम्ररी बुझ्दछु । चिन्ता नगर् । आजको परीक्षणपछि तँलाई जस्तो रोग हो भन्ने लाग्छ सोको औषधि ख्वाउने सल्लाह दिनू, सबै कुरा ठीक हुन्छ, तेरो पछिपछि म हिंडेको छु, सुर्ता लिनु पर्दैन** भन्यो । तिनले **हे मस्टा देवता, दाहिना भएस्, तँलाई धन्यवाद छ, तैंले मलाई यति ठूलो सङ्कटबाट बचाइस्** भन्दै मस्टाप्रति कृतज्ञता प्रकट गरे । सेतो लुगा लगाएको व्यक्ति त्यहींनेर कता हरायो, थाहा भएन । तिनले दरवार गई परीक्षण गरे । रोगीको अवस्थानुसार रोग निर्धारण गरी तिनले निश्चित औषधि खाने र परहेजमा बस्ने सल्लाह दिए । नभन्दै महारानीको रोग तिनका औषधिको सेवनले केही दिनमै निको भयो । स्यावासी र पुरस्कार पाई तिनी घर फर्के ।

१.७.५ अनुशासनमोह

यसलाई अनुशासनप्रिय देवता पनि भनिन्छ । यो न आफू मनपरी गर्छ, न अरूलाई मनपरी गर्न दिन्छ । आलोच्य क्षेत्रमा सामाजिक शान्ति, एकता, सहयोग र समझदारी यसका क्रियाकलापबाट पनि कायम हुनमा सहयोग पुगेको बुझिन्छ । आफूले मान्नुपर्ने भगवान् शङ्कर र देवी भगवतीलाई यसले हदैसम्म विनम्र भएर सम्मान दिन्छ । साथै आफ्ना सहयोगी स्थानीय देवीदेवताप्रति स्नेह र सद्भाव देखाई पूजाआजाका क्रममा आफूलाई भन्दा तिनीहरूलाई महत्त्व दिन यसले उपासकहरूलाई अभिप्रेरित गर्दछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हृदयदेखिकै भक्तिबाट अभिप्रेरित भई गरिएको पूजा आवाहनलाई यसले मन पराउँछ भन्ने जनधारणा छ।

यसका जाँत वा मेलामा उत्ताउलो तडकभडक देखाउने र अनावश्यक रवाफ जमाई अरूलाई दुःख दिने व्यक्तिलाई रिंगटा लगाएर, अररो बनाई, थला पारेर, वाकवाकी लगाएर यसले सजाय दिन्छ भनिन्छ। अझ होहल्ला गर्ने, वर्ज्य वस्तु भोग गरेर उपस्थित हुने र पूजापाठमा अवरोध ल्याउनखोज्ने व्यक्तिलाई पनि यस्तै सजाय दिएर यसले कावुमा राख्दछ भन्ने जनविश्वास छ। अपराधीलाई उचित दण्ड दिनका लागि प्रयोगमा ल्याइने हतकडी, कोर्रा, नेल, सिक्रीजस्ता वस्तु यसका कतिपय ठाउँका भण्डारमा राखिएका पाइन्छन्। यसबाट पनि यसको अनुशासनमोह प्रकट हुन्छ। यसका जाँतहरूमा शान्तिसुरक्षाका निम्ति राज्यले सेना वा प्रहरी खटाइरहनु पर्दैन, यसले स्वयम् त्यसको व्यवस्था गर्दछ र कदाचित् त्यस्तो ध्येयले सैनिक वा प्रहरी आएमा यसलाई मन पर्दैन, यसले आफ्नो आन्तरिक मामिलामा हस्तक्षेप गरेको अनुभव गर्दछ, त्यसरी आएका सैनिक वा प्रहरीलाई सञ्चो पनि हुँदैन भनिन्छ।

१.७.६ गन्यापसितको झगडा

स्वामी मानिने भगवान् शङ्करका पुत्र गणेशको अवतारका रूपमा चर्चित गन्याप देवतासित खापडे मस्टाले लडाइँ गर्दा भोग्नुपरेको पराजय र पश्चात्तापका कारण अहिले पनि खापडेको धामी कामेपछि रुन्छ र आफूलाई धिक्कार्छ। खापडेले गरेका यस अपराधका कारण मस्टा सम्प्रदायबाट त्यसलाई अलग्याइएको र अन्य मस्टाहरूले पनि गन्यापको समर्थन गरेको कथा यस क्षेत्रमा सुनाइन्छ। यस कथालाई **गन्यापको झोलाउलोमा** वर्ण्य विषय बनाइएको छ। तेस्रो अध्यायको ३.१६ मा सो झोलाउलो गीत सङ्कलित छ। सो कथा यस्तो छ -

महाभारत पर्वत शृङ्खलामा बस्ने गन्याप देवताले शान्त एवम् एकान्त जीवन बिताएको खापडे मस्टालाई सह्य भएन। अझ सबैजसो जनताले गन्यापप्रति दर्शाएको अगाध आस्थाका साथ पूजाभक्ति गरेको पनि खापडेका लागि हुनसम्मको पीडादायी घटना हुनथाल्यो। यस्तै ईर्ष्या, डाह र छटपटीका कारण खापडे गन्यापसित निहुँ खोजीखोजी झगडा गर्न थाल्यो। निजका उच्छृङ्खल गणहरू अनेक किसिमका उत्पात मच्चाई अशान्ति पैदा गर्नथाले। गन्यापका तर्फबाट निकै सम्झाउँदा बुझाउँदा पनि तिनीहरू झनझन उग्र व्यवहार देखाएर आफ्ना अभियानमा सफलता पाएको अनुभव गर्नथाले। एकपछि अर्को गरी तिनले गरेका दुष्कार्य र मच्चाएका आतङ्को सफलताले तिनको मनोबल झनझन बढ्न थाल्यो। तिनीहरू सहनशीलताको

Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding:

हद पार गरी स्वच्छन्दतापूर्वक आपत्तिजनक कार्य गर्न थाले । माडौँ भत्काउने, गन्यापका उपासकहरूको घरमा आगो लगाउने, वस्तुभाउ मार्ने र महामारी सल्काई त्रासको वातावरण उत्पन्न गर्ने कार्यमा तिनीहरू लाग्न थाले । सकेसम्म संयम अपनाउँदा पनि खापडेको बदमासी कम नभएपछि बाध्य भएर गन्यापले गङ्गातटका देवता भूमिराज, पर्वत क्षेत्रका चौहत्ती मल्ल, अविजित लाटो, मसानी, कौछ्या, गौंडीवाग, तेडी, कटारीमल्ल र पञ्चदेवतासहितका स्थानीय गणदेवतालाई बोलाई प्रतिवाद गर्ने आज्ञा दिए । विषमा चोपेका बाण प्रहार गरी गन्यापका पक्षबाट खापडेको दल सखाप पारियो । खापडे भागेर खप्तडमा गई बस्यो । यता गन्यापपरिवारले सुख र शान्तिको सास फेऱ्यो ।

वार्षिक जाँत वा विशेष पूजाआजाको समयमा धामीमा आरूढ भएर भक्तजनद्वारा अर्पित पूजनसामग्री तथा उपहार ग्रहण गर्दा र परम्परागत वाद्य धुनका तालमा नाच्दा खास किसिमको आसनमा बसे पनि, सहायक धामीहरूका काँधमा चढे पनि अन्य अवस्थामा यसले स्थानीय सर्वसाधारण बासिन्दाले झैँ सामान्य दिनचर्या व्यतीत गर्दछ भनिन्छ । कहिले गाईबस्तुको हेरचाहमा गोठालो भएर वनजङ्गल घुम्ने, कहिले घँसिया, कहिले दाउरे, कहिले कृषक र कहिले विकास निर्माणका समाजसेवाको कार्यकर्ता बनेर यो लोककल्याणमा समर्पित रहन्छ भन्ने जनविश्वास छ ।

नित्य स्नान गर्ने र आफ्ना आराध्य देवी भगवती तथा भगवान् शङ्करको उपासना गर्ने कार्य भने यसले कहिल्यै बिर्सँदैन भन्ने पनि जनधारणा छ । ब्राह्ममुहूर्त्तमा यसले स्थानीय जलाशयमा स्नान गर्ने हुनाले त्यस बखत जलाशयमा गएमा यसको स्वतन्त्रतामा बाधा पर्दछ र यसलाई त्यस्तो बाधा मन पर्दैन भन्ने विश्वासका कारण समीक्ष्य प्रदेशका निवासी उज्यालो हुनुभन्दा निकै पहिले जलाशयतिर सकेसम्म जाँदैनन् । यस्तै प्रसङ्गसित सम्बन्धित डोटी जिल्लाको जिजाडामाडौँ गा.वि.स. को उच्चाकोट गाउँमा घटेको एउटा घटना यहाँ प्रस्तुत गर्नु समीचीन देखिन्छ ।

लगभग ६५ वर्ष पहिलेको कुरा हो । मस्टामाडौँबाट सोझै हिँडेर स्नान गर्नका लागि श्वेतवस्त्रधारी मस्टा देवता दिनहुँ जाने गर्दथ्यो । उच्चाकोट गाउँको हालको जलाशयमा जाने बाटो त्यस बखत गाउँको माथिमाथि नै थियो । जलाशयमा साँझबिहान आउन स्थानीय बासिन्दा डराउँथे । मस्टामाडौँबाट उक्त जलाशयमा जाने बाटोका वरपर भुल र लुहार जातिका निवास थिए । विवेच्य क्षेत्रका सबैजसो बस्तीका छेउछाउका बाटा शौचालय बनाइएका पाइने हालको अवस्थामा त्यस बखतको स्थितिको आकलन अनुमानकै भरमा पनि गर्न सकिन्छ । त्यो बाटो यस्तै प्रकृतिको बनाइएकोले मस्टा देवताले सो जलाशयमा स्नान गर्न त छोड्यो तर निजको

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

कार्यमा बाधा पुऱ्याउने भुल र लुहार जातिलाई रोगव्याधि तथा अनेकौं झन्झटले पिरोलेर बसाइ सार्न बाध्य तुल्यायो । हाल तिनीहरू सोही गाउँको अन्य भागमा बसोवास गर्दछन् ।

ठूलो जिम्मेवारी लिने र ठूलै परिवार भएको देवता मानिए पनि ब्रह्मचारी भनिने हुँदा आफ्नोभन्दा आफ्ना उपासकहरूको भलाइमा व्यस्त रहनु पर्दा सुखसुविधालई महत्त्व नदिई यसले समान्य जीवन रोजेको कुरा थाहा हुन्छ । यसको उपासना पनि सजिलो छ । टाढैबाट पूजा गरिदिए, हृदयले सम्झिदिए, संरक्षकका रूपमा स्वीकार गरिदिए यो खुसी हुन्छ भनिन्छ । सामान्य घरव्यवहारमा अभिभावकले आफ्ना आश्रितहरूको पालनपोषणलाई महत्त्व दिएर उपेक्षा गरी रहेवचेको वस्तु प्रयोगमा ल्याएझैं यसले पनि अभिभावकको भूमिका निभाएको र सामान्य जीवन विताउने गरेको कुरा यसका भक्तहरू वताउँछन् ।

१.७.७ संरक्षणको छत्रछाया

जीव र निर्जीव सम्पूर्ण चराचर जगत्को परिपालकका रूपमा यसलाई लिइन्छ । यसलाई जीवनदाता, त्राता र स्थानीय माटो वा प्रकृतिको प्रतीक मानी असामान्य शक्तिसामर्थ्य एवम् अतुल धनसम्पदाको स्वामी भनिन्छ । यसको संरक्षण नपाइएमा जीवन चल्न सक्तैन भन्ने कुरामा विश्वास गर्दै यसबाट पाइने अभिभावकीय छत्रछायाको कामना स्थानीय वासिन्दा गर्दछन् । संरक्षकीय दायित्व निर्वाहकै क्रममा यो धेरै टाढाबाट समीक्ष्य प्रदेशमा आइपुगेको कुरा यसका उपासकहरू सुनाउँछन् र मुगलकालमा विधर्मीहरूको नाश एवम् स्वधर्मको प्रचारप्रसारको अभियान चल्दा भारतका महाराष्ट्र, राजस्थान तथा अन्य प्रान्तहरूवाट बसाइ सरेर यस भूभागमा आएका सनातन धर्मावलम्वीहरूसँग यो देवता पनि संरक्षकीय दायित्व पूरा गर्न यहाँ आएको हो भनिन्छ । विशेषगरी वझाङ्गी सिंहहरूको वस्तीमा यो उक्ति प्रचलित छ तर यसको प्रभाव प्रस्तुत क्षेत्रमा सोभन्दा पहिलेदेखि नै भएको देखिने हुँदा यस भनाइमा तथ्यको मात्रा कम रहेको कुरा थाहा हुन्छ । भारतका विभिन्न प्रान्तवाट मुगलकालमा यस भूमिमा आइवसेकाहरूले प्रस्तुत देवताको प्रभाव र प्रताप स्वीकार गर्दै कुलदेवताका रूपमा मान्न र पुज्न थालेको कुरा चाहिँ सत्य हो । यी हरफ लेख्ने व्यक्तिको परिवारको एउटा शाखाले यस देवतालाई कुलदेवता मान्दछ, जव कि यस वंशको पुरानो परम्परा वेताल देवतालाई कुलदेवता मान्ने रहेको छ । मस्टालाई कुलदेवता मान्ने सो शाखा पुरानो ठाउँ छोडेर नयाँ ठाउँमा वसाइ सरेको र सो नयाँ ठाउँ मस्टाको प्रभाव क्षेत्र भएकोले वेताललाई छोडेर मस्टालाई कुलदेवता मान्न थालेको हो । वझाङ्गी सिंह परिवारले पनि वझाङ्गमा बस्ती बसालेपछि

Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

मस्टालाई पुज्न थालेको हो । मस्टा महाराष्ट्र, राजस्थान वा भारतीय अन्य प्रान्तबाट ल्याइएको होइन ।

यसैगरी यसलाई भारतको कन्नौज क्षेत्रबाट आएको देवता पनि भनिन्छ । त्यो कुरा पनि सत्य होइन, बरु कन्नौजबाट बसाइ सरेर डोटी प्रदेशमा आएकाहरूले यहाँको मट्ट्या वा माटोको धनी प्रभावशाली देवता मस्टालाई मान्न र पुज्न थालेका हुन् । पुराना वा नयाँ जुनसुकै भए पनि आफ्नो क्षेत्रमा आइवसेकाहरूलाई यसले संरक्षण दिने भएकोले परम्परागत कुलदेवतालाई छोडेर पनि अभिभावकीय प्रभावकै कारण तुलनात्मकरूपमा हेर्दा अन्य देवीदेवताका अपेक्षा यसलाई कुलदेवता मान्नेहरूको सङ्ख्या समीक्ष्य क्षेत्रमा ज्यादा देखिन्छ ।

१.८ मस्टाका माडौँ

डोटी प्रदेश माडौँ नै माडौँको क्षेत्र हो । यहाँका अधिकांश गाउँविकास समितिका नाम स्थानीय देवताका माडौँको नामबाट राखिएका छन् । जिजोडामाडौँ, लाटामाडौँ, भूमिराजमाडौँ, काँडामाडौँलगायतका अनेकौँ नाम यहाँका गाउँविकास समितिका छन् । स्थानीय देवीदेवता र तिनका माडौँका वीच गहिरो अन्तर्सम्वन्ध रहेकोले तत्तत् देवताको परिचयका लागि तत्तत् माडौँका विषयमा जान्नु आवश्यक हुन्छ । मस्टा देवतावारे स्पष्ट जानकारी दिन यहाँ त्यसका माडौँसम्वन्धी विभिन्न कुराको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । त्यसका निमित्त माडौँको अर्थ, माडौँको क्षेत्र, माडौँका किसिम, माडौँको वास्तुकला, माडौँभित्र स्थापित मस्टाको स्वरूप, मस्टा माडौँभित्र स्थापित अन्य देवीदेवता, डोटी प्रदेशका मस्टामाडौँ, माडौँको प्रयोग, माडौँको संरक्षण, माडौँ र भण्डार, माडौँ र पातीहल्ला, माडौँमा हाल देखिएका परिवर्तनजस्ता शीर्षकमा प्राप्त सत्यतथ्य व्यवस्थित तवरले राख्ने प्रयास गरिएको छ ।

१.८.१ माडौँको अर्थ

माडौँ भनेको मन्दिर हो । डोटेली कथ्यमा यसलाई **माणौ** भनिन्छ । कहीँकहीँ **माण्यूँ** पनि भनिन्छ । स्थानीय देवीदेवताको जाँत मनाइने, पूजा गरिने र निश्चित तिथिमितिमा परम्परागत विधिपूर्वक अभ्यर्थना गरिने ठाउँलाई **माडौँ** भन्ने गरिन्छ । देवीदेवताका भवनसहितको थान वा भवनरहितको निश्चित थानलाई **माडौँ** अथवा **माण्यूँ** भन्ने चलन छ । सामान्यतया **माडौँ** भन्नाले कुनै पनि देव वा देवी शक्तिको मूर्ति अथवा प्रतीकस्वरूपका घण्ट, आलम, दियो, त्रिशूलजस्ता खास वस्तु राखी निर्धारित चाडवाड वा तिथिमितिमा पूजा गर्ने परिपाटी बसेको देवी वा देवताको थान भन्ने वुझिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृतको **मण्डप** शब्दको अपभ्रंश रूप यो हो । **मण्डपबाट मण्णप, मण्णपबाट मण्णअ, मण्णअबाट माण्डौं, माण्डौंबाट** माडौंको क्रम यसको विकासयात्रा देखिन्छ । **काहाँ गुसाइँज्यूले मण्णप रोज्यो काहाँ बीणी बधाइ** अर्थात् यी देवताले कुन ठाउँलाई आफ्नो माडौंका लागि रोजे, कुन ठाउँमा आफ्नो प्रतीकस्वरूपको वस्तु स्थापित गरे भन्ने डोटेली चैत, धमारी र फागमा पाइने शब्दप्रयोगबाट पनि संस्कृतको **मण्डप** नै माडौंको आधार रूप हो भन्ने कुरा थाहा हुन्छ ।

मोटामोटीरूपमा मन्दिरलाई माडौंको पर्यायवाची शब्द भन्न सकिन्छ तर गहिरिएर विचार गर्ने हो भने देवीदेवताको स्थापनाप्रक्रिया, पूजाविधि, पूजनअवसर र स्थानको प्रयोगपरिपाटीजस्ता अनेकौं दृष्टिले यी दुईमा भिन्नता देखिन्छ । माडौं भनेको मन्दिर र मन्दिर भनेको माडौं हो भन्न पनि सम्पूर्ण दृष्टिले उपयुक्त हुँदैन । त्यसैले माडौंलाई माडौं र मन्दिरलाई मन्दिर नै भन्ने गरिन्छ । यस क्षेत्रमा माडौं पनि छन् र मन्दिर पनि छन् । यहाँ माडौंलाई माडौं र मन्दिरलाई मन्दिर नै भनिन्छ, माडौंलाई मन्दिर र मन्दिरलाई माडौं भनिँदैन र जवर्जस्ती भन्ने नै हो भने पनि माडौं र मन्दिर शब्दले एकअर्काको वास्तविक अर्थ बुझाएको मानिँदैन ।

शताब्दियौंदेखि चलिआएका शिव, शक्ति र तिनका गण मानिने देवीदेवताका थानलाई माडौं र वैदिक पौराणिक देवीदेवता तथा तिनका गणका मूर्तिको स्थापना गरी घोषित गरिएको देवस्थानलाई मन्दिर भनिन्छ । माडौंमा सम्वन्धित देवीदेवताको मूर्ति, प्रस्तरोत्पन्न लिङ्ग वा प्रतीकात्मक कुनै वस्तु हुन पनि सक्तछ, नहुन पनि सक्तछ, परन्तु मन्दिरमा चाहिँ सम्वन्धित देवीदेवताको मूर्ति, प्रतीकात्मक वस्तु वा प्रस्तरपिण्डमध्ये कुनै एकको स्थापना गरिएकै हुन्छ ।

१.८.२ माडौंको क्षेत्र

पहाडका थुम्का, शिर वा देउरालीमा लताकुञ्ज तथा ठूलाठूला रुखैरुख भएको फराकिलो बाँझो जमिनका बीच भागमा निर्मित विशेष निर्माणशैलीको भुइँतले वा एकतले एक्लो भवन डोटी क्षेत्रमा देखियो भने त्यो प्रायः माडौं र त्यसको क्षेत्र नै हुन्छ । यहाँ दिइएको तस्विर हेर्दा पनि यो कुरा थाहा हुन्छ ।

Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

प्रस्तुत तस्विरमा डोटी जिल्लाको जिजोडामाडौँ गा.वि.स र सोही जिल्लाको लाटामाडौँ गा.वि.स.का केही भाग देखिएका छन् । उक्त गा.वि.स.हरूमा रहेका केही माडौँ पनि यस तस्विरमा देखिएका छन् । ती यस प्रकार छन्-

१. ऐजन गा.वि.स को जिजोडा गाउँको वेताल देवताको माडौँ ।
२. डोटी जिल्लाको लाटामाडौँ गा.वि.स बैरकोट गाउँमा पर्ने लाटो देवताको माडौँ ।
३. ऐजन गा.वि.स. को उजेली गाउँमा पर्ने बन्थडी देवताको माडौँ ।
४. ऐजन गा.वि.स को ढुङ्ग गाउँको मस्टा माडौँ ।
५. डोटी जिल्लाको जिजोडामाडौँ गा.वि.स. को सुन्ड गाउँमा पर्ने लाटो देवताको माडौँ ।

यी सबै माडौँ पहाडी थुम्कामाथि स्थापित छन् । उपर्युक्त पाँचवटै थान मस्टा परिवारका देवताका हुन् । यिनमा एउटामात्र नाम मस्टाको आए पनि क्रम सङ्ख्या ४ र ५ का थान मस्टाका मित्रशक्ति मानिने देवताका हुन् र तिनका भण्डार संयुक्तहरूमा एउटै घरमा राखिएको छ । धामी, पुजारी र भण्डारी पनि एउटै व्यक्तिलाई मानिन्छ । जस्तै बन्थडीको भण्डार नै लाटा र मस्टा देवताको भण्डार हो, बन्थडीको भण्डारी नै लाटा र मस्टाको भण्डारी हो, बन्थडीको धामी नै लाटा र मस्टाको धामी हो र बन्थडीको पुजारी नै लाटा र मस्टाको पुजारी हो । यिनका माडौँ चाहिँ भिन्नभिन्न ठाउँमा छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

माडौँको क्षेत्र ज्यादै पवित्र ठाउँ मानिन्छ । त्यसवरपर दिसापिसाब गर्नु हुँदैन, फोहर फाल्नु हुँदैन, त्यसको परिधिमा गाईवस्तु चराउनु हुँदैन र घाँसदाउरा गर्नु हुँदैन कतिपय ठाउँमा जुत्ताचप्पल लगाएर तथा मांसाहार गरेर जानु हुँदैन । जुठो, सुत्केरो, मासिक धर्मको छुवाछूतबाट पनि यस ठाउँलाई बचाउनु पर्दछ । यसको परिधिभित्र घण्ट, त्रिशूल, दियो, पानस, विभिन्न भाँडाकुँडा, हातहतियार व्यवस्थित वा अलपत्र अवस्थामा यथेष्टमात्रामा पाइन्छन्, तर त्यस्ता वस्तु लैजानु हुँदैन, लगेमा सम्वन्धित देवताले अनेक झन्झटमा पार्न सक्तछ भनिन्छ । स्थानीय वासिन्दाहरू यस ठाउँलाई ज्यादै सतर्कतापूर्वक संरक्षण गर्नुपर्ने क्षेत्रका रूपमा लिन्छन् र कुनै पनि किसिमको हानिनोक्सानी पुग्ने काम गर्दैनन् ।

अग्लो ठाउँका शिरमा रहेको फराकिलो बाँझो भूमि, रुखहरूले परिवेष्टित, बीच भागमा माडौँ, शान्त, सुन्दर र एकान्त स्थल, हजारौँव्यक्तिको जमघट हुनसक्ने फाँट र छेउछाएका बाटोमा माडौँको दिशातिर पर्ने गरी स्थापना गरिएका फूलपाती चढाइने प्रस्तरले युक्त जति पनि स्थानहरू यस प्रदेशमा देखिन्छन् ती सबै माडौँका क्षेत्र हुन् । नदी किनारातिर पनि यस्ता क्षेत्रहरू फाटफुट रूपमा पाइन्छन् ।

१.८.३ माडौँका किसिम

मस्टाका माडौँहरू प्राय: पवतका डाँडा, चुचुराहरूमा पर्दछन् । तिनलाई **वनमाडूँ** अर्थात् वन क्षेत्रमा स्थापित माडौँ भनिन्छ । यसका साथै गाउँवस्तीका बीचमा कुनै निश्चित घरका निश्चित ठाउँमा पनि दियो, कलश, अर्घ, घण्ट, त्रिशूल, पानस वा कुनै पात्रविशेषलाई मस्टाको प्रतीकका रूपमा स्थापित गरिएको हुन्छ । त्यस्तो थानलाई **घरमाड्यूँ** अर्थात् गाउँघरको माडौँ भनिन्छ । अझ यस्तै स्थापना प्रत्येक उपासकको घरका पूजाकोठा, गाउँको निश्चित कुनै स्थान, टोल, खेत, गरा वा गाउँनजिकको चौतारीमा पनि पाइन्छ । ती सबै घरथान अन्तर्गत पर्दछन् । घरभित्रको पूजाकोठामा स्थापित मस्टाको पूजा जुठो सुत्केरोलगायतका अन्य वर्ज्य समयमा बाहेक दिनहुँ हुन्छ । गाउँको निश्चित ठाउँ, टोल, खेत, गरा र चौतारीमा स्थापित मस्टाको पूजा विशेष चाडवाडमा हुन्छ र वनमाडौँका मस्टाको पूजा वार्षिक, षाणमासिक, त्रैमासिक निर्दिष्ट तिथिमितिमा गरिन्छ । वनमाडौँको पूजा बडो धूमधामका साथ हुन्छ भने घरमाडौँको पूजामा तुलनात्मकरूपमा सजधज कम हुन्छ । वनमाडौँका मस्टा फरक र घरमाडौँका मस्टा फरक नभएर दुवै प्रकारका माडौँ एउटै मस्टाका हुन्छन् । यी दुई थरीमा गाउँवस्ती वाहिरको माडौँलाई **वनथान** र गाउँभित्रका थानलाई **घरथान** भनिन्छ ।

Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

१.८.४ माडौँको वास्तुकला

माडौँको भवन के कस्तो ठाउँमा बनाइएको हुन्छ भन्नेबारे विभिन्न प्रसङ्गमा यसमा उल्लेख भइसकेको छ । यो भवन कस्तो हुन्छ भन्ने कुराको सामान्य जानकारी डोटी जिल्ला, जिजोडामाडौं गा.वि.स. उच्चाकोट गाउँको मस्टामाडौँको निम्नाङ्कित तस्बिरले पनि दिएको छ-



पर्याप्त फराकिलो ठाउँका बीच भागमा ढुङ्गाले बनाएको र ढुङ्गाले नै छाएको दुई पाखा भएको खुला द्वारयुक्त भवन नै मस्टाका माडौँको वास्तविक वास्तु हो । यसलाई भित्री र बाहिरी गरी दुई भागमा कोठा बाँडेर बनाइन्छ । भित्री कोठा सानो हुन्छ । त्यसलाई **गब्यूरो** अर्थात् सम्बन्धित देवताको प्रतिमा वा प्रतीक राख्ने कोठा भनिन्छ । झ्याल नभएको अँधेरो यस भित्री कोठामा धामी, भण्डारी र पुजारीबाहेक अरूले पस्न पाउँदैनन् । यहाँ प्रतिस्थापित मस्टाको पूजा नै असली पूजा हो । यस कोठामा पस्ने सानो ढोका हुन्छ, त्यो निर्धारित तिथिमितिका जाँतबाहेक अरूबेला द्वार लगाई ताल्चा मारेर बन्द गरिएको हुन्छ । त्यसको साँचो भण्डारीसित रहन्छ ।

मस्टा देवताको सो थान माडौँको सतहबाट केही माथि उठाएर बनाइएको **बीणी** अर्थात् विशेष आसनका मध्य भागमा स्थापित हुन्छ । त्यसको छेउछाउमा छुट्टै थान बनाएर भगवान् शङ्कर तथा दुर्गा भवानीका प्रतीकस्वरूपका वस्तुहरूको स्थापना गरिएको हुन्छ । शङ्कर तथा भवानीको पूजा गरेपछि मात्र मस्टाको पूजा गरिन्छ । भित्री भागका केही वरपर मस्टाका

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

मित्र र सहायक मानिने अन्य देवताका प्रतीकस्वरूपका मूर्ति, घण्ट, दियो, त्रिशूलजस्ता वस्तुहरू पनि निश्चित ठाउँमा स्थापना गरिएका हुन्छन् ।

बाहिरी कोठा निकै ठूलो वा हजारौंव्यक्ति अटाउनसक्ने हुन्छ । त्यसको बलियो संरचनाका निम्ति काठका ठूलाठूला थाम दिइएका हुन्छन् । भित्री कक्षमा जाने ढोकाको नजिकै सामान्यभन्दा केही उँचाइको एउटा आसन बनाइएको हुन्छ । त्यसमा बसेर मस्टाको धामी काम्छ , अर्तीउपदेश दिन्छ र भविष्यवाणी गर्दछ । साथै रोगव्याधि एवम् सङ्कटको निवारणका लागि उपासकहरूद्वारा सोधिएका प्रश्नको जवाफ दिन्छ । सो आसनलाई **बिणो** भनिन्छ । सम्वन्धित धामीले **बिणो** वा आसनमा वस्नु राजाले राजगद्दीमा बस्नुबराबर मानिन्छ । माडौंको बाहिरी कोठा खुला हुन्छ । त्यसमा कहिल्यै ढोका लगाइँदैन । त्यसको ढोका नै हुँदैन । मूलद्वारको बाहिरी केही भागसम्म ओत लाग्ने गरी माडौंको छाना अलि वरसम्म लम्ब्याइएको हुन्छ । त्यस भागमा बसी बीसौं ट्याम्का र दमाहासहित ढोलीहरू पूजाका अवसरमा बढाइ बजाउनाका साथै धामी कमाउने तथा धामी नचाउने मङ्गलधुन बजाउँछन् ।

परिक्रमा गर्नसकिने गरी चारैतिर खुला राखेर माडौं बनाइएको हुन्छ । केही माडौंका मूल ढोका विस्तृत खुलापनको बलियो निर्माणका लागि पनि काठका ठूलाठूला थाम दिइएका हुन्छन् । माडौंको आँगन फराकिलो हुन्छ । यसको एउटा छेउमा साटन वा सिल्कका कपडा, सुनचाँदीका प्रतिमा, चमर तथा गजुरले सजाइरको काठको लिङ्गो राख्ने ठाउँ बनाइएको हुन्छ । प्रत्येक जाँतमा निर्धारित धामीले सो लिङ्गो नचाउने चलन छ । त्यो पनि सम्बन्धित देवताको प्रतीक मानेर पुजिन्छ । अझ अर्को एक छेउमा उपासकहरूले चढाएका घण्टहरू झुन्ड्याउने काठका विशेष स्तम्भ पनि राखिएका हुन्छन् । दर्शनार्थीहरू माडौंमा आउँदा सो घण्ट बजाई भित्री कोठातिर ढोगेर मस्टाको दर्शन गर्दछन् ।

एक तले माडौं छ भने जाँत वा पूजाका अवसरमा सम्वन्धित देवताका दण्ड, डोलीजस्ता सामग्री तलामा राख्ने र अन्य कार्य भुइँतलामै गर्ने गरिन्छ । सामान्यतया भुइँतलाकै माडौं हुन्छ । बस्ने घर र माडौंको निर्माण विधि भिन्न हुन्छ । माडौं र सामान्य व्यक्तिको आवास गृह सजिलै छुट्याउन सकिन्छ । आराध्य देवता शङ्कर र दुर्गा भवानीका निकटतम माडौंतिर मोहडा पारेर मस्टाका माडौं बनाइन्छन् । त्यसैले कुनै ठाउँका माडौं कुनै दिशा र कुनै ठाउँका कुनै दिशातिर मोहडा भएका देखिन्छन् । चारैतिर देखिने र चारैतिरबाट देखिने ठाउँमा माडौ हुने भएकाले जाँतका अवसरमा पर्दामा बस्नुपर्ने जातजातिका महिलाहरू घरमै बसेर माडौंको आँगनमा एकत्रित जनसमूह र लिङ्गो नचाइएको दृश्य हेर्दछन् । रुख र लहराहरूले माडौंलाई

...Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

पूर्णरूपमा देख्न सकिने गरी खुला नगरे तापनि देख्न सकिने भागबाट माडौँको आशिंक क्षेत्र हेरी वरपरका वासिन्दा टाढैबाट दर्शन गर्दछन् ।

ढुङ्गाको चिनाइ, माटोको गारो र चारैतिर पेटी दिएर माडौँ निर्माण गरिन्छ । काठका विशाल बाँसा, जुवा र थामको प्रयोग हेर्दा यसलाई ढुङ्गा, माटो र काठको संयुक्त मिश्रणको भवन भन्न सकिन्छ । काठका थाममा सर्प तथा देवीदेवताका चित्र अङ्कित हुन्छन् । निकै ठूलो ढुङ्गा प्रयोगमा ल्याइँदा त्यसमा पनि सर्प र देवीदेवताका मूर्ति कपिन्छन् । भवनको अग्रभागमा कमेरो र बाँकी सबैतिर रातो माटो छ्यापिएको हुन्छ ।

१.८.५ माडौँभित्र स्थापित मस्टाका स्वरूप

माडौँको भित्री कक्षका विशेष आसनमा स्थापित मस्टा प्रायः निराकार स्वरूपमा रहेका हुन्छन् । निराकार त्यस अर्थमा भनिएको हो, मस्टा मानिने वस्तुमा मानवाकृति, देवाकृति वा कुनै खास चित्र अङ्कित हुँदैन । कहीँ प्रस्तर शिला, कहीँ दियो, कहीँ पानस, कहीँ घण्ट, कहीँ कुनै पात्रविशेष र कहीँ त्रिशूललाई मस्टा मानेर पूजा गरिन्छ । निश्चित आकारविहीन स्वरूपका देवता मानिने हुँदा यसलाई निराकार भनिएको हो ।

१.८.६ माडौँभित्र मस्टासित स्थापित अन्य देवीदेवता

मस्टाका प्रतीक मानिने वस्तुसँगै भगवान् शङ्कर तथा दुर्गा भवानीका प्रतीक घण्ट, दियो, त्रिशूल, नेजा, पात्रविशेषमध्ये एउटा कुनै वस्तु राखिएको हुन्छ । त्यसैगरी मस्टाका मित्रशक्ति मानिने बेताल, लाटो र सहायक मानिने देवताका प्रतीकका रूपमा उपर्युक्तमध्येकै कुनै वस्तुलाई छेउमै स्थापित गरिएको हुन्छ । एक्लै नबसेर स्वामी, साथी र सेवकका साथ बस्ने देवताका रूपमा पनि यसलाई हेर्न सकिन्छ । अन्य देवीदेवताका माडौँमा यस प्रकारको स्थापना पाइँदैन । विशेष स्थान निर्धारण नगरी एउटै कोठामा खुलारूपमा स्थापित मस्टाका केही माडौमा भिन्नाभिन्नै खोपा बनाएर एउटामा शङ्कर भगवान्, अर्कोमा दुर्गा भवानी, तेस्रोमा समकक्षी देवता र चौथोमा गण देवताहरूको स्थापना गरिएको देखिन्छ ।

१.८.७ डोटी प्रदेशका मस्टा माडौँ

डोटी प्रदेशका ठाउँठाउँमा मस्टाका माडौँहरू छन् । अछाम जिल्लाको विनायक गाउँविकास समिति, विनायक, बझाङ जिल्लाको भातेखोला गाउँविकास समिति, वडा नम्बर २, बाजुरा जिल्लाका विभिन्न भूभाग, डडेल्धुरा, बैतडी र दार्चुलाका ठाउँठाउँमा यसका माडौँहरू पाइन्छन् भने अर्कातिर शिव र शक्तिका पीठहरूमा प्रमुख गणका रूपमा यसको स्थापना गरिएको देखिन्छ । मानसरोवर वा कैलास प्रदेश मानिने यस भूमिमा वैष्णव सम्प्रदायभन्दा शिव र शक्तिसम्प्रदाय बलियो रहेको बुझिन्छ । स्वतन्त्र माडौँका

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

साथै सहयोगी देवताका थानसमेतको हिसाब गर्दा सिङ्गो यो क्षेत्र मस्टामय बनेको देखिन्छ । थानहरूको आधिक्यका कारणले पनि मस्टालाई यहाँको रैथाने वा मुख्य देवता मानिएको हुनु पर्दछ । सबैतिर मस्टा नै मस्टाका थान पाइने हुनाले मस्टापथ अवलम्बन गर्ने क्षेत्रका रूपमा यस भूभागको परिचय दिन सकिन्छ ।

डोटी जिल्लामा मात्र सीमित भएर हेर्ने हो भने पनि यसका माडौंहरू अनेक ठाउँमा स्थापना गरिएका देखिन्छन् । उच्चाकोट, वैरकोट, देउकार, बोरगाउँ, उजेलीगाउँ, ढुङ्ग, कौराडी, गिरिचौका खतेडा, देहीमाडौं, ऐली, आगर, हिन्नेकाँडा, बाँफ, ककानी, सताला, दिपायल, सिलगढी, कालागाउँ, फलिणी, साइल, गडसेरा, जोरायल, मस्स्यालगायतका विभिन्न ठाउँमा मस्टाका माडौंहरू पाइन्छन् । यी माडौंहरू मस्टाका प्रमुख माडौं हुन् । शिव र शक्ति पीठका साथ स्थापित मस्टाका थानको गणना यसमा गरिएको छैन । अझ भिन्न नामले पुकारिने मस्टा परिवारका देवताका माडौं पनि छुट्टै छन् । सङ्क्षेपमा भन्ने हो भने मस्टा सम्प्रदायको पूजक यस प्रदेशका वासिन्दाहरूले सबैतिर मस्टाका थान स्थापित गरेका छन् र सिङ्गो यस क्षेत्रलाई मस्टामय बनाएका छन् ।

१.८.८ माडौंको प्रयोग

सम्वन्धित देवीदेवताको स्वस्फूर्तरूपमा प्रस्फुटित लिङ्ग वा प्रतीकस्वरूपको वस्तु स्थापना गरिएको हुनाले माडौंलाई विशेष देवालय मान्ने परम्परा रहिआएको छ । माडौंको भवनलाई नै सम्वन्धित देवता मानेर फूलपाती चढाई ढोग्ने गरिन्छ । जाँत वा निर्धारित तिथिमितिको पूजाआजाका अवसरमा विधिवत् अर्चना गर्ने धामी काम्ने, धामी नाच्ने र यथेष्ट दर्शनार्थीहरूको जमघट भई भेटघाट, नाचगान, ठट्टारमाइलो र भलाकुसारी गर्ने ठाउँ माडौं नै हुन्छ । जाँतको समयमा यसको अधिकतम प्रयोग हुन्छ । त्यस वेला रतेडीमा रातभर जाग्राम बसी उपासना गर्ने र दिउँसेडीमा जात्रा मनाई रमाइलो गर्ने चलन छ । माडौंको विशाल फाँट सो अवसरमा भक्तजनको उपस्थितिले भरिभराउ हुन्छ । नजिकको क्षेत्रमा वस्नेहरूका साथै टाढाटाढाका वासिन्दाहरू पनि जाँतको समयमा माडौंमा उपस्थित हुन्छन् ।

व्यक्ति, समाज वा समुदायले मनोकामना पूर्ण भएवापत आयोजना गर्ने पूजापाठ, हवन र यज्ञयागादि पनि माडौं परिसरमा सम्पन्न भएका देखिन्छन् । यस्ता अनुष्ठान जाँतको अवसरका साथै अन्य उपयुक्त मुहूर्तमा आयोजित हुन सक्तछन् । साँगुरोअप्ठेरो पर्दा भाकल गरिएका कुरा पूरा भएमा पनि पूजापाठ गर्न माडौं क्षेत्रको प्रयोग गरिन्छ । वलिभोग गर्ने देवता छ भने जीवन संस्कारका माङ्गलिक कार्य सम्पन्न भएपछि पनि माडौंमा गएर निर्दिष्ट

l Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding:

ठाउँमा बलि दिई सम्वन्धित देवताप्रतिको कृतज्ञता प्रकट गरिन्छ । कहींकहीं कम खर्चिलो एवम् सरल किसिमले व्रतबन्ध तथा विवाह संस्कार सम्पन्न गर्नका लागि पनि माडौंमा गर्न खोज्ने प्रवृत्ति प्रस्तुत भूभागमा देखिन्छ । अझ गाउँभरिका प्रत्येक परिवारवाट माडौंमा जम्मा भई दसैं तिहारजस्ता अवसरमा टीका लगाउने र टीका थाप्ने चलन पनि कुनै कुनै ठाउँमा छ ।

यसरी मूलतः सम्वन्धित देवीदेवताको पूजा गरिने ठाउँ भए पनि विभिन्न चाडबाड, यज्ञअनुष्ठान तथा संस्कारहरूमा तत्तत् देवीदेवतालाई साक्षी राखेर सरल एवम् किफायती तवरले कार्यसम्पादन गर्न पनि माडौंको प्रयोग गरिन्छ । छोटकरीमा भन्ने हो भने धार्मिक सांस्कृतिक महत्त्वका कार्यमा माडौंको प्रयोग हुने कुरा व्यक्त गर्न सकिन्छ ।

१.८.९ माडौँको संरक्षण

देवीदेवताको भूमि, पवित्र तीर्थस्थल, सार्वजनिक महत्त्वको संरक्षणीय क्षेत्र र प्रत्येक व्यक्तिले संरक्षण गर्नुपर्ने भावनात्मक स्थान मानिने हुँदा माडौंको सुरक्षाप्रति प्रत्येक व्यक्ति सजग रहेको हुन्छ । यसको परिसरमा दिसापिसाव गरे, घाँसदाउरा काटे, कुनै पनि प्रकारको क्षति पुऱ्याए देवता रिसाई ठूलो अनिष्ट गर्दछन् भन्ने कुरामा गहिरो विश्वास गरिने हुनाले पनि यो क्षेत्र सुरक्षित रहेको बुझिन्छ । साथै जाँतका अवसर तथा अन्य समयमा झारफार गर्ने, हेरचाह गर्ने र भत्केविग्रेको बनाउने जिम्मेवारी भण्डारी, पुजारी, देएका, देउचेला, देउकी तथा अन्य निर्धारित परिवार वा व्यक्तिको हुन्छ । भुइँचालो, अतिवृष्टि, हावाहुरी एवम् जीर्णावस्थाका कारण निर्माण र सरसफाइ गर्नु परे स्थानीय जनश्रमदानको प्रयोग गरिन्छ । यस्ता कार्यमा हृदय खोलेर जनजनले धन र श्रम दिने गर्दछ । खासखास समयमा मात्र गइने र सामान्य घुमफिरको थलो नवनाइने हुँदा पनि माडौं क्षेत्र सुरक्षित नै रहेको हुन्छ । विशेष अवसरमा लिपपोत गर्ने, रङ्ग लगाउने वा छ्याप्ने, सामान्य भत्केविग्रेको बनाउने काम गर्नका निम्ति परम्परादेखि नै निश्चित गाउँ, परिवार वा व्यक्ति तोकिएका हुन्छन् । माडौं संरक्षणका कार्यमा संलग्न हुन पाए पुण्यलाभ हुने विश्वासका कारण पनि तोकिएका व्यक्तिबाहेक अन्यले समेत अग्रसरता देखाउँछन् । भित्रीकोठाको लिपपोत तथा सरसफाइ भने भण्डारी, पुजारी वा निर्धारित व्यक्तिले मात्र गर्दछ ।

१.८.१० माडौँ र भण्डार

माडौं र भण्डारमा भिन्नता छ । माडौं गाउँबस्तीबाट केही टाढा एकान्त र खुला ठाउँमा बनाइएको हुन्छ भने भण्डार गाउँबस्तीका बीचमा वा कुनै घरमा बनाइएको हुन्छ । माडौंको भवन छुट्टै हुन्छ भने भण्डार छुट्टै भवनमा पनि हुन सक्तछ र कुनै घरको एउटा कोठामा सीमित पनि हुन

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सक्तछ । सामान्यतया भण्डार घर दुईतले हुन्छ । भुइँतला र पहिलो तला भण्डारीले प्रयोग गर्दछ भने दोस्रो तलालाई भण्डार वनाइएको हुन्छ । त्यसमा सम्वन्धित देवताको भाँडाकुँडा, वस्त्र आसागुर्जा, ताम्रपत्र, सुनचाँदीका गहना तथा प्रतिमालगायत भक्तजनले विभिन्न अवसरमा चढाएका घण्ट, त्रिशूल, कपडा, सुनचाँदीका मूर्त्ति, तामाका पाता, भाँडाकुँडा, चमरलगायतका विविध सामग्री सुरक्षित राखिन्छ । त्यसको सुरक्षा भण्डारीले गर्दछ र सोवापत गुठीका केही जग्गा निजले भोग गर्न पाउँछ । साथै विशेष पूजाआजामा निश्चित वस्तु वा रकम पनि निजलाई दिइन्छ । भण्डारको रेखदेख गर्ने भएकाले भण्डारी भनिएको हो ।

भण्डार पनि मूल र सहायक गरी दुई प्रकारका हुन्छन् । मूल भण्डारमा वहुमूल्य सामग्री राखिन्छ भने सहायक भण्डारमा ससाना घण्ट, दियो, पानस, त्रिशूल, भाँडाकुँडाजस्ता साधारण वस्तु राखिन्छ । सहायक भण्डार हुनु आवश्यक छैन । मूल भण्डार चाहिँ हुन्छ नै । उपासकहरूका गाउँवस्ती निकै छन् भने मूल भण्डार कुनै खास ठाउँमा राखी सहायक भण्डार गाउँगाउँमा राख्ने पनि गरिन्छ । यस्तो अवस्थामा सहायक भण्डारको सङ्ख्या एकभन्दा बढी पनि हुन सक्तछ । माडौँलाई झैं भण्डारलाई पनि सम्वन्धित देवताको थान भनिन्छ र त्यसको छेउछाउवाट हिँड्नु पर्दा परिक्रमासहित ढोग्ने गरिन्छ । जाँत वा विशेष पूजाको समयवाहेक अरू वेला भण्डार खोलिँदैन । त्यसको ढोकामा वलियो ताल्चा लगाइएको हुन्छ । जाँतका वेला पनि सजिलै भण्डार खोलिँदैन । जाँत हुनुपूर्व पन्ध्र वा सात दिन भण्डारको आँगनमा साँझपख ढोलीहरू परम्परागत विशेष वाद्य धुन वजाउँछन् । सो वाद्य धुनलाई **न्युती** अर्थात् सम्वन्धित देवतालाई जाँतको निमन्त्रण गर्ने धुन भनिन्छ । जाँत हुनुभन्दा एक दिन पहिले भण्डारको आँगनमा अर्कै धुन वजाएर भण्डारका देवतालाई व्युँझाउने काम गरिन्छ । त्यसलाई **ढेउरो व्युँझाउनु** भनिन्छ । जाँतका दिन पनि यथेष्ट वाजागाजा वजाएर भण्डारवाट पूजाका विभिन्न सामग्री डोलीमा हालेर माडौँको भित्री स्थानमा लगिन्छ । त्यसरी पूजनसामग्री लैजाने कामलाई **ढेउरो लैजानु** भनिन्छ । सो डोली विवाह संस्कारमा दुलही वोक्ने डोलीजस्तै हुन्छ । त्यसमा आवश्यक पूजनसामग्री राखेर ऊनको रातो वाक्लो पछ्यौराले छोपिन्छ । सो डोली वोक्ने व्यक्तिहरू परम्परादेखि नै परिवार तथा जातविशेषका आधारमा निर्धारण गरिएका हुन्छन् । जाँत सकिएपछि पनि पूजनसामग्री वाजागाजाका साथ माडौँवाट भण्डारमा ल्याइन्छ र आँगनमा गौदान गरेर मात्र यथास्थानमा लगी थन्क्याइन्छ । यसरी माडौँ भनेको देवताको थान हो भने भण्डार भनेको

...University, Balmeeki Campus, Kathmand...

in Public Domain. Digitization by eGangotri.Funding:

देवतामा चढाइएका र पूजनप्रयोगका लागि व्यवस्था गरिएका वस्तुहरू सुरक्षित राख्ने स्थान हो । स्थानीय कथ्यमा भण्डारलाई *ठाणार* भनिन्छ ।

१.८.११ माडौँमा हाल देखिएका परिवर्तन

सामाजिक परिवर्तन र क्रान्तिकारी अभियानका नाममा अचेल माडौं र यसका परम्परामाथि नै आक्रमण गर्ने प्रवृत्ति विवेच्य क्षेत्रमा वढ्दै गएको र अन्धविश्वासको प्रतीक मानेर यस्ता चलन वहिष्कार गर्ने प्रवृत्ति विकसित भएको देखिन्छ । यसका साथै पुराना माडौं भत्काएर निर्वाचन क्षेत्र, विकास कोष, गा.वि.स. वा जि.वि.स. का विकास कार्यक्रम तथा अन्य स्रोत र साधन प्रयोग गरी नयाँ माडौं वनाउने लहर पनि उत्तिकै मात्रामा चलेको देखिन्छ । यसरी निर्माण गर्दा माडौंको परम्परागत वास्तुशैली नै वदल्ने प्रवृत्ति विकसित भएको पाइन्छ । माटोको सट्टा सिमेन्ट, काठको सट्टा छड र ढुङ्गाले छाउनको सट्टा ढलान गर्ने आधुनिक निर्माणशैली यस क्षेत्रमा पनि प्रयोग गर्न थालिएको छ । केही वर्षअघिसम्म वैतडीको त्रिपुरासुन्दरी तथा तल्ली देही र मल्ली देहीका दुर्गा भवानीका माडौंका साथै डोटीको सिलगढी बजारमा अवस्थित सिल्देवीका माडौं यस पुस्तकमा दिइएको मस्टामाडौंका तस्विरकै वास्तुशैलीमा निर्मित थिए तर सो भत्काएर अहिले प्यागोडा शैलीमा निर्मित काठमाडौं उपत्यकाका मन्दिरभैँ ती मन्दिरहरूको पुनर्निर्माण गरिएको छ । यसरी हाल माडौंको निर्माण शैलीमा पनि परिवर्तन आएको छ ।

१.९ मस्टाका उपासक

स्थानीय शक्तिशाली देवता मानिने हुँदा रैथानेका साथै अन्यत्रवाट वसाइ सरिआएकाहरूले पनि मस्टालाई कुलदेवता मानेर पुज्ने गरेको देखिन्छ । त्यसो त नेपाल अधिराज्यभरि नै यसका उपासकहरू छरिएर रहेका छन् र आआफ्ना ठाउँमा थान निर्धारण गरी खास अवसरमा यसको पूजा गर्दछन् । डोटी प्रदेश यसको मुख्य गढ मानिने हुनाले यहाँ यसको व्याप्ति अन्य ठाउँका तुलनामा बढी देखिन्छ । तसर्थ यहाँका उपासकहरूको वेलिविस्तारका लागि यस लेखनमा मस्टाउपासनाको ऐतिहासिक पृष्ठभूमि, मस्टाका आर्य उपासक र मस्टाका आर्येतर उपासक गरी विविध शीर्षक र सोभित्र पनि मस्टाका आर्य उपासकमा मस्टाका ब्राह्मण उपासक, मस्टाका ठकुरी उपासक, मस्टाका क्षत्रिय उपासक र मस्टाको उपासना गर्ने अन्य आर्यजाति भन्ने थप उपशीर्षक दिइएको छ ।

१.९.१ मस्टाउपासनाको ऐतिहासिक पृष्ठभूमि

मस्टालाई देवता मानेर पुज्ने चलन पौराणिक कालदेखि नै चल्दै आएको वुझिन्छ । भगवान् शङ्कर तथा दुर्गा भवानीलाई आराध्य देवदेवी मान्ने कत्यूरी शासकहरूले उक्त देवदेवीका मुख्य गण र स्थानीय जीवनमा ज्यादै

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ठूलो प्रभाव पारेका मस्टा देवतालाई पनि विशेष महत्त्व दिन थालेपछि मस्टाका उपासकहरूको सङ्ख्या वढेको देखिन्छ । मस्टाको प्रभाव डोटी क्षेत्रमा कत्यूरी सामाज्यको उदयभन्दा पहिलेदेखि नै रहे पनि यसलाई कुलदेवता मानेर पुज्ने चलनको विस्तार भने कत्यूरी कालमै भएको थाहा हुन्छ । **यथा राजा तथा प्रजा** अर्थात् राजा जस्ता हुन्छन् प्रजा पनि त्यस्तै बाटो अपनाउँछन् भनेझैं राज्यसत्तावाटै मान्यता प्राप्त भएपछि जनसामान्यले वास्तविकताभन्दा वढाईचढाई थप महत्त्व दिने गरेबाट यस देवताले समीक्ष्य क्षेत्रमा वढी प्रभुत्व जमाएको हो । यस्तै प्रभुत्वका कारण पनि विस्तारै अन्यत्रबाट वसाइ सरेर आएकाहरूले पनि यसलाई कुलदेवताका रूपमा मान्न थालेका हुन् ।

प्राचीनता हेर्दै जाने हो भने सुरुमा यो नाग जातिको आराध्य देवता रहेको देखिन्छ । विवेच्य प्रदेशमा नागहरूका साथै बसोवास गर्ने किरात, तङ्गण, यक्ष, गन्धर्व, भिल्लप्रभृति विभिन्न सम्प्रदायका व्यक्तिहरू परम्परमा ज्यादै घनिष्ट सम्वन्ध राखेर रहँदै गर्दा एकअर्काका परम्परावाट प्रभावित भई मिश्रित संस्कृतिको विकास गर्न समर्थ भए । मस्टाको चलन पनि सोही मिश्रित संस्कृतिको एउटा रूप हो । कालान्तरमा यहाँका रैथानेहरूको सङ्ख्या कम र वाहिरवाट आइवसेका आर्यहरूको सङ्ख्या अधिक हुन थालेपछि पनि नवागन्तुकहरूले स्थानीय चलनचल्तीका परम्परा अवलम्बन गर्दा डोटेली पुरानो संस्कृतिका साथै मस्टालाई स्वीकार गर्नथालेका हुन् । हाल जतिले मस्टालाई कुलदेवता मान्दछन् इतिहास पल्टाउने हो भने ती सवैका कुलदेवता आजभन्दा २०० वर्षअघि अर्कै देवता थिए । यसको उदाहरण यी हरफ लेख्ने व्यक्तिको परिवारको एउटा शाखाले मस्टालाई र अर्काले वेताललाई कुलदेवता मान्नु पनि हो ।

मस्टाको प्रताप र प्रभाव परेको ठाउँमा गएर बस्न थालेपछि छरछिमेक र वरपरकाले मस्टा मान्ने आफूले मात्र अर्कै देवता मान्दा समाजबाट अलग्गिएको हुने तथा स्थानीय जमातको सहयोग नपाइने डर हुने जस्ता विविध कारणले पनि यसलाई कुलदेवता स्वीकार्ने प्रवृत्ति विकसित भएको हुनुपर्दछ । रैथानेभन्दा आइवसेकाहरूको सङ्ख्या वढ्न थालेपछि रैथाने ओझेलमा पर्दै जाने र आइबसेकाहरूको हालीमुहाली हुने स्वाभाविक प्रक्रियाअनुरूप यस क्षेत्रमा यो देवता आर्य जातिको कुलदेवता हुनगएको हो । मूलतः आर्यभन्दा पनि आर्येतर जातिको कुलदेवता यो हो ।

१.९.२ मस्टाका आर्य उपासक

इतिहास जे जस्तो भए पनि हाल यस देवताका उपासकहरूमा आर्यहरू नै वढी देखिन्छन् । त्यसमा पनि सनातन परम्पराका अनुयायी र वर्णाश्रमधर्मीहरूको अधिक सङ्ख्याले यसलाई कुलका स्वामी, कुलका संरक्षक

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

र प्रमुख मार्गनिर्देशक मान्दछ । जातिगत हिसाबले त्यस सङ्ख्यालाई ब्राह्मण, ठकुरी, क्षत्रिय र अन्य गरी विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ ।

१.९.२.१ मस्टाका ब्राह्मण उपासक

मस्टाका अनेकौं भेदमध्ये कुनै एकलाई कुलको स्वामी अर्थात् कुलदेवता मानेर डोटेली ब्राह्मणहरू पुज्दै आएका छन् । कसैले दुग्धाहारी र कसैले रक्तबलिभोगी मस्टाका भेदलाई कुलदेव मान्दछन् । ओझा, अवस्थी, कापडी र दाहालहरू दाडे मस्टालाई कुलदेवको मान्यता दिन्छन् । यसैगरी खप्तड वरपरका क्षेत्रमा बस्नेहरू खापडे मस्टालाई कुलरक्षकका रूपमा पुज्दछन् । यस क्षेत्रवाट बसाइ सरी पूर्वी नेपालतिर लागेकाहरूले थर परिवर्तन गरे पनि मस्टालाई कुलदेवता मान्न भने छाडेका छैनन् । दाहाल, पोखरेल र भट्टराईले कालो मस्टा मान्नु, अधिकारीले मण्डवी मस्टा स्वीकार्नु, ढकालले वुढो मस्टा पुज्नु, दुलाल, खनाल र अर्यालले खापडे मस्टालाई महत्त्व दिनु, डोटेल, पराजुली र तिमल्सिनाहरूले कहीं खापडे र कहीं वाबिरे मस्टा मान्नु र डोटेलले दाडे मस्टाको पूजालाई सर्वोपरि स्थान दिनु यसका उदाहरण हुन् ।

१.९.२.२ मस्टाका ठकुरी उपासक

भारतका महाराष्ट्र, राजस्थान, गुजरात, कन्नौजलगायतका विभिन्न ठाउँबाट बसाइ सरेर डोटी क्षेत्रमा आएका ठकुरीहरूले पनि यसलाई कुलदेवता र विशेष आराध्य देवताका रूपमा पुज्दछन् । बझाङ्गी सिंह ठकुरीहरूसँगै चित्तौडगढबाट यो देवता डोटी प्रदेशमा आएको कुरा अघि सार्नेहरू पनि छन्, तर त्यो कुरा पत्यारलाग्दो देखिंदैन, किनभने तिनको आगमनभन्दा निकै पहिलेदेखि यस क्षेत्रमा यो देवता प्रसिद्ध बनिसकेको वुझिन्छ । यस ठाउँमा आएपछि प्रस्तुत देवताले देखाएका छल र बलवाट प्रभावित भएपछि र विशेषगरी छिमेकी रजौटासितको युद्धमा यो देवता सहयोगी बनेको विश्वास गरेपछि यिनले यसलाई पुज्न थालेको हुनुपर्दछ । वान्नी मस्टालाई यस परिवारले प्रत्येक वर्षको जाँतमा विशेष पूजा तथा बलि भेट गर्ने चलन छ ।

यसरी नै कुलदेवताकै रूपमा नमाने पनि ज्यादै महत्त्व दिएर यसको पूजाआजा गर्ने कार्यमा कत्यूरी राजपरिवारका वंशज मानिने डोटेली शाही, मल्ल, पाल र बमहरू पनि उत्तिकै उत्सुक र समर्पित देखिन्छन् । दार्जुलाका मार्माली सिंह ठकुरीहरूले मस्टाको पूजामा उल्लेख्य भेट र बलिको व्यवस्था गर्दै आएका छन् । यी सबै चलनहरूको अध्ययन गर्दा विवेच्य क्षेत्रका ठकुरी समाजमा पनि कुलदेवता र आराध्य देवताका रूपमा मस्टालाई स्वीकार गरेको देखिन्छ । मस्टा मान्ने परम्परा ठकुरीहरूमा पनि फरकफरक छ । कसैले कुनै मस्टालाई मान्दछन् भने कसैले कुनैलाई । बझाङ्गका सिंहहरू वान्नी मस्टालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

मान्दछन भने डोटेली शाही, मल्ल, पाल र वमहरू लडे एवम् दाडे मस्टालाई विशेष महत्त्व दिन्छन् ।

१.९.२.३ मस्टाका क्षत्रिय उपासक

ब्राह्मण र ठकुरीभन्दा क्षत्रियहरू यस देवतालाई अधिकमात्रामा कुल देवता मान्दछन । वढी सङ्ख्याका क्षत्रियले आफूलाई पुज्ने भएकाले नै यसले छेत्रीको छाइलो गेरो पाइलो अर्थात् क्षत्रियहरूको छायामात्र परेको ठाउँमा म गएको हुन्छु भनेको हुनु पर्दछ । क्षत्रियहरूमा पनि तागाधारी र मतवाली दुवै सम्प्रदायले यसलाई पुज्दछन् । डोटी क्षेत्रमा मतवाली छेत्रीको सङ्ख्या तागाधारी छेत्रीका तुलनामा कम छ तापनि दुवै थरीले आराध्य एवम् कुलदेवता मानेर मस्टाको पूजामा विशेष अग्रसरता देखाउँछन् ।

तागाधारी छेत्रीहरूमा खड्का, वोगटी, पुजारा, देउवा, कार्की, माली, विष्ट, वोहरा, रावल, वलायर र ऐर थरका व्यक्तिहरू मस्टापूजनमा खास दिलचस्पी प्रकट गर्दछन् । त्यसैगरी साउँद, राउत, रावल, जोरा र जेठाराहरू पनि यस कार्यलाई उत्तिकै महत्त्व दिन्छन् । स्थान भिन्नतानुसार जुनजुन मस्टाको वढी प्रभाव छ सोही मस्टालाई पुज्ने प्रवृत्ति क्षत्रिय समाजमा प्रचलित छ ।

१.९.२.४ मस्टाको उपासना गर्ने अन्य आर्य जाति

मस्टामा चढाइएका देउकी र तिनीहरूबाट जन्मेका सन्ततिले अधिक महत्त्व दिएर मस्टाको पूजाअर्चना गर्दछन् । त्यसरी जन्मेका सन्तान पुरुष भए ढेउका वा ढेउचेला भनिन्छन् भने स्त्री भए ढेउचेली भनिन्छन् । ढेउका वा ढेउचेला बाट जन्मेका सन्तान नायक, नेगी, धानुक थर प्रयोग गर्दछन् । जाँत वा पूजाआजाका तिथिमितिमा देउकीले माडौंको सरसफाइ, लिपपोत र आवश्यक श्रमदानका काम गर्दछन् । देएका र देउचेलीहरू पनि सो कार्यमा सहयोग गर्दछन् । त्यसरी सेवा गरेबापत निश्चित पारिश्रमिकसमेत तिनीहरू पाउँछन् ।

योगी सन्यासीहरूवाट जन्मेकाहरू सम्प्रदायअनुरूप गिरी, पुरी, भारती, सन्यासी, नाथ थर प्रयोग गर्दछन् । यिनीहरू पनि मस्टापूजक देखिन्छन् । आफ्नो सम्प्रदायका मूल देवतालाई सर्वोपरि महत्त्व दिंदादिँदै पनि यिनीहरू स्थानीय वासिन्दाका हैसियतले अन्य मस्टाउपासकहरूसँगै उत्तिकै श्रद्धाभक्तिपूर्वक मस्टाको पूजा गर्दछन् ।

टमटा, लुहार, कसारा, सार्की, भुल, ढोली, चुनारा, पार्कीलगायतका शूद्रवर्ग मानिने जातिले पनि मस्टालाई कुलदेवताका साथै आराध्य देवता मानेर पुज्ने चलन छ । कतिपय ठाउँमा त यिनीहरूले छुट्टै मस्टाथान राखी निश्चित तिथीमितिमा छुट्टै पूजा गर्ने परम्परा पनि वसालेका छन् । ती ठाउँमा

Sanskrit University, Balmeeki Campus, Kathmand

पुजारी, भण्डारी, धामी र आवश्यक अन्य कार्यकर्ता यिनीहरूकै जातिका व्यक्ति वनाइएका हुन्छन् । वझाङ जिल्लाको पुजारी गाउँको मस्टामाडौंको छेउमा सार्कीहरूको छुट्टै मस्टाथान छ । डोटीमा पनि यस प्रकारका मस्टाथान विभिन्न ठाउँमा छन् ।

१.९.३ मस्टाका आर्येतर उपासक

व्यास क्षेत्रमा वसोवास गर्ने सौका र अन्य कतिपय आर्येतर भनिने जातिले पनि मस्टालाई कुल देवताका रूपमा पुज्ने चलन छ । यिनीहरूमध्येका केहीले चाहिँ कुलदेवता नमानेर पनि मस्टापूजा गर्दछन् ।



मस्टालाई कुलदेवता मान्ने परिवारका छोरीको विवाह अन्य देवतालाई कुलदेवताका रूपमा पुज्ने वंशका व्यक्तिसित भयो भने माइती देवताका रूपमा सो छोरीको परिवारले मस्टाको पूजा गर्दछ । भैरव, सिद्ध, वेताल, पिल्को, लाटो, नान्ने, तेडी, गौडीबाग, भूमिराजलाई कुलदेवता मानेर पुज्नेहरू मस्टालाई पनि महत्त्वका साथ मान्दछन् र यथोचित अवसरमा पुज्ने गर्दछन् । वैदिक पौराणिक देवीदेवता र पितृगणका समानान्तरमा राखी

In Public Domain. Digitization by eGangotri.Funding: Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

मस्टालाई साक्षी बनाएर धितधर्म गर्ने लिखत तयार गर्ने, किरियाकसम खाने र वाचाबन्धन गर्ने चलन पनि विवेच्य समाजमा छ । यसको उदाहरणका लागि यहाँ जैनोली गाउँको पन्त परिवार र देउकार गाउँको क्षत्रिय परिवारका बीच भएको एउटा लिखत यहाँ प्रस्तुत छ ।

१.१० मस्टाको शक्ति

सामान्य व्यक्तिमा नपाइने शक्तिसामर्थ्य नदेखाई कसैलाई पनि देवता मानिँदैन । शङ्कर, विष्णु, ब्रह्मा, दुर्गा, लक्ष्मी, पार्वती, सरस्वती, रामकृष्ण, गौतम बुद्ध कसैलाई पनि त्यत्तिकै देवता वा देवी मानिएको होइन । मस्टामा पनि साधारण जीवनजगत्मा बाँच्ने व्यक्तिविशेषका तुलनामा विशेष शक्ति भएको कुरा अनुभव गरिएको र त्यसको प्रभावबाट प्राणीजगत्मा ठूलो असर परेको बुझिएकाले यसलाई देवता मानेर पुज्न थालिएको हो । देवताको आसनमा संस्थापना गरी समयसमयमा गहिरो आस्था एवम् विश्वासका साथ यसलाई पुज्नाका पछाडि अनेकौं कारण रहिआएका छन् । मूलतः यसमा देखिएको अलौकिक शक्तिकै आधारबाट यो देवता मानिएको हो र पुज्न थालिएको हो । भोगबमोजिमको व्यवहार अभिभावकीय दायित्व, सुख र दुःखको मित्रता, न्यायदान र अनिष्टहरण, आस्थाप्रतिको समर्पण, असह्यपन र क्रोध तथा असामान्य क्षमता र असामान्य कार्य शीर्षकमा यहाँ यसका शक्तिसामर्थ्यको चर्चा गरिएको छ ।

१.१०.१ भोगबमोजिमको व्यवहार

जस्तो भोजन ग्रहण गरिन्छ आनीबानी र बोलीव्यवहार पनि त्यस्तै हुन्छ भन्ने मान्यता मस्टाका सन्दर्भमा पनि लागू हुन्छ । यसका दुग्धाहारी र रक्तबलिभोगी दुइटा भेद छन् । यथार्थमा यो रक्तबलिभोगी होइन, तापनि दुर्गा भवानीको सेवक भएकाले देवी दुर्गाको पूजाका क्रममा रक्तबलि निवेदन गर्दा यसमा पनि रगत पर्न गएका कारण यसलाई रक्तबलिभोगी बनाइएको हो । यसका केही रूपमा रक्तबलिको लसपससमेत सर्वथा त्याज्य ठान्ने गरेबाट मूलभूत रूपमा यसलाई दुइटा वर्गमा राख्नैपर्ने हुन्छ । एउटा रक्तबलिको नजिकै जाँदैन भने अर्को रक्तबलि नभई पूजा भएको मान्दैन । त्यसैले भोगका आधारमा यसलाई दुग्धाहारी र रक्ताहारी गरी दुइटा वर्गमा राख्नैपर्ने हुन्छ ।

१.१०.१.१ दुग्धाहारीको व्यवहार

दुग्धाहारी मस्टा नम्र, सहनशील, दयालु र सरल हुन्छ । यसले कडा निर्णय लिँदै नलिने त होइन, तर अति नै हुन थालेपछि मात्र यो कठोर स्वभावको बन्दछ । आफ्ना उपासकहरूका सानातिना गल्तीमा यसले ध्यान दिँदैन । मर्यादा र अनुशासनको सीमा नाघ्न थाल्यो भने रक्तभोगी मस्टाभन्दा कडा बनेर यसले हुनसम्मको सास्ती दिन्छ तापनि सामान्यतया यो कोमल

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

हृदयको देवता मानिन्छ । यसलाई तुलनात्मक रूपमा बढी सहृदयी बनाउनमा यसले ग्रहण गर्ने आहारको प्रभाव कारक तत्त्व रहेको बुझिन्छ । यसले जहाँ पायो तहाँ, जहिले मिल्यो तहिले आफ्नो शक्ति देखाउँदैन, जब कि यसको शक्ति रक्तबलिभोगी मस्टाका अपेक्षा अधिक भएको मानिन्छ । यो चाँडै खुसी हुन्छ तर चाँडै रिसाउँदैन । हवनका लागि तयार पारिएको उम्लेको घ्यू पिउने, रातै हुने गरी तताएको फलाम चाट्ने र सानो खट्प्वाल वाट छिरेर भित्ता वारपार गर्नेजस्ता असामान्य क्षमता यसले आफ्ना जाँत र पूजाका अवसरमा प्रदर्शन गर्दछ ।

१.१०.१.२ रक्ताहारीको व्यवहार

शक्ति र सामर्थ्य दुग्धाहारी मस्टाको भन्दा कम भए पनि क्रोध, आवेश र असहनशीलता चाँडै प्रदर्शन गर्ने कडा स्वभावको देवता रक्ताहारी मस्टा हो । ससाना गल्तीमा पनि ज्यान लिने, रोगी बनाउने, अङ्गभङ्ग गर्ने र कठोर सजाय सुनाउने काम यसले गर्दछ । यो सहजै प्रसन्न पनि हुँदैन । यसलाई निरन्तर मानिरहनु पर्दछ र यसको पूजाआजामा कहीँ कतै त्रुटि हुनदिनु हुँदैन । अक्षतामा भाँचिएका चामल परे, बलि दिइने बोका रोगी भए, यथेष्ट पूजनसामग्री नभए, अर्पण गरिने वस्तु दिन अन्कनाए वा मन नगरे, पूजा कार्यमा चाहिँ उत्साह र तत्परता नदेखाए यो रिसाइहाल्दछ र कठोर वचन बोलिहाल्दछ ।

परिस्थितिजन्य कठिनाइ यसले बुझ्दैन । कठोरता प्रदर्शन गर्नु नै यसले शक्तिप्रदर्शन ठान्दछ । धेरै भक्तिबाट खुसी हुने र चाँडै रिसाउने स्वभाव यसको हुन्छ । धामीमा अवतरित भएर दोषीलाई कोर्रा हान्ने, चुट्ने र कडा निसाफ दिने काम यसले गर्दछ । तुलनात्मक हिसाबले हेर्दा दुग्धाहारीका अपेक्षा रक्ताहारी मस्टा निकै कठोर देखिन्छ । आफ्ना उपासकका घरबाट सामान चोर्नेलाई अनेक थरी दुःख दिने, कुनै पनि कार्यको तत्काल परिणाम देखाउने र सामाजिक मर्यादाको संरक्षणमा विशेष सतर्कता अपनाउने हुँदा यसप्रति डराएर, मानेर, अधिक विश्वास गरेर वा करकापमा परेर जसरी भए पनि उपासकहरू बढी समर्पित भएका देखिन्छन् ।

१.१०.२ अभिभावकको दायित्व

यसको प्रभाव विवेच्य क्षेत्रमा अत्यधिक पर्नको कारण यसबाट प्राप्त हुने अभिभावकत्व हो । कसैले पनि त्यत्तिकै कसैलाई देवता मान्दैन । देवताको मान्यता पाउनका लागि आचारव्यवहार तथा शक्तिसामर्थ्यमा देवत्व प्रकट हुनु पर्दछ । धामीमा अवतरण भएपछि यो आफ्ना उपासकहरूलाई आशीर्वाद दिँदै **तिमीहरू जहाँ हुन्छौ, म त्यहीँ पुग्छु र तिमीहरूले दिएको श्रद्धाभक्तिकै कारण म तिमीहरूको संरक्षण गरिरहेको हुन्छु । तिमीहरूका घर,**

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

परिवार, खेतीपाती, जन्तुजनावरको सुरक्षामा म सधैँ तल्लीन रहन्छु । तिमीहरू कर्तव्यपथ र उन्नतिमार्गमा लाग, सारा बिघ्न नाश गरेर सफलता दिलाउने म सहयोगी बनेर तिम्रा साथमा रहनेछु । मैले धेरै बोल्नु हुँदैन, कामबाट आफ्नो प्रभाव देखाउनु पर्दछ । त्यसैले तिमीहरू गेलो नछोड, सफलता दिलाउने म तिमीहरूको पछिपछि हिँड्न छोड्दिन भन्दछ । कामेको मस्टाधामीका यस्तै कुरा सुनेर जनसामान्यले आफ्ना प्रत्येक सफलतामा मस्टा देवताको आशीर्वाद रहेको विश्वास गर्दछ र मस्टाको छत्रछाया रहेसम्म कसैले कुनै व्यवधान खडा गर्न नसक्ने कुरामा दृढ विश्वस्त रहन्छ ।

वावुआमाले सन्तानहरूको र घरमुलीले परिवारका समस्त आश्रितहरूको रेखदेख गरेझैँ मस्टाले पनि आफ्नो प्रभावक्षेत्रमा कुनै पनि प्रकारका महामारी, अनिकाल, अतिवृष्टि, अनावृष्टि, हिंस्रक जन्तुको आतङ्क, चोरी, डकैती, अन्याय, अत्याचार, शोषण, अर्घेल्याइँ, पशुरोग, अनिष्ट र अमङ्गल हुन दिँदैन भनिन्छ । यस प्रकारका दुर्घटना भएमा देवता रिसाएको ठानेर आवश्यक उपचारका निम्ति पूजापाठ तथा विशेष अनुष्ठानको आयोजना गरिन्छ ।

अभिभावकसँग आश्रितहरूले झगडा गर्ने, रुने, कराउने, अप्ठेराहरू सुनाएर निवारणका निम्ति सहयोग माग्ने, यथासमय आवश्यक निदान नभए रिसाउने, ठुस्कने र निराश भएको देखाउनेजस्ता सामान्य व्यवहारमा देखिने घटनाझैँ उपासकहरूले यस देवताका प्रति गरेको देखिन्छ । यसले आफ्ना उपासकहरूको घुर्की, रोदन, आह, पीडा, छटपटी, ठुस्काइ र क्रोध पनि सहनु पर्दछ । त्यस प्रकारका व्यवहारले जनसामान्यको भरोसा यसप्रति निकै ज्यादा रहेको कुरा थाहा हुन्छ । ज्यादै अप्ठेरो परेपछि सङ्कटमुक्तिका लागि तँ हुँदाहुँदै पनि यस्तो दुःख सहनु पर्‍यो, अबदेखि तेरो पूजाआजा केही गर्दिन, अभिभावक नभएको टुहुरोले जस्तै भोग्नु परेका पीडा मनमनै पचाएर सहेर बस्नु पर्‍यो । तँ टलुटलु हेरिरहिस् । सङ्कटबाट मुक्त गराउन तैँले केही गरिनस् । गाह्रोसाँगुरोमा तैँले सहयोग गरिनस् र बचाइनस् भने तँलाई मानेर मात्र के गर्नु, पुजेर मात्र के गर्नु, अबदेखि हाम्रो पूजाको आशा तैँले नगरे हुन्छ भन्ने किसिमका धम्की घुर्कीको भाषा उपासकहरू यसलाई सुनाउँछन् । यसले त्यस्तो अवस्थामा अभिभावकले आश्रितलाई आश्वस्त पारेझैँ आफ्ना उपासकहरूलाई सम्झाउँछ, बुझाउँछ र प्रयत्नरत हुँदा पनि काम बन्न नसकेको र प्रयास जारी रहेको कुरा सुनाउँछ । साथै समस्यावाट मुक्ति चाँडैभन्दा चाँडै दिलाउने आश्वासन पनि दिन्छ । यसरी

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

सारा उपासकको अभिभावक बनेर संरक्षणको छत्रछाया दिनु यसको यसको विशेषता मानिन्छ ।

१.१०.३ दुःखसुखको मित्रता

जनजनका आँसु, पीडा र चीत्कारका क्षणमा साथ दिएर यसले जसरी सङ्कटबाट त्राण दिलाउँछ त्यसैगरी, सुख, हाँसो, खुसी र आनन्दका अवसरमा जनजनले यसलाई सम्झनामा राखून भन्ने आशा गर्दछ । त्यसो त प्रगाढ भगवद्भक्ति भएका यहाँका साधारण जनता दुःखमा होइन प्रसन्नतामा पनि यसलाई उत्तिकै महत्त्वका साथ सम्झन्छन् र यसप्रति देखाइने आस्थाभावमा कमी आउन दिँदैनन् । कथंकदाचित् भुल वा त्रुटिवश सम्झनै पर्ने घडीमा यसलाई नसम्झेमा यसको पनि मन कुँडिन्छ र यो निराश बन्दछ । त्यस्तो अनुभव वा गुनासो उचित मौका पारेर यो सम्बन्धित व्यक्ति वा परिवारलाई सुनाउँछ पनि ।

असजिलो पर्दा कुनै पनि व्यक्तिले आफ्ना आमाबाबुलाई सम्झेर **आमा** वा **बा** भनेझैं यसका भक्तहरू दुःखकष्टका क्षणमा **हे मस्टा, हे कुलदेवता, हे माटी, हे ईश्वर, हे मालिक, हे भगवान्** भनेर यसलाई सम्बोधन गर्दै अप्ठेराबाट मुक्त गराइदिन अनुरोध गर्दछन् । यसको अस्तित्व छ छैन, यसप्रतिको विश्वास आधारभूत हो होइन, यसको शक्तिसामर्थ्य मानेजस्तो छ छैन, त्यो भिन्नै प्रश्न हो । यसप्रति अटल आस्था जनाएर सङ्कटहरण गर्ने सजिलो उपायको खोजीका क्रममा यसको अस्तित्व मात्र होइन प्रत्यक्ष उपस्थितिको अनुभव स्थानीय निवासी गर्दछन् । धामीमा अवतरण भई साक्षात्कार हुने र दर्शनसमेत पाइने कारणबाट यसप्रतिको विश्वास झनै प्रगाढ बनेको हो । शुभकर्ता अशुभहर्तालाई आँखाअघि देख्यो भने भक्तिशील बन्नु स्वभाविकै हो ।

कसैले अन्याय गरे, रोग लागे, काममा बाधा परे, सामान, चोरिए, शत्रु लागे, गाईबस्तु मरे, माहामारी फैलिए, हिंस्रक जन्तुले दुःख दिए, भोकमरी भए, दैवीप्रकोपका घटना घटे वा कुनै पनि सङ्कट आइलागे मुक्तिको सजिलो बाटो मस्टापूजन मानिन्छ । भिन्न देवतालाई कुलका स्वामी मान्नेहरूले मूलतः आफ्ना कुलदेवतालाई सम्झे पुजे पनि यस्तो समयमा मस्टालाई पनि सहयोगी शक्तिका रूपमा स्वीकार्दछन् र पुज्दछन् ।

दुःखमा पुकारेझैं सुखमा पनि यसलाई सम्झने गरिन्छ । नयाँ अन्न, नयाँ फल, खास अवसरमा पकाइने मिष्ठान्न, विशेष भोज्य वस्तु, पहिलो टीका, पहिलो जमरा र पहिलो पूजा यसलाई चढाएपछि मात्र यसका उपासकहरू तत्तत् वस्तु आफू भोग गर्दछन् । सन्तानजन्म, छैटी, न्वारन, पास्नी, चूडाकरण, अक्षरारम्भ व्रतबन्ध, विवाह, चाडबाडका पूजा,

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सत्यनारायण कथा, रुद्रि, चण्डी, सप्ताह, नवाह, रामायणलगायतका संस्कार एवम् अनुष्ठानमा यसलाई आमन्त्रण गर्ने र पुज्ने गरिन्छ । उपर्युक्त आयोजनहरूमध्ये चोखो मानिने अनुष्ठानमा मस्टाको धामी, भण्डारी र पुजारीका साथै अन्य प्रमुख कार्यकर्ताहरूलाई निमन्त्रण दिई विशेष स्वागतसत्कार गरिन्छ । दुलही भित्र्याउँदा धामीले कामेर दुलहादुलहीलाई गृहप्रवेश गराउँछ । यसैगरी घरको शिलान्यासमा वास्तुपूजा गर्दा र नवनिर्मित भवनमा विधिपूर्वक गृहप्रवेश गर्दा पनि पूजापाठका परम्परागत पद्धतिको अवलम्बन गरिन्छ र सो अवसरमा धामी कामेर आशीर्वाद दिनाका साथै परिवारका सबै सदस्यलाई गृहप्रवेश गराउँछ । अझ ठाउँ, माटो र मुहूर्त अनुकूल नभए वा नजुरे शिलान्यास नगर्न र सो समयमा गृहप्रवेश नगर्न पनि धामीले कामेर सल्लाह दिन्छ ।

दुःखका घडीमा यसले नपुकारे पनि साथ दिन्छ तर सुखमा चाहिँ यसलाई भित्री मनबाट सम्झेकै हुनु पर्दछ । सुखद क्षणमा नसम्झे, यसका कार्यकर्तालाई नबोलाए, गर्नुपर्ने पूजाआजा नगरे यो रिसाउँछ र कुनै नकुनै प्रकारको हानिनोक्सानी पुऱ्याउँछ । सुखका बेला पुज्दा, मान्दा, कार्यकर्ताहरूको स्वागत गर्दा यो प्रसन्न हुन्छ र मनोकामना पूर्ण गराउँछ । त्यसैले दुःखमा साथ दिनेमात्र नभएर सुखमा साथ खोज्ने देवता पनि यो देखिन्छ ।

१.१०.४ न्यायदान र अनिष्टहरण

पाप गरेर प्रायश्चितस्वरूप पूजा गर्दैमा माफी दिने देवता यो होइन । चोखो मनले गरेको सामान्य सम्झनालाई यसले महत्त्व दिन्छ, तर मुखमा रामराम बगलीमा छुरा भावले गरिएको पूजा यसका लागि ग्राह्य हुँदैन । जतिसुकै पूजापाठ गर्ने, मान्ने र आवश्यकतानुसार सम्झने उपासक भए पनि बानीव्यवहारमा दुष्ट्याइँ छ भने यसले सजाय दिएरै छोड्छ । साथै आफूलाई नमान्ने तर व्यवहार चोखो छ भने बाहिरी व्यक्ति भए पनि यसले स्नेह गर्दछ, न्याय दिन्छ र बचाउँछ । सत्कार्य र न्याय यसका निम्ति प्रेय र श्रेय हुन्छ ।

प्राचीन राजारजौटाका शासनकालमा न्याय दिने काममा यसले प्रत्यक्षरूपमा हात हाल्दथ्यो भनिन्छ । त्यस बखत धामीमा अवतरण भएपछि पक्ष विपक्षका कुरा सुनेर न्यायीलाई न्याय र अन्यायीलाई सजाय दिने काम यसले गर्दथ्यो । कतिसम्म भने अन्यायीलाई कोर्रा हान्ने, चुट्ने, हतकडी र नेल लगाउने, अपराधअनुसारको दण्ड दिने काममा संलग्नता हुने भएकोले यसको भण्डारमा तरवार, भाला, खुकुरी, कोर्रा, हतकडी, नेल र सिक्री तत्कालीन उपासकहरूले चढाउने गरेका हुन् भनिन्छ । अझै पनि अर्कालाई हानि पुऱ्याउने, चोरी गर्ने, लुटपाट मच्चाउने र ज्यानमार्ने व्यक्तिलाई आँखा देख्न नसक्ने, अङ्गभङ्ग गर्ने, सार्वजनिक रूपमा माफी माग्न लगाउने र अपराध

l Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

स्वीकार गराउने कार्य यसवाट हुन्छ भन्ने विश्वास गरिन्छ। कसैले जानीजानी गरेको अपराधका कारण अन्यायमा परेको व्यक्तिले मनमनै यसको पुकारा गरी न्यायका लागि अनुरोध गरेमा अपराधीले दण्ड पाउँछ र अन्यायमा परेको व्यक्तिले न्याय पाउँछ भनिन्छ । धामी, भण्डारी, पुजारीजस्ता यसका मुख्य उपासकहरूका घरवाट चोरी गर्ने व्यक्तिले चोरिएको वस्तु फिर्ता नगरेसम्म रोगी हुनुपर्ने, आँखाको क्षमता गुमाउनुपर्ने वा सार्वजनिक रूपमा गल्ती स्वीकार गर्ने अवस्था भोग्नु पर्ने कुरा पनि सुन्नमा आउँछ । यस प्रकारका कार्यमा दुग्धाहारीभन्दा रक्तवलिभोगी मस्टा अधिक कठोर भएको मानिन्छ ।

यसलाई न्याय दिने र अन्यायअत्याचारको नाश गर्ने देवता भनिन्छ । **जाँ गुण्ठा वाँ ण्याँ** अर्थात् जहाँ मस्टा हुन्छन् त्यहाँ न्याय हुन्छ भन्ने उखान यिनै कारणले विवेच्य क्षेत्रमा चलेको हुनु पर्दछ । यसले गर्ने अनिष्टहरणका वारेमा यसअघिका विविध प्रसङ्गमा निकै चर्चा गरिसकिएको छ । सम्वन्धित क्षेत्र, उपासकहरू र अन्य प्राणीको हितलाई यसले विशेप प्राथमिकता दिन्छ । कुनै पनि किसिमका डर, त्रास, आतङ्क, हत्या, हिंसा र अत्याचावाट मुक्त गरी आफ्नो प्रभाव क्षेत्रका व्यक्तिव्यक्तिलाई शान्त, संयमित, सहनशील र सहयोगी वनाउनमा यसको ठूलो हात रहने कुरामा विश्वास गरिन्छ । कतिसम्म भने खेती नै सखाप पार्ने आँधीहुरी वा असिना आउँदा जहाँको तहीं स्थिर गरेर आफ्ना प्रभाव क्षेत्रमा त्यसको प्रकोप पर्न नदिने काम यसले गर्दछ भनिन्छ ।

कुनै रोगव्याधि वा महामारी फैलँदा निवारणका निम्ति सार्वजनिक रूपमा यसका धामीलाई काम्न लगाएर यथोचित उपचार गर्न आग्रह गरे सो धामीले कामेर सवैतिर अक्षता छर्दै फाकफुक पारी स्थिति साम्य पारेको कुरा यसलाई मान्नेहरू वताउँछन् । कसैलाई कुनै रोगव्याधि, भूतप्रेत, दैवीप्रकोप, भवितव्य वा अपर्झट सङ्कटका कारण मरणासन्न अवस्थाको आपद् आइलाग्यो र मर्कामा परेका निज व्यक्तिले मस्टाको स्मरण गरेर अनिष्टनाशको कामना गऱ्यो भने उपस्थित जुनसुकै व्यक्तिमा अवतार लिई यसले झारफुकद्वारा निको पार्दछ भन्ने पनि जनश्रुति छ । दुःख र पीडाका कष्टदायी क्षणवाट मुक्ति दिलाउनमा यसको प्रमुख हात रहने हुनाले सुखका घडीमा सर्वप्रथम यसलाई नै सम्झने र अभिभावकका रूपमा सम्मान दिने चलन विवेच्य क्षेत्रमा चलेको वुझिन्छ ।

१.१०.५ आस्थाप्रतिको समर्पण

आडम्वर, देखावटीपना र ढोंग यसलाई मन पर्दैन । यो जवर्जस्ती कुनै काम गराउन चाहँदैन । सच्चा दिलले अर्पण गरेको तुच्छ वस्तु पनि यसलाई प्यारो लाग्दछ । मन नपराएर, चित्त दुखाएर वा लापर्वाहीका साथ भेट गरिएको वस्तु जतिसुकै मूल्यवान् भए पनि त्यसलाई यो तुच्छ सम्झन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यसको वार्षिक पूजा वा जाँतका अवसरमा उपासकका घरघरबाट दूध, दही, अक्षता, दाल, नुन, खुर्सानी, घ्यूलगायतका खाद्य र चन्दन, केसरी, अवीर, धूप, दीप, नैवद्यजस्ता पूजनसामग्री जम्मा गरिन्छ । आआफ्नो श्रद्धासाथ जसले जे दिए पनि यो स्वीकार गर्दछ तर यसको पूजालाई झन्झट ठानेर भार अनुभव गरे, महत्त्व नदिएर नकेलाएका, काटिएका वा बियाँ भएका चामल, अपवित्र वा जुठो दूध, दही, घ्यू र त्यस्तै अन्य सामग्री दिइयो भने सो सामग्री सङ्कलन गर्ने व्यक्ति कामेर त्यस्तो वस्तुलाई मिल्काइदिन्छ, फालिदिन्छ, स्वीकार गर्दैन ।

यसैगरी यसको पूजामा इच्छानुसार चढाइने भाँडाकुँडा, घण्ट, त्रिशूल, दियो, वस्त्रलगायतका वस्तुहरू चोरेको, लुटेको, ठगेको वा अर्कालाई हानि पुऱ्याई आर्जन गरिएको भएमा पनि सङ्कलन गर्ने व्यक्ति वा अन्य कुनै पनि कार्यकर्ता कामेर फालिदिन्छ, ग्रहण गर्दैन । यसलाई प्रत्येक उपासकको आर्थिक अवस्था थाहा हुन्छ । सावगासभन्दा बाहिर गएर उपहार वा भेटका सामग्री दिएको पनि यसले मन पराउँदैन । वस्तु, वस्तुको मूल्य र उपहारका विविधतालाई महत्त्व नदिएर उपासकको हृदय कति चोखो छ, कतिको भक्तिभाव छ र कति ज्यादा अपनत्वका साथ अर्घ्य वस्तु पेस गरिएको छ यसले त्यो हेर्दछ ।

स्तुति भक्तिलाई भन्दा नाचगान तथा नयाँ वस्त्र प्रदर्शनलाई प्राथमिकता दिई यसको जाँतमा जाने उत्ताउला, पाखण्डी र अल्लारेलाई यसले मन पराउँदैन । जाँतको पवित्र वातावरणलाई बिटुलो वा दूषित बनाउन खोज्ने त्यस्ता व्यक्तिलाई यसले मूर्च्छित तुल्याई अररो पारिदिन्छ, वाकवाकी लगाएर अशक्त बनाइदिन्छ र सम्भाव्य व्यवधान हटाउन सहयोग गर्दछ भनिन्छ । **भावे हि विद्यते देवो नपाषाणे नमृण्मये** अर्थात् देवता भावनाका गहिराइमा बस्दछन् न कि ढुङ्गा र माटोमा भनेझैं भावनामा बस्न रुचाउने यो देवता पनि भावनाकै गहिराइबाट उत्पन्न हुने श्रद्धाभक्तिमा प्रसन्न हुन्छ । जति ज्यादा आस्था राखेर यसको ध्यान, स्तवन, नमन गरियो त्यति नै दाहिना भएर उपासकप्रेमी यो बन्दछ । यसलाई आफ्नो पक्षमा ल्याउने सजिलो उपाय यही हो ।

१.१०.६ असत्यपन र क्रोध

मासिक धर्म, जुठो, सुत्केरोजस्ता छुवाछूतबाट हुने दोषहरूप्रति यो ज्यादै चनाखो हुन्छ र त्यसको निकै परहेज गर्दछ । त्यस्तो छुवाछूत भएमा सम्बन्धित कार्यकर्ता कामेर बलेका कोइलासहितको खरानी आफ्नो शिरमा हाल्ने, आफैलाई धिक्कार्ने, कुटपिट गर्ने र चिथोर्ने गर्दछन् । सुनपानी स्नान गराएर गहुँतगोबर सेवन नगराएसम्म यसरी छटपटिने क्रम रोकिँदैन ।

Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चोरी डकैती गर्ने, माडौँ, भण्डार वा पातीहाल्ला क्षेत्रमा दिसापिसाब गरी क्षति पुऱ्याउने, नराम्रो वा अशुद्ध पूजनसामग्री दिने, अरूलाई कष्ट पुऱ्याई आपराधिक कार्य गर्ने र सामाजिक अनुशासनमा बाधा पुऱ्याउने जनुसकै व्यक्तिलाई यसले दण्ड दिन्छ, माफ गर्दैन । आफ्नो शासनकालमा जनताको हितमा ध्यान नदिई मनपरी गर्ने बसकोटे राजाको शरीरका सम्पूर्ण हाड फुटाएको, सुवाकोटे राजालाई छियाछिया पारी काटेको, अस्कोटे राजालाई पछारेको, नुवाकोटे राजालाई उत्तरतिर लखेटेको र तलकोटे राजाको जिब्रो झिकी मारेको किंवदन्ती यसको असहनशीलता र क्रोधको उदाहरणका साथ सुनाउने गरिन्छ ।

यो रिसाएमा यसले आँधीबेहोरी निम्त्याउने, बाघभालु वनेर मनुष्य र पशुको नाश गर्ने, सलह, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो र भुइँचालो ल्याई खेती तथा जीवनपद्धति समाप्त गर्ने, महामारी फैलाउने, लुतोखटिराको प्रकोप व्याप्त गर्ने र अनेकथरी अनिष्ट ल्याउने काम गर्दछ भनिन्छ । त्यसैले प्रत्येक कार्यमा यसको सरसल्लाह लिने, यसलाई सम्झने र आराधना गर्ने चलन छ । यसरी क्रोध प्रकट गर्नमा दुग्धाहारीभन्दा रक्तावलिभोगी यसको भेद अधिक अग्रसर भएको देखिन्छ । असहनशीलता पनि सोही भेदले बढीमात्रामा देखाउँछ ।

मान्नुपर्ने अवसरमा नमाने नसम्झे, कुनै विशिष्ट उपासक वा धामी, भण्डारी, पुजारी, पोखले, देउकी, देएका, देउचेलीमध्ये कसैलाई कुटपिट गरी सास्ती दिएमा पनि यो रिसाउँछ र अपराधीलाई दिनसम्मको कष्ट दिन्छ । त्यस्तो स्थितिमा ज्यान लिने, अङ्गभङ्ग गर्ने र सामाजिक अपमान हुने गरी डाँटफट्कार गर्ने काम आफ्ना धामीमा अवतरण भएर यसले गर्दछ । भक्तवत्सल हुँदाहुँदै पनि सुशासनमा हिंड्नहिंडाउन खोज्दा कठोरतम बन्नसक्ने र गलत बाटो अपनाउने आफ्ना वा बिराना जुनसुकैलाई नियन्त्रणमा राख्नका निमित्त कडा निर्णय लिने असहनशील र क्रोधी देवता पनि यो देखिन्छ ।

१.१०.७ असाधारण क्षमता र असामान्य कार्य

मस्टाले दिने संरक्षणप्रतिको विश्वास र प्रत्यक्षरूपमा देखिने यसको असाधारण क्षमता एवम् यसले गर्दै आएका असामान्य कार्यबाट प्रभावित भएकै कारण उपासकहरू बढ्नाका साथै यसको महत्त्वले उँचाइ लिएको बुझिन्छ । यसका रक्तवलिभोगी भेदका धामीले कामेर लामो दाँत निकाली टोकेर चौसठ्ठीवटा बोका काट्नु, काटिएको बोकालाई हिंडाउनु यसले गर्ने आश्चर्यजनक कार्य मानिन्छ । दाँतले टोकेर बोका काट्ने काम खुलारूपमा नगरी पर्दाभित्र रहेर गरिन्छ तापनि सो कार्यमा संलग्न पुजारी तथा भण्डारीका अनुसार धामीद्वारा दाँतले नै बोका काट्ने काम गरिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कुनै पनि ठाउँमा चौसट्ठीभन्दा बढी बोका यसले बलिका लागि ग्रहण गर्दैन । त्यसरी बढी भएका बोकाहरू बलि चढाउने व्यक्तिले घर फर्काएर लैजान पनि हुँदैन । तिनलाई जङ्गलमा छाडिन्छ र वर्ष दिनसम्म छाडा गरिन्छ । त्यसरी छाडिएका बोकालाई बाघले खाँदैन भनिन्छ । अझ अर्को वर्षको जाँतमा सम्वन्धित थानमा ती बोकाहरू स्वयम् उपस्थिति भई बलिका लागि प्रस्तुत हुन्छन् भनिन्छ । पहिलो वर्ष बढी भएका बोकाहरू अर्को वर्षको जाँतमा बलिका निम्ति पहिलो प्राथमिकतामा पर्दछन् ।

यसको जाँत पर्वमा निश्चित समयमा बाजा बजाउने ढोलीले अवेर गरेमा दमाहा र ट्याम्को लगायतका बाजाहरू परम्परागत धूनमा आफै बज्दछन र निश्चित मुहूर्तमा धामी, भण्डारी वा पुजारी निर्धारित ठाउँमा नआइपुगेमा जहाँ छ त्यहीं कामेर विलम्व गरेकोमा धिक्कार्दै आफूलाई चिथोर्ने पिट्ने गर्दछन् भनिन्छ । जाँतको अवसर ज्यादै संवेदनशील मानिने हुँदा यसका प्रमुख कार्यकर्ताहरू सामान्यतः जागरुक नै हुन्छन् तापनि कार्यवश ढिलासुस्ती भएमा जहाँको तहीं अवतरण भएर यसले दुःख दिने भएकाले सकेसम्म तिनीहरू कर्तव्यपालनमा विलम्व हुन दिँदैनन् ।

राज्यको अवस्था, खेतीपातीको स्थिति, बजारभाउ, ठण्डीगर्मी, वर्षा, परदेशीको कुशलक्षेम, रोगव्याधिको प्रकोप, सामाजिक शान्ति र सुव्यवस्थाजस्ता सर्वसाधारण जनतासित सरोकार राख्ने विषयमा भविष्यवाणी गर्ने काम पनि यसले गर्दछ र आसन्न सङ्कटको सूचना यसले दिन्छ भनिन्छ । राजा महेन्द्र र वीरेन्द्रको देहवसान हुने सूचना ठाउँठाउँका यसका धामीले पहिले नै दिएका थिए भन्नेहरू निकै देखिन्छन् । यसैगरी भुइँचालो, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टिजस्ता दैवीप्रकोपका घटनाका बारेमा पनि यसले पूर्वजानकारी दिन्छ भनिन्छ ।

असाध्य रोग निको पार्नु, निसन्तानीलाई सन्तान लाभ गराउनु, परदेशमा गएका व्यक्तिको कुशलक्षेम बताउनु, मृत्युको समय भन्नु र सम्भाव्य दुर्घटनाबाट बच्न पहिले नै सचेत तुल्याउनु पनि यसका विशेषता हुन् । सपनामा आएर व्यक्तिविशेषलाई आवश्यक सरसल्लाह एवम् मार्गनिर्देशन गर्ने काम यसले गर्ने कुरा भुक्तभोगीहरू सुनाउँछन् । बल र छल दुवै प्रकारका शक्तिले सम्पन्न देवता यो मानिन्छ । यसले नङ्ग्राले पनि बोका काट्छ भनिन्छ । डोटेली राजाले थलारी राज्यमा आक्रमण गर्दा सर्प, मौरी, अरिङ्गाल र बिच्छी बनेर डोटेली राजाको पक्षबाट थलारी राजामाथि हमला गरी यसले डोटेली राज्य विस्तारमा सहयोग गरेको कुरा पनि सुन्नमा आउँछ ।

यो असन्तुष्ट भएमा बाघ, भालु वा अन्य कुनै हिंस्रक जनावर बनेर मनुष्य तथा पशुमाथि जाइलाग्दछ र पूजापाठको यथोचित उपचारद्वारा

...l Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यसलाई मनाउनु पर्दछ भन्ने पनि जनविश्वास छ । कसैले मच्चाउन नसक्ने फलामे सिक्रीको भारी पिङ यसको धामीले सजिलैसित मच्चाई आश्चर्यजनकरूपमा पिङ खेलेर देखाउने काम अछाममा गर्दछ । साथै उम्लेको घ्यू वा तेल पिउनु, प्रतप्त फलाम चाट्नु, खटप्वालबाट छिरेर माडौंको भित्तामा वारपार गर्नु, रातारात पर्खाल, सिंढी, चौतारो, जलाशय, पाटी र धर्मशाला तयार पारेर आफ्ना उपासकहरूको प्रयोगका लागि प्रदान गर्नुजस्ता असामान्य काम पनि यसले ठाउँठाउँमा गर्दैआएको कुरा यसका भक्तहरू सुनाउँछन् ।

खापडे मस्टाले खप्तडको मेलामा घोडा चढेर जमिनमा हिडेझैं दहमा तीनपल्ट वारपार गरेको दृश्य सार्वजनिकरूपमा प्रदर्शन गर्दछ, जब कि सो दह निकै गहिरो छ र बाइस हात निडालो त्यसभित्र पूरै छिर्दछ भनिन्छ । खापडे मस्टाले घोडा चढेको दृश्य देखाउने दह भएकाले खापड दहका नामले सो स्थान चर्चित बनेको छ ।

मस्टाको पुरानो धामी मरेर नयाँ धामी रोज्नुपर्ने अवस्थामा मस्टालाई आफै धामी रोज्न र उपयुक्त व्यक्तिमाथि सच्चा शक्तिसामर्थ्यका साथ अवतरण हुन अनुरोध गरिन्छ । त्यसरी रोजिने धामीले अपूर्व कम्पन प्रकट गरेर आश्चर्यजनक कार्यहरू गरेर देखाउनसक्नु पर्दछ । रातै हुने गरी तताइएको फलाम चाट्नुपर्ने, भकभकी उमालिएको घ्यू वा तेल पिउनुपर्ने, आगोको राशिमा नाच्नुपर्ने, अनकण्टार भिरबाट हाम फाल्नुपर्ने, पहाडको टुप्पोबाट हाम फाली अतल गहिराइको रहमा पौडी खेल्नुपर्ने दाँत वा नङले वोका काट्नुपर्ने, काटिएको बोका र काटिनका साथै एउटा साप्रो झिकिएको वोकालाई हिंडाउनुपर्ने, कुनै दीर्घ रोगीलाई तत्काल निको पार्नुपर्ने, पर्न लागेको वर्षा रोक्नुपर्ने र असम्भव अवस्थामा वर्षा गराउनुपर्नेजस्ता अनेकथरी अपत्यारिता घटना घटाएर देखाउनु पर्दछ । सारा उपासकहरूलाई पूर्ण विश्वास नभएसम्म नयाँ धामीले यस प्रकारका असाधारण क्षमता देखाउनु पर्दछ ।

यसरी चमत्कारी कार्यद्वारा आफ्नो असामान्य क्षमता यसले देखाउँछ र देखाउनु पर्दछ । हरवखत यस प्रकारको चमत्कार देखाइरहनु पर्दैन । विशेषतः जाँत वा खासखास पूजाको अवसर, व्यक्ति, समूह वा समाजलाई गाह्रोसाँगुरो पर्दाको अवसर र परीक्षणको अवसरमा मात्र यसले आफ्नो असामान्य कार्य तथा आश्चर्यजनक शक्ति देखाउने गर्दछ ।

१.११ मस्टाका पूजाअवसर

ठाउँअनुसार मस्टाको पूजा गर्ने तिथिमिति फरकफरक देखिन्छ । अझ यसका दुग्धाहारी र रक्तवलिभोगी भेदका आधारमा पनि पूजाअवसर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भिन्नभिन्न परेको पाइन्छ । त्यसैगरी वार्षिक, त्रैमासिक, नित्यनैमित्तिकमध्ये कुन चाहिँ पूजा हो सोबाटसमेत पूजाको प्रक्रियामा भिन्नता आएको बुझिन्छ । यी विभिन्न कारणले गर्दा यसका पूजाको अवसरको अध्ययन विशेषपूजा, वार्षिक पूजा, षाण्मासिक पूजा, त्रैमासिक पूजा, कुलायनपूजा, नित्यनैमित्तिक पूजा र अतिरिक्त पूजा गरी अलगअलग शीर्षकमा आबद्ध भई गर्नुपर्ने देखिन्छ ।

१.११.१ विशेषपूजाको अवसर

प्रत्येक १४४ वर्ष तथा १२ वर्षमा हुने जाँतलाई मस्टाको विशेष पूजा भनिन्छ । यस प्रकारको पूजा लडे र दाडे मस्टाको मात्र हुन्छ । सबैको हुँदैन । कहीँ कार्तिकशुक्ल अष्टमी कहीँ कार्तिक पूर्णिमा र कहीँ मंसिर पूर्णिमामा यो पूजा गरिन्छ । प्रतिवर्ष आयोजना गरिने जाँतकै तिथिमा यो पूजा हुन्छ । यस्तो पूजा परेको वर्षमा उपासकहरू जहाँ भए पनि सकेसम्म घर फर्कने प्रयास गर्दछन् । धामी काम्ने, धामी नाच हुने, रक्तबलि भोग गर्ने मस्टा भए बलिका लागि अधिकतम बोका प्राप्त हुने र दुग्धाहारी भए धूमधामसित हवन एवम् दूधघ्यू निवेदन गर्ने चलन छ । यस्तो अवसर ज्यादै ठूलो चाडका रूपमा लिइन्छ । लामो समयपछि यो अवसर आउने हुँदा दर्शनार्थीहरूको घुइँचो पनि निकै लागेको देखिन्छ । डोटी जिल्लाको पश्चिम चौकी गर्खामा यो पूजा विशेष उत्साहपूर्वक गरिन्छ । यसको समाप्तिपछि कुनै एक दिन प्रमुख कार्यकर्ताहरू माडौं परिसरमा जम्मा भई भोज खान्छन् ।

१.११.२ वार्षिक पूजाको अवसर

प्रत्येक वर्ष मनाइने जाँतको समयमा गरिने पूजा नै मस्टाको वार्षिक पूजा हो । यो कतै वैशाख पूर्णिमा, कतै श्रावण पूर्णिमा, कतै कार्तिक शुक्ल अष्टमी, कतै कार्तिक पूर्णिमा, कतै मङ्सिर पूर्णिमा र कतै माघ पूर्णिमामा गरिन्छ । विशेषगरी कार्तिक मङ्सिर शुक्ल अष्टमी र पूर्णिमाका दिन गरिने पूजालाई नै वार्षिक पूजाका रूपमा लिइन्छ । आआफ्ना परम्परानुसार दुग्धाहारी भए दूध, दही, घ्यू तथा हवनसामग्री निवेदन गर्ने र रक्तबलिभोगी भए सकेसम्म कालो नभए अरूनै वर्णको बोका बलिका लागि चढाई भक्तिभाव प्रकट गर्ने काम यस अवसरमा मस्टाका उपासकहरू गर्दछन् । कतैकतै वैशाख सङ्क्रान्तिका दिन पनि वार्षिक पूजा गर्ने चलन छ । यस अवसरमा कुलका स्वामी मानिने मस्टा देवतालाई पुजेर सन्तोष लिइने हुँदा प्रसन्नतास्वरूप सेल, पुरी, मालपुवा, भ्याउँको सैया, अनर्सा, फिनीजस्ता विशेष मन पराइने खाना पकाइन्छ । विवेच्य क्षेत्रमा खुसियालीको प्रतीक मानिने बावर अर्थात् सेल यस जाँतमा खासै महत्त्व दिएर पकाइने हुँदा प्रस्तुत पूजालाई बाबर्‍यै जाँत अर्थात् सेल पकाएर खुसी मनाइने जाँत पनि

l Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भनिन्छ । घर, परिवार, गाउँबस्तीका व्यक्तिहरू एक ठाउँमा भेला हुने, परदेश गएकाहरू घर फर्कने, नाचगान ठट्टारमाइलो गर्ने र परस्परमा हर्ष तथा उमङ्ग बाँड्ने मौका यस पूजाबाट प्राप्त हुने हुँदा यो चिरप्रतीक्षित हुन्छ । यसको समाप्तिपछि कुनै एक दिन प्रमुख कार्यकर्ताहरू माडौँ परिसरमा भोज खान्छन् ।

१.११.३ षाण्मासिक पूजाको अवसर

वैशाख पूर्णिमामा वार्षिक पूजा गरिए वैशाख अष्टमी वा पूर्णिमामा षाण्मासिक पूजा गर्ने चलन छ । षाण्मासिक पूजामा भोग भेदबमोजिम हवन, बलि, पूजाआजाको प्रक्रिया वार्षिक पूजाको जस्तै भए पनि रतेडी दिउँसेडी मनाउने, यथेष्ट भक्तजनको भेला हुने, नाचगान गरिने र धामीनाच्ने काम भने हुँदैन । धामी काम्ने, धामीसित पुछ्याइँ अर्थात् भविष्यवाणी सोध्ने र समस्यासमाधानका लागि अनुरोध गर्ने प्रक्रिया वार्षिक पूजाको जस्तै हुन्छ । यो नियमित पूजाकै एउटा अंश हो । पूजनसामग्री सङ्कलन प्रत्येक उपासकका घरपरिवारबाट गरे पनि यसमा संलग्न खासखास उपासक एवम् प्रमुख कार्यकर्ताहरू नै हुन्छन् । पूजा समाप्तिपछि कुनै एक दिन गरिने भोज यस अवसरमा पनि कार्यकर्ताहरू माडौँ परिसरमा गर्दछन् ।

१.११.४ त्रैमासिक पूजाको अवसर

वार्षिक वा षाण्मासिक तिथिको ठीक तीन महिनापछिको तिथिलाई नै आधार मानेर यसको त्रैमासिक पूजा हुन पनि सक्तछ र नहुन पनि सक्तछ । कुनैकुनै ठाउँमा तीन महिने तिथिलाई नमानेर चार महिने तिथिलाई त्रैमासिक पूजाको अवसर बनाइएको पनि पाइन्छ । त्यसैले जेठ, श्रावण, भाद्र, मङ्सिर र माघ महिनाका शुक्ल अष्टमी र पूर्णिमाका दिन यसको त्रैमासिक पूजाको तिथि मानिएको देखिन्छ । खप्तडको खापडे मस्टा ज्येष्ठ शुक्ल दशमीका दिन पुजिन्छ भने कहींकहीं आश्विन र चैत्र नवरात्रिका अष्टमी तिथिमा रक्तबलिभोगी मस्टालाई बोका चढाई त्रैमासिक पूजा गर्ने चलन छ । यस पूजाका कार्यक्रम षाण्मासिक पूजाका जस्तै हुन्छन् । गाथको पूजा गर्ने, धामी काम्ने, पुछ्याइँ गर्ने, पूजासमाप्तिपछि कुनै एक दिन माडौँपरिसरमा प्रमुख कार्यकर्ताहरूले भोज खानेजस्ता कार्यक्रम यस अवसरमा हुन्छन् तर धामीले घाई नाच्ने, रतेडी दिउँसेडी मनाउने, समस्त उपासकहरू भेला भई नाचगान गर्ने कार्य भने हुँदैन । यो पनि नियमित पूजाअन्तर्गत पर्ने अवसर हो ।

१.११.५ कुलायनपूजाको अवसर

विशेषदेखि त्रैमासिक सम्मका पूजा कुलदेवताको मान्यताका साथै क्षेत्रपाल र आराध्य देवताका रूपमा स्वीकारेर गरिने पूजा हुन् भने कुलायन पूजा चाहिँ कुलका स्वामी, कुलसंरक्षक, कुलाधिपति एवम् कुलदेवताको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मान्यतामा केन्द्रित भएर गरिने पूजा हो । यसमा कुलदेवता मान्ने र त्यस्तो परिवारसित वैवाहिक सम्बन्ध राखेका व्यक्तिहरूमात्र संलग्न हुन्छन् । यसलाई देवाली पनि भनिन्छ । यस पूजालाई पनि बाबरूये जाँत अर्थात् सेल पकाएर खुसी मनाइने जाँत भन्ने चलन छ ।

यो पूजा आश्विन र चैत्र नवरात्रिको अष्टमी, कार्तिक शुक्ल अष्टमी पूर्णिमा, मङ्सिर पूर्णिमामध्ये निश्चित कुनै एक दिन गरिन्छ । ठाउँअनुसार उपर्युक्त फरकफरक तिथिमा यो पूजा गरिने हुँदा यहाँ यतिका तिथिको उल्लेख गरिएको हो । यो पूजा यीमध्ये कुनै एक निश्चित तिथिमा गर्ने चलन छ । रक्तवलिभोगी भए बोका र दुग्धाहारी भए हवन, फलफूल, दूध, दही, घ्यू निवेदन गरी मस्टालाई कुलदेवता मान्नेहरू आआफ्ना गाउँठाउँका मस्टामाडौंमा जम्मा भई पूजा गर्दछन् । आफन्तहरू भेट्ने, पारिवारिक जमघट गर्ने र एउटै कुलका सन्ततिको सान्निध्य जुटाउने कार्यमा यस पूजाले महत्त्वपूर्ण भूमिका निभाउँछ । यस्तो पूजामा फाग गाएर कुलदेवतालाई स्तुतिभक्ति गर्ने चलन पनि छ ।

१.११.६ नित्यनैमित्तिक पूजाको अवसर

यसको माडौं र भण्डारमा नित्य पूजा हुँदैन । उपासकहरूले आआफ्ना घरका पूजाकोठा वा आँगनका कुनै भागमा स्थापना गरेका यसका प्रतीकहरूमा दैनन्दिन कर्मका साथ पूजा गर्नु भिन्नै कुरा हो । धामी, भण्डारी र पुजारीको उपस्थितिमा माडौंमा जसरी विशेष वार्षिक, षाण्मासिक र त्रैमासिक पूजा गरिन्छ त्यसरी नित्यपूजा गरिंदैन ।

यसको नैमित्तिक पूजा पनि निश्चित व्यक्तिविशेष र मुहूर्तविशेषमा उपासकहरूको सक्रियतामा हुन्छ । यसका मुख्य कार्यकर्ताहरूको अग्रसरतामा त्रैमासिक पूजा हुँदैन । त्यस अवसरमा यसका मुख्य कार्यकर्ताहरूलाई आमन्त्रण गरी स्वागतसत्कार गर्नु भिन्नै कुरा हो । कसैले छोरा वा छोरीको विवाह गर्न लाग्यो, छोराको पास्नी, चूडाकर्म, व्रतवन्ध गर्न लाग्यो, लामो प्रतीक्षापछि सन्तानप्राप्ति भयो, विशेष सफलता प्राप्त भयो, दीर्घरोग निको भयो, हराएको वहुमूल्य वस्तु फेला पर्‍यो, वेपत्ता भएको पारिवारिक सदस्य घर फर्क्यो वा प्रसन्नता प्राप्त हुने अवसर मिल्यो भने सावगासवमोजिम बन्धुबान्धव, इष्टमित्र, छरछिमेकी र जानपहिचानका व्यक्तिहरूलाई निमन्त्रण गरेर भोजभतेर गरी यसको पूजाको आयोजना गरिन्छ । साथै पूर्वाङ्गपूजनका क्रममा गणेश, कलश, दीप, नवग्रह, षोडश मातृका, इष्ट देवता र कुलदेवताको पूजा गर्ने चलनमुताविक यसलाई कुलदेवता मान्नेहरूले अनिवार्यरूपमा यसको पूजा गर्दछन् । त्यस प्रकारको पूजालाई पनि त्रैमासिक पूजा भन्न सकिन्छ । अझ नवगृहप्रवेश, नयाँ अन्न चाख्ने, मिस्टान्न तयार

l Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पार्नेजस्ता अवसरमा यसको पूजा गर्ने तथा यसलाई चढाएरमात्र आफू सेवन गर्ने चलनलाई अर्चना मान्ने हो भने त्यस अर्चनालाई पनि त्रैमासिक पूजा भन्न सकिन्छ । जाँतको जस्तो पूजा, धामीनाच, देउरोनाच, पुछाइँ, रतेडी, दिउँसेडी भने त्रैमासिक पूजामा हुँदैन ।

१.११.७ अतिरिक्तपूजाको अवसर

कुनै व्यक्ति, परिवार, समूह, समुदाय र सिङ्गो समाजले गाउँबस्तीका कुनै भागमा वा मस्टाको माडौं थान अथवा भण्डारमा सत्यनारायणको कथा, रामायण, रुद्रि, चण्डी, गायत्री, पाञ्चायनपूजा, देवीसाधना, सप्ताह, नवाह वा कुनै विशेष धार्मिक अनुष्ठानको आयोजना गरेमा नियमानुसारका पूर्वाङ्गपूजाका साथै अतिरिक्तरूपमा हुने मस्टाको पूजालाई अतिरिक्त पूजा भन्न सकिन्छ । यस प्रकारको पूजन त्रैमासिक पूजामै पर्दछ, तापनि यसलाई नैमित्तिकभन्दा अतिरिक्त पूजा भन्नु वढी उपयुक्त हुन्छ । यस्तो अनुष्ठानका लागि विभिन्न दृष्टिले जुरेको मुहूर्त हेरिन्छ र पूजाको आयोजना गरिन्छ । मस्टाको माडौ क्षेत्रमै यो आयोजित भएमा अन्य क्षेत्रका अपेक्षा मस्टासितको सम्बन्ध गाढा हुने नै भयो । त्यस्तो स्थितिमा अतिरिक्त रूपमा मस्टालाई हवन र पूजा निवेदन गर्ने काम हुन्छ । सो अवसरमा पूजाग्रहण र आशीर्वाद दिनका लागि खास महत्त्व दिएर आमन्त्रण गरिएको मस्टाको धामी काम्दछ, तर घाईमा नाच्ने, देउरो नचाउने, रतेडी दिउँसेडी मनाउने, पुछाइँ सोध्ने काम भने हुँदैन । साथै भण्डारी, पुजारी, पोखले, देउकी, देउचेला, देउचेलीहरू पनि यस्ता अनुष्ठानमा आमन्त्रित हुन्छन्, तर जाँतको जस्तो कर्तव्यपालन तिनीहरूले गर्नु पर्दैन । तिनीहरू विशेष पाहुनाका रूपमा उपस्थित हुन्छन् ।

विशेष, वार्षिक, षाण्मासिक र त्रैमासिक पूजा र यस पूजामा आधारभूत भिन्नता पाइन्छ । उपर्युक्त पूजाहरू परम्परागत अनिवार्य चलनमा पर्दछन् भने यो चाहिं सन्दर्भ मिलाएर अतिरिक्तरूपमा गरिने पूजा हो । यसको तिथिमिति पनि निश्चित हुँदैन । यो नगरेर देवता रिसाउँदैन, जब कि अनिवार्य पूजा नगर्दा अनेकौं सङ्कष्ट आउँछन् भनिन्छ ।

१.१२ मस्टाको पूजा र प्रसाद

जाँतका अवसरको पूजा नै मस्टाको खास पूजा हो । माडौंमा गरिने हवन तथा अन्य धार्मिक अनुष्ठानका क्रममा हुने पूजालाई यसको पूजा होइन भन्न त मिल्दैन, तर पनि त्यस्तो पूजालाई मूल पूजा भन्न सकिँदैन । अझ कुनै व्यक्ति वा परिवारले चढाउने छुट्टै पूजा, वलि, हवन र अन्य पाठ मस्टाको माडौंमा गर्दा यस देवताको आशीर्वादबाट प्राप्त विशेष उपलब्धिका लागि कृतज्ञताज्ञापन गरेको भए पनि त्यसलाई समेत यसको मूलभूत पूजा भन्न सकिँदैन । साथै षाण्मासिक, त्रैमासिक पर्वका अवसरमा गरिने पूजा पनि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यसको प्रमुख पूजा होइन । परम्परागत सम्पूर्ण चालचलनको अवलम्बनका साथ गरिने पूजा पनि यसको प्रमुख पूजा होइन । परम्परागत सम्पूर्ण चालचलनको अवलम्बन गरी न्युँती लगाएर, देउरो व्युँभाएर, देउरो लगेर, माडौँका मूलथानको गाथको पूजा पूर्ण विधिपूर्वक गरेर, दर्शनार्थी भक्तजनलाई अभिषेक गरेर, पुजारीले पूर्ण नियमको पालना गरी अर्च्य वस्तुप्रस्तुतिका साथ पूजा गरेर, रतेडी दिउँसेडी मनाएर, धामी कामेर, धामी नाच तथा पुछ्याइँ गरेर, देउरो नचाएर, चौलो खेलाएर, फाग गाएर, देउरो भण्डारमा ल्याएर, गौदान गरेर, देउरो भण्डारभित्र थन्क्याएर, पत्युँ पखालेर, समस्त कार्यकर्ताद्वारा गरिने जिम्मेवारीका काम गराएर निश्चित तिथिमितिमा गरिने वार्षिक, १२ वर्षे र १४४ वर्षे पूजालाई नै यसको प्रमुख पूजा भनिन्छ । यसबाहेकका अन्य सबै प्रकारका पूजाहरू सहायक र अतिरिक्त पूजा हुन् ।

मस्टा भन्नासाथ नामका दृष्टिले एउटै देवता देखिए पनि पूजाको विधान तथा भोग लाग्ने वस्तुको भिन्नता हेर्दा अनेकौं प्रकारको देखिन्छ । कुनै मस्टाले हविष्य भोग गर्दछ भने कुनैले रक्तवलि ग्रहण गर्दछ । हविष्य भोग गर्नेले रक्तवलिलाई टाढैबाट अस्वीकार गर्दछ । रक्तवलि भोग गर्नेले हविष्यका प्रक्रियामा त्यति रुचि देखाउँदैन । एक ठाउँमा एउटा नामको शाखा मानिनेले हविष्य वा सात्त्विक पूजा लिन्छ भने अर्को ठाउँमा त्यही नाममा चर्चित भएर पनि रक्तवलि लिने गर्दछ । भारतीय भूभागका अधिकांश गणेश देवताले सात्त्विक भोग र काठमाडौं उपत्यकाका अधिकांश गणेश देवताले कुखुरा तथा हाँसका अण्डा एवम् रक्तवलिपर्यन्त ग्रहण गरेझैं यहाँका मस्टा देवताको पूजा पनि भिन्नभिन्न विधि पद्धतिमा आधारित देखिन्छ ।

यो वलिभोग गर्ने देवता होइन तापनि दुर्गा भवानीको सैनिक वा सेवक भएका नाताले आराध्य शक्तिले वलि ग्रहण गर्ने क्रममा यसले अस्वीकार नगरेको मात्र हो भन्नेहरू निकै देखिन्छन् । ब्राह्मण, क्षत्रिय र शूद्रवर्गका पुजारी भएका मस्टाले हविष्य भोग गर्दैन नै भने हुन्छ । त्यस्ता मस्टाले प्रायः वलि नै लिने गर्दछन् । त्यसमा पनि शूद्रवर्गका भनिने व्यक्ति पुजारी भएमा सोही वर्गका व्यक्ति उपासक हुन्छन् र त्यस्तो मस्टाले हविष्य भोग नगरेर वलि नै भोग्ने गर्दछ ।

यसको पूजा र प्रसाद विविधतामय हुने भएकाले त्यसको कारणका रूपमा रहेको यसका भेदका विषयमा प्रकाश पार्नु आवश्यक हुन्छ । त्यसैले यहाँ भिन्न मस्टाका भिन्न भोग, भोगभेद अनुसारका पूजा, पूजाका विशेष चलन, प्रसादका प्रकार एवम् प्रसादवितरण प्रकिया शीर्षक छुट्याएर प्राप्त विवरण प्रस्तुत गरिएको छ । सामान्यरूपमा हेर्दा धूमधामसित पूजा गरिएको देखिने दृश्यलाई सहायक वा अतिरिक्त पूजा भन्नु र पूजाभन्दा पनि नाचगान,

l Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ठट्टारमाइलो र भिडभाड भएको दृश्यलाई मूलभूत पूजा भन्नु यसका परम्पराको छुट्टै विशेषता देखिन्छ ।

१.१२.१ भिन्नभिन्न मस्टाका भिन्नभिन्न भोग

मूलतः यसका चारवटा भेद प्रचलित छन् । ती भेदहरू हुन्- दूधे मस्टा, लडे मस्टा, दाडे मस्टा र खापडे मस्टा । यिनीहरूभित्र पनि अनेकौं उपभेदहरू पाइन्छन् । यी प्रमुख चारथरी मस्टाहरू जहाँजहाँ बसेका छन् र जहाँजहाँ यिनको उत्पति भएको मानिन्छ, तीती ठाउँको नामबाट यिनको एउटै भेद पनि अनेक भेदमा परिणत भएको बुझिन्छ । प्रत्येक मस्टाका भेद वा भाइहरू भएको विश्वास गरिन्छ । वास्तवमा ती भिन्नभिन्न मस्टा वा भिन्नभिन्न भाइ नभएर एउटै प्रमुख मस्टाका स्थानभेद हुन् ।

यसका मुख्य भेद दुई प्रकारका मात्र देखिन्छन्- शाकाहारी र मांसाहारी । दूधे मस्टा यसको शाकाहारी स्वरूप हो भने लडे, दाडे र खापडे चाहिँ मांसाहारी भेद हुन् । कहींकहीं लडेका केही भेदहरू पनि शाकाहारी देखिन्छन् । शाकाहारी वा मांसाहारी जे भए पनि यसका धामीले ज्यादै चोखो भएर बस्नु पर्दछ । छुवाछूतको ज्यादै परहेज, स्वपाकी नियम, श्वेत वस्त्र, शिरमा सेतै कपडाको पगरी, नित्य स्नान यसका धामीले अपनाउनु पर्ने अनिवार्य नियम हुन् । यसका धामीले साख्खै आमावावुको मृत्युमा पनि किरिया बस्नु हुँदैन, यद्यपि निजलाई जुठो त लाग्दछ नै । साथै निजले कसैको पनि मलामी भएर जानु हुँदैन, जुठो सुत्केरोको ठाउँमा जानु हुँदैन र चोखोनितीको साहृै ख्याल गर्नु पर्दछ । कुनै धार्मिक अनुष्ठान, बिहे, व्रतबन्धजस्ता संस्कारमा निजलाई आमन्त्रण गरेर ख्वाउनु परेका खण्डमा ज्यादै चोखो मानिने पक्वान्नको व्यवस्था गर्नु पर्दछ ।

१.१२.१.१ दूधे मस्टा

यसका सबै रूपहरू प्रस्तुत क्षेत्रमै उत्पन्न भएका हुन् । यो केदार, काफली, गन्याप, घण्टेश्वर, सिकासजस्ता सिद्धपीठको अधीनमा रहने देवता हो र यसको उत्पति गन्यापको शिखरमा भएको हो भन्ने जनश्रुति छ । यो विशुद्ध शाकाहारी देवता हो । यसलाई भगवान् शङ्कर र गणेशजीको गणका रूपमा लिइन्छ । दुग्धाहार पाए यो प्रसन्न हुन्छ भनिन्छ । यसको वर्ण पनि सेतो हुन्छ भनिन्छ । यसको धामी काम्दा गोरो वर्णको अनुहार हुन्छ भन्ने विश्वास गरिन्छ । यसका उपासकहरूले यसको जाँत पर्वमा मांसाहार गर्नु हुँदैन भनिन्छ । यसको माडौँमा जाँतबाहेकका अन्य अवसरमा सप्ताह, नवाह, रामायण, रुद्रि, चण्डी, हवनादि धार्मिक अनुष्ठानको आयोजना गर्ने चलन छ । जाँतमा पनि यस प्रकारका अनुष्ठान स्वीकार्य हुन्छन् । उच्च पर्वतीय भूभागमा अवस्थित यसका माडौँमा वैशाख सङ्क्रान्तिका साथै कार्तिक शुक्ल अष्टमी र

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चतुर्दशीमा पनि जाँत मनाइन्छ । यो आरोग्य, आयु, सुखशान्ति, संरक्षण र समृद्धिदाता देवता मानिन्छ । डोटी र डडेल्धुरा जिल्लाका दक्षिणी क्षेत्रमा यसका माडौँहरू बढी छन् । दूधे, कैलास, रुद्र, दूधेसिल्टो, रमाल/रमला, गुरो, धौलपुरे, सुकिलो हाँस, क्षेत्रपाल, उडीशीतल, कमल र विजय गरी यसका बाह्र भाइ छन् भनिन्छ ।

१.१२.१.२ लडे मस्टा

लडे मस्टाका माडौँहरू अछाम, बझाङ्ग र बाजुरा जिल्लामा बढी पाइन्छन् । डोटी, डडेल्धुरा र बैतडी जिल्लाका केही ठाउँमा पनि यसका माडौँहरू छन् । यो कहीं शाकाहारी र कहीं मांसाहारीका रूपमा देखिन्छ । यसको धामीका लट्टिएका कपाल निकै लामा हुन्छन् र जाँतका वेलामा काम्दा स्वतः पगरी फुस्किएर कपाल देखिने स्थितिमा बाहेक अरू वेला निजले कपाल देखाउनु हुँदैन भनिन्छ । त्यसैले यसको धामी सधैं सेतो कपडाको पगरी गुँथेर शिर छोपेको अवस्थामा देखिन्छ । निजले मुण्डन गर्नु हुँदैन भनिन्छ ।

यसको पूजा धामीले नै गर्दछ । यसले आफ्नो प्रभाव क्षेत्रभित्र कुनै पनि प्रकारको रोगव्याधि, महामारी, दुःखकष्ट र सङ्कट आउन दिँदैन भनिन्छ । यसको उपासनाबिना यसको प्रभावक्षेत्रलाई कुनै पनि शासकले आफ्नो अधीनमा पार्न नसकेको र यसले सदा संरक्षक भएर आफ्ना उपासकको रक्षा गरेको जनश्रुति प्रचलित छ । त्यसैले यसलाई छेत्रपाल अर्थात् आफ्ना क्षेत्रको पालना गर्ने देवता भनिन्छ । यो पनि भगवान् शङ्कर र देवी भगवतीका पीठहरूप्रति नतमस्तक हुन्छ । दूधे मस्टाले झैं यसले पनि नाच्नुअघि उक्त शक्तिपीठका दिशातिर शिर झुकाउँछ । यसरी विवेच्य क्षेत्रको प्रमुख देवता भएर पनि यो शक्तिपीठप्रतिको नतमस्तक हुने देवता मानिन्छ । भगवान् शङ्करको वीर्यपतन भई वलेको ज्वाला ताप्न बसेकी अप्सरावाट प्रस्तुत देवताको जन्म भएको हो भन्ने जनश्रुति छ । यो पनि शिव, गणेश र भगवतीका गणहरूमध्येको एक मानिन्छ । यसको स्वरूप गौरवर्णको हुन्छ भन्ने जनविश्वास छ । यसले न्याय दिने काम पनि गर्दछ । यसका कतिपय भण्डारमा विभिन्न समयका राजा महाराजा वा शासकहरूले चढाएका हतकडी, कोर्रा, तरवार, दण्डजस्ता वस्तु पाइनाले यो तत्स्थानीय न्यायदेवता पनि हो भन्ने कुरा प्रमाणित हुन्छ । वैशाख सङ्क्रान्तिका साथै भाद्र र कार्तिक महिनाका शुक्ल चतुर्दशीहरूमा पनि यसको जाँत हुन्छ । यस अवसरमा गाइने आफ्नै ढङ्गका सगुन र फागहरू पनि पाइन्छन् । कतिपय ठाउँमा त फाग गाएरै यस देवताका धामीलाई कमाउने चलन छ ।

...l Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

१.१२.१.३ दाडे मस्टा

मस्टाहरूमा सबभन्दा वढी चर्चामा आउने देवता दाडे मस्टा हो। यसका पनि ठाउँठाउँका उत्पत्तिअनुसार थुप्रै भाइहरू भएको विश्वास गरिन्छ। वास्तवमा ती भाइहरू भन्नु नै यसका स्थानभिन्नतानुसारका आफ्नै स्वरूप हुन्। यो मांसाहारी अथवा बलिभोग गर्ने देवता हो। स्थानीय देवताहरूमा ज्यादै शक्तिशाली मानेर यसप्रति अन्य देवीदेवताहरू नतमस्तक हुन्छन्, तर यो भगवतीको स्वरूप मानिने मालिका तथा अन्य त्यस्तै शक्तिपीठ र महादेवका प्रतीक मानिने काफली, केदार, घण्टेश्वर, भागेश्वर अनि गणेशका प्रतिमूर्ति मानिने गन्यापजस्ता शक्तिपीठप्रति नतमस्तक भएको देखिन्छ। यसको धामी कामिसकेपछि सधैं अन्य धामीका काँधमा विराजमान भएर झुल्दै नाच्दछ तर त्यसरी नाच्नुभन्दा अगाडि यो उपर्युक्त शक्तिपीठप्रति शिर निहुराउँछ। त्यसैगरी यसको देउरोलाई पनि उक्त शक्तिपीठतिर झुकाएपछि मात्र नचाइन्छ। यो प्रस्तुत क्षेत्रको निकै सम्पूज्य र बलशाली एवम् छलशाली देवता भए पनि यसले स्वयम् आफ्नो स्थान पूर्वोक्त शक्तिपीठभन्दा पछाडि राखेको देखिन्छ। यसका पनि दाडे, सिम, तुसापानी, छुरापानी, कालोसिल्टो/कालो शिला/कालो/कलि/ कैली, माङले, गुणे, डोग्री, विनायक, वनपाला, बराह र सुनारगाउँलेसहित वाह्र भाइ भएको कुरा बताइन्छ।

निश्चय नै यो अलौकिक शक्तिसम्पन्न देवता हो। यसका घरथान र वनथान गरी दुई प्रकारका स्थानहरू पाइन्छन्। घरथान गाउँका बीचमा वा कुनै विशेष घरमा हुन्छ भने वनथान गाउँवस्तीभन्दा केही टाढाको क्षेत्रमा हुन्छ। जाँतका बेला ती दुवै ठाउँमा पूजाआजा, वलि र नाचगान हुन्छ। यसका पुजारी पनि हुन्छन्। प्रायः बाहुन जातिकै व्यक्ति यसका पुजारी भएका देखिन्छन्। त्यसैगरी भण्डार, भण्डारी, धामी, आदिद्वारा सम्पन्न देवता यो मानिन्छ। यसको धामीले दूधे र लडे मस्टाका धामीले झैं ज्यादै चोखो भएर वस्नु पर्दछ। यसले धामीमै आफूलाई अवतरित गर्दछ। दाँतले टोकर बोका काट्नु, काटिएको वोकालाई हिंडाउनु र आफ्ना उपासकहरूको हानिनोक्सानी हनु नदिनु यसको विशेषता हो भनिन्छ।

बोकाको वलि भोग गर्नुपर्दा एउटा सेतो ठूलो ढुङ्गामा एकापट्टि पुजारी र अर्कापट्टि भण्डारीले समातेर बोकालाई बलिका लागि तयार गर्दछन्। केवल लँगौठीमात्र लगाएको यस धामीले उक्त वोकाको गर्दनमा टोकेर टाएको र शरीर अलगअलग पारिदिन्छ। यसरी बलि भोग गर्दा यस देउतालाई पर्दाले छोपेको हुन्छ। पर्दाका बाहिरपट्टि भक्तजन हुन्छन भने भित्रतिर धामी, भण्डारी र पुजारी हुन्छन्। भण्डारी र पुजारी बोकाको गर्दन सोझ्याउनका लागि वसेका हुन्छन् र धामीले निजहरूद्वारा सोझ्याइएको बोकाको गर्दनमै टोकेर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वलि ग्रहण गर्दछ । वलि दिनुभन्दा अगाडि वोकोको पूजा गर्ने र बोकालाई पर्छाउने कार्य गरिन्छ । यसरी वोका काट्दा धामीका दाँत धारिला भएर एक हात लामो आकारमा बढ्दछन् भनिन्छ । बलि दिने ठाउँमा तरवार, खुकुरी, हँसिया, छुरीजस्ता कुनै पनि हतियार राखिएका हुँदैनन् । यसका उपासकहरूलाई कुटपिट गर्ने, उनीहरूको कुनै पनि सम्पत्ति चोर्ने वा विभिन्न दुर्व्यवहारवाट उनीहरूलाई कष्ट पुऱ्याउने व्यक्तिलाई यस देवताले अनेकौं किसिमका दु:ख दिन्छ भनिन्छ ।

यसका थानहरू डोटी र बझाङ्ग जिल्लामा बढीमात्रामा देखिन्छन् । अझ विशेषगरी डोटी जिल्लाको उत्तरी क्षेत्रतिर यसको प्रभाव अधिक देखिन्छ । कौराडी, गिरिचौका, खतेडा देहीमाडौं, ऐली, आगर, हिन्नेकाँडा, ककानी, सताला, दिपायल, सिलगढीजस्ता विभिन्न ठाउँमा यसको पूजा हुन्छ र वलि दिइन्छ । वलि दिने र पूजा गर्ने ठाउँहरू भिन्नाभिन्नै हुन्छन् । वैशाख सङ्क्रान्तिका साथै वैशाख शुक्ल अष्टमी भाद्र कृष्ण अष्टमी, कार्तिक शुक्ल अष्टमीजस्ता विभिन्न तिथिमा यसका जाँतहरू मनाइन्छन् । कुनै पनि ठाउँमा चौसट्ठीभन्दा वढी वोकाहरू यसले भोग गर्दैन । सोभन्दा वढी भएमा अर्को वर्षको जाँतका लागि सुरक्षित राखिन्छ । त्यसरी सुरक्षित राखिएका बोकालाई जङ्गलमा छाडिन्छ र बाघले खाँदैन भनिन्छ । जाँतको समयमा स्वयम् वलि दिइने ठाउँमा सो वोका आफैं उपस्थित हुन्छ पनि भनिन्छ ।

विहानको झुल्के घामका साथसाथ ३५/४० जना विभिन्न देवताका धामीहरूका काँधमा दुइटै हात हल्लाउँदै जाँतका दिन यसको धामी परम्परागत वाजाका साथ नाच्दछ । यसले तेडी देवतालाई मामा मान्दछ । त्यसैले निजको धामीका काँधमा यो वस्दैन । वरु यसका जाँतमा उक्त देवता पनि यससँगै केही धामीहरूका काँधमा वसेर नाच्दछ । यस्तो नाचलाई वयाल खेल्नु भनिन्छ । वलि भोग गर्नुभन्दा पहिले नै यो वयाल खेल्दछ । घाईमा नाच्नु पर्दा यो जहिले पनि अन्य धामीका काँधमा चढेरमात्र नाच्दछ । वयाल खेल्नुनै यसको नाच हो । धामीहरूका काँधमा चढ्नुभन्दा पहिले शक्तिपीठहरूपट्टि फर्केर ढोग्न भने यो विर्सँदैन ।

यसमा देउकीहरू पनि चढाइएका पाइन्छन् । हाल यो परम्परा समाप्तप्राय: भइसकेको छ तापनि यसका देउकीहरू यसको नाचमा पछिपछि जाने, जाँतका वेला यथोचित सेवाटहल गर्ने काम गर्दछन् । ज्यादै उल्लासमय वातावरणमा यसको जाँत मनाइन्छ । यसमा देखिने अर्को विशेषता के पनि हो भने बोकाको वलि भोग गर्ने काम समाप्त गरेपछि जम्मा भएका टाएका सकेसम्म वाहिरवाट गएका अपरिचित व्यक्तिलाई आफ्नो प्रसाद र उपहारस्वरूप यसले प्रदान गर्दछ । त्यस्ता व्यक्ति नदेखिएमा भण्डारी, पुजारी

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

र अन्य कार्यकर्ताहरूलाई ती टाएकाहरू दिन्छ । यसको प्रमुख जाँत एक ठाउँबाट सुरु गरेर अन्य ठाउँको पनि यात्रा गर्दै मनाइने हुँदा कहिलेकाहीँ सात दिनसम्म पनि चल्दछ तर जहाँजहाँ यसको पूजा हुन्छ त्यहाँ बलि लिने र धामीहरूका काँधमा बाजागाजाको परम्पराको ध्वनिका साथ नाच्ने काम यो गर्दछ । साक्षात् परमेश्वर मानेर पूर्ण श्रद्धाभक्तिका साथ यसमा बोका चढाउने र यसको पूजा गर्ने चलन छ । यसले भोग गरेको बोकाको मासु बलि चढाउने व्यक्तिले आफू सेवन गर्नाका साथै आफ्ना घरछिमेकी, इष्टमित्र र बन्धुबान्धवहरूमा प्रसादस्वरूप वितरण गर्दछन् ।

यसले कामेर नाच्न वा बयाल खेल्नका लागि अन्य धामीहरूका काँधमा चढ्नुभन्दा अगाडि **पञ्चैतरको जय ऐलीको खय** अर्थात् अरू सबैको भलो होस् ऐलीमा बस्ने एकथरी विशेष जातिको क्षय होस् भन्दछ । प्रस्तुत भनाइका पछाडि एउटा किंवदन्ती छ । कुनै समयमा ऐली गाउँमा बस्ने एक जना व्यक्तिले यस देवताको सामर्थ्य परीक्षण गर्न बलि दिइने बोकाको गर्दनमा फलामको खिप बाँधेछ । निजले दाँतले टोकेर बोकाको गर्दन छिनाल्ने कुरा सत्य हो कि होइन भन्ने कुराको परीक्षणका लागि त्यस्तो गरेको थियो । आफूमाथिको शङ्कानिवारणका लागि त्यस बेलाको यस देवताको धामीले दाँतैले खिपसमेत काटेर बोकालाई दुई टुक्रा त बनायो तर त्यसका दाँत चाहिँ भाँचिए । नचाहिँदो कुरामा बाधा पुऱ्याएबापत उक्त व्यक्तिको मात्र नभएर सो व्यक्तिको जातका साराका सारा सदस्यको क्षय भयो । अब त्यो जाति नै छैन तापनि अद्यापि यो देवता नाच्नुअघि उपर्युक्त कुरा आफ्ना धामीका मुखबाट भन्न लगाउँछ । यसरी आफ्ना धामीको दाँत भाँचिएकाले दाँत सद्दे भएको अर्को व्यक्तिलाई यसले धामीका रूपमा वरण गर्नु परेको थियो । त्यसैले यसका पनि **ढाडे मस्टा** अर्थात् दाँत भएको मस्टा देवता र **थोत्या मस्टा** अर्थात् दाँत नभएको मस्टा देवता गरी दुई रूप हुन्छन् भनिन्छ । जुनसुकै र जतिसुकै रूप भए पनि मांसाहारी देवता यो हो । यसले आफ्ना उपासकहरूको संरक्षणका निम्ति विभिन्न प्राणीका रूपमा विपक्षीहरूसित सामना गरेका थुप्रै कथाहरू प्रस्तुत जनजीवनमा प्रचलित छन् । एकपटक थलारी राजासित यसका भक्त मानिने डोटेली राजाको युद्ध पर्दा यसले सर्प, मौरी र अरिङ्गालको रूप धारण गरेर थलारी राजालाई पराजित गर्नमा पनि मद्दत गरेको थियो भनिन्छ । यसले त्यस बेला थलाराबाट ल्याएका चाँदीका घडा, तामाका ताउला र अन्य भाँडाकुँडा, चमरजस्ता वस्तु अद्यापि यसको भण्डारमा सुरक्षित छन् भनिन्छ । स्थानीय अन्य देवताका तुलनामा यसको भण्डार पनि ज्यादै समृद्ध मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यो ज्यादै भक्तवत्सल मानिन्छ । यसले भनेका कुराहरू सत्यसावित हुन्छन् र कडाभन्दा कडा रोगहरूको उपचार पनि यसले गर्दछ भनिन्छ । तसर्थ विहेका लागि कुरा चल्दा पनि यससित सोधपुछ गर्ने चलन छ । घरको बोक्सो भगाउनेदेखि लिएर यावत् प्रकारका सङ्टबाट यसले आफ्ना उपासकहरूलाई जोगाउने कम गर्दछ भनिन्छ । यी विभिन्न कारणले यसप्रति स्थानीय बासिन्दाहरू निकै श्रद्धावनत हुन्छन् ।

यसको जाँतमा सुनचाँदीका गहना र उत्ताउलो शृङ्गार प्रदर्शन गर्नेहरूलाई टाएको दुख्ने, ज्वरो आउने, रिंगटा चल्नेजस्ता अस्वस्थताले घेर्दछ भनिन्छ । अनावश्यक शृङ्गार गरेर भड्किलो प्रवृत्ति देखाउनेहरू प्रस्तुत जाँतमा लगभग हुँदैनन् भने पनि हुन्छ ।

१.१२.१.४. खापडे मस्टा

खापडे मस्टा प्रस्तुत देवताहरूमध्येको पछिल्लो क्रममा आउँछ । यो पनि वलिभोग गर्दछ । निकै ठूलो मुख खोलेर विकृतस्वरूपमा हिंड्ने हुनाले यसलाई खापडे मस्टा भनिएको हो । यसको प्रमुख वासस्थान खप्तड मानिन्छ । अछाम, बझाङ्ग र बाजुरा जिल्लाका विभिन्न ठाउँमा पनि यसका माडौँहरू छन् । स्थानभिन्नतानुसारका माडौँका आधारमा यसका पनि थुप्रै भाइहरू छन् भनिन्छ । यसले आफ्नो शक्तिप्रदर्शनका क्रममा शिखरवासी देवगणलाई निकै सताउन खोजेका कारण पराजित भएर माफी माग्नु परेका कथा पनि विवेच्य क्षेत्रमा थुप्रै सुनिन्छन् । डडेल्धुरा जिल्लाको कैलीपालमाडौं गा.वि.स. का सिरानमा अवस्थित गन्याप अर्थात् गणेश देवतालाई दुःख दिन खोजेको परिणामस्वरूप स्वतः पराजित भएर यसले सदा आँसु बगाउनु परेको प्राचीन घटना पनि यसक्रममा स्मरणीय बन्दछ । ज्येष्ठ र भाद्र महिनाको शुक्ल दशमीका दिन यसका जाँत मनाइन्छन् । भाद्र शुक्ल दशमीको जाँत यसको प्रमुख जाँत मानिन्छ । सोही जाँतमा यस देवताको भक्तिवापत विभिन्न भक्तजनद्वारा चढाइएका अनेकौं घोडाहरूमध्ये कुनै एउटा घोडामा चढेर यसको धामी तीन वा चारपटक निकै गहिरो तलाउ मानिने खापड दहमा एक छेउदेखि अर्को छेउसम्म विचरण गर्दछ । उक्त दहमा यसले विचरण गर्ने हुनाले यसकै नामबाट सो तलाउलाई खापडदह भनिएको हो । त्यसरी घोडामा चढेर पानीमा यता र उती गर्नु यसका सामर्थ्यको परीक्षण पनि हो भनिन्छ । खापड देउको तड अर्थात् फराकिलो पाटन भन्ने अर्थमा खप्तड नाम यस देवताकै नामबाट रहन गएको हो ।

यो पनि प्रस्तुत क्षेत्रका रैथाने देवताहरूमध्येको एक हो । यसले पनि अन्य मस्टाहरूले झैं प्रमुख सिद्धपीठका देवीदेवताप्रति अभिवादन गरेर मात्र नाच्ने काम गर्दछ । यसको शक्ति निकै छ भनिन्छ । सन्तानप्राप्ति, आरोग्य,

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

असाध्यरोगको उपचार, न्यायप्राप्ति, सुखसमृद्धिलाभ, विघ्ननाश र सङ्कटमुक्तिजस्ता विभिन्न कामनाहरू बोकेर यसको स्तुतिभक्ति गर्नेहरूको सङ्ख्या प्रस्तुत क्षेत्रमा निकै देखिन्छ । यसको शरणमा पर्नेहरूले निराश हुनु पर्दैन भन्ने जनविश्वास छ । यस जाँतमा दिग्दिगन्त घन्काउने गरी बजाइएका बाजाहरूले सिङ्गो खप्तडलाई नै उफारेर नचाएको अनुभव हुन्छ । नाचगानका निम्ति पनि यो अवसर निकै प्रसिद्ध मानिन्छ । खापडे, बाँ, मुण्डा, लाङखुरे, खुन्दाल, साइन, कुमाल, क्युँडालो, बाँठेपाल, पुवाले, कुर्मी र माण्डलीसहितका बाह्र भाइको धनी देवताका रूपमा यसलाई लिइन्छ ।

१.१२.२ भोगभेदअनुसारका पूजा

भोगको प्रकृतिअनुसार मस्टाका पूजामा फरकफरक पद्धति अपनाइन्छ । दुग्धाहारी वा सात्त्विक छ भने माडौँ, गब्युरो अर्थात् गर्भगृहमा स्थापित मुख्य थान वा गाथमा पुजारीद्वारा अभिषेक गरिन्छ र कोरा अक्षता एवम् पातीका पात चढाएर पूजा गरिन्छ । हवन गरिने ठाउँ र मूल गाथका छेउमा राखिएको छुट्टै आसनमा मस्टाको धामी बस्दछ । गाथको पूजा गरिसकेपछि सोही विधि अपनाएर काम्दै गरेको धामीको पूजा गरिन्छ । सो ठाउँमा पुजारी, भण्डारी, धामी र ज्यादै चोखो आहारविहारमा बस्ने विशिष्ट कुनै उपासकबाहेक अन्य व्यक्ति उपस्थित हुन पाउँदैन । त्यस बखत माडौँका आँगनको निश्चित ठाउँमा बसेर ढोलीहरू दमाहा, ट्याम्को, ताल, झ्याली, नरसिंहाजस्ता बाजाहरू परम्परागत धूनमा सामूहिकरूपमा बजाउँछन् । सो धूनलाई **पूजकी घाई** अर्थात् पूजाको धून भनिन्छ । त्यस बखत व्रतालु महिलाहरू फाग गाउँछन् र भक्तजन श्रद्धासाथ आफ्ना आराध्य एवम् कुलदेवता मस्टाको आराधना गर्दछन् । यो पूजा निर्दिष्ट तिथिको मध्य रात र अर्को दिनको प्रातःकालमा हुन्छ । प्रातःकालको भन्दा मध्य रातको पूजालाई बढी महत्त्व दिइन्छ । रतेडीको विशेष कार्यक्रम भनेको यही पूजा हो । दिनभरि निराहार रहेर उपवास बस्नेहरू रातीको पूजासमाप्तिपछि पुजारीद्वारा दिइने अभिषेक ग्रहण गरिन्छ । माडौँको बाहिरी कोठा तथा आँगनमा ढोलीहरूद्वारा उपर्युक्त बाजाहरूमा बजाइने मङ्गलधुनका साथ धामीनाच हुन्छ । सो समाप्त भएपछि रतेडी समाप्त भएको मानिन्छ । जाग्राम बस्नेहरू त्यसपछाडि माडौँको आँगनमा चैत, धमारी, होरी, ड्यौडा आदि गीत सामूहिकरूपमा पुरुष र महिलाका समलैङ्गिक जमातमा नाच्दै गाउँछन् । अर्को दिन बिहान पनि रातिको जस्तै पूजा हुन्छ, पुछाइँ सोधिन्छ, धामीनाच हुन्छ र देउरो नचाइन्छ । कहीँकहीँ बिहानको पूजा सिध्याई घर फर्केर खाना खाएपछि केही बेरको विश्रामपश्चात् पुनः माडौँमा भेला भई पुछाइँ सोध्ने, धामीनाच र देउरोनाच हेर्ने काम हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रक्तबलिभोगी मस्टा छ भने रातिका कार्यक्रम दुग्धाहारी मस्टाको पूजामा गरेबमोजिम सञ्चालन गरिन्छन् र विहान तथा दिउँसोका कार्यक्रम केही भिन्न तरिकाले सम्पन्न गरिन्छन्। रक्तबलिभोगी मस्टा बिहानको झुल्के घाममा आफ्ना सहायक देवताका धामीका काँधमा चढेर बयाल खेल्दछ अर्थात् ढोलीहरूको पूर्वोक्त परम्परागत वाद्य धूनका साथ नाच्दछ र देउरो पनि अर्के धामीद्वारा नचाइन्छ । त्यसपछि माडौंको आँगनको एउटा छेउमा रहेको मस्टाको थानमा गएर भक्तजनद्वारा दिइएका बोकाको बलि ग्रहण गर्ने काम हुन्छ । सो बलि कहीं धामी, पुजारी, भण्डारी र अन्य कार्यकर्ताको समुपस्थितिमा उपासकमध्येको कुनै व्यक्तिले दिई मस्टाथानमा रगत चढाउँछ र मस्टाको धामीमा रगतको अभिषेक गर्दछ भने कहीं स्वयम् धामी नै कामेर बलि दिई मस्टाथानमा रगत चढाइन्छ । कहीं मस्टाको धामीले धामी र पुजारीको दोहोरो भूमिका निभाउँछ।

बिहानको भोजनसमयसम्म बलिको कार्यक्रम चल्दछ । चौसट्ठीवटा बोका बलिका लागि स्वीकार्य हुन्छन् । सोभन्दा बढी भएमा अर्को वर्षको पहिलो प्राथमिकताका लागि प्रतीक्षा पङ्क्तिमा राखिन्छ। दाँतले टोकेर बोका काट्ने वा नङले चिथोरेर बोका काट्ने चलन भएका ठाउँमा बिहानकै समयमा बलिको कार्यक्रम चल्दछ । माडौंका आँगनको छेउमा स्थापित मस्टाथानमा पर्दाले छेकेर सर्वसाधारणले नदेख्ने गरी धामी, भण्डारी र पुजारीको उपस्थितिमा बलि दिने काम गरिन्छ। भण्डारीले गर्दन सोझ्याउने, पुजारीले खुट्टा समात्ने र धामीले दाँतले टोकेर वा नङ्गले चिथोरेर बोका काट्ने काम हुन्छ। त्यस ठाउँमा खुकुरी, तरवार, चक्कू, हँसिया आदि कुनै हतियार हुँदैन। दाँतले टोकेर बोका काट्दा धामीले लँगौठीबाहेक अन्य लुगा लगाएको हुँदैन। यसरी लिइने बलि पनि चौसट्ठीवटा बोकाको मात्र हुन्छ । बढी भए अर्को वर्षको पहिलो प्राथमिकतामा निर्धारण गरी बोका फिर्ता गरिन्छ । त्यसरी फिर्ता भएका बोका घरमा नलगेर जङ्गलमै छोडिन्छन् । बेलुकीको कार्यक्रम पुछाइँ, धामीनाच, देउरोनाच र पुरुष तथा महिलाको सामूहिक नृत्य एवम् गायनमा केन्द्रित हुन्छ।

यी दुवै प्रकृतिका मस्टाका पूजाको मिल्दोपन पनि छ । बिहानको पूजा सुरु हुनुभन्दा पहिले देउरो सजाइन्छ । धामी, भण्डारी, पुजारी र डोलीबाहेकका प्रमुख अन्य कार्यकर्ताहरू माडौंको आँगनमा निश्चित ठाउँमा राखिएको देउरोका छेउमा बसेर सबैतिरका भक्त वा उपासकहरूले ल्याएका भेटी, उपहार, फूलमाला र पूजासामग्री लिने काम गर्दछन् । कहीँकहीँ चढाइएका सामानको विवरण लिखित रूपमा तयार पार्ने चलन छ भने कहीं विनालिखत भण्डारीको विश्वासमा भण्डारमा जम्मा गर्ने र नाशिने वस्तु भए

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

प्रसादस्वरूप तत्काल विशेष दाता वा उपासकलाई दिने गरिन्छ । त्यसरी उपहारस्वरूप दिइने वस्तुमा घण्ट, दियो, पानस, आलम वा नेजा, ताम्रपत्र, सुन मिसाएर बनाएका विभिन्न देवताका चाँदीका प्रतिमा, चमर, साटन वा सिल्कका रङ्गीबिरङ्गी कपडा, रातो रङ्गमा रङ्गाइएका उनी पछ्यौरा, कलश, करुवा, झारी, दण्ड, भोकर, दमाहा, ताल, भ्याली, नरसिंहा, गजुर, आसागुर्जा, सुनको जनै पर्दछन् । यस्ता वस्तु चोरी, ठगी, लुटी वा गलत बाटो अपनाई ल्याइएमा धामी वा कुनै पनि कार्यकर्ता कामेर फालिदिन्छ, स्वीकार गर्दैन । साथै १४४ वर्षे, १२ वर्षे र १ वर्षे जाँतमा मात्र यस प्रकारका उपहारहरू चढाइन्छ, अन्य सामान्य पूजामा चढाइँदैन । वार्षिकभन्दा १२ वर्षे र १२ वर्षेभन्दा १४४ वर्षे जाँतमा उपहार ल्याउने क्रम तीव्र हुन्छ । वर्षौंवर्षदेखि जम्मा पारिएका उपहारसामग्री वढी भएर कतिपय भण्डारमा त राख्ने ठाउँ पनि हुँदैन । यस दृष्टिले लडे र दाडे मस्टाका भण्डार अन्यका तुलनामा अधिक समृद्ध देखिन्छन् ।

वाबुआमाको सेवाटहल जति गऱ्यो त्यति नै आत्मसन्तुष्टि र माया पाइएझैं कुलका मालिक मानिने यस देवताका स्तुतिभक्तिवाट अनिष्टनाश एवम् सुखसमृद्धि प्राप्त हुने विश्वास गरिन्छ । तसर्थ बढी उपहार आउने १२ वर्ष र १४४ वर्षका जाँतमा उपहारसामग्री वटुल्ने कार्यमा लामो समय लाग्दछ । त्यस्तो स्थितिमा एक थरी कार्यकर्तालाई उपहारका सामान जम्मा गर्नमा खटाएर धामी, भण्डारी, पुजारीजस्ता प्रमुख कार्यकर्ताहरू जाँतका नियमित कार्यक्रम अघि वढाउनपट्टि लाग्दछन् । धामी र देउरोलाई मस्टाको प्रतिमूर्ति मानेर धामीनाच र देउरोनाचका वखत अक्षतफूल चढाई ढोग्ने चलन छ । वृक्षवनस्पतिले घेरिएको माडौं क्षेत्र पूजाको समयमा एकत्रित हुने जनसमूह, बजाइने वाजा, सम्पन्न हुने धामीनाच र देउरोनाच एवम् भक्तजनद्वारा गाइने गीतबाट झनै आकर्षक, झनै रमणीय र झनै सङ्गीतमय बन्दछ ।

१.१२.३ पूजाका विशेष चलन

यसको पूजामा आफ्नै किसिमको शैली अपनाइन्छ । कुनै पनि मन्त्र वा वैदिक ऋचाको प्रयोगविना पूजा सम्पन्न गरिन्छ । वार्षिक, वाह्र वर्से र एक सय चौवालीस वर्से पूजा एक प्रकारको हुन्छ भने छ महिने, तीन महिने पूजा तुलनात्मकरूपमा केही छोटो र सरल हुन्छ । त्यसैगरी देवाली, धार्मिक अनुष्ठान र भाकल पूरा भएका स्थितिको पूजामा पनि आंशिक भिन्नता पाइन्छ ।

यसको पूजामा दुग्धाहारी छ भने हवन र रक्तबलिभोगी छ भने वलिलाई वढी महत्त्व दिइन्छ । हवनलाई स्थानीय वोलीमा छूता भनिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

हवनमा जौ, तिल, चामलमिश्रित चरुको आहुति नदिएर घृतधाराको आहुति दिइन्छ । यस बखत मनमा मस्टाको ध्यान गरिन्छ । कुनै मन्त्र वा ऋचा पढिँदैन । कतिपय स्थानका पुजारीहरू लेखपढ गर्न नजान्ने हुन्छन् । मूल थानमा अभिषेक, कोरा अक्षता एवम् पाती चढाउनु पूजा गर्नु हो भने मूल थानका छेउमा बालिएको आगोमा चोखो गाईघ्यूको आहुति दिनु हवन गर्नु हो । यसका साथै मूल गाथको पूजा गरेझैं सम्बन्धित देवताको धामीको पूजा गरेर निजलाई काम्न लगाउनु पनि पूजाको अभिन्न अङ्ग मानिन्छ ।

विशेष धार्मिक अनुष्ठानको आयोजना गर्दा शास्त्रोक्त विधिका ज्ञाता पण्डितहरूले पूजा गराउने हुँदा मन्त्र वा ऋचा पाठ गरिन्छ । त्यस्तो पूजालाई मूल पूजा भने मानिँदैन । रक्तवलिभोगी मस्टाको पूजामा पनि उपर्युक्त विधिको हवन गरिन्छ तर त्यसमा हवनलाई भन्दा वलिलाई बढी महत्त्व दिइन्छ । बलि दिइने प्रक्रियाका बारेमा यसअघिका विविध प्रसङ्गमा उल्लेख भइसकेको छ ।

यसका पूजाको अर्को विशेषता आआफ्ना कुलपरिवारको चलनबमोजिम पूजनसामग्री, गोदान, कालो वा सेतो वर्णका बोकाको बलिदान, घोडादान र त्यस्तै खासखास पात्र एवम् वस्तुको दान गर्नु पनि हो । यस प्रकारको दान पालोअनुसार व्यक्ति र परिवारद्वारा गर्ने चलन छ । **चेली फोली**को चलन पनि यसको पूजामा रहेको देखिन्छ । अचेल यो प्रथा लगभग लोप भइसकेको छ तापनि फाटफुटरूपमा कहीँकहीँ अझै कायम रहेको पनि बुझिन्छ । **चेली** भनेको रजस्वला नभएकी कन्या हो भने **फोली** भनेको तामाको गाग्री हो । रजस्वला नभएकी कुमारीलाई पानी भरिएको तामाको गाग्री शिरमा बोकाएर दान गर्नु नै **चेली फोली** हो । यस प्रथालाई **देउकी** पनि भनिन्छ । सन्तानप्राप्ति, आरोग्य, मुद्दामा विजय, जीर्णरोगको निर्मूलनजस्ता विशेष अभीष्टका निम्ति गरिएको भाकल पूरा भएमा देउकी चढाउने गरिन्छ । यो चढाउँदा कन्यालाई स्नान गराई, नयाँ वस्त्र पहिराई, पूर्णरूपमा सिँगारेर मूल थानमा जलपूर्ण ताम्रकलश बोकाएर लगिन्छ र गाथको पूजा गरिएको जलले अभिषेक गरी घडासहित मस्टामा चढाइन्छ । यसबारे देउकीको प्रसङ्गमा विस्तृत चर्चा गरिएको छ ।

एउटै मस्टाका थान गाउँगाउँमा भएको र सबैको धामी, भण्डारी, पुजारी एवम् अन्य कार्यकर्ता पनि उनै व्यक्ति रहेको अवस्था पनि कतिपय ठाउँमा देखिन्छ । विशेषगरी डोटी जिल्लाको पश्चिम चौकी गर्खामा यस्तो स्थिति छ । त्यहाँ पूजा गर्ने निश्चित तिथि नतोकेर पक्ष तोकिएको पाइन्छ र सो पक्षभित्र पूर्ण गर्ने गरी कुनै दिन कुनै गाउँमा र कुनै दिन कुनै गाउँ वा बस्तीमा एउटै विधि अपनाई पूजा गर्ने चलन छ । गिरिचौका, आड, आगर,

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

काँडी, वाज, सताला हुँदै दिपायलसम्मका ठाउँठाउँका मस्टाको पूजा एक हप्तादेखि पन्ध्रदिनसम्म चल्ने गर्दछ । रक्तबलिभोगी दाडे मस्टाका यी थानहरूमा गाउँलेहरूले आआफ्नो पालोको दिनमा काला बोकाको वलि दिने, पुछाइँ सोध्ने, धामी नाच गराउने, देउरो नचाउने र दर्शनार्थी पुरुष तथा महिलाहरू भिन्नभिन्न समूहमा नाचगान गर्ने कार्यद्वारा जाँत मनाउँछन् । कुनैकुनै दुग्धाहारी मस्टाले धामीमा अवतरण भएर वलेको वत्ती खाने पनि गर्दछन् । अछामका कतिपय ठाउँमा यो चलन देखिन्छ । यसरी वत्ती खानु असामान्य क्षमताको परिचय दिनु र हविष्य भोग गर्नु मानिन्छ । अझ यही मस्टाले मानाका माना उम्लेको घ्यू पिउने गर्दछ । यसको पूजामा सबैतिरवाट पूजनसामग्रीका रूपमा दूध, दही, घ्यू प्राप्त हुने हुँदा प्रसस्तमात्रामा त्यस्ता वस्तु जम्मा हुन्छन् ।

प्रत्येक उपासकका घरवाट पाँच मुठी सग्लो चामल, एक पसेर दाल, नुन, खुर्सानी, दही, दूध, घ्यू, दक्षिणा, चन्दन, केशरी, वत्ती, धूप प्राप्त भएकै हुनुपर्दछ । जुठो सुत्केरो वा कुनै अन्य वर्ज्य स्थितिमा चाहिँ पूजन सामग्री दिनु हुँदैन । यो जम्मा गर्ने काम जाँत हुने दिनमा निर्धारित व्यक्तिले गर्दछ । **पोखल** अर्थात् पूजासामान उठाउने काम गर्ने हुँदा यस प्रकारका सामग्री उपासकहरूका घरघरवाट जम्मा गर्ने व्यक्तिलाई **पोखल्या** भनिन्छ । यस विषयमा पनि जाँतको सामान्य परिचय दिंदा उल्लेख भइसकेको छ ।

धामी, भण्डारी वा पुजारीमध्ये कुनैलाई खास अभीष्टसिद्धिमा सहयोग गरेवापत वा श्रद्धास्वरूप फोला वा वस्त्रविशेष दिने, चाँदीका वाला दिने, टुपीमा सुन वाँधिदिने वा अन्य उपहार दिने काम पनि पूजाकै अङ्गका रूपमा लिइन्छ । जाँतका अवसरमा गरिने कृत्यमा यो पनि पर्दछ । उपासकविशेषद्वारा यस प्रकारको उपहार जाँतको मौका पारेर सार्वजनिक रूपमा सम्बन्धित व्यक्तिलाई दिने गरिन्छ ।

१.१२.४ प्रसादका प्रकार

भोगभेदवमोजिम मस्टाको प्रसाद पनि फरकफरक किसिमका हुन्छन् । अझ पूजाको अवसरको भिन्नताका आधारमा पनि प्रसादमा भिन्नता आएको देखिन्छ । कार्यकर्ता, विशेष उपासक, सामान्य उपासक र आगन्तुकहरूलाई दिइने प्रसादमा समेत विभिन्नता आएको वुझिन्छ । दुग्धाहारी मस्टाको वार्षिक, १२ वर्से र १४४ वर्से जाँतमा गरिने पूजाको प्रसाद धामी, पुजारी, भण्डारी, भोकरे, पोखले, ढोली, देउकी, देउचेली, देउचेला, विशेष उपहारदाता, सामान्य उपहारदाता, उपासक, भिन्न देवताका उपासक, स्थानीय निवासी र वाहिरबाट जाँत हेर्न वा मस्टाको दर्शन गर्न आएका दर्शनार्थी वा भक्तजनहरूलाई दिइने प्रसाद अलगअलग हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मूल धामी मस्टाकै प्रतिमूर्ति मानिने हुँदा शिला वा थानमा चढाएको सामग्री र दक्षिणाबाहेक सो धामीको पूजा गरी चढाइएका दक्षिणा र दानदातव्य निजलाई नै दिइन्छ । त्यसैगरी अन्य सहायक धामी, पूजारी, भण्डारीलगायतका कार्यकर्तालाई व्यक्तिगत हिसाबले दिइएका दक्षिणा वा दानदातव्य तत्तत् व्यक्तिले प्रसादस्वरूप ग्रहण गर्दछन् । सोबाहेक मूल थानमा चढाइएका बहुमूल्य वस्तु र चिरस्थायी भाँडाकुँडाहरू भण्डारमा सञ्चय गर्नका लागि छुट्याएर बाँकी सामग्री प्रसादका रूपमा अन्य कार्यकर्ता, विशेष उपहारदाता, विशेष उपासक, रैथाने र वाहिरवाट आएका दर्शनार्थीहरूलाई दिइन्छ । दक्षिणा वा नगद उपहारबाट जम्मा भएको रकमको केही हिस्सा पारिश्रमिक नभनेर प्रसादका हिसावले मुख्य कार्यकर्ताहरूमा बाँडिन्छ । विशेष उपहारदाता तथा विशिष्ट उपासकलाई चढाइएका वस्त्रबाट मलमल, सिल्क र साटनका कपडा झिकेर सार्वजनिक सम्मान दिएझैं गरी प्रदान गरिन्छ । उपासक तथा रैथाने अन्य देवताका पूजकलाई सकेसम्म फूलका माला नपुगे फूलका थुँगा प्रसाद भनेर दिइन्छ । अन्य आगन्तुकहरूलाई पनि व्यक्तित्व हेरेर टीका, पगरी, फूलको माला वा थुँगा प्रसादका रूपमा दिने चलन छ । अझ अपराध गरेवापत धामीद्वारा दिइने दण्डलाई पनि प्रसाद मानेर स्वीकार गरिन्छ ।

छ महिने र तीन महिने जाँतका साथै अन्य अवसरका पूजामा उपस्थित कार्यकर्ता, उपासक एवम् दर्शनार्थीहरूलाई अभिषेक गरेर दिइने फूल नै प्रसाद मानिन्छ । विशेष धार्मिक अनुष्ठानको आयोजना गरिएमा उपस्थित दर्शनार्थीलाई माडौंमै र अनुपस्थितहरूलाई घरघरमा टीका, तिलक, फूल, नैवेद्य, पञ्चामृत प्रसाद मानेर दिइन्छ । विशेष योगदान गर्ने र विशिष्ट व्यक्तित्व भएका व्यक्तिलाई सम्मानस्वरूप मलमल, सिल्क वा साटनको कपडाको पगरी गुँथिने हुँदा त्यस्तो वस्त्र खास किसिमको प्रसाद मानिन्छ भने त्यसपछिको क्रममा आउने फूलको माला, टीका र तिलक फूलका थुँगा मध्यम एवम् अन्य प्रसादलाई सामान्य प्रसाद मानिन्छ । यसरी अभिषेक र फूललाई सामान्य, फूलको मालालाई मध्यम र फेटा वा पगरीलाई मस्टा देवताको उत्तम प्रसादका रूपमा लिने गरिन्छ ।

रक्तवलिभोगी मस्टाका प्रसाद पनि दुग्धाहारी भेदका जस्तै हुन्छन्, तापनि थप प्रसादका रूपमा दिइएको बोकाको शिर तथा शरीरलाई पनि लिइन्छ । बोकाको शरीर वलि जसले दिन ल्याएको हो त्यसलाई नै दिइन्छ र सो व्यक्ति वा परिवारले प्रसादका रूपमा ग्रहण गर्दछ भने शिर प्रमुख कार्यकर्ताहरूले पाउने प्रसादमा पर्दछ । कतिपय दुग्धाहारी एवम् रक्तवलिभोगी भेदमा काँक्रो, कुभिन्डो, लौका, नरिवललाई बोकाका जस्ता चार खुट्टा, दुई

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

सिङ र पुच्छर भएको वनाएर सिंगारपटार पारी बलि दिने गरिन्छ । त्यस्तो बलिको पनि शिरभाग प्रमुख कार्यकर्ता र शरीरभाग बलिदातालाई दिइन्छ । प्रमुख कार्यकर्ताहरूलाई दिन भनी छुट्याइएको बोका वा अन्य बलिको शिरभाग धामीले इच्छाअनुसार कुनै वाह्य उपासक वा दर्शकलाई दिन पनि सक्तछ । भण्डारी तथा पुजारीको सल्लाहबमोजिम पनि त्यस्तो प्रसाद वाहिरको दर्शक वा नवागन्तुक व्यक्तिलाई धामीले दिने गर्दछ ।

कतिपय ठाउँमा पूजाका लागि दूध, दही, घ्यू यथेष्टमात्रामा जम्मा हुने र पूजावाट अवशिष्ट सोको भाग उपासक तथा दर्शनार्थीहरूलाई प्रसादस्वरूप खाने गरी दिइने हुनाले दूध, दही र घ्यू पनि यसको प्रसाद बनाइएको देखिन्छ । यसरी भोगभेद, कार्यविभिन्नता, जाँत वा पूजाका किसिम, उपासकका भेद तथा अवस्थानुसार यस देवताका प्रसाद अनेक प्रकारका पाइन्छन् ।

१.१२.५ प्रसादवितरणप्रक्रिया

प्रसादवितरण पनि पूजाको समय, पूजाभेद र मस्टाभेदबमोजिम भिन्नभिन्न प्रकारले हुन्छ । यसको खास प्रसाद भनेको वार्षिक, बाह्र वर्से र १४४ वर्से रतेडीको पूजापछि पाइने अभिषेक, तिलक, टीका, फूल र नैवेद्य हो । उक्त अवसरमा गरिने मध्य रातको पूजा समाप्त भएपछि स्वयम् धामीले दर्शनार्थीहरूलाई अभिषेक गर्दै तिलक, टीका र फूल दिन्छ । दर्शनार्थीहरू धेरै भएमा प्रमुख कार्यकर्ता र व्यक्तिलाई धामीले र अन्यलाई सकेसम्म पूजारी, पूजारीले नभ्याए भण्डारी, भण्डारीले पनि नभ्याए देउकी, देउचेला र देउचेली वा देउचेलाले पनि नभ्याए पोखलेहरू संलग्न भई अभिषेक गर्दै तिलक, टीका, फूल र नैवद्य वितरण गर्दछन् । अशक्त वा विविध कारणले उपस्थित हुन नसकेका मुख्य उपासकलाई सो प्रसाद निजको परिवारका सदस्य वा अन्य कसैको हातमा घरमै पठाउने गरिन्छ ।

विहानको पूजाको प्रसाद पोटलो अर्थात् मलमल, सिल्क वा साटनका कपडाको फेटा वा पगरी, फूलको माला, तिलक, टीका, फूल र फल हुन्छ । त्यो पनि प्रमुख कार्यकर्ता, मुख्य उपासक एवम् गण्यमान्य व्यक्तिलाई स्वयम् धामीले, धामीले नभ्याए पुजारीले, पुजारीले नभ्याए भण्डारीले, भण्डारीले नभ्याए देउकीले, देउकीले नभ्याए देउचेली वा देउचेलाले, देउचेली वा देउचेलाले नभ्याए पोखलेहरूले वितरण गर्दछन् । सकेसम्म सवैलाई प्रसाद वितरण गरिन्छ । रातिको पूजामा प्रसादप्राप्तिको जति महत्त्व हुन्छ विहानको पूजामा त्यति हुँदैन, किनभने विहानको पूजापछि हुने धामीनाच र देउरोनाच हेर्नका लागि दर्शनार्थीहरू अधिक उत्सुक रहेका हुन्छन् । उपवास बसेर भक्ति गर्नेहरूले रातिको प्रसाद ग्रहण गरेपछि भोजन गर्ने र मूलपूजा रातिकै

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पूजालाई मान्ने हुँदा पनि विहानको प्रसाद तुलनात्मक रूपमा त्यति महत्त्वपूर्ण मानिँदैन । त्यसो भए पनि पोटलो वा पगरी दिने कार्य सामाजिक सम्मान मानिने हुँदा यसलाई प्रसादभन्दा पनि पुरस्कारका रूपमा लिइन्छ । यो सकेसम्म धामी नभ्याए पुजारीकै हातबाट वितरण गरिन्छ । यो मानका खातिर मान दिने चलनको प्रतीकजस्तै हो ।

परम्परागत थिति, बेठ वा चलनबमोजिम व्यक्ति, परिवार वा समुदायले चढाउनुपर्ने विशेष उपहारको प्रसादस्वरूप सम्बन्धित व्यक्ति, परिवारको मुली वा समुदायको प्रमुखलाई पनि धामीद्वारा पाटलोको पगरी गुँथेर सम्मान गरिन्छ । धन्यवाद वा स्यावासी, आशीर्वाद र सामाजिक हितको महत्त्वपूर्ण काम गरेबापत दिइने प्रशंसास्वरूप पनि धामीद्वारा पगरी वा माला लगाइदिने चलन छ ।

जीर्णरोगको उपचार गर्ने, निसन्तानीलाई सन्तानप्राप्तिको वर दिने र विभिन्न सङ्कटवाट मुक्त गर्न आश्वासन दिने क्रममा धामीले कामेर सम्वन्धित व्यक्तिका शिरमा हात राख्ने वा पिठीमा धाप मार्ने गर्दछ । त्यसलाई पनि प्रसाद वा आशीर्वाद दिएको मानिन्छ । जाँतवाहेक अन्य समयमा पनि यस्तो वर दिने गरिन्छ । अझ महामारी फैलँदा, दैवी प्रकोप पर्दा वा अरू कुनै आपद् आइपर्दा धामीले कामेर चारैतिर अक्षता छर्ने प्रक्रिया पनि प्रसादवितरणकै एउटा अङ्ग मानिन्छ । यस्तो कार्य जाँतका साथै अन्य अवसरमा समेत गरिएको देखिन्छ ।

रक्तवलिभोगी मस्टाले काटिएको बोकाको शरीर दातालाई प्रसादका रूपमा फिर्ता गर्दछ भने शिर प्रमुख कार्यकर्ताहरूमा वितरण गर्नका निम्ति राख्दछ । धामीका दृष्टिमा वाहिरवाट दर्शनका निम्ति गएको कुनै व्यक्ति पऱ्यो वा पुजारी, भण्डारी अथवा अन्य कसैले दिएको जानकारीअनुसार वाहिरको व्यक्ति हो भन्ने कुरा बुझियो भने निजलाई बोलाएर प्रसादस्वरूप एउटा टाएको दिइन्छ र श्रद्धाभक्तिपूर्वक उपस्थित भएकोमा धन्यवादज्ञापन गरिन्छ ।

गाईभैंसी चढाएर मस्टाको भक्ति गर्ने परम्परा पनि यस क्षेत्रमा प्रचलित छ । रजस्वला, जुठो, सूतकजस्ता छुवाछूतवाट त्यसरी चढाइएको गाई वा भैंसीलाई जोगाउन पर्दछ । त्यस्ता गाईभैंसी चढाउने व्यक्तिलाई नै फिर्ता गरिन्छ र तिनको दूध, दही, घ्यू, प्रसादस्वरूप पाएको ठानी चढाउने व्यक्ति र सोको परिवारले उपभोग गर्दछ । छुवाछूतको अवस्था भएमा बाहिरको व्यक्तिका हातवाट स्याहार गर्न र दूध दुहुन लगाइन्छ । त्यस प्रकारका गाईवस्तुलाई वेच्नकिन्न पनि सकिन्छ तर किन्ने व्यक्तिले उपयुक्त नियमको पालना गर्नै पर्दछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

षाण्मासिक र त्रैमासिक पूजामा दर्शनार्थीहरूको उपस्थिति न्यून रहने हुनाले प्रसादवितरणप्रक्रिया सरल हुन्छ। थोरै व्यक्तिमा प्रसादवितरण गरिन्छ। यस्तो अवसरमा चढाइने वस्तु पनि कम हुन्छ। यस्ता अवसरमा पगरी दिनु पर्दैन र सामान्य तिलक, टीका, फूल, नैवेद्य र पञ्चामृतमात्र वितरण हुन्छ। सो वितरण गर्न मूलतः धामी, धामीले नभ्याए पुजारीले र पूजारीले पनि नभ्याए भण्डारीले सक्रिय हुनुपर्दछ। वेलावखत हुने धार्मिक अनुष्ठान वा विशेष पूजामा प्रसादवितरण गर्ने कार्य पुरोहित, चेलीवेटी वा दक्षिणा लिने व्यक्तिले गर्दछन्। जुनसुकै पूजामा भक्तजनको उपस्थिति ज्यादा भएमा विशेष व्यक्तिलाई वाहेक सामान्य भक्तजनलाई समूहसमूहमा विभक्त गरेर एकमुष्ट अभिषेक गर्ने चलन छ। त्यसैगरी फूल वा प्रसादवितरण पनि समूहमा छरेर गरिन्छ। त्यस्तो अवस्थामा प्रसाद लिनका लागि दर्शनार्थीहरूमा तँछाडमछाड चल्दछ। यसरी यसको प्रसादवितरण गर्ने प्रक्रिया पनि भोगभेद, पूजाभेद, प्रसादभेद, कार्यकर्ता एवम् उपासकभेदवमोजिम विभिन्न किसिमको देखिन्छ।

१.१३ मस्टाको भाषा

डोटी क्षेत्रमा कुनै पनि देवीदेवताको धामी कामेपछि चलनचल्तीको वोलीचालीभन्दा केही भिन्न शब्दावलीयुक्त भाषा प्रयोग गर्दछ। त्यसलाई **ढेबताकी बोली** अर्थात् देवीदेवताको भाषा भनिन्छ। मस्टाले पनि धामीमा अवतरण भएपछि यही भाषा प्रयोग गर्दछ। अझ अवस्थानुसार यस भाषामा पनि केही भिन्नता आएको देखिन्छ। मस्टाको धामीले कामेपछि बोल्ने भाषा, मस्टाको धामीले पुछाइँका वेला वोल्ने भाषा र छुवाछूत भएमा मस्टाको धामीले वोल्ने भाषा शीर्षकमा वर्गीकृत गरी यहाँ मस्टाले प्रयोग गर्ने भाषाको परिचय दिइएको छ।

१.१३.१ मस्टाको धामीले कामेपछि बोल्ने भाषा

सामान्य व्यवहारमा वोलिने भाषाभन्दा केही फरक किसिमको भाषा मस्टाको धामीले कामेपछि बोल्दछ। सो भाषा जनसामान्यले सुन्दै आएकाले वुभ्दछन्। धामीले बोल्ने भाषामा जाति, व्यक्ति, द्रव्य र गुणवाचक नामका शब्दावली भिन्न भए पनि क्रियावाची शब्दमा भने वोलीचालीका रूपभन्दा खासै भिन्नता आएको देखिँदैन। त्यसो भए तापनि कामिसकेपछि यसले बोल्ने भाषा लयात्मक र कवितात्मक हुन्छ र त्यसको प्रस्तुतिशैली पनि कवितात्मक नै हुन्छ। तेस्रो अध्यायको ३.१८ अनुक्रममा प्रस्तुत अंश यसको उदाहरण हो। यस अंशमा शृङ्खला १ मा पुजारी, भण्डारी, ब्राह्मण, विश्वकर्मा र ढोली भन्नको सट्टा क्रमश : **पुजर्‍या, भणर्‍या, ताकला, गुस्या** र **धौल्या** भनिएको छ। साथै शृङ्खला २ मा के अथवा किन भन्नको सट्टा **क्याउ** र भनिएको छ। शृङ्खला ३ मा अक्षता वा पूजासामग्री भन्नको सट्टा **ब्याँ गेडा** भनिएको छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

त्यसैगरी शृङ्खला ४ मा सुखसुविधा वा कुशलमङ्गल भन्नको सट्टा सुट्विग भनिएको छ। यी शब्दहरू धामी काम्दाबाहेक अन्य समयमा प्रयोगमा आएका देखिँदैनन्।

उपर्युक्त अंशको प्रस्तुति हेर्दा कसैको भनाइ यथावत् उद्धृत गरेको नभएर कुनै गीत वा कविता पेस गरेको जस्तो देखिन्छ। मस्टाको धामीले पनि कामेर आफ्नो परिचय, कर्तव्य र जिम्मेवारी पूरा गर्न व्यक्तिगत सुखसुविधा छाडेको कुरा यस अंशमा व्यक्त गरेको छ। यिनै शब्दावली र यही अभिव्यक्ति नदोहोऱ्याए पनि यही भाव अन्य देवीदेवताका धामीहरू पनि कामेपछि लयात्मक शैलीमा प्रकट गर्दछन्। त्यसो त सामान्य प्रश्नको उत्तर दिँदा पनि यसले लयात्मक भाषा प्रयोग गर्दछ तर पनि यस अंशमा लयको मात्रा बढी नै देखिने हुँदा यो सामान्य अभिव्यक्तिभन्दा गीत वा कविताजस्तो बन्ने गरेको बुझिन्छ। अझ यसका कतिपय अंशमा मिलाइएको काव्यात्मक भाव तथा तुक र अन्त्यानुप्रासले यसलाई गीत वा कविताका तहमा पुऱ्याएको देखिन्छ। जस्तै -

नीर तरी चूर चडी
काँबटा काँ पडी
पानीका सामल बतासका पैरन
काणाको बिस्तरा ढुवाँको सिरान

- तेस्रो अध्यायको ३.१८ को १।

जल हाम थल हाम
डाङ्ङा हाम गोइल हाम

- पूर्ववत् २।

ब्याँ गेडा तम्ले सढाँ दिर्यैको
ब्याँ गेडा गइले सढाँ लियैको

- पूर्ववत् ३।

यसरी गीत वा कवितामा पाइने भाव, सङ्गीत र लयको प्रयोगद्वारा सामान्य कुराकानीभन्दा भिन्न शैलीमा मस्टाको धामी कामेपछि आफ्ना कुरा उपासक वा भक्तजनलाई सुनाउँछ। यसलाई बखान वा आफ्नो बयान गरेको भनिन्छ। कतैकतै यसलाई पडेली पनि भनिन्छ।

१.१३.२ मस्टाको धामीले पुछाईँका बेला बोल्ने भाषा

बखान वा भन्नुपर्ने कुराको बयान गरिसकेपछि उपासक वा भक्तजनले गोसाईं, महाराज, परमेश्वर, देवता, भगवान्, मालिक, स्वामी, ईश्वरजस्ता विशेष सम्मानसूचक शब्दबाट सम्बोधन गर्दछन् र आआफ्ना

nal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

प्रश्नहरू प्रस्तुत गर्दछन् । उत्तर दिँदा यसको भाषामा तुक नमिलाइए पनि लय चाहिं मिलाइएको हुन्छ र सामान्य बोलीभन्दा पनि गीत गाएको शैलीमा यसले समस्याका निराकरणको उपाय बताउँछ, भविष्यवाणी गर्दछ र संरक्षण दिने आफू भएको हुनाले चिन्ता नगर्न आश्वासन दिन्छ ।

सम्बोधनमा विशिष्ट शब्दावली प्रयोग गरिए पनि सर्वनामवाची शब्दावलीमा यसलाई जनाउँदा र यसले उपासकलाई पुकार्दा तँ, तैंले, तेरो, **गान्छस्, गानिस् गानिछस्**जस्ता तदनुपका क्रिया प्रयोग गरेको देखिन्छ । देवता र भक्तका बीच रहने प्रगाढ आत्मीयता र अनन्य प्रेमको सम्बन्ध यससित गरिने कुराकानीका भाषाको अध्ययन गर्दा थाहा हुन्छ । यसले आफूलाई **दैंत्** अर्थात् दैत्य भन्दछ ।

पुछाइँ अर्थात् सोधपुछका समयमा कामेर बोलिने यसको भाषा **बखान** को भाषाभैँ भए पनि प्रस्तुतिजन्य लय भने **बखान**का तुलनामा **पुछाइँ** मा कम हुन्छ । जब कि सामान्य बोलीचालीको भाषामा भन्दा **पुछाइँ** को भाषामा लयको मात्रा निकै पाइन्छ । साथै यस बेलाको भाषामा सामान्य व्यवहारको भन्दा फरक शब्दावली प्रयोग गरेको देखिन्छ । जस्तै -
ठेक = वर्ष, **मास** = महिना, **पाख** = पक्ष, **घड्यौली** = समय, क्षण, बेला, **धौला बगड** = नदी किनारा वा मसान, **पेलो** = सुन, **पेलो फिजिनु** = घाम लाग्नु, **डग्दु** = काम्नु, **छत्र्या** = राजा, **रिथि** = ईश्वर, स्वामी, **रोहिणी** = रात, **ज्वाँती** = चेलीबेटी, कन्या, **अतौल** = अचाक्ली, जाँच, **बट्ट्या** = वचन, **कालो भाँक्रो** = दुलही, **पायाँ** = खुट्टा आदि ।

यहाँको जनविश्वासअनुसार अनिष्टनाशक, इष्टफलदाता, त्राता र असामान्य शक्तिसामर्थ्यको स्रोत मानिने हुनाले सन्तान प्राप्त गर्न, जीर्ण रोग निको पार्न, सङ्कट टार्न, परदेशी आफन्तको कुशलक्षेम बुझ्न, देशको वर्तमान र भविष्यबारे जानकारी लिन, दैवी प्रकोपका सम्भावना जान्नलगायतका यावत् विषयमा यसलाई सोध्ने र यसले भनेमुताबिक चल्ने गरिन्छ । परम्परादेखि चल्दै आएको यस चलनका कारण सामान्य व्यवहारमा प्रयोग नगरिए पनि यसले बोल्ने भाषा सबैले बुझ्दछन् । उपासक वा भक्तहरूले दैनन्दिन बोलिने भाषामा यसका सामु आफ्ना कुरा राख्दछन् भने यसले पनि आफ्नै भाषामा जवाफ दिन्छ । यी दुई थरीको भाषा दुवै थरीले बुझ्ने हुनाले तेस्रो माध्यम भाषाको आवश्यकता पर्दैन । दैनिक जीवनमा नबोलिए पनि जाँत, पूजा, पर्व, मेला धम्यौल वा धामीहरूलाई संयुक्तरूपमा कमाएर सोधपुछ गरिने कार्यक्रम, सवाउलो वा विशेष समस्याको निराकरणका निम्ति अनेकौं धामीहरूलाई कमाएर लिइने सम्मति र पुछाइँ वा कुनै एउटा धामीलाई कमाएर गरिने सोधपुछका कार्य समयसमयमा भइरहने हुनाले धामीको भाषा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सबैले बुभ्दछन् । खासखास शब्दावलीमा मात्र भिन्नता देखिने र अधिकतर कथ्य रूपमा खासै भिन्नता नदेखिने हुनाले पनि यहाँका धामी र जनताको भाषा पारस्परिक सम्प्रेषणीय बनेको देखिन्छ ।

१.१३.३ छुवाछूत भएमा मस्टाको धामीले बोल्ने भाषा

जुठो, सूतक, रजोकाललगायतका निषेधित अवस्थाको छुवाछूत, अभक्ष्यभक्षण, अगम्य गमनजस्ता लसपस, संसर्ग वा प्रयोग भएमा मस्टाको मुख्य कार्यकर्ता तथा अवतार मानिने धामी कामेर आफ्नै जटा लुछ्दछ, आफूलाई नै चिथोर्दछ, शरीरका लुगा च्यात्दछ र बलेका कोइलासहितको खरानी आफ्नो शिरमा खन्याउँदै स्वयम्लाई धिक्कार्दछ । जानीजानी जुठो, सूतक वा रजोकालमा कुनै व्यक्तिले धामीलाई छोएमा छुनेलाई अस्वस्थ तुल्याउने काम पनि यसले गर्दछ । अपवित्र लसपस हुँदा धामीलाई शरीर अररिने, रिंगटा आउने, मूर्च्छा हुने, होस हराउने र भुईंमा ढलेर छटपटाउने रोग लाग्दछ । त्यस्तो स्थितिमा होसमा आएका बखत यसले **पात, पोत, ग्रात, ग्रोत, धात, धोत** भनेर नबुझिने भाषा बोल्दछ र आफूलाई नै कुट्दछ । यस्तो भाषालाई कपितयले **कन्नौजी बोली** अर्थात् भारतको कन्यौज क्षेत्रको भाषा भन्दछन् । वास्तवमा सो भाषा **कन्नौजी** नभएर अन्य कुनै हुनु पर्दछ, किनभने कन्नौजसित यसले सन्निकटता हुने वा सो क्षेत्रबाट यसको आगमन भएको हुनसक्ने सम्भावना कमै देखिन्छ । यसको उक्त भाषालाई तिब्बती मूलको भन्नेहरूको तर्कमा केही शक्ति रहेको बुझिन्छ, किनभने प्राचीन कालदेखि रैथाने देवताका रूपमा मान्य यसको उपस्थिति हूण, यक्ष र तङ्गणहरूको समयमा पनि रहेको थाहा हुन्छ । यही कारणले यसलाई अनार्य देवता पनि भनिन्छ । यसलाई छुवाछूतबाट मुक्त गरेर सामान्य अवस्थामा ल्याउन सुनपानी र गङ्गाजलले स्नान गराई गहुँत, गोबर तथा कुशको जल सेंचन गराइन्छ ।

यसले प्रयोग गर्ने यो भाषा ज्यादै अप्ठेरा समस्याको समाधान गर्नु पर्दा बसालिएको सबाउलो वा पुछाइँमा पनि व्यक्त गरिएको देखिन्छ । कुनै व्यक्तिलाई जीर्ण रोग लागी मरणासन्नको स्थिति आइपर्दा, कसैलाई कठोर भूत लागेर कष्ट भोग्न बाध्य हुनुपर्दा, असाध्य दैवीप्रकोप सन्निकट आउने अवस्था देख्दा वा अति नै गाह्रो अवस्था वा झमेलाको निराकरण गर्नुपर्दा यसको शरीर अररिन्छ, यसलाई बोल्न गाह्रो हुन्छ र छटपटाउँदै उपर्युक्त भाषा बोल्दछ । त्यसको केही समयपछि कम्पनको सामान्य स्थितिमा आएर यसले बुझिने भाषा बोल्दछ र काम हुने भए हुने, नहुने भए आफूले गर्न नसक्ने र प्रकृतिको नियमका अगाडि आफ्नो केही नलाग्ने बाध्यता प्रकट गर्दै आफ्नो असमर्थताका लागि माफी माग्दछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding

यो भाषा पनि यसले लयात्मक शैलीमा बोल्दछ। यसको लय बखान को भन्दा कम र पुछाईंको भन्दा अधिक हुन्छ। यसमा तुक मिलेका अनुकरणात्मक शब्दहरू बढीमात्रामा आउँछन्। सो भाषा कसैले बुझ्दैनन्। धामी हुनुभन्दा पहिले धामी बनेको व्यक्तिले सुनेको हुन्छ, तर बोलेको हुँदैन। सामान्य अवस्थामा रहेका बखत त्यस भाषाका शब्द र अर्थबारे जानकारी लिन खोज्दा केही थाहा नभएको कुरा धामी बनेको व्यक्तिले सुनाउँछ। यसरी बोल्दै नबोलिने र बुझ्दै नबुझिने, नबोलिने भए पनि बुझिने र स्थानीय बोलीचालीको भाषाकै बुझिने रूपजस्ता तीन प्रकारका भाषिक भेद यसले प्रयोग गरेको देखिन्छ। प्रायः उही रूप, आंशिक मात्रामा भिन्न भेद भए पनि सम्प्रेषणीय र न्यून हिस्सामा नितान्त फरक वा नबुझिने भाषा यसले व्यवहारमा ल्याएको देखिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दोस्रो अध्याय
जाँतको चिनारी

समीक्ष्य क्षेत्रका कुनै पनि देवताको चर्चा गर्दा जाँत विषयको जानकारी लिनु आवश्यक हुने भएकोले मस्टाबारे विस्तारमा जानुअघि यहाँ जातको परिचय दिने काम गरिएको छ। आलोच्य क्षेत्रका चाडवाडहरूमा जाँत र मेलाहरू प्रमुख मानिन्छन् । यहाँ बाह्रै मास जाँत मनाइन्छन् र मेला लाग्दछन्, तापनि विशेष गरी श्रावण शुक्ल पञ्चमीदेखि मङ्सिर शुक्ल पूर्णिमासम्म यिनको आयोजन वढीमात्रामा गरिएको पाइन्छ । यिनका लागि निश्चित दिनहरू तोकिएका हुन्छन् । ती प्रायः तिथिका आधारमा निर्धारित हुन्छन् । कुनैकुनै चाहिं विशेष पर्व र सङ्क्रान्ति विशेषमा आयोजित पाइन्छन् । यहाँका जनसामान्यलाई मिठो खाने, राम्रो लगाउने र नाचगान, हाँसोठट्टा तथा उछलकुदद्वारा मनोरञ्जन गराउने प्रमुख आधार पनि यी हुन् । अझ यिनकै माध्यमबाट भगवद्भक्ति, पूजाआजा र आध्यात्मिक निष्ठाको विकास भएको पाइन्छ । यहाँको सांस्कृतिक वैभव एवम् धार्मिक मनोवृत्तिको परिचय पनि यिनै परम्पराले दिन्छन् । यहाँको सामाजिक जीवनको यथार्थ झाँकी देखाउनमा समेत यी निकै समर्थ देखिन्छन् । यिनको अध्ययनविना यहाँको जनजीवनको वास्तविक ज्ञान प्राप्त हुँदैन । यी यहाँका रीति हुन्, स्थिति हुन्, मनस्थिति हुन्, चित्तवृत्ति हुन्, मान्यता हुन्, विश्वास हुन्, धर्म हुन्, कर्म हुन् र सङ्क्षेपमा भन्ने हो भने जीवन सञ्चालन गर्ने प्रमुख धमनी हुन् । यिनलाई पन्छाएर विवेच्य क्षेत्रको जनजीवनसित साक्षात्कार गर्न सकिँदैन । यी यहाँका नसानसाभित्र पसेका देखिन्छन् ।

२.१ जाँतको अर्थ

जाँत भनेको वैदिक, पौराणिक र स्थानीय देवीदेवताहरूको त्रैमासिक, षाण्मासिक वा वार्षिक पूजा गरिने दिनको विधिवत् पूजा, धामी कमाइ, धामी नाच, देउरोनाच, गानबजानजस्ता कृत्यका साथ सम्पन्न हुने परम्परागत जात्रा हो । यसमा स्वाभाविक रूपले प्रसस्त जनसमुदायको जमघट हुन्छ । त्यसबाट सहजै मेलाको जस्तो रमाइलो वातावरण उत्पन्न हुन्छ । यसका बारेमा सङ्क्षिप्त जानकारी लिने हो भने यससित सम्बन्धित धेरै कुराको नामोल्लेख गर्नु जरुरी हुन्छ ।

२.१.१ स्थानीय देवीदेवताका किसिम

समीक्ष्य प्रदेश सांस्कृतिक भारतवर्षअन्तर्गतको महत्त्वपूर्ण देवभूमि हो । यहाँ शिव, विष्णु, भगवती अर्थात् शैव, वैष्णव र शाक्त तीनैथरी सनातनी

nal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

तथा तिनका विभिन्न सम्प्रदाय एउटै डल्लोमा संयुक्त भएका देखिन्छन् । त्यसैले यहाँ सनातनीहरूका सम्प्रदाय छुट्याउन गाह्रो छ । सबै एउटै परम्परा, उस्तै मान्यता र समान धर्मको अनुसरण गर्दछन् । हुन त ठाउँठाउँमा पाइने शिवपीठ, शिवजीका गणहरूको शक्ति तथा सिद्धाश्रमहरूले र यहाँबाट नजिकैपर्ने कैलाश क्षेत्रको सांस्कृतिक गरिमाका पृष्ठभूमिले यसलाई शैवप्रदेश भन्न नसकिने होइन तर पनि यहाँ देवी भगवती तथा उनका गणहरूका क्षेत्रका साथै भगवान् विष्णु उनका विभिन्न स्वरूपसित सम्बन्धित तत्त्वको मान्यता पनि उत्तिकै प्रबल देखिन्छ । यिनै कारणले गर्दा केशव होउन् वा शिव होउन् देवताको शक्ति एउटै छ भन्ने विश्वास यहाँका निवासीले लिएका छन् भन्नुपर्ने अवस्था आउँछ । शिव र शक्ति अर्थात् देवी भगवतीका गण मानिने मस्टालगायतका अन्य देवताका पीठ पनि यहाँ यत्रतत्र पाइन्छन् ।

२.१.२ स्थानीय देवीदेवताको क्षेत्र

प्रस्तुत क्षेत्रमा जताततै देवतै देवताको निवास भएको मानिन्छ । यहाँका ढुङ्गाखानी, माटोखानी, पर्वत, भिर, भन्ज्याङ्ग, हिमालय, शैलशृङ्ग, नदी, नाला, पाटी, पौवा, धारा, पँधेरा, बाटाघाटा, खोलाखोल्सा, रुख, वनस्पति, पानी, हावा, आकाश, धर्ती, जीव, जन्तु, पशुपक्षी, खेत, बारी, कुलो, घट्ट, ढिकी, जाँतो, शौचालय, स्थानागार सबैतिर देवतै देवताको वास भएको विश्वास गरिन्छ । त्यसकारण अनुमानका भरमा डोटी शब्द सम्भवतः संस्कृत देवाटवी अर्थात् देवताहरूको जङ्गल वा देवताहरूको भूमि भन्ने संयुक्त पदबाट अपभ्रंश भएको हो भन्ने देवकान्त पन्तको विचारसित असहमत हुने ठाउँ रहँदैन । कुनै पनि काम गर्दा सबभन्दा पहिले भगवन्नाम सङ्कीर्तन गर्ने विवेच्य क्षेत्रका जनसामान्यको प्रवृत्ति यही यथार्थबाट अनुप्राणित भएको बुझिन्छ । उपर्युक्त देवीदेवताहरू वैदिक, पौराणिक, स्थानीय भेदबमोजिम जुनसुकै भेदका पनि हुन सक्तछन् । जो जुन क्षेत्रका देवता भए पनि ईष्टदेवता, कुलदेवता, आराध्यदेवता, प्रमुख देवता, सहायक देवताजस्ता विभिन्न वर्गमा तिनीहरू विभक्त भएका पाइन्छन् ।

२.१.३ स्थानीय देवीदेवताका कार्य

यी देवगणप्रतिको आस्था त्यत्तिकै विकसित भएको होइन । यहाँका जनसाधारणका अनुसार पालन, संरक्षण, सङ्कटबाट त्राण, आरोग्य, दीर्घायु, सुखसमृद्धि यिनीहरू नै दिन्छन् । जीवनका विभिन्न सङ्ग्राममा सङ्घर्षरत रहँदा कहिलेकाहीँ अग्रिम बाटो नदेखिएर किंकर्तव्यविमूढ हुँदा यिनीहरू बाटो देखाउँछन्, रोगको उपचार यिनै गर्दछन्, भविष्यको सङ्केत यिनीहरू नै दिन्छन्, शुभमुहूर्त्त यिनीहरू नै दिन्छन् र साराका सारा व्यक्तिगत, पारिवारिक, सामाजिक, राजनीतिक, प्राकृतिक र धार्मिक जीवनका यावत् कुरामा यिनले

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आवश्यक मार्गनिर्देशन गर्दछन् । यिनीहरू यहाँका ज्योतिषी, वैज्ञानिक, चिकित्सक, इन्जिनियर, शिक्षक, पथप्रदर्शक, प्रशासक सबै हुन् । दैवीशक्ति भनेको पनि यस्तै कुराको पुन्ज हो । त्यसैले यिनलाई देवता भनिन्छ, पुजिन्छ, ढोगिन्छ र आस्थाका केन्द्र मानिन्छ । यिनको पूजामा सकेसम्म कुनै पनि किसिमको त्रुटि हुन नदिने प्रयास गरिनका पछाडि यिनै कुरा आधार बनेका देखिन्छन् ।

२.१.४ पूजाका किसिम

प्रस्तुत देवताहरू तीन महिना, छ महिना र एक वर्षमा पुजिन्छन् । जिल्ला सदरमुकाममा अवस्थित कुनैकुनै देवीदेवता दैनिक रूपमा पनि पुजिन्छन् । यी पूजाहरूमा पनि छ महिना वा वर्ष दिनको उपासनालाई मुख्य मानेर विशेष जाँत मनाइन्छ । यहाँ वर्णन गरिने जाँतहरू तिनै विशेष जाँत हुन् । यस प्रकारका जाँत ज्यादै ठूलो उत्साह, भक्ति र जाँगरका साथ मनाइन्छन् । परदेश गएकाहरू पनि यस अवसरमा घर फर्कन्छन् । विवेच्य क्षेत्रको सामाजिक जीवनमा ज्यादै ठूलो हलचल मच्चाउने वा निकै प्रभाव पार्ने घटनाहरूमा प्रस्तुत जाँतहरू प्रमुख मानिन्छन् ।

२.१.५ पातीहाल्ला: स्थानीय देवीदेवताप्रतिको आस्थाका प्रतीक

गाउँबस्तीका विभिन्न ठाउँमा यी देवीदेवताका माडौँहरू हुन्छन् । यिनका माडौँहरू प्रायः अग्लो र केही फराकिलो तथा रुखहरूले घेरिएको ठाउँमा देखिन्छन् । सामान्यतः टाढैबाट हेर्दा पनि यो माडौँ हो भन्ने थाहा हुन्छ । माडौँका छेउबाट बाटोका माडौँतिरको एउटा भागमा सम्बन्धित देवतामा फूलपाती चढाएर ढोग्नका लागि कुनै ठूलो ढुङ्गा वा ढुङ्गाको मूर्ति राखिएको हुन्छ । उक्त बाटोमा हिंड्ने बटुवाहरू त्यसमा फूल, पातीका पात वा त्यस्तै फूलसमान पवित्र मानिने वनस्पतिका मुन्टा टिपेर चढाउँछन् र ढोग्दै आफ्नो यात्रा वा मनोकामनाको पूर्णताको कामना गर्दछन् । त्यस्तो ठाउँलाई पाती हाल्ला अर्थात् पाती चढाउने ठाउँ भनिन्छ । ठूला मानिने देवताको माडौंको पल्लोपट्टिको डाँडामा वा निकै टाढा छ भने पनि त्यसतिर उन्मुख भएर ज्यादै दूरीबाट भए पनि पाती चढाउने चलन छ। यसरी पाती चढाउने ठाउँ पनि निश्चित हुन्छ । यस प्रकारका ठाउँमा राता, सेता कपडाका धर्साहरू वा नेजा अर्थात् झन्डाजस्तै बनाएर झुन्ड्याइएका र ससाना त्रिशूल, घण्ट, दियो आदि सामग्री राखिएका हुन्छन् । बलिभोग गर्ने कुनैकुनै देवताका पातीहाल्लामा कालो कपडाका धर्सा पनि राखिएका पाइन्छन् । प्रमुख देवताका गण भएर पनि विशेष शक्तिशाली मानिने र धेरैजसो भिर, पाखा तथा पर्वतका छेउछाउमा निवास गर्ने भनिने केही देवगणमा फूलपातीका सट्टा ढुङ्गा फाल्ने परम्परा छ । त्यस्तो ठाउँमा ढुङ्गाको निकै ठूलो ढिस्को बनेको देखिन्छ । नेजा

pal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding

टाँगिएको ठाउँ, फूलपाती चढाइएको ढुङ्गो, ढुङ्गाहरूको अतुलराशि जम्मा भएको ठाउँ कुनै बाटोबाटो वा छेउछाउका कुनै पनि क्षेत्रमा देखिएमा स्थानीय देवीदेवताको माडौँ, वासस्थान वा उत्पत्तिस्थल नजिकै छ भन्ने कुरा थाहा हुन्छ ।

२.१.६ माडौँ वा मन्दिरको क्षेत्र

माडौँ क्षेत्रको वनजङ्गल र त्यसभित्रका विभिन्न ठाउँमा अलपत्र फालिएजस्ता देखिने पूजाका भाँडा वा त्यस्तै कुनै वस्तु जतिसुकै मूल्यवान् अथवा जुनसुकै धातुद्वारा निर्मित भए पनि जस्ताको त्यस्तै रूपमा सुरक्षित पाइन्छन् । त्यस्ता सामग्री कसैले लगेमा अनेकौं किसिमका झन्झट र आपत्तिहरू आइलाग्ने हुनाले जहाँको तहीं फिर्ता गर्नुपर्ने हुनजान्छ भनिन्छ । यस्तो स्थानको वनजङ्गलको फडानी गर्ने, घाँसदाउरा गरेर हानिनोक्सानी पुऱ्याउने अनि सो क्षेत्रमा दिसापिसाव गर्ने, थुक्ने वा फोहर गर्नेले पनि विभिन्न वाधाव्यवधानको सामना गर्नु पर्दछ भन्ने जनविश्वासका कारण प्रस्तुत क्षेत्र सदा सफासुग्घर रहेको पाइन्छ । अझ कतिपय ठाउँमा जुत्ताचपल लगाएर जान नपाइने, होहल्ला गर्न नहुने, कम्तीमा सात दिनभित्र मांसाहार सेवन गरेको छ भने जान नहुने, पूर्णतया स्नान गरेर छुवाछूतबाट बचेर मात्र जान पाइने, निराहार भएर मात्र जान पाइने नियमहरू भएकाले स्वाभाविक रूपमा सफासुग्घर वनेका पाइन्छन् । शिवजीका स्थान र सिद्धपीठहरू, वलि नलिने देवीका स्थान र शैलशृङ्गका विभिन्न भागमा अवस्थित केही देवीदेवताका स्थानमा यस प्रकारको पवित्रता कायम भएको देखिन्छ ।

२.१.७ भण्डार

प्रस्तुत क्षेत्रका देवीदेवताका आआफ्ना भण्डार हुन्छन् । यसका लागि सम्बन्धित देवताको सम्पत्तिवाट छुट्टै दुई तले घर निर्माण गरेर सबभन्दा माथिल्लो तलालाई भण्डार वनाइएको र पहिलो तला तथा भुइँ तला सो भण्डारको रेखदेख गर्न निर्धारित भण्डारीको निवासका निम्ति निश्चित गरिएको हुन्छ । सम्बन्धित देवताको भण्डार र भण्डारी हुने व्यक्तिको आवासगृहका रूपमा उक्त घर वनाइएको हुन्छ । कहींकहीं भण्डारी बनाइएको व्यक्तिको घरमा भण्डारका सामान राख्ने पनि चलन छ । अझ कुनै समयको भण्डारी तोकिएको व्यक्तिको घर यसका लागि प्रयोग गरिएकोमा निज भण्डारीको मृत्यु भएपछि अर्के भण्डारी बनिसक्दा पनि भण्डार चाहिं पुरानै ठाउँमा निश्चित गरेको पनि देखिन्छ । जे भए पनि भण्डार भनेको सम्बन्धित देवीदेवताको पूजाआजा तथा जाँतका लागि चाहिने अनेकौं सरसामान एवम् समयसमयमा सो देवीदेवतामा विभिन्न व्यक्ति वा स्रोतबाट प्राप्त भाँडाकुँडा, पूजासामग्री, लुगाकपडा, गरगहना, बाजागाजा, घण्ट, चमर, विविध धातुबाट

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

निर्मित सामान आदि सुरक्षित राख्न निर्धारण गरिएको ठाउँ हो । भण्डारीको प्रमुख काम प्रस्तुत सबै प्रकारका सामग्रीको सुरक्षा, उचित रेखदेख र विभिन्न स्रोतबाट हुने आम्दानी वा खर्चको सुव्यवस्था गर्नु हो । सोबापत केही जग्गा निःशुल्क कमाउन पाइने, खासखास अवसरमा केही नकेही पारिश्रमिक पाइने, सामाजिक प्रतिष्ठा प्राप्त हुने, जाँत एवम् पूजापाठजस्ता विशेष अवस्थामा प्रमुख हर्ताकर्ताका रूपमा सार्वजनिक परिचय वा ख्याति पाइने र गाउँठाउँको चोखो व्यक्तिका हैसियतले सम्मान पाइने परम्परा छ । तसर्थ पुरानो भण्डारीको मृत्यु वा अशक्तावस्थाका कारण नयाँ भण्डारी चयन गर्नुपर्ने स्थितिमा सो पदका उम्मेदवार बन्न पाउने जाति, परिवार वा व्यक्तिमा एक प्रकारको होड चल्दछ । अचेल नयाँ पुस्ताका व्यक्तिहरू यसप्रति अपेक्षाकृत कम रुचि देखाउँछन् ।

२.१.८ मन्दिर वा माडौंको निर्माणशैली

प्रस्तुत क्षेत्रमा देवीदेवताका माडौंहरूको वास्तुकला आफ्नै ढङ्गको हुन्छ । प्रसस्त फराकिलो आँगन, चारैतिर वृक्षवनस्पतिको हरियाली, ढुङ्गाबाट बनाइएका र ढुङ्गाले नै छानो छाएका दुइपाखे भुइँतले माडौं, अग्लाइमा होचो भए पनि निकै चौडा प्रवेशद्वार, प्रवेशद्वारको फराकिलोपन धान्नका लागि मूलद्वारका बीचमा दुई वा दुईभन्दा बढी थाम, दुई भागमा वा दुई कोठामा बाँडिएको भवन, बाहिरी कोठा निकै ठूलो अथवा हजारौं व्यक्ति अटाउनसक्ने क्षमताको र झ्यालविहीन भित्री कोठाको ढोका खासखास अवसरमा खोलिए पनि बाहिरी भाग चाहिं सदा खुला राख्ने प्रवृत्ति, कहींकहीं नाङ्गो छाना र कहीं चाहिं तामाका सिटहरूबाट छाइएका छाना, ठूलो कोठाको व्यासलाई धान्ने विशाल थाम र बिमहरूको व्यवस्था, पाँच वा सातवटा बल्ली र थुप्रै जुवा राखेर छानोको भार तथा विस्तारलाई सुव्यवस्थित तरिकाले बलियो गृहनिर्माण प्रवृत्तिमा ढाल्ने प्रयास, भित्ता चिनाइ नचर्कियोस् भनेर दैलोको शिरका चारैतिर नस अर्थात् ठूलो फल्याक राख्ने चलन यहाँका माडौंहरू बनाउने शैली हुन् । सम्बन्धित देवीदेवताको सम्पत्ति र सार्वजनिक श्रम एवम् चन्दाबाट माडौंहरू बनाइन्छन् । स्थानीय प्रत्येक व्यक्तिले यसलाई आफ्नो संरक्षणीय वैभव ठान्दछ । हानिनोक्सानी गरेमा अनिष्ट हुन्छ भन्ने विश्वासले पनि धेरै हदसम्म यसको सुरक्षा प्रदान गरेको अनुभव हुन्छ ।

२.१.९ गाउँ र सहरका माडौंको भिन्नता

सामान्यतया गाउँघरतिर उपर्युक्त प्रकारको शैलीमा निर्मित माडौंहरू पाइए पनि जिल्ला सदरमुकाममा विभिन्न भागका माडौंहरू चाहिं प्यागोडा शैलीमा आधुनिक निर्माण सामग्री प्रयोग गरेर बनाइएका पाइन्छन् । साधारण जनताभन्दा आर्थिक दृष्टिले सम्पन्न व्यक्तिहरूको निवास, बजारको व्यवस्था

pal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding

तथा अधिकतम व्यक्तिहरूको ओहोरदोहोर भइरहने हुनाले यस्ता क्षेत्रका माडौँहरू साजसज्जामा आकर्षक देखिन्छन् र देवीदेवताहरूका भण्डार पनि प्रसस्त सम्पत्तिले भरिएका हुन्छन् । व्यवस्थिततताका हिसाबले पनि प्रस्तुत माडौँका प्रत्येक कुरा निमयवद्ध तथा सुसञ्चालनयुक्त हुन्छन् । पूजाआजाका क्रममा पनि गाउँभन्दा सहरका व्यक्तिहरू स्थानीय देवीदेवताप्रति अधिक भक्तिभाव देखाउँछन् । तसर्थ गाउँमा त्रैमासिक, षाण्मासिक वा वार्षिक पूजा हुन्छ भने सहरमा नियमानुसारको पूजा वा जाँत त्रैमासिक, षाण्मासिक वा वार्षिक रूपमै भए पनि सामान्य पूजा चाहिं दिनदिनै गरिएको पाइन्छ ।

२.१.१० प्रमुख कार्यकर्ता

स्थानीय देवीदेवताको पूजाआजामा अनेकौं व्यक्तिहरू निश्चित जिम्मेवारीका साथ निर्धारण गरिएका हुन्छन् । त्यसरी निर्धारित निम्नलिखित पदलाई प्रमुख कार्यकर्ताका रूपमा हेर्न सकिन्छ -

२.१.१०.१ धामी

स्थानीय देवीदेवताको अवतार मानिने मुख्य व्यक्ति नै धामी हो । कुनैकुनै सिद्ध देवीदेवताका वाहेक अन्य सवैका आआफ्नाधामी हुन्छन् । आवश्यक परेका बेलामा सोही धामीमा तत्तत् देवता आरूढ हुन्छन् । एउटै व्यक्ति एकभन्दा बढी देवताको धामी हुँदैन । पूजाआजा, जाँत वा त्यस्तै विशेष अवसरमा प्रत्यक्ष देवतै मानिने प्रस्तुत व्यक्ति अनिवार्य रूपमा उपस्थित हुनै पर्दछ । निजको उपस्थितविना सम्वन्धित अनुष्ठान नै रद्द गरिन्छ । कुनै व्यक्तिको उपहास गरेर तू धामी व ह्वै क्या, तू बिजाँ क्या जाँत होली अर्थात् तँ धामीजस्तै अनिवार्य व्यक्ति पो होस् त, तँ नभएर धामीविना जाँत रोकिएझैँ आँटिएको काम कसरी पूरा होला र भनिएको पाइन्छ आलोच्य क्षेत्रमा ।

धामी जसरी प्रमुख व्यक्ति मानिन्छ, त्यसैगरी निजको जिम्मेवारी तथा आर्जन पनि बढी नै हुन्छ । कसैलाई साँगुरोअप्ठेरो पर्दा, रोगव्याधिले आक्रान्त पार्दा, मरणासन्न अवस्थावाट गुज्रिनु पर्दा, अन्याय पर्दा, विहे व्रतबन्धादिमा शुभशकुनका लागि आशीर्वाद दिनु पर्दा, जाँतमा पूजाआजा हुँदा, निश्चित अवसरमा वाजागाजाका साथ नाच्नु पर्दा, देउरो नचाउँदा, आवश्यकतानुसार यथोचित मार्गनिर्देशन गर्नुपर्दा धामीको उपस्थिति नभइ हुँदैन । त्यसरी उपस्थित भएर इमान्दारीपूर्वक कर्तव्यनिर्वाह गरी भनेबमोजिमका कुरा पुगिआएका खण्डमा प्राप्त हुने उपहारको भागी पनि धामी नै हुन्छ । दश तोलादेखि चालीस तोलासम्मको चाँदीका एक वा सोभन्दा बढी बाला कानमा लगाइने, सुनका बाली, लुगा, पगरी सुनको तारले टुपी बँधाइजस्ता उपहार यिनीहरू पाउँछन् । उपस्थितमात्र भएमा पनि विशेष भोजन र दक्षिणा यिनका

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

निम्ति निर्धारण गरिएको हुन्छ । देवताका रूपमा पुजिनु, सामान्य स्थितिमा पनि उपेक्षा वा अपहेलनाको पात्र नबन्नु, गाउँ र समाजको संरक्षकका रूपमा सम्मान पाउनु, आर्थिक कठिनाइबाट केहीमात्रामा भए पनि जोगिनु यिनले पाउने थप उपलब्धि हुन् । यिनको शेषपछि पनि यिनले प्राप्त गरेका वाला सुनका वाली, सुनका तारजस्ता वहुमूल्य वस्तुहरू परिवारका सदस्यले पाउँछन् । त्यस्तो सम्पत्ति यिनको निजी हुन्छ, जसरी पनि प्रयोग गर्न पाउँछन्, वेच्न सक्तछन्, उपहार दिन सक्तछन्, इच्छानुसारको प्रयोगमा ल्याउन सक्तछन् ।

जिम्मेवारीका दृष्टिले हेर्दा यिनीहरूको व्यक्तिगत जीवन कमै हुन्छ भन्दा अतिशयोक्ती हुँदैन । रातिदन, भोकतिर्खा, सन्चोविसन्चो, घरायसी कार्य, परिवारका सदस्यसँगको वार्तालापादि केही नभनेर बोलाएका ठाउँमा यिनले पुग्नै पर्दछ र आफ्नो कर्तव्य निभाउनै पर्दछ । चोखो भएर वस्नुपर्ने नियमसित सबभन्दा बढी मात्रामा बाँधिएका पनि यिनै देखिन्छन् । प्रमुख देवीदेवताका गण र उपगण मानिने केही देवताका धामीवाहेक अधिकतर धामीहरूले पूर्ण शाकाहारी भएर, सेतो वस्त्र धारण गरी, छुवाछूतको ज्यादै ख्याल राखी, स्वपाकी भई, नित्य स्नान गरी ज्यादै चोखो वनेर जीवन बिताउनु पर्दछ । परिधानबाट नै यिनीहरूको परिचय मिल्दछ ।

यिनीहरूले भोग्नुपर्ने अर्को अप्ठेरो के पनि हो भने सम्वन्धित देवताले देखाउने अलौकिक शक्ति र असामान्य सामर्थ्य यिनले समयसमयमा देखाउनु पर्दछ । ज्यादै खतरनाक भिरबाट हाम फाल्ने, आगोको राशिमा नाच्ने, ज्यादै सानो प्वालबाट छिर्ने, दाँतले टोकेर बोका काट्ने, पानीको रहमा खुट्टा नभिजाई हिंड्ने, बलेको बत्ती खाने, भारीका भारी वालुवा खाने, ज्यादै सानो र डरलाग्दो चुचुरोमा गएर नाच्ने, छातीमा कटार हिर्काएर नाच्ने, देउरोलाई स्वतः नाच्नसक्ने बनाउने, चोरलाई काम्न वाध्य पारेर सार्वजनिक रूपमा माफी माग्न लगाउनेजस्ता कार्य यिनीहरूले प्रदर्शन गर्दछन् । यी कार्यहरू यिनको शक्तिपरीक्षणका आधार मानिन्छन् । यस्ता कृत्यलाई स्थानीय बोलीमा छेलो भनिन्छ ।

धामीले आशौच वार्नु पर्दैन तापनि निजलाई प्रभाव पार्ने आशौचले जाँतलाई पनि प्रभाव पार्दछ, किनभने निजलाई जुठो सुत्केरो लाग्ने निश्चित अवधिमा निजले माडौंमा जानु हुँदैन भनिन्छ र निजको अनुपस्थितिमा जाँत नै हुँदैन । निजको मृत्यु भएमा प्रसस्त वाजागाजा र यथेष्ट मलामीहरू सहभागी भई पूर्ण सम्मानका साथ अन्तिम विदाइ दिइन्छ । कुनै घटनामा विवाद पर्ने स्थितिमा सम्वन्धित देवता धामीमा आरूढ भएर आवश्यक फैसला गर्दछ । ज्यादै संयम र अनुशासनमा वसी घरबाहिर जान सामान्यतः नमिल्ने हुँदा नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पुस्ताका व्यक्तिहरू धामी बन्न अन्कनाउँछन् । परम्परागत नियमानुसार जुनसुकै जातिका व्यक्ति पनि धामी बन्न सक्तछन्, तर महिलाहरू धामी भएका भने कमै देखिन्छन् ।

२.१.१०.२ पुजारी

विवेच्य क्षेत्रका स्थानीय देवीदेवताका प्रमुख कार्यकर्ताहरूमध्ये पुजारी पनि एक हुन् । पूजाआजासम्वन्धी कार्यको जिम्मेवारी यिनले लिन्छन् । त्यसवापत सम्वन्धित देवीदेवतामा चढेको पैसाको केही अंश यिनी पाउँछन् । त्यसैगरी सो देवताको गुठीको केही जग्गा कमाएर जीविका गर्नपाउने व्यवस्था पनि हुन्छ । गाउँठाउँका गण्यमान्य व्यक्तिहरूमा गणना हुने, पवित्रतम व्यक्ति मानिने, गाउँबस्तीमा भएका व्रतबन्ध विवाहमा अनिवार्य आमन्त्रण गरिने, जाँतका वेला सार्वजनिक आँखामा प्रमुख सम्मान्य व्यक्तिका रूपमा परिनेजस्ता विभिन्न कारणले यस कार्यमा अभिरुचि पैदा भएकै देखिन्छ । सेतो लुगा, विशुद्ध शाहाकारी भोजन, छुवाछूतको अधिकतम परहेज, स्वपाकी नियम, दैनिक स्नानजस्ता कडा अनुशासनमा वस्नुपर्ने भए पनि जातीय गौरवको प्रतीक मानिने हुँदा पुजारी बन्ने मौका पाएमा सम्वन्धित व्यक्तिमा जागरुकता पैदा भएको पाइन्छ । सम्वन्धित देवीदेवताको पूजाआजामा उपस्थित भएर पूजापाठ तथा हवनकार्यको प्रमुख कर्ता हुनैपर्ने र पुजारीले गर्नुपर्ने यावत् कार्य सम्पन्न गर्ने नियमभित्र यिनले बाँधिनु पर्दछ । परम्परागत चलनवमोजिम जुन जाति, परिवार र व्यक्तिले यसको भूमिका निभाउनुपर्ने हो सोहीले यसमा हात हाल्दछ तापनि प्रायः यस कार्यका लागि बाहुनहरू नै तोकिएका देखिन्छन् । जाँतका दिनमा मुख्य पूजा नभएसम्म पुजारीले निराहार भएर बस्नु पर्दछ । जाँतको अवसरवाहेक अन्य बेला कसैले सम्वन्धित देवीदेवताको पूजाआजा गर्न चाहेमा आवश्यक सहयोग गर्ने कर्तव्य पनि पुजारीको हुन्छ र त्यस्तो स्थितिमा चढाइएको रकम निजकै मानिन्छ ।

वलिको भोग गर्ने देवता छ र कसैले सो देवतामा बलि चढाउन चाहन्छ भने पुजारीलाई पनि आमन्त्रण गरेर केही नकेही दक्षिणा वा अन्य रकम दिनुपर्ने चलन छ । बलि दिइने क्रममा प्रायः बोका काटिने हुँदा पुजारीलाई बोकाको टाउको दिइन्छ । कहिलेकाहीं पुजारीमा पनि सम्वन्धित देवीदेवता आरूढ हुन्छ । खास धामी नकामेमा, ज्यादै अप्ठेरो अवस्थामा परेको व्यक्तिलाई विशेष धामी नहुँदा आश्रयको आवश्यकता देखिएमा, छुवाछूत र भक्ष्याभक्ष्यको परहेज हुन नसकेमा, देवता अप्रसन्न भएमा र सामाजिक सुव्यवस्थामा अस्थिरता पैदा भएमा पुजारीहरू कामेका देखिन्छन् । छुवाछूतको प्रायश्चित सुनपानीको स्नान तथा गहुँतसेवन मानिन्छ । प्रत्येक देवताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

पुजारी हुन्छ । एकै व्यक्ति एकभन्दा बढी देवताको पुजारी भएको पनि पाइन्छ तर सामान्यतया महिला पुजारी भने पाइँदैन ।

२.१.१०.३ भण्डारी

भण्डारीको काम भण्डारभित्रका सरसामाग्रीको रेखदेख, भण्डारको सरसफाइ र लिपपोत, जाँतका बेला उपयुक्त सामान झिक्ने, प्रयोग गर्न दिने वा प्रयोग गर्ने र प्रयोग गरिएका सामग्रीको सरसफाइ गरेर सुरक्षित साथ थन्क्याउने अनि चलनचल्तीअनुसार तोकिएका काम गरी सम्बन्धित देवीदेवताको स्तुतिभक्तिमा प्रमुख भूमिका निभाउने काम गर्नु हो । भण्डार नभएका देवीदेवताका पनि भण्डारीहरू हुन्छन्, किनभने भण्डारबाहेकका अन्य थुप्रै काम वेलामौकामा उनीहरूले गर्नु पर्दछ । विशेषगरी जाँतका अवसरमा गर्नुपर्ने विभिन्न काम भण्डारीको उत्तरदायित्वअन्तर्गतपर्ने हुनाले भण्डार नभए पनि भण्डारीको आवश्यकता पर्दछ । जाँतका सन्दर्भमा गर्नुपर्ने लेनदेन, गराउनुपर्ने विविध काम अथवा कार्यविभाजन तथा वितरण गर्नुपर्ने प्रसाद वा पारिश्रमिकजस्ता कार्यहरू पनि भण्डारीकै नेतृत्वमा सम्पन्न हुन्छन् । त्यसैले अधिकांश भण्डारीहरू श्वेत वस्त्र, विशुद्ध शाहाकारी भोजन, नित्य स्नान, स्वपाकी नियमजस्ता कुराको निर्वाह गरी ज्यादै चोखो भएर वस्दछन् । खानपानमा मनपरी गर्नासाथ उनीहरूलाई सन्चो हुँदैन । खासगरी वलि नलिने देवीदेवताका भण्डारीहरूले यस प्रकारको परहेजमा रहनु पर्दछ । प्रायः वाहुनहरू नै भण्डारी बनेका देखिन्छन् तापनि जुन जातिका देवीदेवता हुन् सोही जातिकै भण्डारी हुने चलनचल्तीको नियमानुसार जुनसुकै जातिको व्यक्ति पनि भण्डारी बनेको पाइन्छ । सामाजिक चलनवमोजिम यस पदका निम्ति यही जाति भन्ने व्यवस्था गरिएको देखिन्छ । महिलालाई भण्डारी, धामी, पुजारीजस्ता पदहरू दिइएको पाइँदैन । परम्परानुसार पछि भण्डारीको हुने भन्ने कुरा लगभग पहिलेदेखि नै निश्चित हुन्छ । यदाकदा यस्ता कुरामा विवाद भएमा सम्वन्धित देवता स्वयम् आरूढ भएर पद तोक्ने काम गर्दछ । सामान्यतया धामी, भण्डारी र पुजारी वनेका व्यक्तिले आशौच बार्नु हुँदैन भनिन्छ तापनि कहीँकहीँ निजहरूले आशौच बारेको देखिन्छ । निजहरूले बारे पनि नवारे पनि बार्नुपर्ने आशौचको अवधि पूरा नभएसम्म सम्बन्धित देवीदेवताको कार्य गर्नु हुँदैन भनिन्छ । त्यस्तो अवस्थामा नियमानुसार हुने त्रैमासिक, षाण्मासिक र वार्षिक पूजा वा जाँत रोकिन्छ ।

२.१.१०.४ ढोली

स्थानीय देवीदेवताको जाँतका प्रमुख कार्यकर्ताहरूमा ढोली पनि एक हुन् । जातीय मान्यताका हिसाबले टमटा वा ताम्राकार, लुहार, पार्की, चुनारा, सुनारादि कामीसमूहका जातिभन्दा ढोली जातिलाई पछाडि राखे पनि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पवित्रतम स्थानीय दवीदेवताका माडौँहरूमा जान कामीलाई निषेध गरिएको हुन्छ तर ढोलीहरू भने जान पाउँछन् । त्यस्तो स्थानमा जान अपनाउनुपर्ने शुद्धताको निर्वाह भने ढोलीले पनि गर्नै पर्दछ । प्रत्येक पूजाआजा, जाँत, विवाह व्रतबन्धादिमा बजाउनुपर्ने शुभधून ढोलीहरूले नै बजाउने हुँदा यस्तो चलन चलेको हो । जुनसुकै देवताका जाँतमा बाजा बजाइनै पर्दछ । सो कार्यमा यिनीहरूले नै भाग लिन्छन् ।

यिनीहरूमा पनि प्रमुख, उपप्रमुख र सहायकको गणना हुन्छ । प्रमुख ढोलीलाई सबभन्दा ठूलो दमाहा, ट्याम्को र अन्य वाद्य सामग्री देवताको भण्डारबाट दिइन्छ । त्यसको यथोचित संरक्षण र साजसज्जा निजले नै गर्दछ । बाजा बजाउने क्रममा सबभन्दा पहिले बजाउने पनि निज नै हुन्छ र परम्परागत वाद्य धुनका लागि चाहिने आवश्यक निर्देशन उसैले दिन्छ । ढोलीहरूको मुखिया बनेर यावत् कुराको प्रतिनिधित्व पनि निजले नै गर्दछ । जाँत हुने तिथिभन्दा पन्ध्र दिन वा सात दिनअघि देखि प्रत्येक साँझ भण्डार वा त्यस्तै खास ठाउँमा मङ्गल बाजा बजाई सम्बन्धित देवतालाई आमन्त्रण धून अर्थात् न्यूती बजाउन निर्दिष्ट ठाउँमा निजको उपस्थिति र संलग्नता हुनै पर्दछ भनिन्छ । सुविधाबमोजिम जिम्मेवारी पनि निजले बढी नै बोक्नु पर्दछ ।

प्रमुख ढोलीको भन्दा केही सानो तर सहायक ढोलीको भन्दा ठूला दमाहा, ट्याम्को र अन्य बाजा पाउने तथा जाँतमा बाजा बजाउने क्रममा पनि प्रमुख ढोलीले बजाएपछि दोस्रो क्रममा आउने व्यक्ति उपप्रमुख हो । प्रमुख ढोलीको विशेष कार्य वा असमर्थताका कारणले अनुपस्थिति देखिएमा प्रमुख बनेर जिम्मेवारी वहन गर्ने काम यसले गर्दछ । यसले पनि न्युतीको धुन बजाउन निर्धारित स्थानमा जानुपर्दछ ।

सहायक ढोलीहरूले प्रमुख वा उपप्रमुखको नेतृत्वमा नियामानुसार बाजा बजाउने काम गर्दछन् । यिनीहरूलाई पनि भण्डारबाट आवश्यक वाद्य सामग्री प्राप्त भएको हुन्छ र आआफ्नो वाद्य सामग्रीको यथोचित संरक्षण तथा साजसज्जाका लागि स्वयम् जिम्मेवार हुनुपर्दछ । यिनीहरू बसाइको अनुकुलतानुसार आफ्नो सुविधाका ठाउँमा न्युती लगाउन सक्तछन् । जाँतमा बाजा बजाउन यिनीहरूले पनि उपस्थित हुनै पर्दछ ।

धामीका चलनचल्तीका नाचलाई जोसिलो पार्न ढोलीहरू परम्परागत धुनमा बाजा बजाउँछन् । धामीको भिन्नतानुसार बाजाको धुनमा पनि परिवर्तन आउँछ । यस जातिको मुख्य कार्य बाजा बजाउनु र वस्त्र सिलाइ गर्नु हो । सोबापत यसलाई सर्वसाधारण जनता तथा देवताको सम्पत्तिबाट केही नकेही पारितोषिक दिने चलन छ । ढोलीबिना पनि जाँत हुँदैन । त्यसैले यिनीहरूलाई जुठो परेमा जाँत रोकिन्छ । धामीले दिने आशीर्वाद तथा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सामाजिक वा व्यक्तिगत समस्यासित सम्बन्धित प्रश्नको जवाफका लागि यिनीहरूले छुट्टै समय पाउँछन् ।

२.१.१०.५ भोकऱ्या

भोकरनामक वाद्यविशेष बजाउनेहरूलाई स्थानीय बोलीमा भोकऱ्या भनिन्छ । जाँतमा सम्बन्धित देवताको पूजासामग्री तयार गर्दा, सो पूजासामग्री भण्डारवाट माडौं र माडौंवाट भण्डारसम्म पुऱ्याएर थक्याउँदा, पूजा गर्दा, धामी कमाउँदा, धामी नाच्दा, देउरो नचाउँदा, चौलो खेल्दा बजाइने बाजाहरूका साथ यो पनि बजाइन्छ । यसलाई बजाउनेहरू स्पृश्य जाति मानिने समुदायका व्यक्तिहरू हुन्छन् । अझ तिनमा पनि वर्ष र पुस्ताको रोलक्रम तोकिएको हुन्छ । निर्धारित व्यक्तिले निर्धारित समय र अवसरमा भोकर बजाउनै पर्दछ । ढोलीहरूले पाएका दमाहा र ट्याम्को आफ्ना अधीनमा राखी व्यक्तिगत र सामाजिक कार्यमा प्रयोग गरेझैं भोकरेहरू भोकर जाँतका बेलामा बाहेक अरू बेला आफूसित राख्दैनन्, किनभने सामान्यरूपमा बजाइने बाजा यो होइन । यस कार्यमा पनि पुरुषहरू नै सहभागी हुन्छन् । यिनीहरूको मान्यता सहायक कार्यकर्ताका रूपमा रहेको पाइन्छ ।

२.१.१०.६ पोखल्या

जाँतका लागि चाहिने पूजासामान र प्रमुख कार्यकर्ताहरूको खानपानका निम्ति आवश्यक पर्ने दाल, चामल, नून, घ्यू, सागपात, दूध, दहीजस्ता खाद्य वस्तु घरघरवाट जम्मा गरेर निश्चित ठाउँमा पुऱ्याउने व्यक्तिलाई पोखल्या भनिन्छ । यसको भूमिका पनि महत्त्वपूर्ण मानिन्छ, किनभने यसले नै जम्मा गरेर ल्याएका पूजासामग्री र खाद्य पदार्थवाट जाँत मनाइन्छ । स्थानीय देवीदेवताका सहायक कार्यकर्तामा यसको गणना हुन्छ ।

२.१.१०.७ देउकी/देउचेली र देउका/ देउचेला

देउकी र देउकाको चलन क्रमशः हराउँदै जाने क्रममा छ तापनि फाटफुटरूपमा अद्यापि कहींकहीं रहिरहेकै देखिन्छ । देउकी र देउचेली पर्यायवाची शब्द हुन् । यसैगरी देउका र देउचेला पनि एउटै अर्थ जनाउने दुइटा शब्द हुन् । भाकल गरेवमोजिम निश्चित उद्देश्य पूरा भएवापत सेविकाका रूपमा कुनै कन्याकुमारीलाई देवीदेवतामा चढाउने र निजले आजन्म सो देवीदेवताको पूजाआजामा समर्पित हुनुपर्ने परम्पराको नाम देउकी प्रथा हो । यसरी चढाइएकी कन्या देउकी वा देउचेली हो । निजले आजन्म अविवाहित रहनुपर्ने नियम छ । कथंकदाचित् अवैध सम्बन्धवाट निजले सन्तान जन्माई भने त्यस सन्तानले पनि सम्बन्धित देवीदेवताको सेवामा समर्पित हुनुपर्दछ । त्यो सन्तान छोरो छ भने देउको वा देउचेलो कहलाइन्छ र छोरी छ भने देउकी वा देउचेली भनिन्छे । यिनीहरूले जाँतका अवसरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

प्रमुख कार्यकर्ता र सहायक कार्यकर्ताहरूसित मिलेर भण्डारको लिपपोत गर्ने, पात टिप्ने, दुना टपरी गाँस्ने, पूजाआजाका भाँडा माझ्ने, माडौंभित्र प्रवेश गर्नेहरूलाई पानीका छिटा छर्केर चोखो पार्ने, धामी बस्ने ठाउँमा राख्नुपर्ने निश्चित बनस्पतिका स्याउला टिपेर राख्ने, माडौंको झाडबढार तथा लिपपोत गर्ने, फूलपाती टिप्नेजस्ता विभिन्न कार्य गर्दछन् । जाँतमा उपस्थित नभएमा, बिहे गरेर घरगृहस्थीमा प्रवेश गरेमा र गर्नुपर्ने कर्तव्य पूरा नगरेमा यिनीहरूलाई सन्चो हुँदैन भनिन्छ । यी पनि सहायक कार्यकर्ता नै हुन् ।

ढेउकी शब्द संस्कृत भाषाको देवकन्याको परिवर्तित रूप हो । देवीदेवताको प्रतिमूर्त्ति बनाउन र आवश्यक सेवाटहल गर्न कुनै कन्याकुमारीलाई तोक्ने परम्परा धेरै ठाउँहरूमा पाइन्छ तर सो कन्या ठूली भइसकेपछि पनि सम्वन्धित देवताकी सेविका भएर आजीवन अविवाहिता रही एक प्रकारको असह्य यातना भोग्नुपर्ने परम्परा भने विवेच्य क्षेत्रमै देखिन्छ । त्यसैले यस चलनलाई सामाजिक अन्धविश्वास, कुसंस्कार र सांस्कृतिक कलङ्कका रूपमा लिइन्छ । यो चलन अझै फाटफुटरूपमा कायमै रहेको पाइन्छ । ढेउकी, ढेउचेली, ढेवकी, धौढासीजस्ता शब्दहरू यसका पर्यायवाची रूप हुन् । स्थानभिन्नतानुसार यी शब्दहरू व्यवहारमा ल्याइएका पाइन्छन् ।

कुष्ट रोग लाग्दा, निकै ठूलो सङ्कट आइपर्दा, घरको शान्ति, शकुन र सुव्यवस्थामा अस्थिरता उत्पन्न हुँदा स्थानीय कुनै देवीदेवतालाई भाकेर त्राण पाएमा चेली फोली चढाउने वाचा बाँधिन्छ । सोबमोजिम मनोकामना पूर्ण भएमा सो चेली फोली चढाउनु नै देउकी चढाउनु हो । चेली भनेको कन्या हो भने फोली भनेको तामाको गाग्री हो । पानी भरिएको तामाको गाग्री शिरमा बोकेकी कन्यामा सम्वन्धित देवीदेवताको जल छर्केर देउकी बनाइने हुँदा चेलीसित फोलीको प्रसङ्ग आएको हो । फोली नराखी चेली चढाइँदैन । त्यसैले यी दुई शब्द संयुक्त बनाइएका हुन् ।

अस्पृश्य मानिने जातिकी चेलीलाई देउकी बनाइँदैन । बाहुन र ठकुरीका कन्याहरू पनि यस कार्यमा नगण्य मात्रामा प्रयोग गरिएका देखिन्छन् । खासगरी क्षत्रियहरूका कन्याहरू नै बढी मात्रामा देउकी बनाइएका पाइन्छन् । अझ देउकी चढाउने काम स्पृश्य मानिने जातकी कुनै छ वर्षदेखि बाह्र वर्षसम्मकी कन्यालाई दशदेखि पचास हजार रूपैयाँसम्म तिरेर आफूले पाउने पैतृक सम्पत्तिमा निज कन्याको नाममा एउटा भाइले पाउने सम्पत्ति छुट्याएर मात्र देउकी चढाएको पाइन्छ ।

देउकीहरूले बिहे गर्नु हुँदैन र कसैका घरको नोकरचाकर भएर काम गर्नु पनि हुँदैन । यिनीहरू आफ्ना आमाबाबुकै घरमा बसेर वा छुट्टै घर बनाएर जीवन बिताउँछन् । सम्वन्धित देवीदेवताको पूजाको दिनमा भण्डार र माडौंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

गएर सरसफाइ, लिपपोत, पानी बोक्ने काम, पूजा सामग्रीको तयारीआदि आवश्यक काम यिनीहरूले गर्नु पर्दछ । यसक्रममा नियमानुसार उपवास बस्ने, स्नान गर्ने र चोखो भएर बस्नेजस्ता संयमपूर्ण अनुशासनको पालन पनि यिनले गर्नुपर्दछ । यसरी सेवा गरेबापत सम्बन्धित देवताका उपासकहरूबाट हिउँदे र बर्खे बाली भित्र्याउँदा यिनीहरूलाई डोरी अर्थात् एकएक पाथी अन्न प्राप्त हुन्छ ।

विहे गरेर घरजम बसाल्न निषिद्ध भए पनि कतिपय देउकीहरूले सो नियमको उल्लङ्घन गरेको पाइन्छ । यसो गर्नेहरू सामाजिक दुष्टिले तिरस्कृत मानिन्छन् र शारीरिक स्वस्थता पनि प्राप्त गर्न सक्तैनन् भनिन्छ । परम्परागत मान्यताप्रति विद्रोह गरेर इच्छानुसार चल्ने प्रयास गरेमा शरीर अररिने, टाउको दुख्ने, अपच हुने र रिङटा लाग्नेजस्ता दुष्परिणामको सामना गर्नुपर्दछ भनेर स्वयम् देउकीहरू नै बताउँछन् । विहे गरेर होस् वा नगरेरै होस् यिनीहरूमध्येका केहीले यदाकदा सन्तान जन्माउँछन् । यसरी जन्मने सन्तानहरूलाई देउका भनिन्छ । तिनीहरूसित विहेवारी गरी सम्वन्ध जोर्न असजिलो अनुभव गरिएको पाइन्छ, तापनि त्यस्तै समूहसित तिनको विहे हुन्छ । यिनीहरूबाट जन्मेकी छोरीलाई पनि देउकी बनाउन सकिन्छ । प्रायः यस्तै सन्तति देउकी बनाइएका हुन्छन् । अघोषित बाबुका सन्तान यिनीहरूलाई जिस्काएर कहिलेकाहीं **अलगल गोत्र इजा एकै बाबु सत्र** अर्थात् जे मन लाग्यो त्यही गोत्र भन्न पाउने अधिकार भएका र एउटै आमा तथा सत्र जना बाबुका सन्तति भनिएको पनि सुनिन्छ ।

देउकीहरू **पात्तर** र **ढेउकी** गरी मूलतः दुई प्रकारका पाइन्छन् । समानरूपले चढाइएका भए पनि कार्यविभाजनका क्रममा यी दुईथरीका बीचको भिन्नता देखापर्दछ । **पात्तरहरू** सम्वन्धित देवीदेवताको देउरो वा गाँजमा चमर हल्लाउँछन् र बाजागाजाका साथ नाच्दछन् । पात्तरबाट जन्मेकी जेठी छोरीलाई अनिवार्य रूपमा देउकी बनाएर पात्तरकै काममा लगाइएको पाइन्छ । यसैगरी देउकीहरूको काम सम्बन्धित देवीदेवताका जाँत तथा अन्य पूजाआजामा उपस्थित हुनु, देवालयको झाडबढार, लिपपोत र सरसफाइ गर्नु तथा पूजनसामग्री तयार पार्नु हो । यिनीहरूबाट जन्मेकी जेठी छोरीलाई पनि देउकी बनाउनैपर्ने नियम भने छैन । यी दुवैथरीबाट जन्मेका सन्तानहरूलाई अचेल **नायक** भनिन्छ । यिनीहरू स्वतन्त्ररूपमा गृहस्थी जीवन बिताउन पाउँछन् ।

यस प्रथाका थालनीका सम्वन्धमा एउटा जनश्रुति प्रचलित छ । शकसम्वत् १३०९ तिरको डोटी राज्यतिरको कुरा हो । त्यस बेलाका प्रखर शक्तिशाली मानिने राजा नाग मल्लले पूर्वमा गण्डकी, पश्चिममा गढवाल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उत्तरमा भोट क्षेत्र र दक्षिणमा तिरुहुतसम्म आफ्नो एकछत्र राज्य कायम गरे । त्यसबाट उनमा एक प्रकारको घमण्ड वा उन्माद पैदा भयो । उनी आफूलाई देवताभन्दा पनि अधिक शक्तिशाली सम्झन थाले । भगवान् शङ्करकै अर्को रूप मानिने भागेश्वर देवता धामीमा आरूढ भएर नाग मल्लको अहङ्कारको उचित जवाफ दिन तम्सिए । आफ्नो शक्ति प्रदर्शन गर्नेक्रममा उनले दक्षिणतिरबाट एक्कासि कालो बादल देखाएर नाग मल्लका दरवारमा पानी खन्याउन सुरु गरे । घनघोर वर्षा भयो । चारैतिर हाहाकार मच्चियो । आफ्नो क्रोध र शक्ति वर्षाका रूपमा प्रकट गरी भागेश्वर उत्पात मच्चाउन थाले । प्रलयङ्कारी वर्षा हो कि जस्तै अनुभव हुनथाल्यो । अन्त्यमा हार स्वीकार गरी नाग मल्लले बाध्य भएर आफू वलको मात्रै शक्तिशाली भएको र भागेश्वर बलका साथै छल (दिव्य शक्ति प्रदर्शन गर्नसक्ने) मा पनि समर्थ भएका कुरा स्वीकार गरी क्षमायाचना गरे । त्यसका साथै आफूले देखाएको धृष्टताको प्रायश्चितस्वरूप उक्त देवतामा सुनजनै, चेली फोली, वेदपाठ र बाच्छी सहितकी एकजोर दुहुना गाई दान गर्ने वचन दिए । सोवमोजिम उनले ती सबै कुराको दान गरे । त्यसपछि समर्थहरूद्वारा अप्ठेरोबाट मुक्त हुन प्रस्तुत कुरा दान गर्ने भाकल बाँधिन सुरु भयो र सो मनोकामना पूर्ण भएमा भाकलबमोजिम दान गर्ने परम्परा चल्यो । विस्तारै भागेश्वरका साथै अन्य देवतामा पनि उपर्युक्त दानहरूको प्रक्रिया सुरु भयो । हुँदाहुँदा यस प्रथाले व्यापक रूप लियो । जाँतबाहेक अन्य विभिन्न उत्सव, समारोह, खुसियालीमा पनि स्थानीय देवीदेवतालाई प्रसन्न तुल्याउन प्रसस्त दानहरू गर्न थालिए । सत्प्रयासका धारणाबाट सुरु गरिएको यो चलन शनैः शनैः सामाजिक कलङ्का रूपमा विकसित भयो, जसले अद्यापि विवेच्य क्षेत्रको एउटा कुसंस्कार भएर पनि सुसंस्कारको भ्रम जनसामान्यमा उत्पन्न गर्न सफलता पाएकै छ । पहिलेपहिले राजदरवार र ठूलाठूला घरानाहरूमा पवित्र र श्रद्धेय व्यक्तिका रूपमा देउकीहरू राख्ने चलन थियो । समय बित्दै जाँदा यिनीहरूको सङ्ख्या पनि बढ्न थाल्यो । यिनीहरूबाट व्यभिचार हुन थाल्यो । फलस्वरूप बाबुबिनाका सन्ततिहरू बढ्दै गए ।

सुरुसुरुमा धार्मिक कारणले यो प्रथा अभिप्रेरित भए पनि यसले क्रमशः आर्थिक समस्यासित पनि सम्बद्ध हुनु पर्‍यो । आर्थिक कठिनाइमा परेका आमाबाबुले यथाशक्य बढी पैसा लिएर आफ्नै छोरीलाई देउकी बनाउन मन्जुर गरेपछि यो समस्या झनै विकराल बन्यो । सानै उमेरमा सम्पन्न गरिने कार्य भएकाले कतिपय बालिकाहरूलाई त आफू देउकी बनेको कुरा थाहा हुँदैन । उमेर बढ्दै गएपछि देउकीले अपनाउनुपर्ने कर्तव्य निभाउनु पर्दा बल्ल होस खुल्दछ तर त्यति बेलासम्म निकै अबेर भइसकेको हुन्छ । हुन त चढाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

व्यक्तिले दिएको अंश देउकीले आफ्नो इच्छानुसार प्रयोग गर्न पाउँछे, दुइटै बालीमा जनसाधारणबाट अन्न पाउँछे, गाउँठाउँमा सम्पन्न गरिने पूजापाठ, विवाह व्रतबन्ध, यज्ञयागादिमा निम्ता तथा दक्षिणा पाउँछे र सामाजिक दृष्टिले श्रद्धा पनि प्राप्त गरेकै हुन्छे । त्यसो भए तापनि विवाह गर्न नपाइने, बिहे गरिहाले पनि सन्चो नहुने, सधवा नारीले भैं लगाउने सिंदूरपोते लगाउन नपाइने, आमाबाबुको अन्त्यपछि दाजुभाउजूको अपहेलनाको पात्र बन्नुपर्ने, सँगीसाथीले वैवाहिक जीवनमा बाँधिएको तथा छोराछारी पाएको दृश्य थुक निलेर हेर्न बाध्य हुनुपर्ने, जवानीको जोस र हृष्टपुष्ट मांसपिण्ड छँदासम्म नजिकिनेहरूले उमेर बढ्दै जाँदा र मांसपिण्ड घट्दै जाँदा उपेक्षा गरेबाट एक्लिनुपर्ने जस्ता अनेकौं कारणले यिनीहरू आफूलाई हतभागी, कर्महारा, सामाजिक मर्यादाका कठोर अनुशासनले गाँजिएका व्यक्ति ठान्दछन् र मानसिक चिन्ताका छटपटीबाट ग्रसित हुन्छन् ।

त्यसो त नाग मल्लको राज्यकालभन्दा पहिले पनि यो प्रथा चलनचल्तीमा थियो भन्ने कुरा बुझिन्छ तापनि ठूलाबडाहरूले गरेका जस्तासुकै काम सामाजिक मर्यादाका नमूना एवम् उत्कृष्ट मानिने स्वाभाविक प्रक्रियाबमोजिम यस चलनले खास अभिरुचि समेट्ने काम उपर्युक्त घटनापछि नै गरेको थाहा हुन्छ । समाजका शक्तिशाली र गण्यमान्य व्यक्तिहरूले यसको अनुसरण गरिआएकाले नै हालसम्म यस प्रथाले जीवन पाएको हो । अब चाहिं बिस्तारै यसमा शैथिल्य आउनथालेको छ ।

२.१.१०.८ अन्य कार्यकर्ता

अन्य कार्यकर्ताहरूमा सम्बन्धित देवताको शक्तिको प्रतीक दण्ड, तरवार वा त्यस्तै कुनै हतियार समात्ने व्यक्ति पनि आउँछ । धामी नाच्दा, पूजाका सरसामग्री भण्डारबाट माडौँ र माडौँबाट भण्डारसम्म पुऱ्याउँदा सबभन्दा अगाडि परम्परागत वाद्य बजाउने ढोलीहरू हुन्छन् भने त्यसपछि प्रस्तुत दण्डधारक हुन्छ । निजलाई स्थानीय बोलीमा लौड्या भनिन्छ कतैकतै यसलाई दारिड्या अर्थात् सुरक्षाकर्मी पनि भनिन्छ । निजले हुलमुलमा धामी तथा सम्बन्धित देवताको सम्पत्तिको सुरक्षा पनि गर्दछ ।

त्यसैगरी प्रमुख र सहायक कार्यकर्ताहरूका लागि जाँतका बेला वा अन्य विशेष अवसरमा खाना पकाउने रोस्यारा अर्थात् भान्सेलाई पनि सहायक कार्यकर्ताका रूपमा राख्न सकिन्छ । खासगरी पुजारीले नै यस कार्यमा हात हालेको पाइन्छ तापनि धेरै व्यक्तिलाई ख्वाउनुपर्ने र पुजारीले फुर्सद पाउन नसक्ने स्थितिमा पुजारीकै खलकको अर्को व्यक्तिलाई यसको जिम्मेवारी दिइन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri. Funding:

देउरो सजाउने र जाँत समाप्त भएपछि देउरोमा राखिएका सामग्री झिकेर यथास्थान सुरक्षित रूपमा राख्ने र जाँतको भोजमा खाना पकाएका भाँडाहरू माभ्ने व्यक्तिको स्थान पनि महत्त्वपूर्ण मानिन्छ। यिनीहरूलाई पनि सहायक कार्यकर्ताका रूपमा राख्न सकिन्छ।

२.१.११ जाँतपर्व

जाँतपर्व भनेको सम्बन्धित देवीदेवताको जाँत हुने अर्थात् पूजा गरिने निश्चित तिथिभन्दा पन्ध्र वा सात दिन अगाडिको अवधि हो। बलि लिने देवतावाहेक अन्य देवताका उपासकहरू यस अवधिमा नित्य स्नान गर्दछन् र विशुद्ध शाकाहार ग्रहण गर्दछन्। यसो नगरेमा जाँतमा जानु हुँदैन भनिन्छ। यस पर्वमा प्रत्येक साँझ भण्डार, माडौं तथा उपासकहरूका वस्तीका निश्चित ठाउँमा ढोलीद्वारा परम्परागत धुनमा दमाहा र ट्याम्को बजाएर सम्बन्धित देवताको आह्वान गरिन्छ। यसलाई **न्यूती** भनिन्छ। कतिपय ठाउँमा यस अवधिमा विहान पनि उपर्युक्त ठाउँमा बाजा बजाइन्छ। विहानको बाजालाई चाहिँ **बडाइ** भनिन्छ। न्युती र वडाइ बजाएबापत ढोलीले घरघरबाट **गुजाइँ** अर्थात् केही नकेही पारिश्रमिक प्राप्त गर्दछ। जाँतपर्वलाई आकर्षक एवम् साङ्गीतिक बनाउनमा न्यूती र वडाइका धुनहरूले उल्लेख्य भूमिका निर्वाह गर्दछन्। प्रस्तुत पर्वका शोभाहरूमध्ये यस प्रकारका धुनहरू पनि एक हुन्।

यस अवसरमा राती देवीदेवताको लस्कर चल्दछ, सो लस्करलाई हेर्नु हुँदैन, अटेरी गरेर कसैले हेर्न चाहेमा देवीदेवताको कुदृष्टि पर्दछ र अनेकौं अनिष्टहरूको सामना गर्नु पर्दछ भन्ने लोकधारणा छ। त्यसैले यस पर्वका राति सकेसम्म बाहिर ननिस्कने प्रयास गरिन्छ। कथंकदाचित् बाहिर निस्कनु परेमा साथीसहित निस्कने चलन छ। प्रस्तुत अवधिमा पूजापाठ, यज्ञयागादि धार्मिक अनुष्ठानको आयोजना गर्ने प्रवृत्ति पनि कतिपय ठाउँमा देखिन्छ।

खास पूजा गरिने तिथिभन्दा एक दिनअगाडि साँझपख न्युती लगाइसकेपछि सारा कार्यकर्ताहरू भण्डारमा भेला हुन्छन् र बाजागाजाका साथ जाँत तथा पूजाका लागि चाहिने सरसामान झिकेर जाँतको तयारी गर्दछन्। यस कार्यलाई **ढेउरो ब्युँजाउनु** भनिन्छ। सम्बन्धित देवीदेवतालाई पूजा स्वीकार गर्न तयार हुने अनुरोधको प्रतीकका रूपमा पनि यो चलन रहेको देखिन्छ।

२.१.११.१ रतेडी

रतेडी भनेको सम्बन्धित देवीदेवताको पूजा गरिने निश्चित तिथिका राति सम्पन्न हुने पूजा, अर्चना, धामीनाच र गानवजानद्वारा मनाइने रमाइलो हो। कुनै पनि देवताको जाँत रतेडी र दिउँसेडी गरी दुई चरणमा विभाजित गरिएको हुन्छ। रतेडीमा पूजाआजाको आधिक्य हुन्छ भने दिउँसेडीमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नाचगानको । रातमा गरिने पूजा हुनाले **रतेडी** र दिनमा सम्पन्न हुने क्रियाकलापका कारण **द्विउँसेडी** नाम दिइएको बुझिन्छ ।

रतेडीका दिन बिहानदेखि नै विशेष तयारी हुन्छ । सम्बन्धित देवताका उपासकहरू बिहान चाँडै उठी स्नानध्यान गरी घरआँगनको सरसफाइ र लिपपोत तथा दैलोपूजा गर्दछन् । त्यसपछि पुरोहितलाई सिदा दक्षिणा दिइन्छ र दिनभरि उपवास बसिन्छ । उपवास बस्ने काम परिपक्व उमेरका खासखास व्यक्तिले मात्र गर्दछन् । देवताका प्रमुख कार्यकर्ताहरूमा धामी, भण्डारी र पुजारीले अनिवार्यरूपमा उपवास बस्नु पर्दछ ।

यस दिन सबेरै पोखलेद्वारा **ल्यास: पूजपोखल** अर्थात् पोखलको सामग्री दिनुहोस् भनेर एक ठाउँबाट जोरले चिच्याइन्छ र घरघरबाट पूजासामग्री तथा खाद्य सामग्री जम्मा गरिन्छ । आशौच बारेको परिवारबाहेक अन्य सबै घरबाट श्रद्धापूर्वक पोखलस्वरूप चन्दन, अक्षता, फलफूल, दक्षिणा, धूप, दीप, नैवेद्य, वस्त्र पाँच मुठी चामल, मासको दाल, नून, बेसार, खुर्सानी, आलुआदि चोखो तरकारी, घ्यू, दही र दूधजस्ता सामग्री पोखलेमार्फत देवताका लागि प्रदान गरिन्छ । देउरो व्युँझाउने वा देवतालाई जागृत गर्ने काम सम्पन्न भइसकेकोले यस दिन बडाइ बजाइँदैन र साँझपखको न्यूती पनि लगाइँदैन । दिनभरि जाँतका उपलक्ष्यमा आउने आफन्तहरूको प्रतीक्षा गरिन्छ । यस अवसरमा विवाहित चेलीबेटी, इष्टमित्र तथा चिनाजानीका विभिन्न व्यक्तिहरूलाई आमन्त्रण गरिन्छ । परदेश गएकाहरू पनि यस बखत सकेसम्म घर फर्कने प्रयास गर्दछन् । राती हुँदासम्म पाहुना तथा आफन्तहरूको जमघट घरघरमा लाग्दछ ।

कतिपय जाँत पूजाआजा तथा उपवासका साथै स्वादिष्ट भोजनको अनिवार्यतामा आधारित पाइन्छन् । त्यस्तो जाँतका लागि घरका मुख्य एक जना व्यक्ति उपवास बस्दछन् तर अरूहरू भने मनपर्ने खाना खान्छन् । यस अवसरमा सेल पकाउनु जरुरी हुन्छ । त्यसैले प्रस्तुत जाँतलाई **बाबर्‍यै जाँत** अर्थात् सेल पकाएर मनाइने जाँत भनिन्छ । खासगरी कार्तिक शुक्ल प्रतिपदादेखि सोही पूर्णीमासम्म आयोजना हुने जाँतहरू **बाबर्‍यै जाँत** मा पर्दछन् । खास जाँत पर्व पनि यही अवधि मानिन्छ । विशेषगरी सेल, पुरी, मालपुवा, माणा, निसोसेजस्ता शुद्ध शाकाहारी पक्वान्न यस्ता अवसरमा सेवन गरिन्छ । रिन काढेर भए पनि घरघरमा यस अवसरमा सेल पकाइन्छ । अरू दिन भोकै सुते पनि उक्त दिन सबैले पेटभरि खाना खान्छन्- त्यो पनि सेल, पुरीजस्तो ज्यादै स्वादिष्ट भोजन ।

रातीको भोजनपछि प्रत्येक गाउँबाट बाजागाजाका साथ ढोली, देवताका अन्य प्रमुख र सहायक कार्यकर्ताहरू, उपवास बस्नेहरू र रमितेहरू

epal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding:

सम्बन्धित देवताको माडौंमा जान्छन् । त्यसरी जाने क्रममा गाउँगाउँबाट लैजानुपर्ने आवश्यक पूजासामान तथा जाँतका सामग्रीहरू पनि लग्दछन् । प्रस्तुत जुलुसयुक्त यात्रालाई स्थानीय बोलीमा ढेँउरो भनिन्छ । सबैतिरबाट त्यसरी आवश्यक सरसामान, प्रमुख र सहायक कार्यकर्ताहरू, उपासकहरू र रमितेहरू जम्मा भइसकेपछि निश्चित समयमा सम्बन्धित देवताको माडौंका भित्री कोठामा उब्जेको वा राखिएको लिङ्ग वा मूर्तिको पूजा पुजारीले गर्दछन् । यस वेला प्रमुख धामी काम्दछ । उसको पनि पूजा गरिन्छ । सहायक धामीहरू पनि काम्दछन् । उनीहरूमा जलसेंचनका साथ फूलपाती चढाइन्छ । अधिकांश देवताका लिङ्ग वा मूर्तिमा नभिजाएका अक्षत र पातीमात्र चढाएर पूजा गर्ने चलन छ । पूजा गरिने ठाउँमा धामी, पुजारी र भण्डारीबाहेक अरूहरूले जान पाउँदैनन् । उक्त पूजा निकै बेरसम्म चल्दछ । प्रत्येक उपासकहरूबाट प्राप्त पूजासामग्री पनि यसै बेला चढाइन्छ । सामान्यतः रतेडीमा महिलाहरूको सहभागिता हुँदैन तापनि पर्दा प्रथा नमान्ने र उपवास बसेका केही प्रौढाहरू खास पूजाका वेला माडौंको बाहिरको एउटा छेउमा जम्मा भएर सगुन, फागप्रभृति परम्परागत रचना सामूहिक स्वरमा गाउँछन् । कहींकहीं रतेडीमा पनि महिलाहरू पुरुषसरह नै सहभागी भएका पनि देखिन्छन् । खासगरी सिद्धपीठ र टाढाटाढाका प्रसिद्ध देवस्थलहरूमा रतेडीमा महिलाहरू देखिन्छन् । रतेडीको पूजा नै खास पूजा हो । त्यसैले त्यो नहुँदासम्म पुजारी, धामी, भण्डारी र प्रमुख उपासकहरू खाना खाँदैनन् ।

यसरी पूजा सुरू गर्दा प्रमुख धामी आफ्नो निश्चित आसनमा वसेको हुन्छ । ढोलीहरू क्रमशः एकएक गरेर आआफ्ना दमाहा र ट्याम्कोमा, ताल, नरसिङ्गा, झ्याली बजाउँछन् । उता भोकरेहरू पनि भोकर वजाउँछन् । रातीको सुनसान वातावरणमा उच्चतम स्वरमा घन्किएको वाद्य ध्वनिले पृथ्वीलाई नै कँपाउन खोजेको जस्तो अनुभव हुन्छ । त्यसै बेला पुजारीले प्रमुख धामीका शिरमा पानीको अभिषेक गर्दछन् । धामी काँप्दछ र पूजा सुरु हुन्छ । पूजा नसिद्धिँदासम्म धामीले काँप्ने र ढोलीले बाजा वजाउने काम चलिरहेकै हुन्छ । मूलभूत मूर्ति वा लिङ्गको पूजापछि प्रमुख धामीको पूजा हुन्छ । अरू सहायक धामीहरू पनि यस बखत कामिरहेका हुन्छन् ।

पूजा सिद्धिएपछि प्रमुख धामी र अन्य सहायक धामीहरूसित समय र परिस्थितिको अवस्था, अन्न उत्पादनको स्थिति, महामारी, दैवीप्रकोप, व्यक्तिविशेष र परिवारविशेषले भोग्नु परेका समस्याका समाधानको उपाय आदिका बारेमा सोधिन्छ । यसरी धामीसित सामान्य सवालजवाफ गर्ने कार्यलाई पुछाइँ र विशेष महत्त्वका विषयमा धामीहरूले पनि पारस्परिक

epal Sanskrit University, Balmeeki Campus, Kathman

in Public Domain. Digitization by eGangotri.Funding:

सल्लाहबाट निष्कर्ष दिनुपर्ने सवालजवाफलाई सबाउलो भनिन्छ । रतेडीमा पुछाइँभन्दा पनि सबाउलो बढी गरिन्छ ।

सोधपुछको प्रक्रिया पूर्ण भएपछि ढोली र भोकरेहरू फेरि सामुहिक रूपमा बाजा बजाउँछन् । अब क्रमशः प्रमुखदेखि योग्यताक्रमानुसारका धामीहरू आआफ्ना ठाउँ र परम्परादेखि निर्धारित माडौंका थामहरूमा निश्चित वाद्य ध्वनिका साथ नाच्दछन् । सारा धामीहरूले पालैपालोसित नाच्ने क्रममा सबभन्दा पहिले आफूभन्दा ठूला मानिने देवताका धामीलाई ढोग्ने र निजको अनुमति लिएपछिमात्र नाच्ने काम गर्दछन् । स्पृश्य मानिने जातिका व्यक्तिमा अवतरित हुने धामी माडौंभित्र नाच्दछ भने अस्पृष्य मानिने जातिका व्यक्तिमा अवतरित हुने धामी चाहिं माडौंका मूलद्वारमा बसेर वा सोको थामका वरिपरि घुमेर नाच्दछ । माडौंबाहिरको नृत्यमा भने सबै धामीहरू मान्यतानुसार अघिपछि गरेर एउटै थलोमा नाच्दछन् । नाच्दानाच्दै कसैका सवालको जवाफ दिनुपर्ने स्थितिमा पनि धामीहरू तयार रहन्छन्, तापनि सामान्यतः त्यस्तो अवस्थामा बाधा पार्नु हुँदैन भनिन्छ । बाजाको आवाज मन्द भएका खण्डमा यदा कदा वाद्य वादकहरूलाई धामीले गाली गरेको पनि देखिन्छ । धामीपिच्छे नृत्यका बेला बजाइने धून फरक हुन्छ । नाच्दा बजाइने बाजाको धुनलाई घाई भनिन्छ । राती काम्नुपर्ने अवस्थामा र खासगरी रतेडीमा काम्दा धामीमा वास्तविक देवता अवतरित हुन्छ र प्रचण्डरूपमा काम्न बाध्य गराउँछ पनि भनिन्छ ।

कुनैकुनै जाँतमा पूजापछिको धामीनाचमा प्रमुख वा खास धामीले आगोको राशिमा नाच्नुपर्ने, बालुवा खानुपर्ने, माडौंको सानो प्वालबाट छिरेर भित्र पस्नुपर्ने, माडौंका बिचमा भुण्डिएर नाच्नुपर्ने, डरलाग्दो भिरबाट हाम फाल्नुपर्ने, खतरनाक पर्वतशृङ्गमा गएर नाच्नुपर्ने जस्ता दिव्यशक्तिको प्रदर्शन पनि गर्नु पर्दछ । यी सबै प्रकारका कार्यहरूमा बिना कुनै हानिनोक्सानी सहेर धामीहरूले सफलता पाएको पनि देखिन्छ । कहींकहीं मध्यरातमा पूजा हुनुभन्दा अगाडि वा पछाडि चौलो खेल्ने पनि चलन छ । स्थान र देवताको भिन्नतानुसार रतेडीका चलनहरू पनि अनेकौं हुन्छन्, तर पूजाआजा तथा धामीनाचका उपर्युक्त प्रक्रिया प्रायः सबै ठाउँमा पूरा गरेको देखिन्छ । अझ काम्दा र नाच्दा धामीहरूले लगाउने वस्त्र पनि आफ्नै किसिमको हुन्छ । अधोवस्त्र सेतो कपडाको खापैखाप भएको जामाजस्तो र ऊर्ध्ववस्त्र सेतै कपडाको भोटो हुन्छ । कम्मरमा पटुका तथा अधोवस्त्रको भित्री भागमा धोती वा कट्टु लगाइन्छ । नाचका क्रममा घुम्दा जामाको तल्लो फेर निकै फराकिलो र गोलो देखिने हुँदा ज्यादै मनमोहक लाग्दछ । यी लुगाहरू रतेडी र ढिउँसिडी दुवैमा धामीहरूका परिधान हुन्छन् । धामी स्वयम्ले यस्ता लुगा किनिरहनु

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पर्दैन । निजको आशीर्वाद वा वचन सत्य सावित भएमा जनसामान्य वा व्यक्तिविशेष अथवा परिवारविशेषले किनेर सिलाएर धामीलाई दिन्छ । त्यसरी नकमाइँदासम्म धामीले सामान्य जीवनमा लगाइने कुर्ता तथा धोती लगाएर नै काम्नु र नाच्नु पर्दछ । त्यसैले नयाँनयाँ धामीहरूका भोटो र जामा केही समयसम्म हुँदैनन् पनि ।

पुजा गर्ने, धामी काम्ने र धामी नाच्ने क्रम समाप्त भएपछि पुजारी, भण्डारी, धामी तथा उपासकहरू आपसी कुराकानी गरेर वा परम्परागत गीतहरू गाई मनोरञ्जन गर्नेहरूका नाचगान हेरेर रातभरि जाग्राम बस्दछन् । सामान्य रमितेहरू अनेकौं प्रकारका एकल वा सामूहिक गानवजानद्वारा मनोरञ्जन गर्दछन् । चैत, धमारी, भोलाउलो, ढुस्को, भैनीजस्ता लोकरचना गाउनेहरूको समूह भिन्नै हुन्छ । अर्कातिर सवालजवाफका कुराहरूमा आधारित ड्यौडा वा दोहोरी गीत गाउनेहरूको जमात छुट्टै हुन्छ ।

नाचगानप्रति विशेष आशक्ति नभएका केही प्रौढहरू पूजा तथा धामीनाच समाप्त भएपछि घर फर्कन्छन् र केही समय भए पनि सुत्ने तरखर गर्दछन् । प्राय: युवाहरू नै नाचगानप्रति मोहित हुने हुँदा उनीहरूको ध्यान वा अभिरुचि पूजा र धामीनाचभन्दा पनि गाउन र नाच्नपट्टि नै बढी केन्द्रित भएको देखिन्छ । यसरी पर्याप्त नाचगान, पूजाआजा तथा धामीनाचद्वारा मनोरञ्जनका साथ भगवद्भक्ति प्रकट गर्नु नै रतेडी मनाउनु हो ।

२.१.११.२ दिउँसेडी

रतेडीका कार्यक्रम समाप्त भइसेकपछि अर्को दिनको प्रात:, मध्याह्ण र अपराह्ण कालमा सम्पन्न हुने पूजाआजा पुछाइँ धामीनाच, देउरोनाच, चौलो तथा गायन र नृत्यजस्ता कार्यक्रमहरूको कुलयोगलाई दिउँसेडी भनिन्छ । रतेडी पूजामुखी र दिउँसेडी नाचगान, चौलो, धामी तथा देउरोनाचजस्ता मनोरञ्जनात्मक क्रियाकलापमुखी हुन्छ । देवताका प्रमुख तथा सहायक कार्यकर्ताहरूले दुवैथरी कार्यक्रममा सक्रिय सहभागिता प्रदान गरे पनि तुलनात्मक रूपमा हेर्ने हो भने रतेडीका अपेक्षा दिउँसेडीमा दर्शकहरूको उपस्थिति निकै ज्यादा देखिन्छ । दिउँसोको उज्यालोमा असुरक्षाको भावना कम हुने र रमाइला कार्यक्रमहरू बढी हुनेभएकाले पनि दिउँसेडीमा अधिक दर्शकहरूको उपस्थिति देखिन्छ ।

परम्परागत चलनवमोजिम दिउँसेडीका कार्यक्रम विहान, दिउँसो र वेलुका तीनै समयमा, विहान र दिउँसो, विहान र वेलुका, दिउँसो र वेलुका तथा यी तीनवटामा कुनै एक समयमा मात्र गरी विभिन्न किसिमले सम्पन्न हुन्छन् । यस दिन विहान सबेरै स्नानध्यान गरी, घर तथा आँगनको सरसफाइ, लिपपोत तथा दैलोपूजा गरी, पुरोहितलाई सिदादक्षिणा दिई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

घरघरबाट चन्दन, अक्षता, फलफूल, फूलका माला, नैवेद्य, दक्षिणा, वस्त्रजस्ता पूजासामग्री लगेर माडौंमा गइन्छ । पूजासामग्री पहिलो कार्यक्रममा मात्र लगिन्छ । सबैतिरबाट प्रमुख र सहायक कार्यकर्ताहरू उपासक, दर्शकहरू माडौंमा जम्मा हुन्छन् । निश्चित समयमा पूजाको कार्यक्रम चल्दछ । पूजाका क्रममा ठोक्काउनी हान्ने, एउटै धून र तालमा संयुक्त रूपमा बाजा बजाउने, धामी काम्ने, सम्बन्धित देवताको मूर्तिमा पुजारीले पूजा गर्ने, प्रमुख धामी तथा सहायक धामीहरूको पनि पूजा गरेर अभिषेक गर्ने, पुछाइँ सोध्ने, मान्यताक्रमानुसार धामी नाच्ने, देउरो नचाउने, चौलो खेल्नेजस्ता क्रियाकलाप सम्पन्न हुन्छन् । कहींकहीं दिउँसेडीमा पूजा नगरेर केवल पुछाइँ तथा नाचगानका कार्यक्रमहरूमात्र चलाइन्छन् ।

चौलो यहाँका अधिकांश जाँतहरूको आवश्यक अङ्ग बनिसकेको देखिन्छ । कुनैकुनै जाँतमा दुइतिरबाट चौलो खेल सुरु भई संयुक्तरूपमा एकत्रित भएर माडौंको आँगनमा पुगी टुङ्ग्याउने परम्परा देखिन्छ । ड्यौडा तथा स्थानीय अन्य गीतगायनमा संलग्न रहेर खुसीका अवसरको सदुपयोग गर्ने प्रवृत्तिले पनि दिउँसेडीको शोभा बढाएको बुझिन्छ । यसरी 'रतेडी पूजाआजा तथा राम्रो खाने कुराका लागि महत्त्वपूर्ण हुन्छ भने दिउँसेडी नाचगान, रामरमिता तथा राम्रो लगाउने कार्यका निम्ति महत्त्वपूर्ण हुन्छ ।

२.१.११.३ चिनोबानो

चिनोबानो भनेको भाकलबमोजिमको मनोकामना पूर्ण भएमा, विशेष श्रद्धावश कुनै उपहार दिने अभिलाषा भएमा, विवाह व्रतबन्धजस्ता महत्त्वपूर्ण कार्य निर्विघ्न सम्पन्न भएमा, चलनचल्तीको नियम र पालोबमोजिम चढाउनुपर्ने सामान चढाइने अवस्थामा सम्बन्धित देवतामा निवेदन गरिने वस्त्र, भाँडाकुँडा, पूजासामान, देउकी, घण्टाजस्ता सामग्रीहरूको उपहार हो । यी सामग्री दिउँसेडीको पूजाका बेला चढाउने चलन छ । रातो, पहेंलो, हरियो र सेतो रङ्गका साटन वा सिल्कका कपडा, चाँदी, तामा र पित्तलका भाँडाकुँडा, घण्टा, दमाहा, ट्याम्को, झोकर, ताल, झ्यालीजस्ता बाजाहरू, तामाका पाताहरू र धामीका लागि भोटो, पगरी पटुका र जामाजस्ता लुगाहरू चिनोबानोमा चढाइएको पाइन्छ । वर्सेनि चढाइने यस्तै उपहारबाट देवताको भण्डार भरिएको हुन्छ । त्यसैले प्रत्येक वर्ष गाउँठाउँका मुख्य व्यक्ति, विशेष उपहार दिने व्यक्ति, सक्रियरूपमा आवश्यक सहयोग गर्ने व्यक्तिलाई रातो, पहेंलो, हरियो र सेतो रङ्गका सिल्कका पुराना कपडाहरूको पगरी गुँथेर सम्मानित गर्ने काम पनि दिउँसेडीको पूजाका लगत्तै सम्पन्न हुन्छ । उक्त कपडा नपुग भएमा सम्बन्धित देवतामा चढाएका फूलका माला पहिराउने पनि चलन छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri. Funding:

चिनोबानो चढाउने काम केवल वार्षिक पूजाको दिउँसेडीमै हुन्छ । त्यसरी जम्मा हुन आएका सामग्रीको विवरण तयार पारेर राखिन्छ र खर्च भएको वस्तुको पनि विवरण बनाइन्छ । यसले गर्दा भण्डारमा रहेको नगद र जिन्सीको स्पष्ट अभिलेख तयार हुन्छ । **चिनोबानो** र गुठीको जग्गाबाट हुने आय नै स्थानीय देवताको प्रमुख आम्दानीको स्रोत हो ।

२.१.११.४ देउरो

देउरो भनेको स्थानीय देवीदेवताको प्रमुख धामीपछिको अर्को प्रतीक मानिने पूर्णरूपमा सजाइएको काठको लिङ्गो हो । यो अन्दाजी आठ फिट जति अग्लो हुन्छ । एउटा गोलो र चिप्लो पारिएको अन्दाजी आठ फुट लम्बाइ र २ इन्च गोलाइ भएको काठको माथिल्लो भागमा लगभग छ इन्च छोडेर क्रस आकारमा करिब दुई फुट चौडाइ र दुई फुट लम्बाइका काठका बीचमा प्वाल पारी अड्याइएको हुन्छ । त्यसरी अड्याइएका काठका चारवटै कुनालाई पनि काठबाटै जोडिएको हुन्छ । यसबाट माथिल्लो भागबाट छ इन्च जति छोडेको र लिङ्गोमा दुई वर्गफिट लम्बाइ चौडाइ भएको चतुष्कोण बन्दछ । लिङ्गोको तलपट्टिको भाग खाली हुन्छ । यसको काठ पनि पवित्र र बलियो मानिने वनस्पतिबाट तयार पारिएको हुन्छ ।

प्रमुख जाँतका अवसरमा देउरो सजाउनै पर्दछ । यसलाई सजाउन सेतो वा पहेंलो कपडा यसको चतुष्कोणलाई घ्वाप्ल्याक्क छोप्ने गरी तयार पारिएको हुन्छ । सर्वप्रथम त्यो कपडा यसमा राखिन्छ । त्यसपछि चारैतिर रातो, सेतो, पहेंलो, निलो, हरियो, बैजनी, प्याजी, कलेजी, रङ्गका सिल्कका कपडाहरू निकै तलसम्म लतारेर यसमा सुव्यवस्थित तरिकाले राखिन्छ । त्यसमाथि माथिल्लो र तल्लो भागमा अड्याएर विभिन्न देवीदेवताका चित्र अङ्कित चाँदीका पत्रहरू चारैतिर राखिन्छ । यी पत्रहरूलाई **पत्यूँ** भनिन्छ । यसैगरी सबभन्दा माथिल्लो भागमा कपडा बेरेर स्वर्णनिर्मित वा सुनको जलप लगाएर बनाइएको गजुर नफुस्किने गरी बाँधेर राखिन्छ । त्यसपछाडि मौसमअनुसारका फूलका मालाहरू सबैतिर आकर्षक तरिकाले सजाइन्छ । यी सबै साजसज्जाबाट देउरो देख्दै आकर्षक लाग्दछ । त्यसमा पनि तलमाथि झम्म गरेर झट्कारिँदा मुजा परेका बहुरङ्गी कपडा तथा हल्लिएका पत्यूँ एवम् पुष्पहारको शोभा झनै मनमोहक देखिन्छ । गजुरको झलमल्ल टल्काइ तथा फनक्क घुमेर देउरो नचाउँदा बहुरङ्गी कपडाको फैलावटबाट उत्पन्न हुने सौन्दर्य अझै राम्रो देखिन्छ । विशेष धामीनाच र चौलोमा यसलाई नचाइन्छ । यो नचाउने धामी पनि निश्चित हुन्छ । उसले बाहेक अरूहरूले यसलाई नचाउँदैनन् यो नचाउँदा धामीमा सम्बन्धित देवता अवतरित हुन्छ । सामान्यतया उचाल्न नसकिने यसलाई धामीहरू सहजै उचाल्दछन्,

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नचाउँदछन् र स्वयम् पनि नाच्दछन् । स्थानीय सम्वन्धित देवताको प्रतीक मानिने हुँदा यो नचाउँदा नजिक वा टाढाबाट यसमा फूल र अक्षता चढाइन्छ । विशेषगरी महिलाहरूद्वारा यसमा फूल अक्षत चढाउने कार्यमा अग्रसर रहेका देखिन्छन् ।

अधिकांश देउरोहरूमा विशेष शक्ति हुन्छ भनिन्छ । हुन पनि यदाकदा कसैको सहाराविना यो आफै कामेको, उफ्रेको, धसिएको, उडेको र नाचेको पनि देखिन्छ । विशेष सङ्कट, छुवाछूतको अवस्था, व्यक्तिविशेषको उद्धार तथा कसैको अचाक्ली वा दुष्कृत्यको परिणामस्वरूप दिनुपर्ने सजायजस्ता अवस्थामा यो स्वतः कामेको देखिन्छ । यसप्रति जनसामान्यद्वारा पूर्ण श्रद्धा तथा अटल विश्वास राखिएको पाइन्छ । यसलाई मनोरञ्जनका लागि नचाइने कठपुतली नठानेर साक्षात् देउताको प्रत्यक्ष प्रतिमूर्त्ति मानिन्छ । यसलाई नचाउने समय, शैली र वाजा पनि निश्चित हुन्छ । प्रायः दिउँसेडीकै कार्यक्रममा यो नचाइन्छ । कहिलेकाहीं कसैको घरको भूत, वोक्सो, अशकुन भगाउने काम पनि यसले जाँतका अवसरमा गरेको पाइन्छ । जाँतबाहेक अरू समयमा यो सजाइँदैन र त्यसमा पनि विशेष जाँतहरूमा मात्र यसलाई जनसमक्ष प्रस्तुत गरिन्छ । सम्वन्धित देवताको प्रतीक बनेर यसले जनजीवनको सदा हित गर्दछ भनिन्छ ।

देउकीहरू भएका देवताको देउरो नचाउँदा पछिपछि देउकादेउकीहरूले जानु पर्दछ र सजाउने काममा पनि सहयोग गर्नु पर्दछ । अझ उनीहरूको वसाइ नै देउरो राखिने ठाउँमा हुन्छ । देउरो विनाको जाँत हुँदैन भने पनि हुन्छ । प्रमुख जाँतमा त यो अनिवार्य तथा महत्त्वपूर्ण अङ्गका रूपमा स्वीकार गरिएको पाइन्छ ।

२.१.११.५ छेलो

छेलो भनेको स्थानीय देवताको विशेष सामर्थ्य हो । सामान्यतया व्यक्तिविशेष र मनुष्यविशेषले गर्न नसक्ने काम गरेर देखाउनु नै छेलो हो । रतेडीका प्रसङ्गमा पनि यसवारे केही कुरा गरिसकिएको छ । दिउँसेडीमा समेत यो गरिएको पाइन्छ । भिरवाट हाम फाल्नु, दाँतले वोका काट्नु, अगाध गहिरो जलराशिमा खुट्टा नडुवाई वारिवाट पारि जानु र पारीवाट वारी आउनु, आगो खानु, वालुवा खानु, घडाका घडा पानी खानुजस्ता असामान्य कृत्यहरू यसअन्तर्गत पर्दछन् । जनसामान्यको श्रद्धाभक्ति तथा विश्वास कायम राख्न विवेच्य क्षेत्रका स्थानीय देवताहरू यस प्रकारका अद्‌भुत कार्यहरू विशेषतः जाँतकै अवसरमा गर्दछन् । यस्तो कार्य कुनै जादु नभएर यथार्थ हुन्छ । यसवाट धामी वा संलग्न व्यक्तिलाई कुनै प्रकारको हानि पुगेको अथवा चोटपटक लागेको पनि देखिँदैन । धामी भइसकेपछि यस कार्यमा असहमति

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri. Funding

देखाउन पाइँदैन । स्थानीय देवताका धामीले यस्तै विचित्रता देखाउने हुँदा प्रस्तुत प्रदेशका बासिन्दाहरू बढीमात्रामा भगवद्भक्त भएका देखिन्छन् ।

२.१.११.६ जाँत समाप्त भएपछिका कार्य

यथेष्ट पूजाआजा र पर्याप्त रमाइलोका साथ जाँत समाप्त भएपछि देउरोका कपडा, पत्यूँ, गजुरजस्ता सारा सामग्री झिकेर यथास्थानमा राखिन्छ । त्यसका साथै अन्य पूजासमान तथा जाँतका निम्ति आवश्यक मानिएका सर सामग्रीहरू पनि वटुलबाटुल पारेर डोलीमा राखिन्छ । ऊनी कपडाले बनेको ओढ्नेले डोलीलाई छोपिन्छ । अगाडि र पछाडि एकएकजनाले पालैसित बोकेर बाजागाजाका साथ सो डोली र अन्य सामग्री भण्डारको आँगनमा पुऱ्याइन्छ ।

भण्डारमा पुगेपछि चलनचल्तीको पालोबमोजिम सम्वन्धित देवतामा गोदान गरिन्छ । वर्षेनि एक नएक जनाले गौदान गर्नै पर्छ भनिन्छ । कहींकहीं यो चलन पाइँदैन पनि । यसरी दान गरिएको गाइँलाई दान गर्नेले नै पाल्छ र उसको दूध पनि निजले नै उपभोग गर्दछ, परन्तु सो गाईको दूध, दही, मही, नौनी, घ्यूलाई छुवाछूतबाट बचाउनु पर्दछ, जुठो सुत्केरोमा सो गाईलाई छुनु हुँदैन र माछामासुका साथ सो गाइको दूधदही खानु हुँदैन भनिन्छ । यस प्रकारका नियमहरूको उल्लङ्घन गरे गाईका थुनबाट रगत आउँछ र गाई बिरामी पर्दछ भन्ने विश्वास गरिन्छ । यसरी देउतामा गौदान गर्ने कार्यलाई केरी लाउनु भनिन्छ । यस्तो गाईलाई बेचबिखन गर्न पनि सकिन्छ तर किन्ने व्यक्तिले पनि उपर्युक्त नियमको पालना गर्नै पर्दछ । अनेकौं भाकल गरेर मनोरथ पूर्ण भएमा सम्बन्धित देवताको जल छर्केर भैंसीलाई पनि केरी लगाइएको पाइन्छ, तापनि विशेषगरी गाईलाई नै केरी लगाउने चलन छ । केरी लगाइएको भैंसीका निम्ति पनि उपयुक्त परहेजहरू बार्नै पर्दछ ।

गौदानपछि जाँतका सारा सामग्रीको पूजा गरिन्छ । कहींकहीं यस बेला पनि धामीहरू काम्दछन् र नाच्दछन् । यो प्रक्रिया पूरा भएपछि भण्डारीको रेखदेख र निर्देशनमा झिकिएका र नयाँ प्राप्त भएका पूजासामान वा जाँतका सामान भण्डारको माथिल्लो तलामा रहेको निर्दिष्ट कोठामा लगेर थन्क्याइन्छ । ढोलीहरूलाई केही नकेही पारिश्रमिक दिइन्छ र निकै समयदेखि प्रतीक्षा गरिएको जाँत समाप्त हुन्छ ।

यस दिन आआफ्नो गाउँबस्तीमा फर्केर खानपान गरी अबेरसम्म पुरुष तथा महिलाहरू आआफ्ना जमातमा परम्परागत शैलीका नाचगान गर्दछन् । खासगरी सवालजवाफका होडमा आधारित ड्यौडा गाउने चलन यस अवसरमा देखिन्छ । यस प्रकारका ड्यौडाबाट प्रमुख गायकहरूका बीचको प्रतिभाको परिचय एकातिर मिल्दछ भने अर्कातिर यसक्रममा अभिव्यक्त

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

विचार, आक्षेप, प्रत्याक्षेप, प्रश्नानुसारको जवाफजस्ता तत्त्वको रसास्वादन गरी सहायक गायकगण र श्रोताहरू मुग्ध परेका देखिन्छन् । यस्तो बेलामा कथिएका कतिपय रचनाहरू जनजीवनमा कालजयी बन्दछन् परन्तुसम्म स्मृतिपट रहेका देखिन्छन् । यसलाई कतिसम्म महत्त्व दिइन्छ भने प्रमुख गायकको अभाव हुने अवस्था देखिंदा टाढाटाढाबाट यथेष्ट सम्मान र पर्याप्त पारिश्रमिक दिएर सोको व्यवस्था मिलाइएको हुन्छ ।

२.१.११.७ पत्त्यूँ पखाल्ने

पत्त्यूँ भनेको देउरोका चतुष्कोणका चारैतिर सजाउने विभिन्न देवीदेवताो मूर्ति अङ्कित चाँदीको पाता हो । जाँतमा देउरो सजाउँदा यसमा चन्दन, अबिर, सिंदुर

जस्ता पूजासाकग्रीलागेर मैला हुन सक्तछ र सामान्यरूपमा खुला हावामा राख्दा बस्न जाने धुलोमाटो पनि लाग्न सक्तछ । त्यसैले जाँत समाप्त भएको एकदुई दिन वा केही दिनपछि पत्त्यूँ सफा गर्ने निहुँमा सम्बन्धित देवताका प्रमुख र सहायक कार्यकर्ताहरू बाजागाजाका साथ निश्चित ठाउँमा गएर पत्त्यूँ सफा गर्नाका साथै जाँतका लागि जम्मा भएको खाद्य वस्तुको प्रयोगबाट भोजको आयोजना गर्दछन् । जाँतमा रातदिन खट्नु पर्दा लागेको थकाइ मेट्न र मह काट्नेले हात चाट्न पाउनु पर्दछ भन्ने मान्यतानुसार प्रस्तुत भोजको आयोजना गरिएको पाइन्छ । हुन त उक्त अवसरमा दाल, भात र तरकारी बाहेक खास स्वादिष्ट मानिने खाने कुरा केही हुँदैन तापनि यस भोजलाई मोजका रूपमा लिने परम्परा छ । दिनभरि खानपान तथा विश्राम गरेर यस दिन साँझपख फेरि बाजागाजाका साथ पत्त्यूँहरूलाई भण्डारको निश्चित ठाउँमा राखिन्छ ।

२.१.१२ सहायक जाँतहरू

विवेच्य क्षेत्रका देवीदेवताहरूका मुख्य र सहायक गरी दुई प्रकारका जाँतहरू मनाइन्छन् । मुख्य जाँत भनेको माथि वर्णन गरिएका सबै प्रकारका परम्पराको अनुसरण गरी मनाइएको जाँत हो । यो एक वर्षमा वा छ महिनामा एकपटक सम्पन्न हुन्छ । कुनैकुनैको बाह्र वर्षमा एकपटक मात्र यस्तो जाँत हुने चलन छ । सहायक जाँत भनेको विशेष पर्व, तिथि, उत्सव र अवसरमा आयोजना गरिने जाँत हो । यो छ महिना, तीन महिना, एक महिना, पन्ध्र दिन, सङ्क्रान्तिविशेष र त्यस्तै खासखास अवसरमा मनाइन्छ । यसमा मुख्य जाँतको जस्तो धामी नाच्ने, चौलो खेल्ने, देउरो सजाउने र नचाउने, यथेष्ट जनसमुदायको जमघट भएर एक प्रकारको भव्य मेला लाग्ने कार्य चाहिं हुँदैन । केवल बाजागाजाका साथ सम्बन्धित देवताको पूजा गर्ने, धामी काम्ने, पुछाइँ सोध्नेजस्ता सामान्य प्रक्रिया यसक्रममा पूरा गरिएका

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri. Funding:

देखिन्छन् । यस अवसरमा प्रमुख र सहायक कार्यकर्ताहरूमात्र उपस्थित हुन्छन् । यसलाई सङ्क्षिप्त पूजा भन्न सकिन्छ । प्रमुख जाँतका पर्वमा विहानपख बजाइने बढाइ र साँझपख बजाइने न्युती पनि यस अवसरमा बजाइँदैन । अझ रतेडी पनि हुँदैन । सम्बन्धित देवताका माडौंमा बिहान गएर पूजाआजा गरी खानपानसमेत गरेर साँझतिर फर्कने काम यस्ता जाँतमा हुन्छ । भण्डारबाट केही नकेही पूजासामान र भाँडाकुँडाहरू यस बखत पनि झिकिन्छ र जाँत समाप्त भएपछि यथास्थानमा थन्क्याइन्छ । परम्परागत चलनवमोजिम निश्चित दिनमा यसको आयोजना गर्नैपर्ने नियम छ । यसरी प्रमुख वा सहायक जस्तो भए पनि अनेक व्यक्तिको सामूहिक सहयोग र विशेष सक्रियताबाट जाँत मनाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

तेस्रो अध्याय
मस्टासित सम्बद्ध केही डोटेली गीतहरू

३.१ मस्टाको सगुन

मूलपाठ

१. सगुनु दिय, सगुनु दिउँ रे
निका बोल, निका भला सगुनु बोल्या
दई माछा, गुड घिय सगुनु दिउँ रे
निका बोल, निका भला सगुनु बोल्या

२. पैल्ली सगुनु बोलु मालिका माताइको
मालिका माताइकी सेवा
दोसरो सगुनु बोलु काफली केदार
काफली केदारैकी सेवा
तेसरो सगुनु बोलु मुन्ठाइ न देवाइको
मुन्ठाइ न देवाइकी सेवा

३ कनले सगुनु दिन्ना कनले लगुन दिन्ना
कनले मङ्गलचारी
सगुनु दिन्नी सरसती लगुन दिन्ना विरस्पति
इनैखरी मङ्गलचारी

४. इन जो नङरी पुरी पाटन तोडै कुलेडो हाँस
केलाइनीका पात निका बोल
हात दैया कुमालैकी रुद्रमाला
चलिआया गणपति देउ
तमी चल गणपति तमी चल सरसती
भइ चल गण खरिवार

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri. Funding...

नेपाली रूपान्तर

१. शकुन दिनुहोस्, शकुन दिऔँ रे
शुभ वोल्नुहोस्, निको भलो शकुन बोल्नुहोला
दही, माछा, गुड, घ्यू, शकुन दिऔँ रे
शुभ वोल्नुहोस्, निकोभलो शकुन वोल्नुहोला

२. पहिलो शकुन बोलूँ मालिका माताको नाम लिई
मालिका माताको सेवा
दोस्रो शकुन बोलूँ काफली केदारको नाम लिई
काफलीकेदारको सेवा
तेस्रो शकुन बोलूँ मस्टा देवताको नाम लिई
मस्टा देवताको सेवा

३. कसले शकुन देलान् कसले लग्न देलान्
कसले मङ्गलोच्चार
शकुन देलिन् सरस्वती लग्न देलान् वृहस्पति
यिनले नै मङ्गलोच्चार

४. यस वस्तीको शुभकार्यका लागि टिपौं कुलेरो हाँस
केराको पात शकुन बोल
हातमा दहीको ठेके रुद्राक्षको माला पैरी
आए गणपति देव
आउनुहोस् गणपति आउनुहोस् सरस्वती
गणसहित आउनुहोस् सपरिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

५. गायो मङ्ङल गावन्ती
सुवा लच्छिन बोलन्ती
ऐसा सुवा मङ्ङल
इनै इन घरी
सगुन बोल, निका भला सुगुनु बोल्या
सगुनु बोल, निका वोल्या

६. सरघर सरसता इस्सर घर पारभता
रामघर सीतादेवी राज भुचुन्नी
सरघर सरसता इस्सर घर पारभता
नलघर दमयन्ती राज

७. कौसीका बडमुणि जगिन अरनी हाल्यो
ब्युंज जति तेत्तीसकोटि देउ
जो फूल कौसीका जगिन अरनी हाल्यो
रामलछिमन जुग नजुग
सगुनु दिय, सगुन दिउँ रे
निका वोल, निका भला सगुनु वोल्या ॥

३.२ मस्टा जगाउँदाको फाग

मूलपाठ

१. काँ उब्जी काँ निब्जी भगवती देवी
काँ सर पूजा अरियो
वनारसी उब्जिआइन् भगवती देबी
मन्धीर पूजा अरियो

२ काँ उब्जा काँ निब्ज्या काफली केदार
काँ सर पूजा अरियो
कैलास उब्जिआया काफली केदार
मन्धीर पूजा अरियो

३. काँ उब्ज्या काँ निब्ज्या गन्याप देवा
काँ सर पूजा अरियो
गजाधर उब्जिआया गन्याप देवा
मन्धीर पूजा अरियो

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri. Funding

५. गायकहरूले मङ्गलगीत गाए
शुभलक्षणका वोली वोले
यस्तो शुभ र मङ्गल
यस घरको परिवेशभरि
शकुन बोल्नुहोस्, निकोभलो र शकुन वोल्नुहोला
शकुन बोल्नुहोस् निको वोल्नुहोला

६. स्वर्गमा सरस्वती कैलाशमा पार्वती
रामका घरमा सीतादेवीले राज गर्लान्
स्वर्गमा सरस्वती कैलाशमा पार्वती
नलघरमा दमयन्तीको राज ।

७. यज्ञशालामा हवनकुण्ड बनाइयो
ब्युँझनुहोस् तेत्तीसकोटि देवगण
जो फूल यज्ञको हवनकुण्डमा अर्पण गरियो
रामलक्ष्मणले युगयुग पाए
शकुनदिनुहोस् शकुन दिऔं रे
शुभ वोल्नुहोस्, निकोभलो शकुन वोल्नुहोला ॥

नेपाली रूपान्तर

१. कहाँ उब्जिन् कहाँ प्रकट भइन् भगवती देवी
कुन ठाउँमा पूजा गरियो
बनारसमा उब्जिन् भगवती देवी
मन्दिरमा पूजा गरियो

२. कहाँ उब्जे कहाँ प्रकट भए काफली केदार
कुन ठाउँमा पूजा गरियो
कैलाशमा उब्जे काफली केदार
मन्दिरमा पूजा गरियो

३. कहाँ उब्जे कहाँ प्रकट भए गन्याप देवता
कुन ठाउँमा पूजा गरियो
गजाधरमा उब्जे गन्याप देवता
मन्दिरमा पूजा गरियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding.

४. काँ उब्ज्या काँ निब्ज्या मुन्ठाइ रे देवा
काँ सर पूजा अरियो
कैलाश उब्जिआया मुन्ठाइ रे देवा
मन्धीर पूजा अरियो

५. जागो होइजाउ जागो होइजाउ भगवती माताइको
चल माता मन्धीर जाउँ
जागो होइजाउ जागो होइजाउ काफली केदार
चल गुसाइँ मन्धीर जाउँ

६. जागो होइजाउ जागो होइजाउ गन्याप देवा
चल गुसाइँ मन्धीर जाउँ
जागो होइजाउ जागो होइजाउ मुन्ठाइ रे देवा
चल गुसाइँ मन्धीर जाउँ

७. काखीको वालो मेरो कुन्मुनाउन लाग्यो
गोठकी गावडी मेरी हमराउन लागी
नाककी वेसरी मेरी चिसिली लागी
फागकी मौरी मेरी टणकन लागी

८. गा:तकी अङिया मेरी चिसिली लागी
वतासैको सिरेटोइ त चल्ल जाइँ रे लाग्यो
पुरुवैकी उजलाइकी जो:त
चेलीब्वारी जति मेरी न्वाला पनेरा
भयो गुसाइँ उजेलोइ रे भयो
जागो होइजाउ जागो होइजाउ मुन्ठाइ रे देवा
चल गुसाइँ मन्धीर जाउँ ॥

३.३ मस्टाको पूजा वा जाँतमा जाग्राम बस्दाको फाग

मूलपाठ

१. काँ रे तमी देवताइको जरमन भयो
काँ जाइ त मण्णप वस्यो
कैलास देवताइको जरमन भयो
मन्धीर मण्णप वस्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri and ...

४. कहाँ उब्जे कहाँ प्रकट भए मस्टा देवता
कुन ठाउँमा पूजा गरियो
कैलासमा उब्जे मस्टा देवता
मन्दिरमा पूजा गरियो

५. जागा होओस् जागा होओस् भगवती माताको
जाऔं माता मन्दिरमा जाऔं
जागा होओस् जागा होओस् काफली केदारको
जाऔं स्वामी मन्दिरमा जाऔं

६. जागा होओस् जागा होओस् गन्याप देवताको
जाऔं स्वामी मन्दिरमा जाऔं
जागा होओस् जागा होओस् मस्टा देवताको
जाऔं स्वामी मन्दिरमा जाऔं

७. काखको शिशु मेरो चल्मलाउन थाल्यो
गोठको गाई मेरो कराउन थाल्यो
नाकको फूली मेरो चिसिलो लाग्यो
घारका मौरी मेरा गुन्गुनाउन थाले ।

८. शरीरको चोलो मेरो चिसिलो लाग्यो
बतासको सिरेटो चल्न थाल्यो
पूर्व दिशामा उज्यालोको प्रकाश
चेलीबुहारी सबै मेरा जलाशय जान लागे
भयो स्वामी उज्यालो भयो
जागा होओस् जागा होओस् मस्टा देवताको
जाऔं स्वामी मन्दिरमा जाऔं ॥

नेपाली रूपान्तर

१. कहाँ तपाईं देवताको जन्म भयो
कहाँ गएर माडौं बनाइयो
कैलासमा देवताको जन्म भयो
माडौं क्षेत्रमा माडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

२. चलु चल्या गुसाइँज्यूका अचलुइ रे चल्या
तमी गुसाइँ सुबा दाइना भया
मेर चल्या गुसाइँज्यूका मन्धीरै रे गल्या
तमी गुसाइँ सुबा दाइना भया

३. जसु वाटा मुन्ठा देवा चलीभली आउन्ना
उसु वाटा दुद ढोलाउँला
जसु वाटा मुन्ठा देवा चलीभली आउन्ना
उसु वाटा कपडा बिछ्याउँला

४. जसु वाटा मुन्ठा देबा चलीभली आउन्ना
उसु वाटा धूप धुपाउँला
जसु वाटा मुन्ठा देवा चलीभली आउन्ना
उसु वाटा सेज सजाउँला

५. जसु वाटा मुन्ठा देवा चलीभली आउन्ना
उसु वाटा बदाहा बजाउँला
जसु वाटा मुन्ठा देबा चलीभली आउन्ना
उसु वाटा माङल गाउँला

६. जसु वाटा मुन्ठा देबा चलीभली आउन्ना
उसु वाटा हूम हुमाउँला
जसु वाटा मन्ठा देबा चलीभली आउन्ना
उसु वाटा फूल सजाउँला

७. मुन्ठा जति मुन्ठा गुसाइँ चलीभली आया
ढोलियैले बदाहा बजायो
मुन्ठा जति मुन्ठा गुसाइँ चलीभली आया
चमरैका चमर डोलायो

८. मुन्ठा जति मुन्ठा गुसाइँ चलीभली आया
मङलारीले माङल गायो
मुन्ठा जति मुन्ठा गुसाइँ जति चलीभली आया
आसागुर्जा वेडा पछि आयो

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri

२. गणहरू चले स्वामीका सेवकहरू चले
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
लावालस्कर चले स्वामीज्यूका मन्दिर भयो भरिभराउ
तपाईं स्वामी शुभदाहिना हुनुहोला

३. जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा दूध पोखाउँला
जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा वस्त्र ओछ्याउँला

४. जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा धूप जलाउँला
जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा गद्दी ओछ्याउँला

५. जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा बाजा बजाउँला
जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा माङ्गल गाउँला

६. जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा हवन गराउँला
जुन बाटोमा मस्टा देवको सवारी होला
त्यस बाटोमा फूल सजाउँला

७. मस्टा स्वामी मस्टा स्वामीको सवारी भयो
ढोलीले बाजा बजायो
मस्टा स्वामी मस्टा स्वामीको सवारी भयो
सेवकले चमर हल्लाए

८. मस्टा स्वामी मस्टा स्वामीको सवारी भयो
मङलारीले माङ्गल गाए
मस्टा स्वामी मस्टा स्वामीको सवारी भयो
आसागुर्जाको लस्कर पछि आयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

९. मुन्ठा जति मुन्ठा गुसाइँ चलीभली आया
वर्माइले हूम हुमायो
मुन्ठा जति मुन्ठा गुसाइँ जति चलीभली आया
नर जति पाछापाछा आया ॥

३.४ मस्टाको पूजा गर्दाको पहिलो फाग

मूलपाठ

१. देउइ न मा:जैका को रे हुन्ना ठूला
तमी गुसाइँ सुवा दाइना भया
देउइ न मा:जैका तेत्तीसकोटि देउ
तमी गुसाइँ सुवा दाइना भया

२. तेत्तीसकोटि देउइको को रे होलो ठूलो
तमी गुसाइँ सुवा दाइना भया
देवती मा:जैकी भगपती ठूली
तमी गुसाइँ सुवा दाइना भया

३. देवती मा:जैकी मालिका ठूली
तमी गुसाइँ सुवा दाइना भया
देवती मा:जैकी कालिका ठूली
तमी गुसाइँ सुवा दाइना भया

४. देवता मा:जैका काफली ठूला
तमी गुसाइँ सुवा दाइना भया
देवता मा:जैका गन्याप ठूला
तमी गुसाइँ सुवा दाइना भया

५. देवता मा:जैका मुन्ठाइ रे ठूला
तमी गुसाइँ सुवा दाइना भया
मुन्ठाइको जागो भयो मुन्ठाइको धेकालो
तमी गुसाइँ सुवा दाइना भया

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri

९. मस्टा स्वामी मस्टा स्वामीको सवारी भयो
वाहुनले हवन हुमाए
मस्टा स्वामी मस्टा स्वामीको सवारी भयो
भक्तहरू पछिपछि आए ॥

नेपाली रूपान्तर

१. देवगणमध्येका को होलान् ठूला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
देवगणमध्येका तेत्तीसकोटि देवदेवता
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

२. तेत्तीसकोटि देउदेवतामा को होलान् ठूला
तपाई स्वामी शुभदाहिना हुनुहोला
देवगणमध्ये सबैभन्दा भगवती ठूली
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

३. देवीहरूमध्येकी मालिका ठूली
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
देवीहरूमध्येकी कालिका ठूली
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

४. देवतामध्येका काफली ठूला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
देवतामध्येका गन्याप ठूला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

५. देवतामध्येका मस्टा हुन् ठूला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
मस्टाको जागा भयो मस्टा देवता देखिए
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

६. भोकऱ्या वेटाइले भोकर बजायो
वर्माइले हूम हुमायो
वर्माइका बेटाले वेदपाठ लायो
वर्माइले हूम हुमायो

७. कालीकैली गवडीको दूद बगायो
वर्माइले हूम हुमायो
ढोलियैका चेलाले ढोल बजायो
वर्माइले हूम हुमायो

८. मङलारी जतिले माङल गायो
वर्माइले हूम हुमायो
कालीकैली गवडीको पूछ समायो
वर्माइले हूम हुमायो

९. सेती चमर काली चमर तमैं दैंत चडाउँ
तमी गुसाइँ सुबा दाइना भया
सुनुन छत्तर गुसाइँ तमैं दैंत चडाउँ
तमी गुसाइँ सुबा दाइना भया
भानन भोकर गुसाइँ तमैं दैंत चडाउँ
तमी गुसाइँ सुबा दाइना भया ॥

३.५ मस्टाको पूजा गर्दाको दोस्रो फाग

मूलपाठ

१. काँ रे तमी देपताइको जरमन भयो
काहाइँको भोगै व लियो
कैलास देपताइले जरमन लियो
चौकीको भोगै व लियो

२. जसु वाटा चलिआउन्ना चलुभलु दैंत
उसु वाटा दूद ढोलाउँला
जसु वाटा चलिआउन्ना मुन्ठाइ रे देवा
उसु वाटा कुसुम ओछ्याउँला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri

६. भोकरेहरूले भोकर बजाए
बाहुनले हवन गरे
बाहुनहरूले वेदपाठ गरे
बाहुनले हवन गरे

७. कालोकैलो गाईको दूध चढाइयो
बाहुनले हवन गरे
ढोलीहरू सबैले ढोल बजाए
बाहुनले हवन गरे

८. मङलारी सबैले माङल गाए
बाहुनले हवन गरे
कालोकैलो गाईको दान गरियो
बाहुनले हवन गरे

९. सेतो चमर कालो चमर तपाईं देउलाई चढाऊँ
तपाईं स्वामी शुभदाहिना हुनुहोला
सुनको छत्र स्वामी तपाईं देउलाई चढाऊँ
तपाईं स्वामी शुभदाहिना हुनुहोला
भाना र भोकर स्वामी तपाईं देउलाई चढाऊँ
तपाईं स्वामी शुभदाहिना हुनुहोला ॥

नेपाली रूपान्तर

१. कहाँ तपाईं देवताको जन्म भयो
कहाँको भोग प्राप्त भयो
कैलासमा देवताले जन्म लिए
चोकीको भोग प्राप्त भयो

२. जुन बाटोमा सवारी होला गणसहित देवताको
त्यस बाटोमा दूध पोखाउँला
जुन बाटोमा सवारी होला गणसहित देवताको
त्यस बाटोमा फूल ओछ्याउँला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

३. चलु चल्या आगा आगा अचलुइ रे चल्या
तमी गुसाइँ सुवा दाइना भया
मेर जति गलिगया मन्धीरै रे गल्या
तमी गुसाइँ सुवा दाइना भया

४. तमी गुसाइँ मुन्ठा देवा अच्छेत चडाउँला
तमी गुसाइँ सुवा दाइना भया
सेर सेर तामाइका भोज चडाउँला
तमी गुसाइँ सुवा दाइना भया

५. सेती शङ्ख काली घण्ट तमैं दैंत्त दिउँला
तमी गुसाइँ सुवा दाइना भया
साडा साडा कपडाइका वत्ती जलाउँला
तमी गुसाइँ सुवा दाइना भया

६. रुपाइका पतियाँ गुसाइँ तमैं दैंत्त दिउँला
तमी गुसाइँ सुवा दाइना भया
भानन भोकर गुसाइँ तमैं दैंत्त दिउँला
तमी गुसाइँ सुवा दाइना भया

७. गयाँ पत्यागराज गुसाइँ अन्या तीर्थवर्त
मुन्ठाइको दरसन पाउँ
पूजै रे चडाया गुसाइँ वेदपाठ लाया
मुन्ठाइको दरसन पाउँ ॥

३.६ मस्टाको पूजा वा जाँतमा हवनको तयारी गर्दाको फाग

मूलपाठ

१. वस तमी वर्मा चेला हूमैका हुमेडा
वस वर्मा हूमैका हुमेडा
लिपिघसी मण्णप ओवाइ व गै छ
वस वर्मा हूमैका हुमेडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri and Sarayu Trust

३. गणहरू चले अघि सेवकहरू चले
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
लावालस्कर चले मन्दिर भयो भरिभराउ
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

४. तपाइँ स्वामी मस्टा देउमा अक्षता चढाउँला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
भारीभारी ताम्रपत्र तपाइँमा चढाउँला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

५. सेतो शङ्ख कालो घण्ट तपाइं देउलाई दिउँला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
थानका थान वस्त्रका बत्ती बालौंला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

६. चाँदीका पत्र स्वामी तपाइँ देउलाई दिउँला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला
भाना र भोकर स्वामी तपाइँ देउलाई दिउँला
तपाइँ स्वामी शुभदाहिना हुनुहोला

७. गया प्रयागराज स्वामी गरें तीर्थव्रत
मस्टाको दर्शन पाउँ
पूजा चढाएँ स्वामी वेदपाठ गराएँ
मस्टाको दर्शन पाऊँ ॥

नेपाली रूपान्तर

१. वस्नुहोस् तपाइँ ब्राह्मणपुत्र यज्ञशालामा
वस्नुहोस् ब्राह्मण यज्ञशालामा
लिपपोत गरेको मण्डप ओबाइसक्यो
वस्नुहोस् ब्राह्मण यज्ञशालामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

२. हूमैका हुमेडा गुसाइँ सालैका सिमेडा
वस वर्मा हूमैका हुमेडा
हूमैका हुमेडा गुसाइँ सीमैका सिमेडा
वस वर्मा हूमैका हुमेडा

३. भारो भारो जौंतील छाँटी व गैछ
वस वर्मा हूमैका हुमेडा
घडा घडा घिय गुसाइँ राखी व गैछ
वस वर्मा हूमैका हुमेडा

४. कुशैको आसन गुसाइँ राखी व गैछ
वस वर्मा हूमैका हुमेडा
समिदाइकी भारी गुसाइँ राखी व गैछ
वस वर्मा हूमैका हुमेडा

५. नौमती वाजाइको झनिकारो लाग्यो
वस वर्मा हूमैका हुमेडा
मङलारी जतिले माङल गायो
वस वर्मा हूमैका हुमेडा

६. देउइ न पितर गुसाइँ चलाइ व भैछ
वस वर्मा हूमैका हुमेडा
भगपती माताइको धेकालो लाग्यो
वस वर्मा हूमैका हुमेडा

७. हूमैका हुमेडा गुसाइँ साजैका सिमेडा
वस वर्मा हूमैका हुमेडा
वस तमी बर्मा चेला हूमैका हुमेडा
वस वर्मा हूमैका हुमेडा ॥

३.७ मस्टाको पूजा वा जाँतमा अग्निस्थापना गर्दाको फाग

मूलपाठ

१. रिखिवेदु जुजुर्वेदु स्यामवेदु अथर्वण
इनमैंका को रे वेदु जेठा
रिखिवेदु जुजुर्वेदु स्यामवेदु अथर्वण
इनमैंका रिखिवेदु जेठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri

२. हवनकुण्डमा स्वामी राखेका समिधा
बस्नुहोस् ब्राह्मण यज्ञशालामा
हवनकुण्डमा स्वामी राखेका समिधा
बस्नुहोस् ब्राह्मण यज्ञशालामा

३. भारीभारी जौतिल केलाइसकेको छ
बस्नुहोस् ब्राह्मण यज्ञशालामा
घडाघडा घ्यू स्वामी राखिएको छ
बस्नुहोस् ब्राह्मण यज्ञशालामा

४. कुशको आसन स्वामी राखिएको छ
बस्नुहोस् ब्राह्मण यज्ञशालामा
समिधाको भारी स्वामी राखिएको छ
बस्नुहोस् ब्राह्मण यज्ञशालामा

५. नौमती वाजाको झङ्कार लाग्यो
बस्नुहोस् ब्राह्मण यज्ञशालामा
मङलारी सबैले माङल गाए
बस्नुहोस् ब्राह्मण यज्ञशालामा

६. देवता र पितृ स्वामी आउनुभयो
बस्नुहोस् ब्राह्मण यज्ञशालामा
भगवती माताको दर्शन भयो
बस्नुहोस् ब्राह्मण यज्ञशालामा

७. हवनकुण्डमा स्वामी समिधाको भारी
बस्नुहोस् ब्राह्मण यज्ञशालामा
बस्नुहोस् ब्राह्मणपुत्र यज्ञशालामा
बस्नुहोस् ब्राह्मण यज्ञशालामा ॥

नेपाली रूपान्तर

१. ऋग्वेद यज्ुर्वेद सामवेद अथर्व
यीमध्ये कुन चाहिँ वेद जेठा
ऋग्वेद यजुर्वेद सामवेद अथर्व
यीमध्ये ऋग्वेद जेठा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

२. अन्धकार भयो गुसाइँ धन्धकार भयो
काँ हुन्ना वैस्यान्नर देउ
वैस्यान्नर देउ विजाइँ अन्धकार भयो
चल गुसाइँ वैस्यान्नर खोजी

३. दोयो दूद काचोइ रैग्यो
पुज्यो वर्मा भोक्यै रैग्यो
चल गुसाइँ वैस्यान्नर खोजी
काली न कामली ओडी रुदुरास माला पैरी
चल्या गुसाइँ वैस्यान्नर खोजी

४. हात लियो वेत लौडी कोखी वेद पोथी
चल्या वर्मा वैस्यान्नर खोजी
गातको वागु पैरी जाङ सुतना पैरी
चल्या वर्मा वैस्यान्नर खोजी

५. वीसैका गया वर्मा चालीसैका आया
नैं पायो वैस्यान्नर खोजी
लत्ता फाटी पर गैछ लौडी टुटी पर गैछ
नैपायो वैस्यान्नर खोजी

६. रुकुरुक्यै थली धेक्यो पिपल चौरडी
वैस्यान्नर धेकालो भयो
पिपलैका चोथीमैं त लुक्या वैस्यान्नर
वैस्यान्नर धेकालो भयो

७. चल तमी वैस्यान्नरौ, मेरा मन्धालोग
तमी विजाइँ भयो अन्धकार
तेरा पापी मन्धालोग जानै नजानो
मन्धालोग पापैको भार

८. म्माभान्ज् मन्सुत्याका एकै खाट सिना
मन्धालोग पापैको भार
द्दा जति वोज वोक्दा भौवा सैल खेल्ला
मन्धालोग पापैको भार

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri

२. अन्धकार भयो स्वामी, हाहाकार भयो
कहाँ होलान् अग्नि देउ
बैश्वानर देउबिना अन्धकार भयो
जानुहोस् अग्निलाई खोज्न

३. दोएको दूध काँचो रह्यो
पूजित ब्राह्मण भोकै रह्यो
जानुहोस् स्वामी, अग्निलाई खोज्न
कालो कम्वल ओढी रुद्राक्षको माला पैह्री
गए स्वामी अग्निलाई खोज्न

४. हातमा लिए बेत लठ्ठी कोखी वेद ग्रन्थ
गए ब्राह्मण अग्निलाई खोज्न
शरीरमा भोटो पैह्री खुट्टामा सुरुवाल पैह्री
गए ब्राह्मण अग्निलाई खोज्न

५. बीस वर्षका गए ब्राह्मण चालीस वर्षका भए
पाएनन् अग्निलाई खोजी
लुगा फाटे धुजाधुजा लठ्ठी टुट्यो टुक्राटुक्रा
पाएनन् अग्निलाई खोजी

६. सिमसिमे थलो देखे पिपलको चौतारो
अग्निको दर्शन भयो
पिपलका हाँगामा त लुकेका अग्नि
ब्राह्मणले अग्निलाई देखे

७. हिंडौं स्वामी, अग्नि मेरा मर्त्यलोकमा जाऔं
तपाईंबिना भयो अन्धकार
तेरो पापी मर्त्यलोकमा म त जाँदै जान्न
मर्त्यलोकमा पापैको भार

८. माभाभान्जा मान्छेका एउटै खाटमा सुत्ने
मर्त्यलोकमा पापैको भार
दाइ जति भारी बोक्ने भाइ गिर खेल्ने
मर्त्यलोकमा पापैको भार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

९. जनैअर गुसाइँज्यूकी तेसोली मन्धोता
चल गुसाइँ मेरा मन्धालोग
गट्टा रीत छाडिदिउँला निका चलाइदिउँला
चल गुसाइँ मेरा मन्धालोग

१०. एक् वच्च्या वोल्या गुसाइँ सय वच्च्या वोल्या
चल गुसाइँ मेरा मन्धालोग
चल गुसाइँ चल गुसाइँ मेरा मन्धालोग
तम विजाइँ भयो अन्धकार

११. पिपलैका चोथीहै त ओल्या वैस्यान्नर
पिपलैका फेद जाइ व लुक्या
पिपलैका फेदहै त चल्या वैस्यान्नर
लुक्या गुसाइँ डाँसीढुङ्ङा लुक्या

१२. डाँसीहै त चल्या गुसाइँ वाला वैस्यान्नर
आव वस्या डिविनाइकी थली
काली गाइका घ्यूतेलमि सपुरैकी वाती
वैस्यान्नर डिविनाइकी थली

१३. सवै जति देवताइमि को रे हुन्ना ठूला
देवताइमि को रे हुन्ना ठूला
सवैभण्णा डिविनाइका वाला वैस्यान्नर
सवैभण्णा वैस्यान्नर ठूला

१४. वारै न वरिसैका भोक्या वैस्यान्नर
वैस्यान्नर क्याउको छ भोग
वारै न वरिसैका भोक्या वैस्यान्नर
वैस्यान्नर घ्यूतेलैको भोग
वैस्यान्नर जौंतीलैको भोग
वैस्यान्नर अच्छेताइको भोग
वैस्यान्नर धूपैको भोग
वैस्यान्नर दीपैको भोग
वैस्यान्नर नैवेदको भोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

९. नगर्नुहोस् स्वामीज्यू, त्यस्तो त्यस्तो ढिपी
हिँड्नुहोस् स्वामी, मेरा मर्त्यलोकमा
खराब रीत छाडिदिउँला राम्रा रीत चलाइदिउँला
हिँड्नुहोस् स्वामी, मेरा मर्त्यलोकमा

१०. एक वाचा बोलें स्वामी सय वाचा बोलें
हिँड्नुहोस् स्वामी, मेरा मर्त्यलोकमा
हिँड्नुहोस् स्वामी, मेरा मर्त्यलोकमा
तपाईंबिना भयो अन्धकार

११. पिपलैका हाँगाबाट ओर्ले अग्नि देवता
पिपलैका फेदमा गई लुके
पिपलैका फेदबाट हिंडे अग्नि देवता
लुके स्वामी दर्शनढुङ्गमा लुके

१२. दर्शनढुङ्गाबाट हिँडे स्वामी अग्नि देवता
अब वसे यज्ञकुण्ड थली
कालो गाईका घ्यूतेलमा सेतो वस्त्र बत्ती
अग्नि बसे यज्ञकुण्ड थली

१३. सबैसबै देवतामा कुन चाहिं देवता ठूला
देवतामा कुन चाहिँ देवता ठूला
सबैभन्दा यज्ञकुण्ड बस्ने अग्नि ठूला
सबैभन्दा अग्नि देवता ठूला

१४. बाह्र वर्षदेखि भोका अग्नि देवता भोका
अग्निदेवलाई केको भोग लाग्ला
बाह्र वर्षदेखि भोका अग्नि देवता भोका
अग्निदेवलाई घ्यूतेलैका भोग
अग्निदेवलाई जौतिलैको भोग
अग्निदेवलाई अक्षताको भोग
अग्निदेवलाई धूपैका भोग
अग्निदेवलाई दीपैको भोग
अग्निदेवलाई नैवेद्यको भोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

१५. वस्या जति बैस्यान्नर हूमैका हुमेडा
मन्धालोग भैछ गजधम्म
वस्या जति बैस्यान्नर हूमैका हुमेडा
मन्धालोग भैछ धुलीरम्म ॥

३.८ मस्टाको पूजा वा जाँतमा हवन गर्दाको पहिलो फाग

मूलपाठ

१. ल्याय ल्याय भणारी चेला गौंत गोबर
वर्माइले हूम हुरायो
ल्याय ल्याय भणारी चेला कुशपाती ल्याय
वर्माइले हूम हुरायो

२. लिपिघसी मण्णप आँखरी व गैछ
वर्माइले हूम हुरायो
टिपिटापी फूलपाती ओइलाइ व गैछ
वर्माइले हूम हुरायो

३. वाजित्तर चेलाइले बदाहा बजाइछ
वर्माइले हूम हुरायो
मङलारी जतिले माङल गाइछ
वर्माइले हूम हुरायो

४. वेदुवा बामनैले वेदपाठ लाइछ
वर्माइले हूम हुरायो
भोकऱ्या चेलाइले भोकर बजाइछ
वर्माइले हूम हुरायो ॥

३.९ मस्टाको पूजा वा जाँतमा हवन गर्दाको दोस्रो फाग

मूलपाठ

१. हूमैका हुमेडा गुसाइँ क्याउको छ भोग
वर्माइले हुमेडो लायो
हूमैका हुमेडा गुसाइँ घ्यूतेलैको भोग
वर्माइले हुमेडो लायो

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

१५. प्रकट भए अग्नि देवता यज्ञकुण्डमहाँ
मर्त्यलोकमा छायो खुसियाली
प्रकट भए अग्नि देवता
यज्ञकुण्डमहाँ मर्त्यलोकमा छायो खुसियाली ॥

नेपाली रूपान्तर

१. ल्याउनुहोस् ल्याउनुहोस् भण्डारी गहुँत र गोबर
ब्राह्मणले हवन गरे
ल्याउनुहोस् ल्याउनुहोस् भण्डारी कुशपाती
ल्याउनुहोस् ब्राह्मणले हवन गरे

२. लिपेको यज्ञशाला सुकिसक्यो सुकिसक्यो
ब्राह्मणले हवन गरे
टिपेका फूलपाती ओइलाइसके
ब्राह्मणले हवन गरे ॥

३. वाद्य वादकहरूले बाजा बजाए
ब्राह्मणले हवन गरे
मङलारी सबैले माङल गाए
ब्राह्मणले हवन गरे

४. वेदपाठी ब्राह्मणले वेदपाठ गरे
ब्राह्मणले हवन गरे
भोकरे सबैले भोकर बजाए
ब्राह्मणले हवन गरे ॥

नेपाली रूपान्तर

१. हवनकुण्डमहाँ स्वामी केको भोग लाग्छ
ब्राह्मणले हवन गरे
हवनकुण्डमहाँ स्वामी घ्यूतेलैको भोग
ब्राह्मणले हवन गरे

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

२. हूमैका हुमेडा गुसाइँ जौंतीलैको भोग
वर्माइले हुमेडो लायो
हूमैका हुमेडा गुसाइँ फूलपाती भोग
वर्माइले हुमेडो लायो

३. हूमैका हुमेडा गुसाइँ नैबेदको भोग
वर्माइले हुमेडो लायो
हूमैका हुमेडा गुसाइँ फलैको भोग
वर्माइले हुमेडो लायो ॥

३.१० मस्टाको पूजा वा जाँतमा हवनको पूर्णाहुति दिंदाको फाग

मूलपाठ

१. उठ मेधा, उठ मेधा, मनग्या मनडी
उठ तमी मलयागिरी मेधा
उठ मेधा, उठ मेधा, मनग्या मनडी
उठ तमी सुरिजैका जोत

२. भारो भारो घ्यूतेल तमैं मेधा होराउँ
उठ मेधा, मनग्या मनडी
भारोभारो जौंतील तमैं मेधा होराउँ
उठ मेधा, मनग्या मनडी

३. मेरी माड्युं जाउँ भणी हुरीचण्ण छुरीचण्ण
उठ मेधा, मनग्या मनडी
भारोभारो कपुरै त तमैं मेधा होराउँ
उठ मेधा, मनग्या मनडी

४. मेरी माड्युँ मेरी माड्युँ छुवाइकी छाड्डी
उठ मेधा, मनग्या मनडी
भारोभारो अच्छेताइ त तमैं मेधा होराउँ
उठ मेधा, मनग्या मनडी

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

२. हवनकुण्डमहाँ स्वामी, जौंतिलैको भोग
ब्राह्मणले हवन गरे
हवनकुण्डमहाँ स्वामी, फूलपाती भोग
ब्राह्मणले हवन गरे

३. हवनकुण्डमहाँ स्वामी, नैवेद्यको भोग
ब्राह्मणले हवन गरे
हवनकुण्डमहाँ स्वामी, फलैको भोग
ब्राह्मणले हवन गरे ॥

नेपाली रूपान्तर

१. उठ ज्वाला, उठ ज्वाला, प्रसन्न मनले
तिमी उठ मलयागिरि ज्वाला
उठ ज्वाला, उठ ज्वाला, प्रसन्न मनले
तिमी उठ सूर्यको ज्योति

२. भारीभारी घ्यूतेल तिमी ज्वालामा चढाऊँ
उठ ज्वाला, प्रसन्न मनले
भारीभारी जौतिल तिमी ज्वालामा चढाऊँ
उठ ज्वाला प्रसन्न मनले

३. मेरो माडौं जाऔं भनी थुप्रै भक्त आए
उठ ज्वाला, प्रसन्न मनले
भारीभारी कपूर सबै तिमी ज्वालामा जलाऊँ
उठ ज्वाला, प्रसन्न मनले

४. मेरो माडौं मेरो माडौं छताछुल्ल चरु
उठ ज्वाला प्रसन्न मनले
भारीभारी अक्षता तिमी ज्वालामा जलाऊँ
उठ ज्वाला, प्रसन्न मनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

५. मुन्ठाइन केदारैको दल चलिआयो
उठ मेधा, मनग्या मनडी
लाटा कौछ्या देवताइको दल चलिआयो
उठ मेधा, मनग्या मनडी ॥

३.११ मस्टाको पूजा वा जाँतमा गोदान गर्दाको फाग

मूलपाठ

१. उवी खोली कमाइ चडी घोल पुरली
माज खोली फूल ओडली
एकाइ फूल जरमिगै भागीरथी गङ्डा
एका फूल जरमिगै कपिला गाई

२. गङ्डा माइको कैलु गाइको असपतु पड्यो
दुयैको असपतु पड्यो
भागीरथी गङ्डा भन्नी मैं भागा जेठी
कैलु भन्नी मैं कैलु जेठी

३. भागीरथी गङ्डा भन्नी कैलु क्याखी जेठी
जल चोखो मैं रे भागा जेठी
कपिला गावडी भन्नी मैं कैलु जेठी
गौँतगोवर मेरो शिवलिङ्ङ चड्यो

४. काँ रे कैलु, दावा चरी काँ रे डाङ्डा चडी
काँ रे तुइले कै नीर पानी
रनवन दावा चऱ्या गोवर्धन डाङ्डा चड्या
जमुनाइको लिया नीर पानी

५. तेत्तीसकोटी देउदेवता कपिलाका गात
चोखी जति कपिलाइ रे चोखी
गौँत चोखो कपिलाइको गोवरै रे चोखो
चोखी जति कपिलाइ रे चोखी

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

५. मस्टा र केदारको लस्कर आइपुग्यो
उठ ज्वाला, प्रसन्न मनले
लाटो र कौछ्या देउको लस्कर आइपुग्यो
उठ ज्वाला, प्रसन्न मनले ॥

नेपाली रूपान्तर

१. उँभो खोला वनचरी गुँड बनाउँछे
बीच खोला आफ्ना फूल छोप्छे
एउटा फुलमा जन्मिगइन भागीरथी गङ्गा
अर्को फुलमा जन्मिगइन् कपिला गाई

२. गङ्गामाताको कैली गाईको विवाद पऱ्यो
दुवैको झगडा पऱ्यो
भागीरथी गङ्गा भन्छे म भागा नै जेठी
कैली भन्छे म कैली नै जेठी

३. भागीरथी गङ्गा भन्छे कैली केको जेठी
जल चोखो म नै भागा जेठी
कपिला गई भन्नथाल्छे मै कैली हुं जेठी
गहुँतगोवर पनि मेरो शिवलिङ्ग चढ्छ ।

४. कहाँ कैली, घाँस चरिस् कुन डाडाँमा चढिस्
कहाँ तैंले कुन पानी खाइस्
रनवन घाँस चरैं गोबर्द्धन डाँडा चढैं
जमुनाको मैले पानी खाएँ

५. तेत्तीसकोटि देउदेवता कपिलाको गाथमा
चोखी चाहिँ कपिला नै चोखी
गहुँत चोखो कपिलाको गोवर पनि चोखो
चोखी चाहिँ कपिला नै चोखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

६. कपिलाइको दूद जति मुन्ठाइको भोग
चोखो जति कपिलाइको दूद
अर अर वर्मा चेला कपिलाइको दान
दानमैंको कपिलाइको दान ॥

३.१२ मस्टाको पूजा सम्पन्न हुँदाको फाग

मूलपाठ

१. हरिहर मालिका देवीकी सेवा
काफलीकी सेवा गन्यापकी सेवा
मुन्ठाइ न देवाइकी सेवा
देउदेपता पितरैकी सेवा

२. वर्मा चेला दिन्ना गुसाइँ वेदैको वर
पैकेला खाणाइँको वर
माङलामुखी दिन्ना गुसाइँ माङलैको वर
ढोली चेला वाजाइको वर

३. अपुताइ त दिन्ना गुसाइँ पूतैको वर
नरलोग अन्नधन वर
सुख जति दिन्ना गुसाइँ दुःख जति लिन्ना
मुन्ठाइको चौंजुग नाउँ छ ॥

३.१३ मस्टाको चैत

मूलपाठ

१. ए ! कैका तम पूत गुसाइँ
ए ! कैका तम जया
ए ! कसो अरी तम गुसाइँ
ए ! मन्धालोग आया

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

६. कपिलाको दूध लाग्छ मस्टा देवता भोग
चोखो हुन्छ कपिलाको दूध
गर ब्राह्मण गर ब्राह्मण कपिलाको दान
दानमा ठूलो कपिलाको दान ॥

नेपाली रूपान्तर

१. हरिहर मालिकादेवीको सेवा
काफलीको सेवा गन्यापको सेवा
मस्टा देवताको सेवा
देवीदेवता पितृगणको सेवा

२. ब्राह्मणलाई दिन्छन स्वामी, वैदैको वर
वीरलाई शस्त्रास्त्रको वर
मङलारीलाई दिन्छन् माङलको वर
ढोलीलाई वाजाको वर

३. अपुतालाई दिन्छन् स्वामी, पुतैको वर
जनजनलाई अन्नधन वर
सुख जति दिन्छन् स्वामी, दुःख जति लिन्छन्
मस्टा देउको चारै युगमा नाउँ छ ॥

नेपाली रूपान्तर

१ ए ! कसका तपाईं पुत्र स्वामी
ए ! कसका तपाईं सन्तान
ए ! कसो गरी तपाईं स्वामी
ए ! मर्त्यलोकमा आउनुभयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

२. ए ! काँ रे रोज्यो गुसाइँज्यूले रतन भणार
ए ! काँ रे रोज्यो मण्णपैकी ठार
ए ! भणऱ्यैको घर मेरो रतन भणार
ए ! माण्यूँ रोज्यो मण्णपैकी ठार

३. ए ! को रे तेरी दिदीवैना को रे तेरा वान
ए ! काऱ्याभाऱ्या तेरा को देवान
ए ! मालिका दिदीवैनी नूना मेरा बान
ए ! सनिसार काऱ्याभाऱ्या कउछ्या देवान

४. ए ! क्याउखी पूज गुसाइँ क्याउइखी सीच
ए ! क्याउइको हूम तोखी दीछ
ए ! अच्छेत पूज मेरी पञ्चगव्य सीच
ए ! जौंतील घिय हूम दीछ

५. ए ! ध्याउनो भयै ध्याउनो भयै मुन्ठाइन देवा
ए ! तुइ सदा ध्याउनोइ ब भयै
ए ! जौं गडा ज्याँतो छ धान गड साउँ
ए ! सेवा पुरी भैइ गुसाइँ, माथा वाउली पाउँ ॥

३.१४ मस्टाको अर्को चैत

मूलपाठ

१. ए ! काहाइँ त गुसाइँज्यूले अवतार लियो
ए ! काहाइँ त भणार रोज्यो
ए ! कैलास गुसाइँज्यूले अबतार लियो
ए ! मन्धालोग भणार रोज्यो

२. ए ! गुसाइँज्यूका आउनावटी भयो सुविकाल
ए ! ऐरीखी भयो अनिकाल
ए ! दुनियाँ दिवान गुसाइँ हुनाखाना वाटा
ए ! ऐरी जति नहुनाउँका वाटा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

२. ए ! कहाँ रोज्नुभयो स्वामीले रत्नको भण्डार
ए ! कहाँ रोज्नुभयो माडौंको ठाउँ
ए ! भण्डारीको घर मेरो रत्नको भण्डार
ए ! माडौं रोजें माडौंको ठाउँ

३. ए ! को हुन् दिदीबैनी स्वामी, को हुन गण सेवक
ए ! कार्यकर्ता अनि को हुन् मन्त्री
ए ! मालिका हुन् दिदीबैनी नूना मेरा सेवक
ए ! संसार सबै कार्यकर्ता कौछ्या मेरा मन्त्री

४. ए ! केको पूजा चढ्छ स्वामी, केको सिञ्चन चढ्छ
ए ! के को हवन स्वामीलाई चढ्छ
ए ! अक्षत हुन्छ पूजा मेरो पञ्चगव्य सींच
ए ! जौतिल र घ्यूको हवन दिइन्छ

५. ए ! आराध्य भएस् ध्यानमा रहेस् मस्टा देवता
ए ! तँ सधैं आराध्य भएस्
ए ! जौका गरा ज्वाँतो छ धान गरामा सामा
ए ! सेवा पूजा भयो स्वामी, आशीर्वाद पाऊँ ॥

नेपाली रूपान्तर

१. ए ! कहाँ स्वामीले अवतार लिए
ए ! कहाँ भण्डार रोजे
ए ! कैलासमा स्वामीले अवतार लिए
ए ! मर्त्यलोकमा भण्डार रोजे

२. ए ! स्वामीज्यूको आगमनले भयो सुकाल
ए ! ऐरीका लागि भयो अनिकाल
ए ! सारा संसार मेरा सबै राम्रो बाटो लागे
ए ! ऐरी सबै नहुने वाटो लागे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

in Public Domain. Digitization by eGangotri.Funding:

३. ए ! मुन्ठाइकी जाँत हुना पोखलैकी धात
ए ! ऐरी लाग्या नहुनाउँकी वात
ए ! काला ल्वार, द्‌दा मेरा मेरोइ बोल लेन
ए ! लुवाइका खीप बनाइदेन ।

४. ए ! तति भण्णा ल्वारैले लुवा गलायो
ए ! बार धान्नी लुवाइ रे गलायो
ए ! लुवा पिट्यो लुवाइको खीप वनायो
ए ! लुवाइको खीप बनायो

५ ए ! चौसिङ्ङ्या लाखाइकी गिर्धन मोडिदियो
ए ! गिर्धन मोड्यो खीप जोडिदियो
ए ! मुन्ठाइको पर्व आयो आइगैछ जाँत
ए ! नर जति जाँतैकी धात

६. ए ! दाड्या जति मुन्ठाइले लाखाइकी वलि
ए ! लाखो काट्टो गुसाइँ छलिबली
ए ! लाखाइकी वलि लियो दाडा लागी घात
ए ! दाड्याइकी थोत्या भयै वात

७. ए ! दाड्याइकी रीस धेकी कम्पिगै धरती
ए ! ऐरीकी करती धेकी कम्पिगै धरती
ए ! मुन्ठाइका दाँतबटि रगतैकी गाड
ए ! रगतैका धारा लाग्या रगतैकी गाड

८. ए ! पञ्चन इतरैको भलो होउ जय
ए ! ऐरी जति सवैको खय
ए ! ऐरी जति गुसाइँज्यूले दिइहाल्यो सराप
ए ! ऐरी पड्यो मुन्ठाइका सराप

९. ए ! ध्याउनोइ रे भयै देवा धिपाउनोइ रे भयै
ए ! तु रे देवा सदाइँ दाइन भयै
ए ! ज्वाँ जति जौंका गडा धान गडा साउँ
ए ! सेवा लागौ गुसाइँ, माथा वाउली पाउँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

३. ए ! मस्टाको जाँत हुँदा पूजासामान जम्मा
ए ! ऐरी लागे गलत बाटो रोज्न
ए ! कालो लुहार दाइ मेरो विन्ती एउटा लेऊ
ए ! फलामको खिप बनाइदेऊ

४. ए ! त्यसपछि लुहारैले फलाम गलायो
ए ! वाह्र धार्नी फलाम गलायो
ए ! फलाम पिट्यो फलामैको खिप बनायो
ए ! फलामैको खिप बनायो

५. ए ! चार सिङ्गे बोकाको गर्दन मोडियो
ए ! गर्दन मोड्यो खिप लगाइदियो
ए ! मस्टा देउको पर्व आयो भइग्यो जाँत
ए ! भक्त सबै लागे धाउन जाँत

६. ए ! दाह्रे मस्टा देवताले बोकाको लियो वलि
ए ! बोकालाई काट्यो छलीबली
ए ! बोकाको वलि लियो दाँत लाग्यो चोट
ए ! दाह्रे मस्टा भइहाल्यो थोते

७. ए ! दाह्रेको रिसदेखी काम्यो है धर्ती
ए ! ऐरीका कामदेखि काम्यो है धर्ती
ए ! मस्टाका दाँतबाट रगतैको नदी
ए ! रगतैको धारा लाग्यो रगतैको नदी

८. ए ! पञ्चन जति अन्यैको भलो होस् र जय
ए ! ऐरी जति सबैको क्षय
ए ! ऐरी जति स्वामीज्यूले दिइहाल्यो श्राप
ए ! पऱ्यो मस्टा देउको श्राप

९. ए ! आराध्य भएस् देउ सधैं स्तुत्य रहेस्
ए ! देवता सधैं दाहिना भएस्
ए ! ज्वाँ जति जौंका गरा धान गरा साउँ
ए ! सेवा मेरो लागोस् स्वामी, आशीर्वाद पाऊँ ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

३.१५ काफलीको चैत

मूलपाठ

१ ए ! नैरानी रञ्चन नैपायो भेउ
ए ! काँ फुटी उब्जी गया काफली देउ
ए ! काँ वस्या काफली काँ मरा हित
ए ! मथि वस्या काफली तलि मरा (महरा) हित

२ ए ! कउन हित लायो विजैकार चित
ए ! साउन जैभान विजैकार चित
ए ! आयो काफली दैंत्त मरा हित
ए ! आयो लडरी लाटो वुआरा हित

३ ए ! आयो चौहत्ती मल्ल तै भाउ सिङ
ए ! आयो कउछया लाटो भाटै बिन
ए ! आयो कटारी मल्ल लुआरसिङ
ए ! आया जति लुआरै रे सिङ

४ ए ! भइरौं दोरियाँ डाको हाली पाउँ
ए ! देवता पूजनाको डाको हाली पाउँ
ए ! मुन्ठो मसानी गुसाइं, डाको हाली पाउँ
ए ! जै देव बामनको अभिषेक पाउँ

५ ए ! कालीकैली गावडीको दूध चडाउँ
ए ! आगलगुगुलको धूप लयाउँ
ए ! सिरीखण्ण चानुनैकी वास मगाउँ
ए ! सपूर कपडाको वत्ती जलाउँ

६ ए ! अगि हिट्या काफली पछि फूलमाल
ए ! जाइ पउँच्या काफली शिखर पखान
ए ! काफली देवताइको चउँजुग नाम
ए ! काफलीको चउँजुग नाम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

नेपाली रूपान्तर

१. ए ! कसैले पनि थाहा पाएन
ए ! कहाँ उत्पन्न भए काफली देउ
ए ! कहाँ बसे काफली कहाँ महरा हितैषी
ए ! माथि बसे काफली तल महरा हितैषी

२. ए ! कुन हितैषीले तिम्रो मन जित्न सक्यो
ए ! साउन जयभानले मन जित्न सक्यो
ए ! आयो काफली देवता महरा हितैषीमा
ए ! आयो लङरी लाटो बोहरा हितैषीमा

३. ए ! आयो चौहत्ती मल्ल त्यस भाउसिङमा
ए ! आयो कैछे लाटो विना भाटमा
ए ! आयो कटारीमल्ल लुहारसँगमा
ए ! अन्य केही देवता आए लुहारैसँगमा

४. ए ! भैरव दोरियाँहरू बोलाउने काम गर
ए ! देवता पुज्नका लागि बोलाउने काम गर
ए ! मस्टा मसानी स्वामी, बोलाउने काम गर
ए ! जयदेव ब्राह्मण अभिषेक दिने काम गर

५. ए ! कालोकैलो गाईको दूध चढाऔं
ए ! उगलगुगुलको धूप जलाऔं
ए ! श्रीखण्ड चन्दनको बास्ना मगमगाऔं
ए ! सेतो कपडाको बत्ती जलाऔं

६. ए ! अघि हिंडे काफली पछि फूलमाला
ए ! गइपहुँचे काफली शिखरका चूर
ए : काफली देवताको चारै युगमा नाउँ छ
ए ! काफलीको चारै युगमा नाउँ छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

३.१६ गन्यापको चैत

मूलपाठ

१. ए ! द्यौ झाल फुल भाट पस्या जपध्यान
ए ! सरप स्वरूप मिल्या भगवान
ए ! रुमाइल्या भाटैकी बाली कन्या चेली
ए ! जा हो बाली कन्या पानीधार जान

२. ए ! धाउनी धिपाउनी कन्या गैछ पानीधार
ए ! क्याउकी छ घडुली क्याउकी छ धार
ए ! रुपाइकी घडुली दूदैकी धार
ए ! घडुलीमी दूदैकी धार

३. ए ! बवुवा फुलाभाट यो कसो भयो
ए ! रुपा घडुली सरप पसी गयो
ए ! क्याउकी छ मूरती क्याउकी छ वानी
ए ! इस्सरकी मूरती सुवरन वानी

४. ए ! काँ छ भटेनी थलो काँ मुस्या पानी
ए ! वर छ भटेनी थलो पर मुस्या पानी
ए ! भाट भटेनीको चल्योछ नाउँ
ए ! हिट गुसाइँ गणपति, शिखर चलिजाउँ

५. ए ! सरप चलन लाग्या शिखरैकी बाट
ए ! आग चल्या गणपति पाछा फुलभाट
ए ! बाइस खामकी तेरी माणौ रोकाउँलो
ए ! नौहार गुसाइँकी बीणी वधाउँलो

६. ए ! शिरमथि गङ्गाइको जल ढोलाउँलो
ए ! पञ्चन कैलु गाईको दान अराउँलो
ए ! फुलहरा चेला हताउँ पाती टिपाउँलो
ए ! माली भूल चेलाहताउँ पान हलाउँलो

७. ए ! रण्या रण्या जौंतिल अङेनी हुमाउँलो
ए ! सिरीखण्ण चानुन गात पैराउँलो
ए ! पैय्याँ वेलाइँतीकी पाती टिपाउँलो
ए ! उगुलगुगुलकी धूप अराउँलो

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नेपाली रूपान्तर

१ ए ! देउ झालका फूल भाट थाले जपध्यान
ए ! सर्पका रूपमा मिले भगवान्
ए ! रुमाइले भाटकी वाली छ कन्या
ए ! जान छोरी पानी भर्न जान

२. ए ! दगुर्दै भाटकन्या पँधेरामा गई
ए ! केको छ घडा कस्तो छ धार
ए ! चाँदीको छ घडा दूधैको धार
ए ! घडामा दूधैको धार

३. ए ! पिताजी फूल भाट यो के के भयो
ए ! चाँदीको घडामा सर्प पसिगयो
ए ! केको छ मूर्ति कस्तो छ वर्ण
ए ! ईश्वरको मूर्त्ति छ सुनको छ वर्ण

४. ए ! कहाँ छ भटेनी थलो कहाँ मुसे पानी
ए ! वर छ भटेनी थलो पर मुसेपानी
ए ! भाटभटेनीको चल्यो ठूलो नाउँ
ए ! जाऔं स्वामी गणपति, शिखर गइजाऔं

५. ए ! सर्प चाहिँ जान लाग्यो शिखरको वाटो
ए ! अघि चले गणपति पछि फूल भाट
ए ! वाइस थामयुक्त तेरो माडौं वनाउँला
ए ! नौ घेरा भएको आसन बनाउँला

६. ए ! शिरमाथि गङ्गाजीको जल चढाउँला
ए ! पञ्च कैली गाईको दान गराउँला
ए ! फुलाराहरूबाट फूल टिपाउँला
ए ! माली भुलहरूवाट लिपपोत गराउँला

७. ए ! भारीभारी जौतिलको हवन गराउँला
ए ! श्रीखण्ड चन्दन गाथमा चढाउँला
ए ! पैयूँ र वेली फूलका कुसुम टिपाउँला
ए ! उगुलगुगुलको धूप चढाउँला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

८. ए ! सपुर कपडाइकी बाती फेराउँलो
ए ! सालीका चामलैकी पूज लयाउँलो
ए ! काली गाईका घिउइकी मेधा अराउँलो
ए ! जोला भोकर गुसाइँ, तोइ व चढाउँलो

९. ए ! चेली चडाउँलो गुसाइँ, फोली चडाउँलो
ए ! सुतारा चेला हताउँ माणौ चिठाउँलो
ए ! को होलो कान्याभान्या को रे तेरा वान
ए ! पस्स्या जति कान्याभान्या मुण्ठा मेरा वान

१०. ए ! को होलो पुजारो तेरो को होलो धामी
ए ! रेल्या पुजारी होलो रुमाइल्या धामी
ए ! जौ गडा ज्याँतो गुसाइँ, धान गडा साउँ
ए ! सेवा पूरी भैछ गुसाइँ, माथा वाउली पाउँ ॥

३.१७ गन्यापको भोलाउलो

मूलपाठ

१. पर्भात सुमिरौं पूजैको बेला देवताइको भोग लयाउँ
गुसाइँ देवताइको भोग लयाउँ
तीन लोक तेरी पूजा चढत है
गणेश नारायण नाउँ

२. पर्भात लीजै गणेशको नाउँ
हामले मुकुति फल पाउँ
इन्द्रासनमै चलिगया नारायण
माण्णवी बैठा आइ

३. काहाँ गुसाइँले भणार रोज्यो
कहाइँ रे की वीणी वधाई
रेल रुमाइल भणार रच्यो
शिखर वीणी वधाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

८. ए ! सेतो कपडाको बत्ती जलाउँला
ए ! सालीका चामलले पूजा गराउँला
ए ! काली गाईका घ्यूले हवन गराउँला
ए ! जोला भाना भोकर स्वामी, तिमीमै चढाउँला

९. ए ! चेली चढाउँला स्वामी, फोली चढाउँला
ए ! सुताराहरूवाट स्वामी, माडौं चिनाउँला
ए ! को हो कार्यकर्ता स्वामी, को हुन् तिम्रा गण
ए पस्से गर्खा वस्ने भक्त मस्टा मेरा गण

१०. ए ! को हो पुजारी तिम्रो को हो तिम्रो धामी
ए ! रेलवासी पुजारी हो रमाइले धामी
ए ! जौं गरा ज्वाँतो स्वामी, धान गरामा साउँ
ए ! सेवा पूरा भयो स्वामी, आशीर्वाद पाऊँ ॥

नेपाली रूपान्तर

१. प्रभाती उपासनाका समयमा देवतामा भोग्यवस्तु चढाऔं
स्वामी देवतामा भोग्यवस्तु चढाऔं
तीनै लोकमा तेरो पूजा गरिन्छ
गणेश नारायणको नाममा

२. बिहानै गणेशको नाम जप्नुहोस्
हामी मुक्तिफल प्राप्त गरौं
इन्द्रासनमा गए गणेश नारायण
माडौंमा आइबसे

३. कहाँ स्वामीले भण्डार राख्ने ठाउँ रोजे
कहाँ आसन बनाए
रेल रुमाइल गाउँमा भण्डार राख्ने ठाउँ रोजे
शिखरमा आसन वनाए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

४. शिखर गुसाईँले वीणी बधाइछ
पखान चुआ नीर
पुर रच्यो गुसाईँले शिखर पखान
तल रच्यो गङ्गा तीर

५. आफू गुसाइँ शिखर पखान
भूमिराज गङ्गा तीर
देवी न दुर्गा जैसी वैना हमारी
भूमिराज जैसा हीत

६. गणेश नारायण ऐसो बोल
खपऱ्या मारनी तीर
सरक लाग्यो बादल गुसाइँ
वरसन लाग्यो नीर

७. गणेश नारायण खपऱ्या दैंत्त
पडी रे गैछ रेख
जूजन लाग्यो कैलीपाल देउ
पौन समाइ लेलो छुरो
लुवा लौडीले लडलो मसानी
मन्ठो हतियारैको पुरो

८. खोज गुसाइँ, चौहत्ती मल्ल
खोज अजितको लाटो
लैजा गुसाइँ, चौहत्ती मल्ल
लैजा अजितको लाटो

९. वाइस घाटको गुसाइँ मसानी दैंत्त
वाइस खामको गुसाइँ लाटो
सनिमुख लाइदिय लाटो मसानी
चौहत्ती काटलो वाटो

१०. एक हात लेलो तलबार गुसाइँ
एक हात लेलो ढाल
जुजन लाग्यो कउछ्या लाटो
जैसी कउछाइकी काल

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

४. शिखरमा स्वामीले आसन बनाएछन्
ढुङ्गावाट पानी चुहियो
माथिल्लो वसाइ बनाए स्वामीले पर्वत पहाड
तल्लो वसाइ बनाए गङ्गाको तट

५. आफू बसे स्वामी पर्वत पहाड
भूमिराजलाई राखे गङ्गाको तट
देवी दुर्गाजस्ती वहिनी हाम्री
भूमिराजजस्ता हितैषी

६. गणेशनारायण यस्तो भन्छन्
खपरेले वाण प्रहार गरे
आकाशमा लाग्यो बादल स्वामी
वर्सन थाल्यो पानी

७. गणेश नारायण र खपरे देवतामा
परिहाल्यो सङ्ग्राम
युद्ध गर्नथाल्यो कैलीपाल देवता
धारिलो समायो छुरा
फलामको लट्ठीले लड्यो मसानी
मस्टा हतियार चलाउन जान्नमा छ पूरा

८. खोज्नुहोस् स्वामी, चौहत्ती मल्ल
खोज्नुहोस् अजितको लाटो
लग्नुहोस् स्वामी, चौहत्ती मल्ल
लग्नुहोस् अजितको लाटो

९. वाइस घाटको स्वामी मसानी देवता
वाइस थामको स्वामी लाटो
अघि लगाउनुहोस् मसानी देवता
चौहत्तीले बाटोको सुरक्षा गर्ला

१०. एक हातमा लेलान् तरवार स्वामी
एक हातमा लेलान् ढाल
जुध्नथाल्यो कोछ्या लाटो
जस्तो काउसो लाग्दाको पीडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

११. गौँडा जुजलो गउडी बाग
तलवार जुजलो तेडी
साँचिलो भयै मसानी दैंत्य
खपऱ्यैका दल पउँच्यो नेडी

१२. बाजन लाग्या छत्तीस बाजा
नौमती बाजली घाई
खपऱ्या दैंत्तका खोजी म जान्छु
दिय कटारीमल्ल लाई

१३. बाजन लाग्या छत्तीस बाजा
नौमती बाजली भेरी
जुजन लाग्या पञ्च देवता
गणेश नारायण रया हेरी
जुजन लाग्या गणेश नारायण
चन्द्र सूर्जे रया हेरी

१४. खपऱ्या दैत्यका भान भोकर
गणेश नारायणकी छात
गणेश नारायणले हाण्यो विखालु
खपऱ्या दैंत्तका गात

१५. बाजन लाग्या छत्तीस बाजा
नौमती बजालो कालो
गणेश नारायणले खपऱ्या दैंत्य
पैरायो आलो बिखालो

१६. बाजन लाग्या छत्तीस बाजा
नौमती बाजली घाई
गणेश नारायण घडेलो भगलिङ्ङ
काफली चारै भाइ

१७. सरक लाग्यो बादल गुसाइँ
मेग अरन लाग्यो पानी
औतऱ्या गुसाइँ गणेश नारायण
जैसी बिस्नुकी वानी

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

११. गौंडामा जुध्ला गौडी वाग
तरवार समातेर जुध्ला तेडी
सत्य भएस् मसानी देवता
खपरेको दल पुग्यो नजिक

१२. बज्न थाले छत्तीस थरी वाजा
नौमती वज्ला धुन
खपरे देवताको खोजीमा म जान्छु
साथमा कटारी मल्ल लगाइदिउँ

१३. बज्न थाले छत्तीसवाजा
नौमती वज्ला धून
जुध्नथाले पञ्च देवता
गणेश नारायण रहे हेरी
जुध्न थाले गणेश नारायण
चन्द्रसूर्य रहे हेरी

१४. खपरे देवताका भानाभोकर
गणेश नारायणको छत्र
गणेश नारायणले हाने बिखालु बाण
खपरे देवताको शरीरमा

१५. बुज्न थाले छत्तीस बाजा
नौमती बजाउला कालो
गणेश नारायणले खपरे देवतालाई
पहिराए ताजा विख

१६. बज्न थाले छत्तीस बाजा
नौमती वज्ला धून
गणेश नारायणका अधि भागेश्वर
काफली चारै भाइ

१७. आकाशमा लाग्यो बादल स्वामी
बादलले बर्सायो पानी
अवतरित भए स्वामी गणेशनारायण
जस्तै विष्णुका विविध अवतार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

१८. वाजन लाग्या छत्तीस वाजा
नौमती वाजी वडाइ
औंतऱ्या गुसाइँ भाट रे मुसु
रतनैले पूजा लाई

१९. वाजन लाग्या छत्तीस वाजा
नौमती वाजली घाइ
गणेश नारायणकी रानी देवतिनी
तिलक हाल्यो पइराई

२० भोल वियान पहर फटाया
शिखर झुल्क्या लाग्यो घाम
माथा भुलाइछ वाहुली लुल्लाइछ
हेरी लिय गणेशकी राम

२१. सरक लाग्यो वादल गुसाइँ
वरसन लाग्यो पानी
सेवा लगाइ दिय भूमिराज देउ
लोग सवै घर जानी
माथा वाहुली दिय गणेश नारायण
लोग सवै घर जानी

२२. कविता बनाइछ वलाइर चामले
चौंमुख गड्वा पाई
वाजन लाग्या छत्तीस वाजा
नौमती वाजली ढोल
चौमुखा गडुवाले क्यारू गुसाइँ
अपुती रै गै कोल

२३. वाजन लाग्या छत्तीस वाजा
नौमती वाजली घाई
कविता वनाइछ वलाइर चामले
जोलो रे पूत पाई
कविता वनाइछ वलाइर चामले
कीरति रई जुग जाई ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

१८. बज्न थाले छत्तीस बाजा
नौमती बज्यो धुन
अवतरित भए भाट र मुसु
रतनले पूजा चढाए

१९. बज्न थाले छत्तीस बाजा
नौमती बज्ला धुन
गणेश नारायणकी रानी देवीले
टीका लगाइदिइन्

२०. उज्यालो भयो प्रहर फाट्यो
शिखरमा झुल्क्यो घाम
शिर हल्लाए हात हल्लाए
हेर है गणेशको रमिता

२१. आकाशमा लाग्यो बादल स्वामी
वर्सन लाग्यो पानी
सेवा गर है भूमिराज देवता
भक्तजन सारा घर फर्कनथाले
आशीर्वाद दिनुहोस् गणेश नारायण
भक्तजन सारा घर फर्कनथाले

२२. कविता रचे बलायर चामले
चारमुखे करुवा पाए
बज्नथाले छत्तीस बाजा
नौमती बज्ला ढोल
चारमुखे करुवाले के गरूँ स्वामी
निसन्तानी रह्यो कोख

२३ वज्नथाले छत्तीस बाजा
नौमती वज्ला धुन
कविता रचे वलायर चामले
दुइटा सन्तान पाए
कविता रचे बलायर चामले
कीर्ति रह्यो चारै युग ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

३.१८ मस्टाको धामीले कामेर गीतिलयमा भन्ने अभिव्यक्ति

मूलपाठ

१. ऊ... (ठूलो स्वरको चीत्कार)
पुजऱ्या, भणऱ्या, ताकलाउ, मुस्याउ, धौलेउ
आगा फाणी पाछा हाणी
वैनाका पैतला चाटी
नीर तरी चूर चडी
काँ:बटा काँ पडी
पानीको सामल बतासका पैरन
काँडाका बिस्तरा ढुवाँका सिरान
पाछाको पछ्यारो अरी
काँवटा काँ आया लाउ, धेक्या

२. क्याउ भणी बोलु लाउ
क्याउ भणी खोलु
तिरिजुग्या हुँ भणी
सती जग्या हुँ भणी
जान्ना सवै छौ मान्ना सवै छौ
तीनै लोग रे चौद्द भुवानी
जल हाम थल हाम
डाङ्डा हाम डोइल हाम
एकचित्त भया सोभनी रया
सुच्यासम्ज्याको पुऱ्याउन्या मैं छु

३. रोगीको रोग दोखीको दोख
मइँले काट्यैको मइँले फाड्यैको
माटीको मट्ट्या थलाको थल्या
मैं माणी आया मैं भणी आया
हित तमरो मीत तमरो
जाँ तम जान्छौ ताइँ म पुगन्छु
व्याँ गेडा तम्ले सदाँ दियैको
व्याँ गेडा मैले सदाँ लियैको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नेपाली रूपान्तर

१ ऊ ... (ठूलो स्वरको चीत्कार)
पुजारी, भण्डारी ब्राह्मणहरू, विश्वकर्माहरू दमाईंहरू
अघि फाँडेर पछि हानेर
बहिनीका पाउको सेवा गरेर
नदी तरी दुर्गम्य शिखर चढी
कहाँबाट कहाँ पुगेर
पानीको सामल बतासका लुगा
कँढाका ओछ्यान, ढुङ्गाको सिरानी
पछिपछि लागेर
कहाँबाट कहाँ आइपुगें भक्त हो, देखेकै छौं

२. के भनेर बोलूँ भक्त हो
के भनेर कुरा गर्नथालूँ
तीनै युगको हुँ भनेर
सत्य युगको हुँ भनेर
जान्ने सबै छौ मान्ने सबै छौ
तीनै लोक र चौद्धवटै भुवन
जलमा हामी थलमा हामी
डाँडामा हामी पहरामा हामी
एकाग्र भएर सभ्य एवम् शान्त बनेर उपासना गर
सोचेसम्झेको पूरा गर्ने म छँदैछु

३. रोगीको रोग र दोषीको दोष
मैलै नाश गरेकै छु मैले समाप्त गरेकै छु
माटाको स्वामी थलाको स्वामी
मलाई सम्झेर आयौ मलाई मानेर आयौ
हितैषी तिमीहरूको मित्र तिमीहरूको
जहाँ तिमीहरू जान्छौ त्यहीं म पुग्छु
पूजासामग्री तिमीहरूले सधैं दिएकै छौ
पूजासामग्री मैलै सधैं लिएकै छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

४. आहा पुजऱ्या, आहा भणऱ्या
आहा ताकलाउ, मुस्याउ, धौल्याउ
हुना त मैंले तमरा पछि हिट्ट
कैल छाड्या छु रे
जा पै लाउ
ऐल्लैवटि तमरा
आगा हाणी पाछा पडी
तम सुच्चिम राख्द्या
म छनाइँछु लाउ
म छनाइँछु क्या ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

४. अहा ! पुजारी, अहा ! भण्डारी
अहा ! ब्राह्मणहरू, विश्वकर्माहरू, दमाईंहरू
हुन त मैले तिमीहरूका पछाडि हिँड्न
कहिले छोडेको छु र
जाऊ त भक्त हो
अहिलेदेखि नै तिमीहरूका
अघिको बाटो खोलेर पछि परेर
तिमीहरूलाई सुरक्षित राख्ने
म छँदैछु भक्तहरू हो
म छँदैछु नि ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चौथो अध्याय
उपसंहार

नेपाल अधिराज्यभरि कुलदेवताका रूपमा मानिने र पुजिने मस्टा देवताको परम्परा नेपाली धार्मिक सांस्कृतिक र सामाजिक रितिथितिको प्रतीक वनेर चल्दै आएको छ । पश्चिमवाट बसाइँ सर्दै पूर्वतिर उन्मुख भएका आफ्ना उपासकहरूसँग साथसाथ हिंड्ने क्रममा यो अधिराज्यभरि फैलिएको देखिन्छ । यसको मूल थलो मानसरोवर र त्यसपछिको केन्द्रभूमि खप्तड एवम् सुदूर पश्चिमाञ्चलको महाभारत पर्वतको शिखर हो तापनि बिस्तारै यस क्षेत्रको मध्य पर्वतीय भूभागलाई वासस्थान वनाई सोही प्रकृतिका पहाडी वस्तीमा पूर्व र पश्चिमतिर यो उन्मुख भएको वुभिन्छ । त्यसैले भूवनोटका दृष्टिले समान देखिने नेपाल र भारतका समानान्तर रेखामा रहेका ठाउँमा यसका थानहरू पाइन्छन् । सिङ्गो यस मध्यपर्वतीय क्षेत्रको रैथाने देवता बनेर यसले ख्याति पाउँदै आएको छ ।

समीक्ष्य क्षेत्रका विविध जातजाति र भाषाभाषीसमुदायका बीच सम्बन्धसूत्र कायम गरी एकताको सन्देश दिने आधार पनि यो वनेको छ । वाहुन, छेत्री, सन्यासी, दमाईं, कामी, सार्कीलगायतका सबै जातिको कुलदेवता वनेर साझा आस्था आर्जन गर्नमा सफल यसले विभिन्न जातिमा पारस्परिक मित्रता, प्रेम, समभदारी र एकता सुदृढ गरेर सामाजिक शान्ति सुस्थिर तुल्याउने काम गरेको छ । कुलका स्वामीलाई मान्नुपर्ने, पूर्वजहरूप्रति श्रद्धा गर्नुपर्ने र पितृहरूप्रति आस्थावान् बन्नुपर्ने सन्देश पनि यसले जनजनमा पुऱ्याउन खोजेको देखिन्छ । साथै अभिभावक बन्नेले आफ्नो आश्रयमा वस्नेहरूको संरक्षणप्रति सदा सतर्क र संवेदनशील हुनुपर्ने पाठ पनि यसले आफ्ना कार्यव्यापारवाट उदाहरणसहित सिकाएको छ । सोही कार्यव्यापारका कारण यसलाई छेत्रपाल अर्थात् आफ्ना अधीनका क्षेत्रको सुरक्षा गर्ने देवता भनिन्छ । यो आफ्ना उपासकहरूभन्दा टाढा रहँदैन र दुःखसुख, आँसुहाँसो, गाह्रोसजिलो जुनसुकै स्थितिमा पनि साथ दिन यसले छोड्दैन भनिन्छ । भक्तहरू जहाँ जान्छन् यो पनि सियोसित धागो हिंडेझैं पछिपछि लाग्दछ भन्ने विश्वास गरिन्छ । त्यसैले उपासकहरूको वंशवृद्धि हुँदै जाँदा थपिएका नयाँनयाँ वस्तीमा यसले पनि अनुगमन गर्दा ठाउँठाउँमा यसका थान थपिएका हुन् र तिनै थानहरू ठाउँको नामका आधारमा यसका भाइ वनाइएका हुन् भन्ने जनश्रुति छ । वास्तवमा ती सबै थान यसका भाइ वा विविधरूप नभएर यसका उपासकहरूको वस्तीविस्तारका प्रतीक हुन् । यसले आफ्ना

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भक्तहरूलाई संरक्षण दिन छोड्दैन भन्नुभन्दा यसका भक्तहरूमा पाइने यसप्रतिको अगाध आस्थाका कारण जहाँ रहे पनि जहाँ गए पनि भक्तहरू यसलाई सम्झन, मान्न र पुज्न नछोड्ने हुँदा आफ्ना डेरा होस् वा बस्तीमा होस् सर्वत्र यसका थान राख्दछन् भन्नु बढी समीचीन हुन्छ।

यसप्रतिको सम्मान र भरोसा यसका भक्तहरू कतिसम्म गर्दछन् भने जहाँ रहे पनि आफ्नो साथमा संरक्षकीय दायित्व निर्वाह गर्ने साख्खै बाबु, साख्खै काका, साख्खै दाजु वा ज्यादै नजिकको अभभिावक उभिएझैं गरी यसको उपस्थिति रहने कुरामा गाढा विश्वास गर्दछन्। तसर्थ मस्टा यस क्षेत्रको देवता मात्र नभएर सामाजिक सांस्कृतिक परम्पराको एउटा संस्था हो, सम्प्रदाय हो, जीवनपद्धति हो, आस्थाकेन्द्र हो, आशाभरोसाको प्रतीक हो र व्यावहारिक दर्शन, पथ, वाद वा सिद्धान्त पनि हो।

भगवान् शङ्कर र दुर्गा भवानीको प्रमुख गण मानिने यो मूलतः सात्त्विक देवता हो, तापनि रक्तवलिभोग लिने दुर्गा भवानीका सान्निध्यमा रहने हुनाले सोही भोग यसमा पनि चढाउने क्रममा यसलाई रक्तवलिभोगी बनाइएको वुझिन्छ। फलस्वरूप भगवान् शङ्करको गण मानिने सात्त्विक भोग लिने एउटा र दुर्गा भवानीको गण मानिने रक्तवलिभोगी अर्को गरी यसका दुइटा भेद कालान्तरमा प्रचलित भएका देखिन्छन्। अझ तिनमा पनि स्थानभेद बढ्न जाँदा दूधे, लडे, दाडे र खापडे गरी थप चार भाइ तथा तिनमा पनि प्रत्येकका बाह्रबाह्रवटा भाइ भनेर ठाउँ ठाँउमा राखिएका मस्टाका थानहरू जोडी जम्मा अठचालीसवटा भेदहरू पुऱ्याइएको पाइन्छ। वास्तवमा भोगभेद, स्थानभेद र पूजनप्रक्रियाका भेदहरू छुट्याएर जतिसुकै सङ्ख्यामा यसका भाइहरूको गणना गरे पनि मूलतः यो एउटै देवता हो, शिव तथा शक्तिको मुख्य गणका रूपमा चर्चित यसको समग्र नाम एउटै हो। यसको त्यो नाम मस्टाका नामले चर्चित छ। विवेच्य प्रदेशका विभिन्न क्षेत्रमा रहने यसको प्रभावको चर्चाबाट यसको परिचय थप स्पष्ट गर्न यहाँ मस्टापरम्पराका मूलभूत विशेषता र निष्कर्ष शीर्षक दिइएको छ।

४.१ मस्टा परम्पराका मूलभूत विशेषता

अत्यधिक शक्तिले सम्पन्न तत्त्वका साथै मानवकल्याणमा समर्पित देखिने सूर्य, चन्द्र, पृथ्वी, आकाश धर्ती, नदीनाला, पहाड, वृक्ष, वायु, अग्नि, जल, फल, पशु, पक्षीजस्ता विविध पक्षलाई देवता मान्ने चलन मानव समाजमा यत्र तत्र सर्वत्र पाइएझैं समीक्ष्य क्षेत्रमा पनि प्रचलित पाइन्छ। यस्तै तत्त्वमध्येको एउटा शक्ति मस्टा पनि हो। यस प्रदेशमा देवतै देवता बस्ने विश्वास गरिन्छ। जीवनजगत्का लगभग सबैजसो ठाउँमा देवताको वास हुने कुरामा अविचल रहने यहाँको जनमानसले आफ्नो गाउँबस्तीका प्रत्येक

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

बाटाघाटा, नदीनाला, वनजङ्गल, खेतगरा, घरआँगन, वृक्षवनस्पति, भिरपाखा सबैतिर कुनै नकुनै देवताको थान रहेका कुरा स्वीकार गर्दछ र निश्चित तिथिमिति पारेर तिनको पूजा गर्दछ । साथै ती सबै देवीदेवताको पूजा नगरी जीवन चल्दैन भन्ने मान्यता व्यवहारमा लागू पनि गर्दछ । **पहाड पुजिखानू माल जुजिखानू** अर्थात् पहाडमा स्थानीय देवताको पूजा गर्न सक्यो भनेमात्र गुजारा चल्दछ भने मधेसमा प्रत्येक क्षेत्रमा सङ्घर्ष गर्नसकेमा मात्र जीवन धान्न सकिन्छ भन्ने उखानले यस परम्परालाई थप स्पष्ट पारेको छ । एउटै मस्टाका स्थानभेद र भोगभेदका गणनाद्वारा पचासौं भाइ भएका कुरा यसै सन्दर्भमा जोडिन गएका हुन् । अन्य देवताका प्रसङ्गमा पनि यही कुरा दोहोऱ्याइएको पाइन्छ । जस्तै- लाटो देवताका चौरासी भाइको चर्चाका पछाडि यही आधार देखा पर्दछ ।

दृष्ट, अनुमान र आप्तवचन तीनवटै प्रमाणबाट यहाँ मस्टाको अस्तित्व स्वीकार गरिन्छ । आँखाअगाडि दाँतले टोकेर बोका काटेको देखेपछि धामीमा अवतरण भएपश्चात् झारफुक तथा वचनबाट असाध्य दीर्घ रोग निको भएको देखेपछि, भूत र भविष्यका कुरा यथातथ्य भनेको सुनेपछि यसप्रति विश्वास उत्पन्न हुनु स्वाभाविकै हो । अझ जानी नजानी गरिएका गल्तीको छानबिन गरी कडा सजाय दिने न्यायदाताका रूपमा यसले जिम्मेवारी लिएको देखेपछि यसबाट डर्नु पनि त्यत्तिकै स्वाभाविकता हो । संरक्षण दिने तथा सन्मार्गमा सहयोग गर्नेजस्ता राम्रा पक्षमा देवता देखिए पनि ज्यान लिने, सार्वजनिक रूपमा दण्ड दिने र सानातिना गल्तीमा आवश्यकताभन्दा ज्यादा कठोर सजाय सुनाउने यसका कतिपय कार्य क्रूर, निर्दयी र अमानवीय पनि देखिन्छन् । त्यसो भए पनि नराम्राभन्दा राम्रा कार्यको मात्रा अधिक देखिने हुनाले यसप्रति जनसामान्य डर्नुभन्दा ज्यादा आशाभरोसा गर्दछ र गल्तीमा डाँटफट्कार तथा सत्कार्यमा स्याबासी दिने अभिभावकलाई झैं श्रद्धा, भक्ति एवम् विश्वासको भाव प्रकट गर्दछ ।

यसको परम्पराका विविध पक्षको समीक्षात्मक संक्षिप्त विवेचना गरी यसको स्पष्ट पहिचान दिन धार्मिक विशेषता, सांस्कृतिक विशेषता, ऐतिहासिक विशेषता, सामाजिक विशेषता, भाषिक विशेषता र साहित्यिक विशेषता शीर्षक चयन गरिएको छ । यी विशेषताहरूमा यसका गुणैगुणमात्र नभएर दोषहरूको पनि उल्लेख गरिएको छ ।

४.१.१ धार्मिक विशेषता

सनातन परम्पराको अनुसरण गर्ने जनसमुदायमा बढीमात्रामा यो प्रचलित भएको देख्दा यसलाई वैदिक पौराणिक कालदेखि चलिआएको मान्यताका रूपमा बुझ्नुपर्ने अवस्था आउँछ । **पिशाचो गुह्यकः सिद्धोः**

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भूतोऽमी देवयोनयः भन्ने अमरकोशको वचनका (सिंह, २०२६ : ५) आधारमा पनि वैदिक पौराणिक देवताकै अङ्गका रूपमा यसको अस्तित्व मान्नुपर्ने हुन्छ । अझ भगवान् शङ्कर र देवी दुर्गाको अनन्य भक्त तथा विशेष गण मान्दामान्दै पनि भगवान् रामका सेवक हनुमानलाई दैवी शक्तिकै अवतार मानेझैं यसलाई गण वा सेवकभन्दा अलौकिक शक्ति वा दैवी शक्ति नै मानिन्छ । यी सबै कारणबाट यसको प्राचीनतालाई वैदिक पौराणिक युगसम्म पुऱ्याई सनातन परम्पराभित्रकै एउटा धार्मिक पक्षमा समाहित गरेर बुझ्नु सकिन्छ । त्यसो हुँदाहुँदै पनि यसमा देखिने मौलिक स्वभाव, नेपालीपन र अझ निख्खर डोटेलीपन वा स्थानीय परिवेश झल्कने चलनका कारण यसलाई छुट्टै सम्प्रदायका रूपमा बुझ्नुपर्ने देखिन्छ । वैदिक र पौराणिक धारमा रहँदारहँदै पनि अलग्गै प्रवाहमा बगेको स्वतन्त्र सम्प्रदाय नै यसको धार्मिक वैशिष्ट्य हो ।

मनले चिताए पुग्ने, सुखदु:खमा सम्झनामात्र गरे पनि सहयोगी बनेर उपस्थित हुने, पूजाआजाका प्रक्रिया ज्यादै सरल, सहज र विवरणविहीन हुने र कर्मकाण्डीय मन्त्रको प्रयोगबिना अक्षत र पाती चढाएर वर्षमा एक दिन उपासना गरे पनि पुग्नेजस्ता अनेकौं थप निजत्व यसका देखिन्छन् । ऐच्छिक रूपमा यसको संस्मरण जहाँ रहेबसे पनि, जहिले पनि, जुनसुकै अवस्थामा पनि गर्न सकिन्छ । साँझविहान र दिउँसोका त्रिसन्ध्य पूजा यसले खोज्दैन । हो, वार्षिक, १२ वर्से र १४४ वर्से विशेष पूजाको परिपाटीका साथै षाण्मासिक, त्रैमासिक तथा खासअवसरका अतिरिक्त पूजाद्वारा यसप्रतिको आस्था प्रकट गर्ने चलन छ, तर प्रतिदिन सारा काम छोडेर विहान, बेलुकी र दिउँसो तीनै पहरमा अन्य देवीदेवताका मन्दिरमा झैं यसका माडौं वा थानमा पूजा गरिरहनु पर्दैन ।

यसले सत्कार्य मन पराउँछ । तोकिएका तिथिमितिमा उपासकहरूले आफूलाई सम्झून् र आफ्नाप्रति चोखो हृदयले समर्पित होऊन् भन्ने पनि यसले चाहन्छ । साथै स्वयम् निर्धारित अवसरमा आराध्य देवीदेवताप्रति श्रद्धासुमन अर्पण गर्दछ । यस किसिमका कार्यबाट यसको अनुशासनप्रियताको परिचय मिल्दछ । धर्म भनेको पूजापाठ मात्र नभएर, शङ्खघण्ट बजाएर भगवन्नामसङ्कीर्तनमात्र नभएर, अक्षत र पाती चढाउने प्रक्रियामात्र नभएर मान्यजनप्रति श्रद्धा राख्नु, आश्रितप्रति स्नेह गर्नु, संयममा बस्नु, चोखो रहनु र अनुशासित हुनु हो भन्ने पाठ यसको परम्पराबाट बुझ्न सकिन्छ । चोरी, डकैती, ठगी र लुटबाट अर्जित वस्तु चढाउँदा यसका कार्यकर्तामध्येका कुनै पनि व्यक्तिले कामेर फालिदिने स्वीकार नगर्ने चलनको अध्ययन गर्दा पनि यो कुरा स्पष्ट हुन्छ । यसरी सनातन परम्पराभित्र रहँदारहँदै पनि विविध धार्मिक

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पक्षमा पर्याप्त मौलिकता रहेको चलनका रूपमा प्रस्तुत क्षेत्रको मस्टा परम्परा देखिन्छ ।

४.१.२ सांस्कृतिक विशेषता

नेपाली संस्कृतिका अनेकौं निजत्वमध्येको एउटा निजत्व मस्टा परम्परा हो । जातीय रीतिरिवाजवमोजिम देवीदेवताका आनीबानी, ठाउँ र माटोसुहाउँदो देवता प्रचलनमा ल्याउनु समीक्ष्य क्षेत्रको सांस्कृतिक वैशिष्ट्य हो भने मस्टापरम्परा सोही वैशिष्ट्यको एउटा नमुना हो । निश्चय नै देवताको तहमा बस्ने कुनै पनि तत्त्वले कसैको ज्यान मारेर रगत पिउने काम गर्दैन । त्यस्तो निन्द्य कर्म दैवी वृत्ति नभएर राक्षसी प्रवृत्ति हो । उपासकहरूले विशेष मन पराउने भोजन देवतामा चढाई आफूले झैं देवताले पनि इच्छाभोजन पाउँदा प्रसन्नता प्राप्त गर्ने सम्झेर आस्था प्रकट गर्ने परिपाटी व्यवहारमा लागू भएपछि वलि प्रथा प्रचलित भएको बुझिन्छ । मस्टामा दिइने वलिको चलन हेर्दा यो कुरा अझ स्पष्ट हुन्छ । मांसाहारी भक्तको बस्ती अधिक भएको समाज र देवी दुर्गाको उपासनालाई सर्वोपरि महत्त्व दिने क्षत्रिय तथा अन्य जातिका वस्तीमा लडे मस्टा रक्तवलिभोगी हुन्छ भने शाकाहारी उपासकहरूको वस्ती ज्यादा भएको समाज र भगवान् शङ्करको आराधनालाई उच्च प्राथमिकता दिने व्राह्मण, सन्यासी तथा अन्य जातिको समाजमा उही लडे मस्टा सात्त्विक बनाइएको देखिन्छ । अन्यत्रका गणेश भगवान् सात्त्विक र काठमाडौं उपत्यकाका गणेश भगवान् चाहिं मांसाहारी बनाइएजस्तै यस क्षेत्रका मस्टाहरू पनि उपासकका शाकाहार तथा मांसाहार भेदमुताविक भिन्नभिन्न प्रकृतिमा विभाजित देखिन्छन् ।

जन्म दिने, स्याहारसुसार गरी हुर्काउने, सांसारिक जीवन सिकाउने, भौतिक धनसम्पत्ति दिने, यावत् वाधाव्यवधानवाट वचाएर संरक्षण प्रदान गर्ने र सदा हित चिताई कल्याण गर्ने साख्खै आमावावुझैं यसले पनि कुलदेवताका रूपमा पुज्ने उपासकलाई मात्र सुरक्षा दिने नभएर समग्र सृष्टिको रेखदेख वा सुरक्षा गर्ने विश्वास लिइने हुँदा स्थानीय निवासी प्रगाढ भक्तिपूर्वक यसप्रति नतमस्तक हुन्छन् । यसलाई मान्ने र पुज्ने चलनले पितृपूजाका परम्पराको झल्को दिन्छ । यसको उपासनामा भक्तहरू आमावावु, वाजेवज्यै र आआफ्ना पितृगणको प्रत्यक्ष सेवा गरेझैं हृदयत: भक्तिभावमा लीन भएका देखिन्छन् ।

ईश्वरप्रति आवश्यकताभन्दा वढी विश्वास गर्नु र भाग्यमा चाहिनेभन्दा वढी भरोसा गर्नु अवश्य पनि अन्धभक्ति हो । यस्तो मान्यताले कर्मक्षेत्रमा सङ्घर्ष गर्नका सट्टा व्यक्तिलाई लाचार, निरीह एवम् कमजोर वनाउँछ । त्यसो भएर पनि रातदिन एक गरेर परिश्रम गर्दा, निश्चित उद्देश्य प्राप्तिका लागि सारा सपना र जपनाहरूलाई एकोहोऱ्याउँदा र निरन्तर

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

साधनामा रत रहँदा पनि वाञ्छित मनोरथ न्यूनतम अंशमा समेत पूरा नभएपछि मन बुझाउने सजिलो उपायको खोजीबाट पनि यो मान्यता उत्पन्न भएको बुझिन्छ ।

समान चलन अपनाउने, समान देवताको पूजा गर्ने र समान ठाउँमा बसोवास गर्ने भिन्नभिन्न जाति तथा वर्गका बीच समझदारी, प्रेम, सहयोग र मित्रता कायम गराउनु यसको अर्को सांस्कृतिक विशेषता हो । आधुनिकताको गाढा चस्मा खोज्ने आँखाहरूले जतिसुकै रुढिवादी, अन्धविश्वासी र पछौटे परम्पराका रूपमा हेरे पनि यसका अधिकतर चलन र तिनले सिर्जेका व्यवहारले सामाजिक संरचना मजबुत तुल्याई वस्तीवस्तीमा पारस्परिक एकता तथा शक्ति कायम गर्नमा निकै ठूलो भूमिका खेलेको देखिन्छ । यो नै यसको प्रमुख सांस्कृतिक वैशिष्ट्य हो ।

४.१.३ ऐतिहासिक विशेषता

यो नेपालीहरूको जातीय देवता हो । त्यसो त छिमेकी मुलुकका बासिन्दाहरूले पनि यसलाई कुलदेवताका रूपमा पुज्दछन्, तर पनि ठाउँको बिस्तार तथा भक्तहरूको आधिक्यका दृष्टिले हेर्दा नेपालमा जस्ता यसका गहिरा जरा अन्यत्र पाइँदैनन् । त्यसैले यसलाई नेपालको रैथाने देवता भनिन्छ । साथै यसका थानहरूले देखाएका बसाइ बिस्तारले मध्य पहाडी भूभाग नेपाली जनताले रहनबस्नका निम्ति उपयुक्त देखेझैं यसले पनि उपयुक्त देखेको कुरा सप्रमाण वताएका छन् । यसबाट उपासकहरूका साथसाथ हिंड्ने र संरक्षण दिने देवताका रूपमा यसलाई चिन्न सकिन्छ ।

यसको उत्पत्ति र विस्तारको इतिहासले यसका बारेमा मात्र नबताएर समस्त नेपालीहरूको वसोवास प्रक्रियाको अतीत पनि खोतलेको छ । कैलाशपति भगवान् शङ्कर तथा भगवती दुर्गाका आदेशानुसार मानसरोवर क्षेत्रबाट यो लोककल्याणका लागि खप्तड र डोटी प्रदेशको उच्च शैलक्षेत्रमा आएपछि यसले वहन गरेको जिम्मेवारीबाट जनसामान्यले यसलाई कुलदेवता मानेर पुज्न थालेका हुन् । अर्कातिर सो क्षेत्रमा आफ्ना परमाराध्य देवदेवी शिव र शक्तिका पीठहरूको स्थापना एवम् विकासमा पनि यसले निभाएको योगदान थप महत्त्वपूर्ण रहेको देखिन्छ । मानसरोवरका नजिकनजिकै रहेको हुनाले यस क्षेत्रलाई कैलाशभूमिकै रूपमा चर्चित एवम् पवित्र तुल्याउनका लागि सक्रिय रहेको यसले शिव र शक्तिका मूल्य र मान्यताहरू स्थापित गर्ने काममात्र नगरेर निरन्तरको सक्रियता एवम् समर्पणद्वारा जनकल्याणकारी कार्य गरेर आफूलाई पनि प्रसिद्धिका उंचाइमा पुऱ्याएको बुझिन्छ । तसर्थ यसको संरक्षण पाएर यसलाई कुलका स्वामी मान्नेहरूको सङ्ख्या एकातिर बढ्न थाल्यो भने कुलकै स्वामी नमाने पनि आराध्य देवताका रूपमा यसलाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पुज्नेहरूको सङ्ख्या पनि अर्कातिर वढ्न थाल्यो । यसको प्रभाव कतिसम्म वलियो देखियो भने अन्य देवतालाई कुलका स्वामी मान्नेहरूले यसलाई विशेष महत्त्वका साथ पुज्ने समाजमा वसाइँ सर्दा केही समयभित्रै परम्परागत कुलदेवतालाई छोडेर यसलाई कुलदेवता वनाउन थाले ।

यसका इतिहासको अर्को विशेषता आफ्ना उपासकहरूको वस्तीविस्तारको इतिहास वताउनु पनि हो । यसवाट नेपाली जातिको विकास र विस्तारको क्रम वुझ्न पनि सजिलो हुने देखिन्छ । कैलाशवाट खप्तड, खप्तडवाट डोटी प्रदेशका उच्च शिखर, शिखरवाट मध्य पर्वतीय क्षेत्र, त्यहाँवाट क्रमशः गन्यापको शिखर, दानकोट, पस्से, डोटी, वैतडी, दार्चुला, पश्चिमी चौकी, पूर्वी चौकी, अछाम, वझाङ, वाजुरा, जुम्ला, हुम्ला, कालीकोट, मुगु, दुल्लु, दैलेख, सुर्खेत, रुकम, रोल्पा हुँदै धौलागिरी, गण्डकी, नारायणी, वागमती हुँदै पूर्वतिर उन्मुख भएर दार्जिलिङ, सिक्किम र भुटानसम्म यसको विस्तार भएको थाहा हुन्छ । कुनै व्यक्तिले ठाउँठाउँ विचरण गर्दै वस्दै गरेको हो किझैं लाग्ने वसाइँविस्तार यसको देखिन्छ । वास्तवमा त्यसो नभएर यसलाई कुलदेवता मान्ने जाति, वर्ग र सम्प्रदायका व्यक्तिको वंश वढ्दै गएपछि जहाँजहाँ गई वस्न थाले त्यहाँत्यहाँ तिनले आफ्नो संरक्षक मानिने यस देवताका थानहरू वनाउँदै गएका कारण यसका थानहरूको विस्तार भएको वुझिन्छ । तिनै थानका आधारमा विभिन्न ठाउँका मस्टाहरू भाइभाइ भएका कुरा पनि यहाँनेर स्मरणीय वन्दछन् । फलतः ठाउँको नामका आधारमा नामकरण गरिएका थानहरूलाई नै नाम वनाएर मस्टाका भाइको गणना गर्ने परिपाटी चलेको देखिन्छ । जे भए पनि यसको चलनवाट एकातिर नेपाली संस्कृति र सभ्यताका प्राचीन केही घटना जनश्रुतिमा जीवित रहन सफल भएका छन् भने अर्कोतिर पश्चिमबाट क्रमिक रूपमा पूर्वाभिमुख वनेको नेपाली जातीय विकास र विस्तारका वारेमा वुझ्न निकै मद्धत पुगेको छ ।

४.१.४ सामाजिक विशेषता

कुनै पनि व्यक्ति र समाजलाई असल वनाउने पहिलो आधार समाजमा वस्ने प्रत्येक व्यक्तिको हार्दिक विशालताको भावना हो । भावनाले मस्तिष्कलाई प्रभावित तुल्याउँछ भने मस्तिष्कले व्यवहारलाई । समाज सभ्य, शान्त, सुसंस्कृत र समुन्नत तव हुन्छ जव त्यस समाजमा वस्ने सवै जना सहयोगी, संयमित, शान्त, समझदार, मिलनसार र विशालहृदयी हुन्छन् । प्रस्तुत परम्पराले जनजनलाई उपर्युक्त आचारव्यवहारमा सम्वेदनशील वनाउन सहयोग गरेको छ । यसले एक ठाउँमा वस्ने विभिन्न जातजातिलाई अनेकौं कोणवाट एकतावद्ध तुल्याउने काम गरेको छ । जुनसुकै जातजातिको कुलदेवता वन्ने यो सवैलाई उत्तिकै संरक्षण दिन्छ र भक्तिपूर्वक जसले पूजा

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

गरे पनि भोग चढाए पनि सहर्ष स्वीकार गर्दछ । समाजबाट यसले जातीय विभेद हटाउन खोजेको कुरा थाहा हुन्छ ।

चोरी, डकैती, ठगी र लुट हुन नदिनु र गलत बाटो अपनाउने वा निषेधित कार्य गर्नेलाई सार्वजनिक रूपमा दण्डित गर्नु यसले बनाउन खोजेको स्वस्थ समाजको परिचायक हो '। श्रद्धेयलाई सम्मान दिनुपर्ने, सम्मान औपचारिकताका लागि नभएर आस्थाका लागि गर्नुपर्ने, अशक्त र कमजोरवर्गको सेवा गर्नुपर्ने, आफूसँग छ भन्दैमा सामाजिक जीवनका कमजोर व्यक्तिले जीवन धान्न गाह्रो हुने गरी धनसम्पत्तिको तुजुग देखाउन नहुने, समर्थले समाजोपयोगी कार्य गर्नुपर्ने जस्ता विविध नियमको परिपालनमा यसले दिने गरेको निगरानीबाट पनि यसलाई समाजसुधारक देवता भन्नु पर्दछ । यसले रातारात चट्टान फोरेर सिंढी तयार पारी सुगम मार्ग बनाएको, ठाउँठाउँमा जलाशय, चौतारी र पौवा बनाएको र सङ्कटमा परेका व्यक्तिलाई त्राण दिएको घटनामा आधारित यसका अनेकौं किंवदन्तीहरू विवेच्य परम्पराको सामाजिक विशेषताका उदाहरण हुन् ।

संरक्षण दिनका निम्ति यसले आफ्ना भक्तहरूलाई सदा पछ्याइराखेको हुन्छ भनिन्छ । साथै आफूलाई महत्त्व दिने भक्तलाई यसले पनि महत्त्व दिन्छ भन्ने कुरामा दृढ विश्वास गरिन्छ । त्यसो भए तापनि राम्रो काम गर्ने व्यक्ति छ भने कुलदेवता मानेर नपुज्ने वा अन्य कुनै देवतालाई कुलदेवता मान्ने भए पनि यसले स्याबासी दिन्छ र प्रशंसा गर्दछ भने नराम्रो काम गर्ने आफ्नै उपासक छ भने पनि कठोर दण्ड दिन्छ र सार्वजनिक रूपमा बदनाम गरिदिन्छ । त्यसैले यसलाई निष्पक्ष भएर न्याय दिने देवता भनिन्छ । यसले समाजमा अन्याय हुन दिंदैन । जाँ मुन्ठा वाँ न्याँ अर्थात् जहाँ मस्टा रहन्छ त्यहाँ न्याय हुन्छ भन्ने उखानले पनि सामाजिक स्वस्थताका निम्ति यसले गर्ने कार्यको परिचय दिएको छ ।

अचेल समाप्तप्राय: भए पनि देउकी चढाएको स्वीकार गर्ने यसको प्रवृत्तिलाई राम्रो मान्न सकिँदैन । यसैगरी मानवीय मूल्य र मान्यताका सीमावाहिर गएका देखिने कोर्रा हान्ने, कुटपिट गर्ने र असह्य शारीरिक यातना दिने यसका पुराना चलनमा सुधार ल्याई समयसापेक्ष परिवर्तन गर्ने काम पनि यसको परम्परामा देखिएका छन् । मस्टा देवता भए वा नभए पनि यस सम्प्रदायको मान्यताले समाजलाई धेरै हदसम्म व्यवस्थित, नियन्त्रित र स्वस्थ बनाई सन्तुलित राख्नमा निकै ठूलो भूमिका निभाएको छ । पूजा, उपासना र भक्तिका नाममा जोडिएका विकृतिहरूलाई हटाएर समयको गतिका साथ सुधारिनु पर्ने चलनहरूमा सुधार गर्नु र लोकमान्य रिवाजलाई यथावत् कायम गर्नु यस परम्पराका प्रमुख सामाजिक विशेषता हुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

४.१.५ भाषिक विशेषता

स्थानीय बोली वा कथ्य रूपको प्राचीनता जोगाएर राख्नु पनि यसका विविध विशेषतामध्येको एक हो । सम्भवतः खास समयमा मस्टाको धामीले कामेर वोल्ने नवुझिने भाषा समीक्ष्य प्रदेशको धेरै पहिलेको बोली हुनु पर्दछ । त्यसको स्पष्ट अध्ययन नभइसकेकोले यस विषयमा ठोस निर्णय दिन सकिँदैन, तापनि चलनचल्तीको बोलीचालीमा प्रयोग गरिने भाषामा नपाइने अनेकौं शव्दहरू कामिसकेपछि धामीले वोल्दा सुनिने भएकाले भाषिक इतिहासको सुरक्षा पनि यस परम्पराबाट भएको कुरा सप्रमाण व्यक्त गर्न सकिन्छ । हाल प्रचलनमा नरहेका र कुनै समयमा वोलिने **छत्रर्‍या** अर्थात् छत्रपति वा राजा अथवा ठकुरी, **लौड्या** अर्थात् क्षत्रिय, **पुजर्‍या** अर्थात् पुजारी, **गणर्‍या** अर्थात् भण्डारी, **गोकर्‍या** अर्थात् भोकर वजाउने व्यक्ति, **धौल्या** अर्थात् ढोली, (**गुस्या** अर्थात् कामी, **ताकला** अर्थात् ब्राह्मण, **ताकली** अर्थात् ब्राह्मणी, **ज्वाँती** अर्थात् चेलीवेटी वा कन्या, **गैय्या** अर्थात् समकक्षी देवता, **ढामडा** अर्थात् रुपैयाँ, **पेलो** अर्थात् सुन, **जिब्ब्या** अर्थात् वचन वा बोली अथवा उपदेश, **रान्निघट्ट** अर्थात् सङ्कट, **ठेक** अर्थात् वर्षजस्ता अनेकौ शव्दहरू कामेपछि धामीले वोल्ने भाषामा प्रयोग गरिएका हुन्छन् ।

लेख्य दस्तावेजको चलन कायम गर्दै यो परम्परा उहिलेदेखि हालसम्म चलनचल्तीमा आएको भए स्पष्ट तिथिमितिको किटान गरी यसको इतिहास केलाउन सकिन्थ्यो र प्राप्त भाषिक रूपको ऐतिहासिक स्वरूप वुझ्न सकिन्थ्यो । व्यावहारिक दृष्टिले अपनाए पनि लेख्य हिसावप्रति उपेक्षा गरिएकाले भाषिक रूपको अध्ययन गरेर अनुमानका भरमा समय तोक्नुपर्ने अवस्था देखिन्छ । यस विषयमा कतिसम्म भन्न सकिन्छ भने धामीले प्रयोग गर्ने शव्दावली देवता अवतरण भएका वखत वोलिने कथ्य रूपमात्र नभएर कुनै समयको लोकजीवनले व्यवहारमा लागू गर्ने शव्दावली पनि हो । संस्कृत भाषाका तत्सम र तद्भव रूप देखिने हुँदा यी शव्दावली स्थानीय प्राचीन वोलीका अवशेष हुन् भन्ने कुरा स्पष्टतया व्यक्त गर्न सकिन्छ ।

वुडा मरे गाखा सरे अर्थात् वुढाहरू मरे पनि तिनले वोल्ने भाषा नयाँ पुस्तामा सरेर जीवित रहन्छ भनेझैं पुस्तौंपुस्ता पहिलेको वोलीका शव्दहरू जीवित राख्नमा यस चलनले ठूलो काम गरेको छ । धामी बनेको व्यक्तिले सामान्यतः गाउँठाउँ छोडेर वाहिर जान नहुने, छुवाछुतको परहेज गरी ज्यादै चोखो भएर वस्नुपर्ने तथा वेलावखत उपासकहरूलाई सङ्कट आइपर्दा उपस्थित भएर सम्वन्धित देवता अवतरण गराई आवश्यक उपचार गर्नुपर्ने जस्ता विविध नियम भएकाले यसको धामीले वाह्य भाषाको सम्पर्कमा आउने सम्भावना कम रहन्छ । साथै देवता अवतरण भएपछि चलनचल्तीको

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

बोली प्रयोग नगरी परम्परागत शब्दावलीयुक्त भाषा निजले बोल्नुपर्ने भएकाले पनि कथनमा समसामयिक बोलीले प्रवेश पाउँदैन । फलस्वरूप एउटा धामी मरेपछि नयाँ बनेको अर्को धामीले पुरानै धामीको भाषा बोल्दछ र लोकव्यवहारमा रहेको बोली प्रयोगमा आउन सक्तैन । यसरी स्थानीय बोलीमा पाइने पुराना शब्दहरूको व्यापक संरक्षण गरेर भाषालाई वाह्य प्रभावमा पर्न नदिनु पनि यसको विशेषता देखिन्छ । यस प्रकारका शब्दावलीको रूप र ध्वनितात्त्विक अध्ययनबाट सम्वन्धित क्षेत्रको प्राचीन संस्कृति, ऐतिहासिक घटनाक्रम र भाषिक विकासका प्रक्रिया बुझ्न सजिलो हुन्छ ।

४.१.६ साहित्यिक विशेषता

ईश्वर, आत्मा, प्रेम, कल्पनाजस्ता पक्ष र साहित्य यथार्थभन्दा वढी भावनामा आधारित हुने भएकाले यिनका बीचको सम्बन्ध पनि नजिकको मानिन्छ । यसरी हेर्दा मस्टा र साहित्यको सम्बन्ध पनि निकट रहेको देखिन्छ । मस्टा भन्नु नै साहित्यिक नाम हो । यसको परम्पराका पछाडि साहित्यिक भावले महत्त्वपूर्ण आधार तयार पार्ने काम गरेको छ । मस्टा भन्नासाथ जे जस्तो श्रद्धा वा भक्ति अथवा ईश्वरीय कल्पना मनमा उत्पन्न हुन्छ त्यो आफैमा गीत वा कविता तयार पार्नका लागि चाहिने पहिलो कच्चा पदार्थजस्तो सामग्री भएको कुरा बुझिन्छ । यसबाहेक पूजनअवसरका सन्दर्भमा यससित सम्बन्धित वा यसको प्रसङ्गसित आधारित सगुन, फाग, चैत, धमारी, भोलाउलो, भजन, कीर्तन, कथा र गाथाहरू जति पनि प्रयोगमा आउँछन् ती सबै यसकै नामबाट उत्पन्न भएका र यसलाई नै महत्त्व दिएर सिर्जिएका साहित्य हुन् ।

जाँतको समयमा गाइने विभिन्न गीतका अतिरिक्त यसले गरेका कार्यसित सम्वन्धित काल्पनिक होउन् वा यथार्थपरक जस्तोसुकै प्रकृतिका किंवदन्तीहरू समीक्ष्य क्षेत्रमा प्रसस्तमात्रामा प्रचलित छन् । तिनले चित्रण गर्ने घटनाक्रम, तिनलाई सुनाइने समयावधि र तिनको आकारगत स्वरूप हेर्दा कुनैलाई कथा र कुनैलाई लघुकथाका रूपमा प्रस्तुत गर्न सकिन्छ । लिखित साहित्यको विधागत विभाजनमा नजाने हो भने पनि यससँग सम्बन्धित सम्पूर्ण किंवदन्ती स्वयम्मा साहित्य देखिन्छ ।

धामीमा अवतरण भएपछि आफ्नो विषयमा यसले जे जस्ता कुरा लय मिलाएर भावात्मक शैलीमा प्रस्तुत गर्दछ त्यो पनि गीत वा कविताको समकक्षमा रहेको देखिन्छ । अझ पुछ्याइँ, धम्यौल वा सबाउलो गर्दा यसले बोल्ने भाषा तथा व्यक्त गर्ने विचार पनि सामान्य सम्वादको जस्तो नभएर कवितात्मक हुन्छ । यसका प्रत्येक क्रियाकलाप कवितात्मक हुन्छन् । समष्टिरूपमा हेर्दा यो परम्परा नै साहित्यिक देखिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यसको जाँतमा स्थानीय स्वनामधन्य गीताङ्गेहरूलाई आमन्त्रित गरेर प्रतिस्पर्धात्मक दोहोरीको आयोजना गरिन्छ । ड्यौडाको सो दोहोरीमा लोकगायकहरूको प्रतिभाप्रस्फुरण हुन्छ र नयाँ प्रतिभाले परिचय पाउने अवसर प्राप्त गर्दछ । जाँतका मुख्य कार्यक्रमबाट फुर्सद पाउनासाथ महिला तथा पुरुषका छुट्टाछुट्टै समूहमा गाइने ड्यौडाबाट वातावरण नै सङ्गीतमय वा साहित्यिक बन्दछ । लोकसाहित्यलाई यथेष्ट मलजल दिने काम यस परम्पराले गर्दै आएको छ । कालजयी नयाँनयाँ गीतहरूको सिर्जना गर्ने वातावरण तयार पार्नमा यो र यस प्रकारका चलनको ठूलो हात रहन्छ । स्थानीय चल्ले साई वा खन्टे खड्का, हँस्वा कानो, दिर्घ चुनारो, नित्वा भाटजस्ता प्रख्यात गीतकारका प्रतिभाको विकास यस्तै चलनका माध्यमबाट भएको हो ।

पुतलो गाउने, लम्मर सुनाउने र ढुस्को, चाँचरी तथा झुनमुन्याजस्ता गीतहरू गाएर मनोरञ्जन गर्ने काम पनि यसको जाँत वा पूजाका अवसरमा गरिन्छ । आफन्तसित भेटघाट, आराध्य देवताको पूजा, नयाँ व्यक्तिसित परिचय, समूहमा गायन, नवीनपरिधान, स्वादिष्ट भोजन, धामीनाचको आकर्षण, चौलो र अन्य नृत्यलगायतको चिरप्रतीक्षित रमाइलो गर्न पाइने हुँदा पूजाअर्चनाको पक्षभन्दा रामरमिताको पक्ष यसको पूजामा भारी रहेको देखिन्छ । यी सबै कार्यले साहित्यिक तृप्ति मेटाउने काम गर्दछन् । साहित्यकारहरूको काव्यात्मक सिर्जनाशीलताको परीक्षा लिनका लागि आयोजना गरिएको कुनै प्रतियोगिताजस्तो बनेर यस परिपाटीले स्थानीय लोकसाहित्यको विकास र विस्तारमा उल्लेख्य कार्य गरेको बुझिन्छ ।

यी विभिन्न कारणले गर्दा यसको साहित्यिक पक्ष पनि निकै बलियो रहेको देखिन्छ । विवेच्य क्षेत्रको लोकसाहित्य समृद्ध बन्नका पछाडि यस्तै प्रक्रिया आधार बनेको थाहा हुन्छ । नौलो साहित्यको सिर्जना र परम्परागत साहित्यको जगेर्ना एवम् संरक्षण गरी लोकजीवनलाई साहित्यिक समृद्धि दिलाउनमा यो समर्थ रहेको देखिन्छ । यस्तै कारणबाट आलोच्य प्रदेशको साहित्यमा आञ्चलिकता र प्रस्तुत परम्परामा साहित्यिकता थपिएको बुझिन्छ । यसरी साहित्यिक हेराइबाट पनि यो चलन अनेकौं विशेषताले युक्त देखिन्छ ।

४.२ निष्कर्ष

आफूमा भएका कमीकमजोरी र असमर्थताको परिपूर्तिका लागि मनुष्यले देवता मान्न सुरु गरेको कुरा थाहा हुन्छ । पछि गएर व्यक्तिले गरेका समस्त राम्रा नराम्रा कार्यको निगरानीद्वारा समाजले निषेध गरेको काम गर्नेलाई देवताले दण्ड दिने विश्वासमा लोकजीवन आबद्ध हुन थाल्यो । सोही क्रममा अनुशासन कायम गर्ने अलौकिक शक्तिका रूपमा देवताको अस्तित्व

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रहेको कुरा पनि स्वीकारियो । सम्पूर्ण सृष्टिको संरक्षण दिनका साथै सामाजिक अनुशासन बनाइराख्नमा अनवरत सक्रिय रहने शैव तथा शक्तिको सम्प्रदायका यस्तै सिलसिलामा मस्टापरम्परा पनि विकसित भएको बुझिन्छ ।

यो परिपाटी अन्धविश्वासमा आधारित देखिए पनि यसले सामाजिक सन्तुलन बनाइराख्नमा भने निकै ठूलो काम गरेको छ । कसैले कुसैमाथि थिचोमिचो गर्नु हुँदैन, चोरी गर्नु हुँदैन, ठग्नु हुँदैन, अर्काको धन लुट्नु हुँदैन र अङलाई हानिनोक्सानी हुने काम गर्नु हुँदैन, किनभने त्यस्ता क्रियाकलापबाट सामजिक शान्ति तथा पारस्परिक एकता खल्बनिन्छ भन्ने पाठ यस चलनले सिकाएको छ । जातिगत विभेदको सोच समाप्त गर्न पनि यसले उत्प्रेरित गरेको देखिन्छ । बाहुनको पनि कुलदेवता बन्नु र सार्कीको पनि कुलदेवता बन्नु निकै ठूलो प्रगतिशील कार्य हो । स्थानीय अन्य देवता यति ज्यादा उदार बनेका देखिँदैनन् । यो नेपालीहरूको जातीय देवता हो ।

आर्य अनार्य सम्प्रदायका अनेकौं जातजातिको कुलदेवता बनेर यो नेपाल अधिराज्यभरि व्याप्त भएको छ । जन्मका आधारमा सानोठूलो हुने, जातका भरमा समर्थ र कमजोर मान्ने र सामाजिक कार्य वा योगदानको उपेक्षा गर्ने चिन्तनका ठीक विपक्षमा उभिएर यसले मानवतालाई र व्यक्तिका कार्यगत योगदानलाई महत्त्व दिएको बुझिन्छ । निश्चय नै यसको उपासना गरिने क्षेत्रमा जातिगत भेदभाव समाप्त भएको र कामका आधारमा व्यक्तिको मूल्य निर्धारण गर्ने व्यवस्था स्थिर भएको देखिँदैन तापनि अन्य देवीदेवताको क्षेत्रभन्दा यस प्रकारको सन्तुलन यसको प्रभावक्षेत्रमा बढी देखिन्छ ।

देवताका रूपमा जनजनले यथेष्ट श्रद्धापूर्वक यसको पूजा गरे पनि यसका कार्यव्यापार हेर्दा भगवान् शङ्कर तथा माता दुर्गा भवानीलाई आराध्य मान्ने र समाजसेवालाई सर्वोपरि महत्त्व दिएर लोककल्याणमा समर्पित भई आफ्नो सुखसुविधा वा हितपट्टि उपेक्षाभाव राख्ने महामना यो कुनै योगीजस्तो देखिन्छ । स्थानीय जनसाधारणको जीवनसुहाउँदो रहनसहन, खानपान, बोलीव्यवहार तथा आचारविचार यसले अवलम्बन गर्दछ भनिन्छ । आफूजस्तै यसलाई देख्ने हुँदा उपासकहरू आफ्ना आहारविहारअनुरूपका भोग यसमा निवेदन गर्दछन् । मांसाहारीले रक्तबलि दिने र शाकाहारीले हविष्य भोग दिने चलन चल्नका साथै यसलाई सात्त्विक र तामसी दुवै किसिमको पारिनका पछाडि लोकको साथमा हिँड्ने यसको प्रकृति कारण बनेको देखिन्छ ।

यसको उपासना पनि सरल छ । कर्मकाण्डका जटिलताबाट गुज्रिनुपर्ने अवस्था यसको पूजामा देखिँदैन । सामान्य अक्षता र पाती चढाएर चोखो मनले चिताए यसले समस्त विधि पुऱ्याएर पूजा गरेको सम्झन्छ । प्रत्येक भक्तका दुःखसुखमा साथ दिने यो निकटतम अभिभावकले आश्रय

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दिएभैं गरी सदा सहयोगी बनेको हुन्छ भनिन्छ । यो कुरा धामीमा अवतरण भएका बखत यसले भन्दछ पनि । आर्य, अनार्य, तागाधारी, मतवाली, ब्राह्मण, शूद्र, ठूलो, सानो जात, भात केही नभनेर सबैलाई उत्तिकै स्नेह र उत्तिकै सुरक्षा दिनु यसको उदाहरणीय व्यवहार हो ।

पितृपूजाको परिपाटी यसको परम्परावाट चलेको जस्तो देखिन्छ । सदा साथ दिने र सधैं माया गर्ने काम पितृहरूले गर्दछन् । त्यसैले तिनका प्रति कृतज्ञता प्रकट गर्नका निम्ति जीवित सन्ततिले तिनको पूजा गर्दछन्, तिनलाई मान्दछन् । मस्टाको मान्यता पनि यस्तै प्रकृतिको देखिन्छ । यिनै विविध कारणले मस्टा परम्पराको गढका रूपमा रहेको यो क्षेत्र मस्टापथ वा मस्टा सम्प्रदायको प्रवल अनुयायी बनेको छ । साथै मस्टाले पनि यस प्रदेशलाई केन्द्रविन्दु वनाएर पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर फैलिई आफ्नो प्रभाव चतुर्दिक् विस्तारमा फैलाउन सफल भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri. Funding:

परिशिष्ट

क. गायक तथा सूचकहरूको परिचय तथा उहाँहरूबाट प्राप्त सामग्रीको विवरण

क.सं.	नाम	उमेर	पेसा	ठेगाना	शैक्षिक योग्यता	सूचित गरेका गीतको क्रमसङ्ख्या
१.	चन्द्रदेव अवस्थी	६४	कृषि र पुरोहित्याइँ	जिजोडामाडौं गा.वि.स., वडा नं.७, सुन्ड गाउँ, डोटी जिल्ला, से.अ.	राम्ररी लेखपढ गर्नसक्ने, पूर्व प्रा. वि. शिक्षक	मस्टाका बारेमा विविध जानकारी ।
२	चेतराज पन्त	४९	कृषि	जिजोडामाडौं गा.वि.स., वडा नं. ८, जैनोली गाउँ, डोटी जिल्ला, से. अ.	कक्षा ८ उत्तीर्ण	मस्टाका बारेमा विविध जानकारी ।
३	थेपडे ढोली	७५	कृषि	पचनाली गा.वि.स., वडा नं.३, अतुराली, डोटी जिल्ला, से.अ.	साक्षर	मस्टाका बारेमा विविध जानकारी ।
४	नवराज पन्त	५६	शिक्षण	जिजोडामाडौं गा.वि.स., वडा नं.८, जैनोली गाउँ, डोटी जिल्ला, से.अ.	प्रवेशिका परीक्षा उत्तीर्ण, प्रा.वि.शिक्षक	मस्टा र मस्टाका गीतका बारेमा विविध जानकारी ।
५	पशुपतिदेवी ओझा	६०	कृषि	तिजाली गा.वि.स., वडा नं.१, तिजाली गाउँ, डोटी जिल्ला, से. अ.	निरक्षर	मस्टा र मस्टाका गीतका बारेमा विविध जानकारी ।
६	प्रेमशङ्कर भट्ट	५०	उद्योग	सिलगढी-दिपायल नगरपालिका वडानं. १, सिलगाउँ, डोटी जिल्ला, से.अ.	स्नातक तह उत्तीर्ण	मस्टाका बारेमा विविध जानकारी ।
७	यज्ञराज पन्त	६१	प्राध्यापन	जिजोडामाडौं गा.वि.स. वडा नं. १, उच्चाकोट गाउँ, डोटी जिल्ला, से. अ.	विद्यावारिधि	मस्टाका बारेमा विविध जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

ख. सन्दर्भसामग्रीसूची

१. अमरसिंह, *अमरकोशः*, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं.२०२६ ।

२. आर.डी 'प्रभास' चटौत (सम्पा.) *डोट्याली वृहत् शब्दकोश*, काठमाडौं : बेलु-विश्व स्मृति प्रतिष्ठान, वि.सं. २०५८ ।

३. ई.एस्. ओक्ले एन्ड तारादत्त गैरोला, *हिमालयन फोकलोर*, काठमाडौं : रत्नपुस्तक भण्डार,सन् १९७७ ।

४. ई.टी एट्किन्सन, *कुमाउँ हिल्स*, दिल्ली : कम्पो पब्लिकेसन्स, सन् १९७४ ।

५. कृष्णप्रसाद पराजुली, *नेपाली लोकगीतको आलोक*, काठमाडौं : वीणा प्रकाशन प्रा.लि., वि.सं. २०५७ ।

६. गुड्डी पन्त, "डोटेली समाजका वार्षिक चाडपर्व", एम्.ए. समाजशास्त्रको शोधपत्र, कीर्तिपुर, काठमाडौं : त्रि.वि., कीर्तिपुर व. क्याम्पस, समाजशास्त्र शिक्षण समिति, वि.सं. २०४६ ।

७. चूडामणि बन्धु, *नेपाली लोकसाहित्य*, काठमाडौं : एकता बुक्स, वि.सं. २०५८ ।

८. जयराज पन्त *अँजुलीभरि सगुन पोल्टाभरि फाग*, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं. २०५५ ।

९. __________, 'मस्टा : डोटी क्षेत्रका प्रसिद्ध स्थानीय देवता' (नेपाली लोकवार्ता तथा संस्कृति समाजको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत अप्रकाशित कार्यपत्र), काठमाडौं : नेपाली लोकवार्ता तथा संस्कृति समाज, वि.सं. २०६१ ।

१०. __________, 'सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा भाषा तथा संस्कृतिको विकास', *देवाटवी*, वर्ष ४, अङ्क ४, काठमाडौं : डोटेली समाज, , वि.सं. २०६० ।

११. __________, 'संस्कृतिः डोटेली संस्कृति', *देवाटवी*, वर्ष १, अङ्क १, काठमाडौं : डोटेली समाज, वि.सं. २०४७ ।

१२. जीवेन्द्रदेव गिरी, *लोकसाहित्यको अवलोकन*, काठमाडौं : एकता प्रकाशन, वि.सं. २०५७ ।

१३. तेजप्रकाश श्रेष्ठ, *अछामी लोकसाहित्य*, काठमाडौं : रत्नपुस्तक भण्डार, वि.सं. २०४४ ।

१४. देवकान्त पन्त (सम्पा.), *डोटेली लोकसाहित्यः एक अध्ययन*, काठमाडौं : त्रि.वि.,ने.ए.अ.सं., वि.सं. २०३२ ।

१५. नेसनल प्लानिङ्ग कमिसन, *स्ट्याटिस्टिकल पकेट बुक*, काठमाडौं : सेन्ट्रल ब्युरो अफ स्ट्याटिस्टिक्स, सन् २००२ ।

१६ पूर्णप्रकाश नेपाल 'यात्री' *भेरी लोकसाहित्य*, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं. २०४१ ।

१७. __________, 'मस्टो', *नेपाली संस्कृति*, वर्ष २, अङ्क २, काठमाडौं : सांस्कृतिक संस्थान, वि.सं. २०४३ ।

१८. प्रदीप रिमाल, *कर्णाली लोकसंस्कृति*, खण्ड-५, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं.२०२८ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri Funding:

१९. प्रयागराज शर्मा, 'पश्चिमी नेपालको हिमालयमा पुजिने केही देवताहरू तथा त्यस भेकको धार्मिकरूपको एउटा सामान्य चर्चा', *कर्णाली प्रदेश : एक बिटो अध्ययन*, जुम्ला : सामाजिक अध्ययन समुदाय, वि.सं. २०२८ ।
२०. फणीन्द्रप्रसाद पाण्डेय (सम्पा.), *सस्कृत-नेपाली वृहत् शब्दकोश*, दाङ : म.सं.वि., वि.सं. २०५७।
२१. वद्रीदत्त पाण्डे, *कुमाऊँ का इतिहास*, अल्मोडा : अल्मोडा बुक डिपो, सन् १९९० ।
२२. वालकृष्ण पोखरेल र अन्य (सम्पा.), *नेपाली वृहत् शब्दकोश*, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं.२०४० ।
२३. ____________, 'द पणिज अफ नेपाल', *नेप्लिज डेभलपमेन्ट स्टडिज*, विराटनगर : सी.पी. शर्मा प्रा. लि., वि.सं. २०४८ ।
२४. मिहिरचन्द्र (सम्पा.), *धर्मसिन्धु*, वम्वई : श्रीकृष्णदास प्रकाशन, सन् १९९३ ।
२५. राजाराम सुवेदी, 'ढँडार मष्ट', *प्रज्ञा*, पूर्णाङ्क ६६,६७, काठमाडौं : ने. रा. प्र. प्र., वि.सं. २०४६ ।
२६. ____________, *कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य*, भोजपुर : रणवहादुर वान्तवा राई, वि.सं. २०५६ ।
२७. रामकुमार पाँडे, *नेपालको भौतिक भूगोल*, दो.सं., ललितपुर : विद्या पुस्तक भण्डार, वि.सं. २०४४ ।
२८. रामचन्द्र वर्मा (सम्पा.), *लोकभारती प्रामाणिक हिन्दी कोश*, इलाहावाद : लोकभारती प्रकाशन, सन् १९९६ ।
९. रामनिवास पाण्डे, 'पश्चिम नेपालमा शैवशाक्त परम्परा', *नेपाली लोकसंस्कृति सङ्गोष्ठी*, काठमाडौं : ने.रा.प्र.प्र. वि. सं. २०३५ ।
३०. रामविक्रम सिंजापति, 'जुम्लाको धार्मिक विशेषताका रूपमा मइठा देउ', *गरिमा*, पूर्णाङ्क ११०, ललितपुर : सा.प्र. वि.सं. २०४८, पृष्ठ ३१ ।
३१. राहुल सांकृत्यायन, *कुमाऊँ*, वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०१५ ।
३२. लोकनाथ दुलाल, 'नेपालको धार्मिक र सामाजिक परम्परामा मस्टापूजाको परम्परा' *कस्तूरी*, पूर्णाङ्क १४, काठमाडौं : त्रि.वि., पद्मकन्या वहमुखी क्याम्पस, वि.सं. २०५९ ।
३३. विजय चालिसे, *डोटेली लोकसंस्कृति र साहित्य* ललितपुर : साझा प्रकाशन, वि.सं. २०३९ ।
३४. सत्यमोहन जोशी 'केही नेपाली लोकदेउताहरूको भूमिका', *नेपाली लोकसंस्कृति सङ्गोष्ठी*, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं. २०३५ ।
३५. सूचना विभाग, *मेचीदेखि महाकाली*, भाग-४, (सुदूरपश्चिमाञ्चल विकास क्षेत्र) काठमाडौं : सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं. २०३१ ।
३६. सूर्यमणि अधिकारी, *पश्चिम नेपालको खस अधिराज्य*, काठमाडौं : त्रि.वि., ने.ए.अ.के, वि.सं. २०५३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

Acc. 25658
29793

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चित्रसङ्ख्या-३

जाँतका दर्शकहरू

चित्रसङ्ख्या-४

स्थानीय देवताको जाँत : धमारी गाउने अवसर

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

लेखक तथा सङ्कलकको परिचय

नाम : डा. जयराज पन्त ।
जन्म मिति : २०१०/१२/१७ ।
पिताको नाम : स्व. दयानिधि पन्त ।
आमाको नाम : स्व. राधादेवी पन्त ।
बाजेको नाम : स्व. डमरुवल्लभ पन्त ।
बज्यैको नाम : स्व. पूर्णादेवी पन्त ।
ठेगाना : जिजोडामाडौं ८ जैनोली, डोटी, सेती अञ्चल ।
हाल-का.म.पा. ५ हाँडीगाउँ, काठमाडौं ।
शिक्षा : विद्यावारिधि (लोकसाहित्य), स्नातकोत्तर (नेपाली) प्रथम श्रेणी।
पेसा : प्राध्यापन ।
कार्यालय : त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभाग, बागबजार, काठमाडौं ।
अनुभव : विगत २८ वर्षदेखि त्रि.वि.का विभिन्न क्याम्पसमा नेपाली, भाषा, साहित्य र लोकसाहित्य प्राध्यापन ।
कृति : अँजुलीभरि सगुन पोल्टाभरि फाग
डोटेली धमारी गीत : एक अध्ययन
मस्टापरम्परा र त्यसका गीतहरू (तपाईंको हातमा)
डेउडा (अ.प्र.)
डोटेली गोरा पर्वका गीत र गाथाहरू (अ.प्र)
डोटेली भो पर्वका गीत र गाथाहरू (अ.प्र.)
डोटेली केही प्रतिनिधि गाथाहरू (अ.प्र.)
भारत (हुड्केली) : एक सङ्कलन र अध्ययन (अ.प्र.)
डोटेली होरी पर्वका गीतहरू (अ.प्र.)
डोटेली र कुमाउँनी लोकगीत : एक अध्ययन (अ.प्र.)
साहित्यिक र संस्थागत राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा नेपाली, भाषा, साहित्य र लोकसाहित्यसम्बन्धी पचासौ फुटकर लेखरचना प्रकाशित ।
अभिरुचि : समाजसेवा र लोकसाहित्य एवम् पुरातात्त्विक महत्त्वका सामग्रीको अध्ययनअनुसन्धान ।
भ्रमण : भारत, चीन, श्रीलङ्का, थाइल्याण्ड र जापान ।
सम्पर्क : फोन ९७७-१-४४२८२०० मोबाइल-९८४१२७८००० ।
इमेल- sajag@enet.com.np, पोस्टबक्स-८९२६ काठमाडौं ।

Wanmaya Publication & Research Centre Pvt. Ltd.
Kamalpokhari, Kathmandu, Nepal.
Tel: 00977-01-6914999

epal Sanskrit University, Balmeeki Campus, Kathmand